## कृषि प्रसार कार्यक्रम कार्यान्वयन

# प्राविधिक पुस्तिका

## आ.व. २०७८/७९

(बाली, बागवानी, व्यावसायिक कीट, बाली संरक्षण, माटो व्यवस्थापन, कृषि इन्जिनियरिङ तथा पोष्ट हार्भेष्ट व्यवस्थापन, कृषि प्रसार, तालिम तथा बजार सम्बन्धी विषयगत कृषि विकास कार्यक्रमहरु)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
असार, २०७९

# कृषि प्रसार कार्यक्रम कार्यान्वयन
# प्राविधिक पुस्तिका
## (आ.व. २०७८/७९)

(बाली, बागवानी, व्यावसायिक कीट, बाली संरक्षण, माटो व्यवस्थापन, कृषि इन्जिनियरिङ तथा पोष्ट हार्भेष्ट व्यवस्थापन, कृषि प्रसार, तालिम तथा बजार सम्बन्धी विषयगत कृषि विकास कार्यक्रमहरू)

नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## कृषि विभाग
हरिहरभवन, ललितपुर
असार, २०७९

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
प्रविधि विस्तार तथा समन्वय महाशाखा
प्रविधि विस्तार शाखा
हरिहरभवन, ललितपुर ।

**फोन नं.** : ०१-५५२४२२६
**फ्याक्स नं** : ०१-५५२१३२३
**इमेल** : prabidhibistar2075@gmail.com
**वेवसाईट** : www.doanepal.gov.np

# मन्तव्य

नेपालको अर्थतन्त्रको मूल आधार कृषि रहेको छ । कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रले महत्वपूर्ण हिस्सा ओगटेको छ । कूल जनसङ्ख्याको दुई तिहाइले यसबाट रोजगारी प्राप्त गरिरहेका छन् । तर पनि कृषि उत्पादन र उत्पादकत्वमा आशातीत प्रतिफल प्राप्त गर्न सकिएको छैन । कृषि अनुसन्धानबाट विकास गरिएका समयसापेक्ष परिमार्जित स्थानीय र नविनतम कृषि प्रविधिहरू सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको संलग्नतामा कृषकको माग र प्राविधिक सम्भाव्यता अनुसार कृषि प्रसार कार्यकर्ताको माध्यमद्वारा विभिन्न किसिमका कृषि प्रसारका पद्धति तथा रणनीतिहरू अवलम्बन गरी कृषक तथा उद्यमीसमक्ष पुऱ्याई सेवा प्रवाह गरिन्छ । विगतदेखि कृषि अनुसन्धानबाट विकसित जुनसुकै कृषि प्रविधि कृषक समक्ष कृषि विभाग अन्तर्गत केन्द्रीयस्तरका विषयगत निर्देशनालय र कार्यक्रम हुँदै जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्रबाट हुने गरेको अवस्था थियो । हालको नयाँ सङ्घीय संरचना अनुसार अधिकांश कृषि प्रसार कार्यक्रमहरू स्थानीय तह र प्रदेश सरकार मातहतका कार्यालयबाट हुने गरेको छ। हालको सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा जनशक्ति परिचालनमा एकरूपता नदेखिँदा प्रविधि कायम गरी प्रसार तथा विस्तारमा जोड दिनुपर्ने अवस्था छ ।

कृषि विभाग अन्तर्गतको तत्कालीन निकाय कृषि प्रसार निर्देशनालयले नेपालको कृषि प्रसार सेवालाई सरल र सहज बनाउनको लागि वार्षिक रूपमा कृषि प्रसार कार्यक्रम सञ्चालन निर्देशिका एवम् नर्म्स प्रकाशन गर्ने गरेको थियो । मुलुक एकात्मक राज्य प्रणालीबाट सङ्घीय प्रणालीमा गएसँगै यो नर्म्स पुस्तिकाको प्रकाशन आ.व. २०७४/७५ सम्म मात्र सिमित रहन पुग्यो । तत् पश्चात कृषि प्रसार सम्बन्धी कार्यहरू सङ्घ, प्रदेश र स्थानीय तहले आ–आफ्नै तरिकाबाट सञ्चालन गर्दै आइरहेका छन् । कृषकहरूलाई कृषि प्रसार सेवा पुऱ्याउने विभिन्न निकायहरू रहेको वर्तमान परिप्रेक्ष्यमा सेवाग्राहीलाई प्रदान गर्नुपर्ने सेवा निर्धारित मापदण्डका आधारमा निर्दिष्ट हुनु आवश्यक छ। यसले सीमित साधन र स्रोतको सदुपयोग हुनुको साथै तीन वटै तहका निकायहरूमा साझेदारी र सहकार्यलाई पनि प्रोत्साहन प्रदान गर्दछ। यसबाट कार्यक्रम कार्यान्वयनमा एकरूपता, सहजता र पारदर्शिता कायम हुन्छ ।

यस अवस्थामा कृषि प्रसार कार्यक्रमहरूमा कृषि प्रसार सेवामा एकरूपता कायम गरी निश्चित मापदण्डको आधारमा निर्देशित गर्दै उपर्युक्त र प्रभावकारी रूपमा कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यका साथ हालसम्म स्वीकृत भएका नयाँ र परिमार्जित प्रविधि तथा आर्थिक मापदण्डहरूलाई समेटी कृषि विभागको वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने यो प्रविधि पुस्तिका प्रकाशन गर्न लागिएको हो । यो पुस्तिका स्थानीय तह, प्रदेश र सङ्घ अन्तर्गतका कार्यालयहरूमार्फत हुने विभिन्न किसिमका कृषि प्रसार कार्यक्रमको लागि प्राविधिक कार्यविधिको रूपमा रही कार्यक्रम सञ्चालनमा सहजीकरण हुने विश्वास लिएको छु । यस पुस्तिकामा उल्लेख गरिएको मापदण्ड तथा नर्म्स नमूना मार्गदर्शनको रूपमा लिन र स्थानीय तहका साथै प्रदेश सरकारले पनि आ-आफ्नो परिवेशको आधारमा आवश्यकता अनुसार परिमार्जन गर्न यस पुस्तिकाले सहयोग पुऱ्याउने छ ।

अन्त्यमा, यस पुस्तिका प्रकाशन गर्न सक्रियताका साथ लागि पर्नुहुने, उपमहानिर्देशक डा. नरहरि प्रसाद घिमिरे, व.कृ.प्र.अ. शिव सुन्दर घिमिरे, बा.वि.अ. सम्झना लामिछाने भुसाल लगायत कृषि विभाग परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस पुस्तिकाको मर्म अनुसार सम्पूर्ण सरोकारवालाहरूको सहभागितामा अधिकतम स्रोत साधन परिचालन गर्दै प्रभावकारी एवम् प्रतिवद्धताका साथ कार्यक्रम सञ्चालन गर्नमा टेवा पुऱ्याउने अपेक्षा राखेको छु ।

**डा. रेवती रमण पौडेल**
**महानर्देशक**
**कृषि विभाग**

# विषय सूची


**समग्र कृषि प्रसार कार्यक्रम सम्बन्धमा ........................................................ १**

## भाग क

**कृषि प्रसार तथा तालिम कार्यक्रम ........................................................ ७**

**कृषि प्रसार तथा तालिम कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू ............................... १०**

**१. संस्थागत विकास कार्यक्रम ........................................................ १०**

१.१ कृषक समूह गठन/पुर्नगठन कार्यक्रम ........................................... ११

१.२ अन्तर कृषक समूह प्रतियोगिता कार्यक्रम ....................................... १७

१.३ उत्कृष्ट कृषक समूह सदस्य प्रतियोगिता ........................................ १८

**२. दिवस कार्यक्रम ........................................................ १९**

२.१ विश्व खाद्य दिवस कार्यक्रम ........................................................ १९

२.२ स्थानीय तह तथा जिल्ला स्तरीय कृषक दिवस ...................................... २२

**३. कृषि मेला प्रदर्शनी ........................................................ २३**

३.१ जिल्लास्तरीय कृषि मेला प्रदर्शनी ................................................ २३

**४. प्रभावकारिता अध्ययन कार्यक्रम ........................................................ २४**

४.१ कृषि प्रसार शैक्षिक तरिका प्रभावकारिता अध्ययन कार्यक्रम .................. २४

४.२ कृषक समूह प्रभावकारिता अध्ययन कार्यक्रम ..................................... २५

**५. तालिम कार्यक्रम ........................................................ २६**

५.१ जिल्लास्तरीय कृषक तालिम ........................................................ २७

५.२ जिल्लास्तरीय विषादी खुद्रा बिक्रेता तालिम ........................................ २८

५.३ बीउ विजन व्यवसायी तालिम कार्यक्रम ............................................ ३१

५.४ मल निरीक्षक तालिम सञ्चालन ........................................................ ३२

५.५ पालिकास्तरीय कृषक तालिम ........................................................ ३४

५.६ घुम्ती स्थलगत कृषक तालिम ........................................................ ३५

५.७ कृषक समूह परिचालन तालिम ........................................................ ३६

५.८ कृषि तथा पशुपन्छी बीमा अभिकर्ता तालिम ........................................ ३७

५.९ बीमा अभिकर्ता प्रशिक्षक प्रशिक्षण तालिम ........................................ ३८
५.१० बाली उत्पादन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताको लागि पुनर्ताजगी तालिम ........................................ ४०

**६. गोष्ठी कार्यक्रम ........................................ ४३**
६.१ जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी ........................................ ४३
६.२ कृषक समस्या पहिचान तथा समस्या समाधान गोष्ठी (PCPS) ........................................ ४४

**७. भ्रमण कार्यक्रम ........................................ ४६**
७.१ अन्तर जिल्ला कृषक भ्रमण ........................................ ४६
७.२ अन्तर समूह कृषक भ्रमण ........................................ ४७

**८. अन्य कृषि प्रसार कार्यक्रम ........................................ ४८**
८.१ श्रव्य दृश्य प्रदर्शन कार्यक्रम ........................................ ४८
८.२ विशेष बाली सप्ताह कार्यक्रम ........................................ ४८
८.३ उत्कृष्ट प्राविधिकलाई पुरस्कृत गर्ने ........................................ ४८
८.४ कृषि बुलेटिन प्रकाशन ........................................ ५२
८.५ कृषक समूह समन्वय समिति बैठक ........................................ ५३
८.६ प्राविधिक वार्तालाप कार्यक्रम ........................................ ५३
८.७ कृषक समूह/कृषक सहकारी संस्थाको प्रस्तावना/मागमा आधारित साझेदारी कार्यक्रम ........................................ ५४
८.८ किसान-किसान कृषि प्रसार कार्यक्रम ........................................ ५८
८.९ विद्यालय कृषि प्रवर्द्धन कार्यक्रम ........................................ ६०
८.१० कृषिमा स्थानीय स्रोत व्यक्ति उत्पादन तथा परिचालन कार्यक्रम ........................................ ६१
८.११ नमूना कृषि फार्म स्थापना कार्यक्रम ........................................ ६३

**९. साना सिँचाइ तथा सहकारी खेती कार्यक्रम ........................................ ६५**
९.१ साना सिँचाइ विशेष कार्यक्रम ........................................ ६५
९.२ सहकारी खेतीमा आधारित सिँचाइ कार्यक्रम ........................................ ७०
९.३ प्लाष्टिक पोखरी निर्माण कार्यक्रम ........................................ ७३

## भाग ख

**योजना, बजार विकास तथा आर्थिक विश्लेषण कार्यक्रम** ........................................ ७७

१. बजार पूर्वाधार निर्माण तथा सुदृढीकरण ........................................ ७८

२. कृषि उपजको बजार सूचना सङ्कलन, विश्लेषण र प्रवाह .................... ७९

३. कृषि बजार सम्बन्धी जनशक्ति विकास ........................................ ७९

४. कृषि व्यवसाय, निर्यात प्रवर्द्धन र आर्थिक विश्लेषण सम्बन्धी नीति, योजना, अनुगमन निरीक्षण तथा प्रतिवेदन तयार ................................. ७९

**योजना, बजार विकास तथा आर्थिक विश्लेषण कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू..... ८२**

**१. प्रकाशन कार्यक्रम** **८२**

१.१ कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन कार्यक्रम .............................. ८२

**२. अध्ययन/सर्वेक्षण कार्यक्रम .................................................................... ८३**

२.१ आर्थिक पक्षका अध्ययन/सर्वेक्षण कार्यक्रम ........................................ ८३

२.२ हाट बजार/सङ्कलन केन्द्र सम्भाव्यता अध्ययन कार्यक्रम .................. ८४

**३. बजार प्रचार/प्रसार कार्यक्रम** **८५**

३.१ हाट बजार स्थापनाका लागि बजार प्रचार/प्रसार कार्यक्रम .................. ८५

३.२ सङ्कलन केन्द्र स्थापना गर्न प्रचार प्रसार गर्ने कार्यक्रम ...................... ८५

**४. कृषि बजार पूर्वाधार स्थापना कार्यक्रम ........................................................ ८५**

४.१ हाट बजार वा सङ्कलन केन्द्र स्थापना कार्यक्रम .............................. ८५

४.२ ठूला कृषि बजार पूर्वाधार विकास कार्यक्रम ........................................ ८७

**५. मूल्य सङ्कलन कार्यक्रम ................................................................... ९०**

५.१ कृषिजन्य वस्तुहरूको मूल्य सङ्कलन कार्यक्रम .................................. ९०

## भाग ग

**बाली विकास कार्यक्रम ........................................................................ ९५**

**बाली विकास कार्यक्रम अन्तर्गतका कृषि प्रसार कार्यक्रमहरू................................ ९६**

**१. प्रदर्शन कार्यक्रम ................................................................................ ९६**

१.१ खाद्यान्न, दाल, तेलहन र कपास बालीका लागि नतिजा प्रदर्शन कार्यक्रम.. ९६

१.२ खाद्यान्न, दाल र तेलहन बालीका लागि उत्पादन प्रदर्शन कार्यक्रम ......... १०५
१.३ बाली चक्र (Cropping Pattern) प्रदर्शन कार्यक्रम .............................. १०७
१.४ उन्नत बीउ कीट वितरण कार्यक्रम ................................................ १०८

**२. बाली उत्पादन प्रतियोगिता कार्यक्रम ........................................................ ११०**
२.१ खाद्यान्न बाली उत्पादन प्रतियोगिता कार्यक्रम .................................. ११०

**३. औद्योगिक बाली विशेष कार्यक्रम ............................................................ ११५**
३.१ उखु औद्योगिक बाली विशेष कार्यक्रम ............................................ ११४
३.२ जुट औद्योगिक बाली विशेष कार्यक्रम ............................................... ११८

**४. अन्य बाली विकास कार्यक्रम ................................................................ १२०**
४.१ क्रप कटिङ कार्यक्रम .................................................................... १२०
४.२ रैथाने बाली प्रवर्द्धन कार्यक्रम .......................................................... १२३

## भाग घ

**बागवानी विकास कार्यक्रम ........................................................................ १३१**
**बागवानी विकास कार्यक्रम अन्तर्गतका कृषि प्रसार कार्यक्रमहरू ........................ १३२**
**१. फलफूल बाली विकास कार्यक्रम ............................................................. १३२**
१.१ फलफूल नयाँ नर्सरी स्थापना कार्यक्रम ............................................ १३२
१.२ फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम ............................................... १३४
१.३ नमूना फलफूल बगैंचा स्थापना कार्यक्रम ........................................... १३५
१.४ व्यावसायिक फलफूल बगैंचा स्थापना कार्यक्रम .................................. १३६
१.५ व्यावसायिक फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम ............................. १३७
१.६ बगैंचा समस्या निदान प्रदर्शन/अभियान कार्यक्रम ................................ १३८
१.७ बिरूवा प्याकेजिङ चार्ज कार्यक्रम .................................................... १३८
१.८ सामग्री ढुवानी कार्यक्रम ................................................................ १४०
१.९ फलफूल बिरूवा मोर्टालिटी कार्यक्रम ............................................... १४१
१.१० फलफूल नर्सरी प्रतियोगिता कार्यक्रम ............................................. १४१
१.११ फलफूल बगैंचा प्रतियोगिता कार्यक्रम ............................................. १४३
१.१२ बढी घनत्व रोपण (High density planting) मा फलफूल बगैंचा स्थापना कार्यक्रम ...................................................................................... १४६

१.१३ सुन्तला र जुनार बालीको क्रप कटिङ ............................................ १४७
१.१४ पुष्प खेती प्रवर्द्धन कार्यक्रम ........................................................ १४९

**२. तरकारी बाली विकास कार्यक्रम ........................................................ १५०**
२.१ तरकारी खेतीका लागि बेर्ना उत्पादन तथा सामूदायिक नर्सरी व्यवस्थापन कार्यक्रम ........................................................ १५०
२.२ निजी तरकारी नर्सरी स्थापना कार्यक्रम ............................................ १५२
२.३ तरकारी प्याकेज प्रदर्शन कार्यक्रम ................................................ १५३
२.४ बेमौसमी तरकारी उत्पादन प्रदर्शन कार्यक्रम ...................................... १५४
२.५ करेसाबारी प्रदर्शन कार्यक्रम ........................................................ १५५
२.६ उन्नत बीउ कीट वितरण कार्यक्रम ................................................ १५६
२.७ कौसी खेती प्रवर्द्धन कार्यक्रम ........................................................ १५७
२.८ तरकारी बाली उत्पादन प्रतियोगिता कार्यक्रम .................................... १५९
२.९ संरक्षित कृषि प्रवर्द्धन कार्यक्रम ...................................................... १६१
२.१० प्लाष्टिक घरमा बैमौसमी तरकारी खेती कार्यक्रम ................................ १७१
२.११ तरकारी बीउ उत्पादन प्रदर्शन कार्यक्रम .......................................... १७५
२.१२ ओल उत्पादन प्रदर्शन कार्यक्रम ...................................................... १७५
२.१३ समन्वयात्मक कृषि पकेट प्याकेज कार्यक्रम ...................................... १७६
२.१४ घरबारी बगैंचा स्थापना तथा व्यवस्थापन कार्यक्रम ............................ १७७
२.१५ प्लाष्टिक टनेलमा थोपा सिंचाइ प्रदर्शन कार्यक्रम ................................ १८०

**३. आलु बाली विकास कार्यक्रम ........................................................ १८१**
३.१ आलु बालीमा नतिजा प्रदर्शन कार्यक्रम .............................................. १८१
३.२ बियाँद्वारा बीउ आलु उत्पादन प्रदर्शन कार्यक्रम .................................. १८५
३.३ आलुको बीउ ढुवानी तथा सुख्खा जर्ती कार्यक्रम ................................ १८६

**४. मसला बाली विकास कार्यक्रम ........................................................ १८७**
४.१ अलैंची बीउ नर्सरी स्थापना कार्यक्रम .............................................. १८७
४.२ अलैंची नर्सरी सुदृढीकरण कार्यक्रम .................................................. १८८
४.३ अदुवा/बेसार उत्पादन प्रदर्शन कार्यक्रम ............................................ १८८

**५. कफी खेती विकास कार्यक्रम ........ १८९**
५.१ कफी नर्सरी स्थापना कार्यक्रम ........ १८९
५.२ व्यावसायिक कफी खेती कार्यक्रम ........ १९०
**६. चिया खेती विकास कार्यक्रम ........ १९१**
६.१ व्यावसायिक चिया खेती कार्यक्रम ........ १९१

## भाग ङ

**बाली संरक्षण कार्यक्रम ........ १९५**
**बाली संरक्षण कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू ........ १९५**
**१. आइ.पि.एम. कार्यक्रम ........ १९५**
१.१ कृषक पाठशाला कार्यक्रम ........ १९५
१.२ सर्भे एण्ड सर्भेलेन्स कार्यक्रम (Survey and Surveillance Program) ........ २०१
१.३ बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) कार्यक्रम ........ २०७

**२. बाली संरक्षण सेवा कार्यक्रम ........ २१०**
२.१ आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम ........ २१०

**३. बाली संरक्षण अभियान तथा प्रदर्शन कार्यक्रम ........ २११**
३.१ मुसा नियन्त्रण अभियान कार्यक्रम ........ २११
३.२ आइ.पि.एम. विभिन्न ट्र्याप प्रदर्शन कार्यक्रम ........ २१२
३.३ आई.पि.एम. परजीवी प्रयोग प्रदर्शन कार्यक्रम ........ २१४
३.४ आइ.पि.एम. एप्रोच प्रदर्शन कार्यक्रम ........ २१४

**४. बाली संरक्षण प्रविधि विकास कार्यक्रम ........ २१५**
४.१ सहभागितामूलक प्रविधि विकास कार्यक्रम ........ २१५

**५. अन्य बाली संरक्षण कार्यक्रम ........ २१६**
५.१ स्कूलसँग बाली संरक्षण कार्यक्रम ........ २१६
५.२ प्लाण्ट हेल्थ र्‍याली (Plant Health Rally) ........ २१७

# भाग च

**व्यवसायिक कीट विकास कार्यक्रम ........................................ २२१**

**व्यवसायिक कीट विकास अन्तरगतका कार्यक्रमहरू ........................................ २२१**

**१. मौरी विकास कार्यक्रम ........................................ २२१**

१.१ मौरी गोला उपहार कार्यक्रम ........................................ २२१

१.२ मौरी प्रदर्शन कार्यक्रम ........................................ २२५

१.३ परम्परागत घारमा सुधार प्रदर्शन कार्यक्रम ........................................ २२७

१.४ रानु, घार तथा मौरीपालन उपकरण वितरण कार्यक्रम ........................................ २२८

१.५ मौरी चरन कार्यक्रम ........................................ २२९

१.६ मौरी गोला स्थानान्तरण कार्यक्रम ........................................ २३०

१.७ मौरीजन्य उपजहरूको उत्पादन, प्रशोधन र बजारिकरणमा सहयोग ......... २३०

**२. रेशम खेती विकास कार्यक्रम ........................................ २३१**

२.१ प्रविधि प्रदर्शन कार्यक्रम ........................................ २३१

२.२ समूहस्तरमा रेशम खेती प्रविधि प्रदर्शन समूहगत सेवात्मक तरिका प्रदर्शन कार्यक्रम ........................................ २३२

२.३ किम्बुखेती विस्तार कार्यक्रम ........................................ २३२

२.४ एरी रेशम कीरा फुल उत्पादनसँग सम्बद्ध कीरापालन व्यवस्थापन कार्यक्रम ........................................ २३३

२.५ एरी रेशम कोया उत्पादनसँग सम्बद्ध कीरापालन व्यवस्थापन .............. २३४

२.६ निजी किम्बु नर्सरी स्थापना कार्यक्रम ........................................ २३४

२.७ निजी नर्सरी सुदृढीकरण कार्यक्रम ........................................ २३५

२.८ घुम्ती टोली परिचालन/फिल्ड अभियान कार्यक्रम ........................................ २३६

२.९ जिल्लास्तरीय कोया उत्पादन प्रतियोगिता कार्यक्रम ........................................ २३६

२.१० चर्खा वितरण कार्यक्रम ........................................ २३७

२.११ पुरानो बगैंचा व्यवस्थापन कार्यक्रम ........................................ २३८

२.१२ दश हजार कार्यक्रम ........................................ २३८

२.१३ चौकी कीरापालन घर निर्माण कार्यक्रम ........................................ २३९

२.१४ रेशम सम्बन्धी विविध सेवा कार्यक्रम ........................................ २३९

**३. च्याउ खेती विकास कार्यक्रम ........................................ २४०**

३.१ कन्ये, गोब्रे तथा सिताके च्याउ उत्पादन प्रदर्शन ........................................ २४०

३.२ च्याउ बीउ वितरण कार्यक्रम .................... २४२
३.३ व्यवसायिक च्याउ खेती कार्यक्रम .................... २४२
३.४ च्याउ बीउ उत्पादन स्रोत केन्द्र स्थापना कार्यक्रम .................... २४३

## भाग छ

**माटो व्यवस्थापन कार्यक्रम .................... २४७**
**१. माटो व्यवस्थापन कार्यक्रममा सञ्चालन हुने मुख्य मुख्य कार्यक्रमहरू .................... २४७**
१.१ कम्पोष्ट मल तयारी प्रविधि प्रदर्शन कार्यक्रम .................... २४७
१.२ हरियो मल प्रयोग नतिजा प्रदर्शन कार्यक्रम .................... २४८
१.३ सुक्ष्मतत्व प्रयोग नतिजा प्रदर्शन कार्यक्रम .................... २४९
१.४ सुक्ष्म जीवाणु मल प्रयोग नतिजा प्रदर्शन कार्यक्रम .................... २५०
१.५ भकारो सुधार कार्यक्रम .................... २५१
१.६ बायो ग्याँस स्लरीबाट कम्पोष्ट बनाउने प्रविधि प्रदर्शन कार्यक्रम .................... २५२
१.७ कृषि चुन प्रयोग नतिजा प्रदर्शन कार्यक्रम .................... २५३
१.८ भर्मी कम्पोष्ट उत्पादन कार्यक्रम .................... २५४
१.९ एजोला प्रयोग नतिजा प्रदर्शन .................... २५५
१.१० माटो परीक्षण शिविर सञ्चालन कार्यक्रम .................... २५६
१.११ एकीकृत बाली पोषण व्यवस्थापन कृषक पाठशाला सञ्चालन .................... २५७
१.१२ बिरूवाको खाद्यतत्व समस्या अध्ययन कार्यक्रम .................... २६०
१.१३ भिरालो जमिनमा गरिने खेती प्रविधि—SALT कार्यक्रम .................... २६१

## भाग ज

**पोष्ट हार्भेष्ट तथा इन्जिनियरिङ कार्यक्रम .................... २६९**
**१. कृषि उपज भण्डारण सम्बन्धी कार्यक्रम .................... २६९**
१.१ सेलार स्टोर निर्माण कार्यक्रम .................... २६९
१.२ शुन्य शक्ति भण्डार निर्माण .................... २७२
१.३ हार्भेष्टिङ्ग व्याग (Harvesting Bag) वितरण कार्यक्रम .................... २७२
१.४ रष्टिक स्टोर निर्माण कार्यक्रम .................... २७४
१.५. प्याकेजिङ सुधार कार्यक्रम .................... २८२
१.६ Hermetic Storage Bag वितरण कार्यक्रम .................... २८२
१.७ दुई ड्रम क्षमताको अलैंची सुकाउने भट्टी निर्माण कार्यक्रम .................... २८३

## भाग झ


**विविध** ........................................................................ **२९१**

**१. प्रदर्शनी कार्यक्रम** ........................................................................ **२९१**

१.१ स्रोत संरक्षण प्रविधि प्रदर्शनी कार्यक्रम ........................................ २९१

**२. चक्लाबन्दी कार्यक्रम** ........................................................................ **२९९**

२.१ चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम ........................................ २९९


## भाग ञ


**अनुसूचीहरू** ........................................................................ **३०३**

Annex 1 ........................................................................ ३०३

Annex 2 ........................................................................ ३०४

Annex 3 ........................................................................ ३०५

# समग्र कृषि प्रसार कार्यक्रम सम्बन्धमा

नेपालमा कृषि क्षेत्रबाट कूल गार्हस्थ उत्पादनको करिब एक तिहाइ योगदान र दुई तिहाइ जनसङ्ख्यालाई रोजगारी प्राप्त हुने भएकोले जीविकोपार्जनको प्रमुख स्रोतको रूपमा रही गरिबी न्यूनिकरण, खाद्यसुरक्षा र अर्थतन्त्रमा ठूलो प्रभाव परेको छ । तर पनि कृषि उत्पादन र उत्पादकत्वमा आशातीत प्रतिफल प्राप्त गर्न सकिएको छैन, सो नसक्नुमा मनसुनको अनिश्चतता, जलवायु परिवर्तन, सिँचाइको अभाव, रोग तथा कीराको प्रकोप महामारीको रूपमा देखा पर्नु, दुर्गम क्षेत्रमा कृषि उत्पादन सामग्रीको नियमित आपूर्तिको समस्या, कृषि सडक, सिँचाइ, बजार, विद्युत जस्ता पूर्वाधार सुविधाको आवश्यकता अनुसार विस्तार हुन नसक्नु, कृषि क्षेत्रमा पर्याप्त लगानी नहुनु, मूल्य शृङ्खलामा आधारित कृषि उद्यम तथा प्रविधि विकास र उपयोगमा कमी र कृषि अनुसन्धानबाट विकास गरिएका नयाँ प्रविधि तत्काल कृषक समक्ष नपुग्नु आदि प्रमुख कारणका रूपमा रहेका छन् । संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति परिचालनमा एकरूपता नदेखिँदा प्रविधि प्रचार-प्रसार तथा विस्तारमा समेत समस्या देखिएको छ। साथै, उच्च प्रविधिहरू (Hi-technology) को अवलम्बन केही कृषकहरूले आफ्नै प्रयासमा गरिरहेको भए तापनि यस सम्बन्धी दक्ष जनशक्ति तयार नहुँदा उच्च प्रविधिको विस्तारमा समेत समस्याहरू देखिएका छन् ।

विश्वव्यापी रूपमा खाद्य पदार्थको मूल्य वृद्धि तथा अपर्याप्त उत्पादन एवम् जलवायु परिवर्तनको नकारात्मक प्रभाव परिरहेको परिवेशमा कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै सहज आपूर्ति गराउनुको साथै आन्तरिक तथा बाह्य बजारका अवसरहरूको उपयोग गरी व्यापार सन्तुलन अभिवृद्धि गर्नु आवश्यक छ । नेपालको गरिबी घटाउने प्रमुख क्षेत्र भनेको कृषि क्षेत्र हो । जबसम्म कृषि बालीको उत्पादन र उत्पादकत्वमा वृद्धि हुँदैन तबसम्म गरिबी घटाउन सम्भव देखिँदैन । आर्थिक रूपले सक्रिय ग्रामिण युवावर्ग विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा श्रम शक्तिको अभाव भएको तथा उनीहरूले स्वदेशमै कृषिजन्य उद्यम सञ्चालन गर्न इच्छुक देखिएको हुनाले त्यस्ता युवाहरूलाई कृषि क्षेत्रमै संलग्न गराई सम्भावित विदेशिन सक्ने जनशक्तिलाई स्वदेशमै रोजगारी दिलाउन युवा-मैत्री, व्यावसायिक तथा यान्त्रीकरणसहितको आधुनिक कृषि पद्धतिको विकास गरिनु अत्यावश्यक भइसकेको छ ।

कृषि विकासका लागि ३ वटा क्षेत्र वा घटक कृषि शिक्षा, कृषि अनुसन्धान र कृषि प्रसारको महत्त्वपूर्ण भूमिका रहन्छ । कृषि शिक्षा अन्तर्गत कृषि सम्बन्धी प्राविधिक, स्नातक,

स्नातकोत्तर, विद्यावारिधिसम्मको अध्ययन हुने कृषि प्राविधिक शिक्षालय, कृषि कलेज, कृषि विज्ञान अध्ययन संस्थान, कृषि तथा वन विश्वविद्यालय पर्दछन् जसले कृषि प्रसार र अनुसन्धानका लागि आवश्यक कृषि जनशक्ति उत्पादन गर्दछ । कृषि अनुसन्धान अन्तर्गत कृषकहरूले हाल भोगिरहेका कृषि सम्बन्धी व्यवहारिक समस्याहरू तथा सैद्धान्तिक ज्ञानका विषयमा अनुसन्धान हुन्छ जुन नेपाल कृषि अनुसन्धान परिषद् र यस अन्तर्गतका अनुसन्धान निकायहरूबाट प्रविधि विकास गरिन्छ । गैह्र सरकारी संस्थाहरूले पनि यस्ता विषयमा अनुसन्धान गर्न सुरु गरेका छन् ।

कृषि प्रसारमार्फत कृषि अनुसन्धानबाट विकास गरिएका समयसापेक्ष परिमार्जित स्थानीय र नवीनतम कृषि प्रविधिहरू सरकारी, गैह्र सरकारी तथा निजी क्षेत्रको संलग्नतामा कृषकको माग र प्राविधिक सम्भाव्यता अनुसार कृषि प्रसार कार्यकर्ताको माध्यमद्वारा कृषक तथा उद्यमी समक्ष पुऱ्याई सेवा प्रवाह गरिन्छ । कृषि प्रसारले कृषक र अनुसन्धानबीच प्रविधि ओहरदोहर हुने पुलको भूमिका निभाउँदछ । नवीनतम कृषि प्रविधि भनेको कृषकहरूको लागि कुनै बालीको नयाँ जात, बाली लगाउने तरिका, मलखाद प्रयोग गर्ने तरिका, गोडमेल गर्ने तरिका, सिँचाइ गर्ने तरिका, रोगकीरा लागेमा नियन्त्रण गर्ने तरिका, विषादी प्रयोग गर्ने तरिका, लागत घटाउने र न्यूनतम स्रोत साधन उपयोग गर्ने खालका कृषि औजार तथा उपकरण आदि पर्दछन् ।

कृषि प्रसारले कृषकको ज्ञान, सीप र मनोभावनामा परिवर्तन ल्याई कृषि उत्पादनका साथै आयमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउँदछ । कृषि प्रसार "एउटा भोको मानिसलाई माछा दिने नभई उसलाई माछा मार्ने तरिका सिकाउनु पर्दछ" भन्ने दर्शनमा आधारित छ । कृषि प्रसार कार्यको सफलता कृषक र उसको परिवारका समस्याहरू हल गर्ने तरिका वा पद्धतिहरूमा भर पर्दछ । विभिन्न अनुसन्धानबाट सिफारिस गरिएका कृषि प्रविधि र सीपलाई प्रभावकारी ढङ्गले लक्षित वर्ग समक्ष पुऱ्याउने दायित्व कृषि प्रसार कार्यकर्ताको हुन्छ । कृषक समक्ष बढी भन्दा बढी प्रविधि र सीपहरू प्रभावकारी रूपमा पुऱ्याउन कृषि प्रसार शिक्षा, तरिका र प्रसार पद्धतिहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । कृषि प्रसार कृषि विकासको एक विधा हो जसले कृषकलाई नयाँनयाँ प्रविधिहरू अपनाउन प्रोत्साहन गरी फाइदा लिन सहयोग पुऱ्याउँछ । कृषि प्रसारले आवश्यक सेवा सामग्रीको सदुपयोग गराउन सिकाउने मात्र हैन, कृषकका समस्याहरूको समाधान समेत खोजी कृषक कहाँ पुऱ्याउँछ । कृषकलाई वास्तविक अर्थमा सहयोग पुऱ्याउन फिल्डमा काम गर्ने प्राविधिकहरूले विशेष किसिमको व्यवहार गर्न सक्नुपर्दछ । उनीहरू अत्यन्त पारदर्शी, इमान्दार र कर्मठ बन्नुपर्ने कुराको साथै कृषकसँगको आचरणमा पनि ध्यान दिनुपर्ने हुन्छ । कृषकको पक्षमा आफूलाई प्रस्तुत गर्न सके मात्र कृषक विश्वस्त हुन्छन् र नयाँ प्रविधि स्वीकार गर्दछन् ।

विभिन्न प्रसार विज्ञहरूले कृषि प्रसारको परिभाषा एवम् कार्यहरू आफ्नै ढङ्गबाट प्रस्तुत गरेको पाइन्छ, तापनि हाम्रो परिवेशमा प्रसारले मुख्यतया देहाय अनुसार तीन वटा कार्यहरू अँगालेको हुन्छ।

१. **शैक्षिक पक्षः** यसले प्रविधिबारे सूचना प्रवाह गरी जानकारी दिने, ठीक बेठीक छुट्याउन सक्ने सीप दक्षता प्रदान गर्ने र सक्षम तुल्याउन सहयोग गर्दछ ।

२. **अवलम्बन पक्षः** यसले नयाँ प्रविधि ग्रहण गरी कार्य व्यवहारमा अपनाउन प्रोत्साहित गर्दछ ।

३. **समाधान पक्षः** यसले कृषकहरूले भोगेका र भोग्न सक्ने समस्यासँग परिचित रही विभिन्न निकाय वा व्यक्तिको समन्वय र सहकार्यमा समाधानका उपायहरू खोजी कृषक समक्ष पुऱ्याउने कार्य गर्दछ ।

विगतका समयदेखि कृषि अनुसन्धानबाट विकसित जुनसुकै कृषि प्रविधि कृषक समक्ष कृषि विभाग अन्तर्गत केन्द्रीयस्तरका विषयगत निर्देशनालय र कार्यक्रम हुँदै जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्रबाट हुने गरेको अवस्था थियो भने हालको नयाँ संघीय संरचना अनुसार अधिकांश कृषि प्रसार कार्यक्रमहरू स्थानीय तह र प्रदेश सरकार मातहतका कार्यालयबाट हुने गरेको छ । संघ अन्तर्गतका निकायबाट मार्गदर्शन तयारी, नियमन र अनुगमन जस्ता कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन् । यो प्राविधिक पुस्तिका स्थानीय तह, प्रदेश र संघ अन्तर्गतका कार्यालयहरूमार्फत हुन सक्ने विभिन्न किसिमका कृषि प्रसार कार्यक्रमको लागि प्राविधिक कार्यविधिको रूपमा रही कार्यक्रम सञ्चालनमा सहजीकरण हुने विश्वास लिइएको छ । वृहत् दायरा लिएको कृषि प्रसारलाई सिमित क्षेत्र भित्र ल्याउनु नभई अरू प्रष्ट र कार्यान्वयन योग्य (Workable) तुल्याउने हिसाबमा माथि उल्लिखित तीन वटा पक्षलाई समेटी खास गरेर फिल्डमा गरिने कार्यहरूको कार्यान्वयन प्रक्रिया र प्राविधिक पक्षमा एकरूपता आओस्, कार्यक्रमहरू सुव्यवस्थित एवम् कृषकोपयोगी बनुन् भन्ने अभिप्रायका साथ यो प्राविधिक पुस्तिका कृषि विभागबाट तयार गरिएको छ ।

यस प्राविधिक पुस्तिकामा कृषि प्रसारका विविध कार्यक्रमहरूलाई विभिन्न विषयगत कृषि विकास कार्यक्रमहरूमा तपसिल अनुसार विभाजन गरी प्रस्तुत गरिएको छ ।

भाग क : कृषि प्रसार तथा तालिम कार्यक्रम

भाग ख : बजार विकास तथा आर्थिक विश्लेषण कार्यक्रम

भाग ग : बाली विकास कार्यक्रम

भाग घ : बागवानी विकास कार्यक्रम

भाग ङ : बाली संरक्षण कार्यक्रम

भाग च : व्यावसायिक कीट विकास कार्यक्रम

भाग छ : माटो व्यवस्थापन कार्यक्रम

भाग ज : कृषि इन्जिनियरिङ तथा पोष्ट हार्भेष्ट व्यवस्थापन कार्यक्रम

भाग झ : विविध

भाग ञ : अनुसूचीहरू

यी कार्यक्रमहरूलाई तपसिल अनुसारको उप-शीर्षकमा तयार गरी प्रस्तुत गरिएको छ ।

१. पृष्ठभूमि

२. कार्यक्रमको उद्देश्य

३. कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

४. कार्यक्रमको आर्थिक पक्ष

५. नोट/द्रष्टव्य

# भाग-क

# कृषि प्रसार तथा तालिम कार्यक्रम

कृषि क्षेत्रलाई समय सापेक्ष र नतिजामूखी बनाउन कृषि प्रसार सेवाले सरल, सुलभ, सहज, सक्षम, सहभागितात्मक र सहयोगीको रूपमा भूमिका खेल्नु पर्ने आवश्यकता देखिन्छ। विश्वव्यापीकरण र खुल्ला अर्थतन्त्र अँगाली सकेको नेपालको वर्तमान अवस्थामा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनलाई प्रोत्साहित गर्ने बजारमूखी कृषि उत्पादनका क्रियाकलापहरू अगाडि बढाउनुपर्ने चुनौतीहरू पूरा गर्न कृषि प्रसार सेवाले निम्न उद्देश्य प्राप्ति गर्न सहयोग गर्दछ ।

(क) राष्ट्रिय कृषि नीति अनुरूप प्रतिफल प्राप्त गर्न,
(ख) दिगो विकासको लक्ष्य प्राप्तिको लागि योगदान गर्न,
(ग) कृषि विकास रणनीतिको लक्ष्य प्राप्त गर्न,
(घ) कृषि क्षेत्रमार्फत गरिबी न्यूनिकरणमा सहयोग गर्न,
(ङ) परम्परागत कृषि प्रणालीलाई व्यावसायिकरण गर्न र
(च) कृषि विकास कार्यक्रमलाई सहभागितामूलक एवम् समावेशी बनाउन ।

कृषि प्रसार कार्यक्रमहरू समयसापेक्ष हुनुपर्दछ। यी कार्यक्रमले मानिसलाई कृषि कार्यमा संलग्न गराउँदछ र आफ्नो आवश्यकता पहिचान गर्न सहायता गर्दछ। मुख्य रूपमा मानिसका चाहनाहरू र आवश्यकताहरूमा केन्द्रित रही प्रजातान्त्रिक तौर तरिका अनुसार लचकदार कार्यक्रमहरू विस्तारै बनाउन मद्दत गर्दछ । कृषि प्रसार कार्यक्रमहरू समाजको संस्कृतिमा आधारित पनि हुनुपर्दछ । स्थानीय अगुवाहरूको उपयोग गरी भावी अगुवा र मानवीय स्रोतहरूको विकास, स्थानीय रूपमा उपलब्ध साधनहरूको प्रयोग, तालिम प्राप्त विशेषज्ञको सेवा उपयोग गरी परिवारका सबै सदस्यहरूलाई समेट्दछ र सामूहिक तरिका अपनाउँदछ । साथै, कृषि प्रसारका कार्यक्रमहरू देशको राष्ट्रिय नीति अनुरूप हुनुपर्दछ जसको प्रभावकारिताको मापनको लागि निरन्तर रूपमा मूल्याङ्कनसमेत गरिनुपर्दछ। कृषि प्रसार कार्यको सफलता कृषक र उसको परिवारका समस्याहरू हल गर्ने तरिकाहरूमा भर पर्दछ ।

कृषि प्रसार एक शैक्षिक विधा हो जसले कृषकहरूलाई नवीनतम प्रविधिहरू सिकाएर समग्र कृषिको विकास गर्नमा मद्दत गर्दछ। समष्टिगत रूपमा भन्नुपर्दा कृषि प्रसार शिक्षाले कृषकलाई स्वावलम्बी र आत्मनिर्भर बन्न अभिप्रेरित गर्दछ । कृषकको ज्ञान, सीप, मनोवृत्ति या सोचाइ र कार्य व्यवहारमा परिवर्तन ल्याए मात्र कुनै पनि नयाँ कार्य गर्न सकिने हुँदा प्रथमतः प्रसार शिक्षाद्वारा उल्लिखित दिशामा परिवर्तन ल्याउने काम गर्नुपर्दछ ।

**संक्षिप्तमा कृषि प्रसारले,**

- कृषकलाई आफ्ना आवश्यकता पूर्तिको लागि आफ्नै शैक्षिक स्रोतको प्रयोग गर्न मद्दत गर्दछ ।
- कृषकलाई सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रको परिवर्तनलाई व्यवस्थापन गर्न सिकाउँछ ।
- कृषकको आवश्यकतालाई सम्बोधन गर्ने कार्यक्रम र क्रियाकलापहरू विकसित गर्न मद्दत गर्दछ ।
- कृषकलाई समूहसँग काम गर्न सिकाउँछ ।
- कृषकलाई प्रशिक्षक बनाउँछ ।

## प्रविधि हस्तान्तरण तथा ग्रहण प्रक्रिया

पहिलाको हस्तान्तरण प्रक्रिया र हालको हस्तान्तरण प्रक्रियामा धेरै फरक छ । पहिला कृषकको आवश्यकता बुझी कार्यक्रम तर्जुमा गरिन्थ्यो भने अहिले योजना तर्जुमादेखि सबै चरणमा कृषक स्वयम्‌को सहभागिता हुन्छ । यसरी प्रविधि गाउँस्तरसम्म पुर्‍याए पनि कृषकले ग्रहण गर्न पनि सक्छ नगर्न पनि सक्छ । ग्रहण प्रक्रिया निम्नअनुसार पाँच चरणमा विभाजित हुन्छ ।

- **जानकारीको चरणः** यो चरणमा कृषकले नयाँ विचार अवधारणा, प्रविधिबारे थाहा पाउँछ । तर पनि विस्तृत जानकारी पाएको हुँदैन । उदाहरणको लागि कुनै प्रविधिबारे सुनेको हुन्छ तर त्यो कसरी गर्ने, के फाइदा छ आदि विस्तृत थाहा पाएको हुँदैन ।
- **चाहना/आकांक्षाको चरणः** यो चरणमा कृषकले चाहना बढाएको हुन्छ र परिणाम स्वरूप थप जानकारी बटुल्दछ ।
- **मूल्याङ्कनको चरणः** यो चरणमा कृषकले नयाँ विचारलाई मानसिक रूपमा स्थापित गर्दछ । अहिलेको र भविष्यको कल्पना गर्दछ । साथै धेरै सोच विचार गरिसकेपछि परीक्षण गर्ने नगर्नेबारे निर्णय गर्दछ । उसले नयाँ विचारमा प्रविधिको आफ्नो अवस्था र व्यवस्थामा उपयुक्त होला नहोला भन्ने दिशामा मूल्याङ्कन गर्दछ ।
- **परीक्षणको चरणः** यो चरणमा कृषकले नयाँ प्रविधिलाई सानो स्केलमा परीक्षण गरी कस्तो परिणाम निस्कदो रहेछ भनेर हेर्दछ । नयाँ प्रविधिबाट फाइदा बेफाइदा के हुन्छ सानो स्केलबाट पनि केही सङ्केत मिल्दछ । परीक्षणले व्यावहारिक मूल्याङ्कन गर्न मद्दत गर्दछ ।
- **ग्रहणको चरणः** परीक्षणको नतिजाले सन्तुष्ट भएमा कृषकले प्रविधि ग्रहण गर्दछ भने असन्तुष्ट भएमा अवलम्बन नगर्न पनि सक्दछ ।

विभिन्न अनुसन्धान तथा निकायबाट सिफारिस गरिएका कृषि प्रविधि र सीपलाई प्रभावकारी ढङ्गले लक्षित वर्ग समक्ष पुऱ्याउने दायित्व कृषि प्रसार कार्यकर्ताको हो । कृषक समक्ष बढीभन्दा बढी प्रविधि र सीपहरू प्रभावकारी रूपमा पुऱ्याउन कृषि प्रसार शिक्षा, तरिका र प्रसार पद्धतिहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । हाल अपनाइएका कृषि प्रसार क्रियाकलापका शैक्षिक विधि वा तरिकाहरूलाई मुख्यतः निम्नानुसार तीन श्रेणीमा विभाजन गर्न सकिन्छ ।

**१. व्यक्तिगत तरिका**
**२. समूह तरिका**
**३. समुदाय तरिका**

## १. व्यक्तिगत विधि वा तरिका

यस्तो तरिकामा प्रसार कार्यकर्ताले एक पटकमा एकजना कृषकसँग मात्र सम्पर्क गरी कृषि सम्बन्धी सर सल्लाह, कृषकको समस्या र आवश्यकताबारे सोधपुछ गरी आवश्यक सरसल्लाह दिने काम गर्दछ ।

## २. समूह विधि वा तरिका

हाल कृषि प्रसारका विधिहरू मध्ये कृषक समूह विधि महत्त्वपूर्ण मानिन्छ । दुई वा सोभन्दा बढी कृषकहरूसँग सम्पर्क राखी कृषि प्रविधि प्रसारका लागि आवश्यक ज्ञान, सीप, सरसल्लाह र कृषि सम्बन्धी आइपरेका समस्याहरू छलफल गरिने प्रसार तरिकालाई समूह तरिका भनिन्छ । समूहमा सदस्यहरूको साझा उद्देश्य र चाहना रहन्छन् । नेपालको कृषि क्षेत्रमा औपचारिक रूपमा समूह गठन गर्ने प्रणाली बसेको २०४९ सालबाट हो । यसभन्दा अगाडि पनि समूहहरू त हुन्थे नै तर पनि कृषिको विकास हेतु औपचारिक रूपमा स्थापित एव्म सञ्चालित थिएनन् ।

समूह सामूहिक रूपमा कार्य सम्पादन गर्न, समूहको समस्या समाधानबाट कहिलेकाँही व्यक्तिगत समस्या पनि समाधान हुन्छ । यसकारण पनि समूहको आवश्यकता महशुस गरिन्छ, व्यक्तिगत सुरक्षा र सम्मानको लागि, सामूहिक साहस वृद्धि गर्न, सबै किसिमका व्यक्तिलाई समावेश गर्न, सबैको अनुभवबाट राम्रो योजना बनाउन, कार्य विभाजन गरेर काम गर्न, सीमित स्रोत साधनको सही उपयोग गर्न, कम खर्चिलो तर प्रभावकारी रूपमा कार्य तामेल गर्न, अरू संस्थाहरूसँग सम्बन्ध बढाउन, छिटो छरितो रूपमा काम गर्न, आपसी सदभाव बढाउँदै आफ्नो काम आफैं गर्ने बानी बसाउन र आवाज बुलन्द गर्न आवश्यक पर्दछ । समूहको आकार कत्रो हुनुपर्छ भन्ने विषयमा

स्थान विशेष, विषयगत प्रकृति, भौगोलिक एवम् आर्थिक, सामाजिक अवस्थालाई विचार गरी १५-२५ जनाको समूह उपयुक्त देखिन्छ ।

यस तरिका अन्तर्गत सामूहिक बैठक र छलफल, तालिम, कृषक भ्रमण, कृषक दिवस, कृषक गोष्ठी, कृषक प्रतियोगिता र प्रदर्शन क्रियाकलापहरू अन्तर्गत तरिका प्रदर्शन, नतिजा प्रदर्शन, मिनीकिट आदि विधिहरू पर्दछन् । समूहगत प्रसार पद्धतिबाट कम खर्च र सीमित प्रसार कार्यकर्ताद्वारा धेरै कृषकहरूलाई प्रसार सेवा पुऱ्याउने, प्रविधि प्रसारण छिटो र प्रभावकारी ढङ्गले प्रसारण हुन्छ, सामूहिक सोचको विकास र कृषकहरूबीच प्रभावकारी सूचना आदान प्रदान हुने फाइदा हुन्छ ।

**३. समुदाय तरिका**

यस अन्तर्गत रेडियो, टेलिभिजन प्रसारण, प्रकाशनहरू आदि पर्दछन् । धेरै जनामा एकै पटक प्रसार भई फाइदा हुन्छ ।

# कृषि प्रसार तथा तालिम कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू

## १. संस्थागत विकास कार्यक्रम

विद्यमान पद्धतिमा मुख्यतया संस्थागत विकास कार्यक्रम अन्तर्गत कृषकहरूलाई समूहमा संगठित हुन सहयोग पुऱ्याइन्छ र उनीहरूको समूहलाई नै कृषि प्रसारको सुनियोजित एवम् सशक्त माध्यमको रूपमा उपयोग गरिन्छ । समूह सम्बन्धी अवधारणाहरू भिन्नाभिन्नै हुन सक्ने भए तापनि यिनीहरूलाई सामान्यतया कुनै खास उद्देश्य हासिल गर्नको लागि कृषि विकास सेवा एवम् प्रविधि प्रवाह गर्ने संस्थागत विकासका माध्यमको रूपमा लिइएको छ भने कृषकहरूले पनि समन्वयात्मक तथा सहभागिताको आधारमा प्राविधिक एवम् अन्य सुविधाहरू प्राप्त गर्ने साधनको रूपमा लिएका छन् । समूहमार्फत उठाइएको आवाजलाई सरकारी निकाय एवम् गैह्र सरकारी संस्थाहरूबाट बढी मान्यता पाउने गरेको छ । अतः कृषक समूह सक्षम र प्रभावशील बन्न आवश्यक छ । प्रभावशील कृषक समूहमा निम्न विशेषतासहित कार्य गर्ने क्षमता रहेको देखिन्छ ।

- निर्दिष्ट उद्देश्य, समान चाहना, समस्या पहिचान गर्न र समाधानको लागि निर्णय गर्ने क्षमता ।
- सबै सदस्यहरूको सक्रिय सहभागिता र भौतिक दूरी एकता तथा अन्य समानता ।
- बलियो र गतिशील नेतृत्व ।
- नियमित एवम् कार्यमूलक बैठकहरू ।

- योजनावद्ध तवरले काम गर्ने परिपाटी र आयआर्जनमा वृद्धि ।
- आन्तरिक स्रोत साधनहरूको उपयोगमा जोड ।
- वाह्य स्रोत साधनहरू उपलब्ध गराउन क्रियाशील ।

# १.१ कृषक समूह गठन/पुर्नगठन कार्यक्रम

## १.१.१ परिचय/पृष्ठभूमि

मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरू भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरू मिली आफ्ना निश्चत साझा उद्देश्यहरू सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाइएको संगठनलाई समूह भनिन्छ । अर्थात निर्धारित उद्देश्य प्राप्त गर्न न्यूनतम् १५ वा सो भन्दा बढी सामाजिक तथा मनोवैज्ञानिक रूपले अन्तरआश्रित व्यक्तिहरू मिली बनेको मानिसहरूको भेला वा जमात नै समूह हो भन्न सकिन्छ । कुनै पनि समूहले आफ्ना निर्णयहरू आँफै गरी आफ्ना सदस्यहरूले नै कार्यान्वयन गर्ने र नियमित रूपमा आवद्ध भई समूहको हितका लागि र निश्चत उद्देश्य हासिल गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने गरेका छन् भने त्यस्ता समूहलाई सक्रिय समूह भनिन्छ । कुनै भेला वा जमातलाई समूह बन्नका लागि समान उद्देश्य, सदस्यहरूबीच सार्थक अन्तरक्रिया, सदस्यहरूबीच स्थायी सम्बन्ध, सदस्यहरूबीच निकटता, आत्मीयता तथा अपनत्वको भावना र सदस्यहरूबीच केही हदसम्म अन्तरनिर्भरता जस्ता आधारभूत पक्षहरू पूरा भएको हुनुपर्दछ ।

सम्पन्न गर्न नसकेको काम सामूहिक रूपमा सम्पन्न गरी त्यसबाट आर्थिक तथा सामाजिकस्तरमा सुधार ल्याउन तथा धेरैभन्दा धेरै कृषकहरूलाई कार्यक्रममा समावेश गराई छिटो छरितो रूपमा प्रविधि विस्तार गर्न कृषक समूहको भूमिका अहम् रहन्छ ।साथै कृषकहरू माझ नेतृत्व विकास गरी स्थानीय स्रोत र साधनको समुचित प्रयोगद्वारा सो क्षेत्रको समग्र विकासमा कृषक समूहले टेवा पुऱ्याउने गरेको पाइएको छ ।

## १.१.२ कार्यक्रमको उद्देश्य

- व्यक्ति/समुदायको आम समस्या मिलेर समाधान गर्न ।
- समुदायमा आपसी छलफल र सहमतिमा विकास निर्माणको काम गर्न ।
- कृषि पेशालाई व्यावसायिक रूपमा अघि बढाउन ।
- समुदायलाई चाहिने कृषि लगायत अन्य सामग्रीको उपलब्धता सहज रूपमा गराउन ।
- एक अर्काको समस्या बुझी समुदायमा सहयोगको भावना एवम् वातावरण बनाउन ।
- संस्थागत विकास र सहयोग कार्यालय सहज बनाउन ।

- कृषि उपजलाई व्यवस्थित रूपमा बजारमा पुऱ्याउन ।
- व्यक्ति/समुदायलाई आवश्यक पर्ने सूचना एवम् प्रविधि आदान प्रदान गर्न ।
- समुदायको सामाजिक वातावरणमा हार्दिकता ल्याउन ।
- सामूहिक खेती प्रणाली अवलम्बन गर्न ।
- सहकारीको विकास गर्न ।

## १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

कृषक समूह गठन गर्नको लागि निश्चत प्रक्रिया हुन्छ । हतारमा समूह गठन गर्नु हुँदैन । निश्चत प्रक्रियाहरू अवलम्बन गरी समूह गठन गर्दा मात्र समूहले पर्याप्त परिपक्वता र सार्थक महत्त्व राख्दछ । समूह गठन प्रक्रियालाई बुँदागत रूपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**क) प्रारम्भिक कृषक भेलाको तयारी**

- इच्छुक कृषकहरूको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने ।
- सरोकारवाला निकायहरूलाई आमन्त्रण गर्न सकिने ।
- कृषक भेलामा छलफलको एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने ।
- कृषक भेला सञ्चालनका लागि कृषकहरूमध्ये एक जनाले जिम्मेवारी लिई नेतृत्व गर्ने ।

**ख) छलफल सञ्चालन**

- कृषक भेलाको उद्देश्य र आवश्यकता (समूह गठनको उद्देश्य र आवश्यकता) प्रष्ट पार्ने ।
- कृषक भेलाका एजेण्डाहरूमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गरी निर्णय पुस्तिका तयार गर्ने ।
- विषय वस्तुको बारेमा थप छलफल गर्नुपर्ने भएमा अर्को दिनको बैठक राखी छलफल गर्ने ।
- समूह सदस्य बन्न इच्छुक व्यक्तिहरू छनौट गरी नामावली तयार गर्ने ।
- उक्त भेलाले तदर्थ समिति गठन र कार्य विभाजन गर्ने ।

**ग) तदर्थ समितिको बैठक सञ्चालन**

- बैठकका विषय वस्तुहरू तय गरी तदर्थ समितिका सदस्यहरूलाई जानकारी दिने ।
- सम्बन्धित निकायहरूलाई निमन्त्रणा गर्ने ।
- आवश्यक कागजात तयारी गर्ने ।
- समूहको विधानको खाका तयार पार्ने ।
- समूह हितकोष सम्बन्धी निर्णय गर्ने ।
- समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने ।

- सम्बन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने ।
- तदर्थ समिति गठन भएको एक महिनाभित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने।

**घ) प्रारम्भिक साधारणसभाको सञ्चालन र जिम्मेवारी**

- ७ सदस्यीय कार्य समितिको गठन गर्ने
- समूहको वार्षिक कार्य योजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने
- विधान मस्यौदा माथि छलफल एवम् स्वीकृत गर्ने ।
- बैङ्क खाता सञ्चालन सम्बन्धी निर्णय गर्ने ।
- आवश्यकता अनुसार निर्णयहरू गर्ने ।

**संरचना र कार्य विभाजन**

स्वीकृत विधान अनुसार समूहको कार्यकारिणी समिति गठन गर्न सकिन्छ। समूहको उद्देश्य, आवश्यकता तथा अनुकूलता अनुसार ५ देखि ९ जनासम्मको कार्यकारिणी समिति गठन गर्न सकिन्छ ।

**कृषक समूह दर्ता गर्ने**

स्थानीय तहको कृषि शाखामा कृषक समूह दर्ता गरिनेछ। यसको लागि कृषक समूहले समूह विवरण फाराम सहितको निवेदन फाराम (समूह विधानको अनुसूची १) तथा समूह विधान (परिशिष्ट १) सहितको निवेदन सो शाखामा पेश गर्नुपर्नेछ । यसका लागि सम्बन्धित शाखाले कृषक समूह दर्ताको लागि स्थानीय तहले तोके अनुसारको राजस्व शुल्क लिई वा निःशुल्क दर्ता गर्नुपर्नेछ ।

**कृषक समूह पुनर्गठन गर्ने**

विधानमा उल्लेख भए बमोजिम कृषक समूहले आफ्नो आवश्यकताको आधारमा समूह पुनर्गठन गर्न सक्नेछ। साथै कृषक समूहको साधारणसभा वर्षको एकपटक भाद्र मसान्तसम्ममा गर्नुपर्ने हुन्छ । कृषक समूहले आफ्नो समूहको साधारणसभा/पुनर्गठन गरी सम्बन्धित कृषि शाखालाई जानकारी दिनुपर्नेछ ।

**कृषक समूह नवीकरण गर्ने**

कृषक समूहले आफ्नो कृषक समूह दर्ता प्रमाण-पत्रको नवीकरण गर्नुपर्नेछ । यसको लागि कृषक समूहले प्राप्त गरेको कृषक समूह दर्ता प्रमाण-पत्र सहितको निवेदन सम्बन्धित कृषि शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नुपर्नेछ र सोको लागि स्थानीय तहले तोके बमोजिमको

राजस्व शुल्क लिई नवीकरण गर्नुपर्नेछ । म्याद सकिएको ३६ औं दिनदेखि एक वर्षसम्म स्थानीय तहले तोके बमोजिमको राजस्व शुल्क लिइ नवीकरण गर्न सकिनेछ । एक वर्षसम्म पनि नवीकरण नगरेको खण्डमा प्रति वर्ष स्थानीय तहले तोके बमोजिमको दरले नवीकरण शुल्क थप हुँदै जानेछ ।

### १.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार खर्च गर्न सकिनेछ।

### १.१.५ समूह गठनका आधारहरू

स्थानीय निकायको कृषि शाखाले समूह गठन गर्दा देहायका बुँदामा ध्यान दिनु जरूरी देखिन्छ ।

क) कृषकहरूको आवश्यकता र स्थान विशेषको कृषि उत्पादनको सम्भाव्यता

ख) सेवा पुऱ्याउनु पर्ने घरधुरी सङ्ख्या र कृषक सङ्ख्या

ग) कृषकहरूको आर्थिक, सामाजिक स्थिति र स्रोतसाधनको अवस्था

घ) कृषक समूहमा विभिन्न वर्गका कृषकहरूको प्रतिनिधित्वको सुनिश्चतता (समावेशीकरण)

ङ) समूहमा आवद्ध गराउन वास्तविक कृषकहरूको छनौट सुनिश्चतता

### १.१.६ कृषक समूह गठनका लागि सदस्यहरूको छनौट गर्दा ध्यान दिनुपर्ने बुँदाहरू

समूह गठनको प्रारम्भिक अवस्थामा वास्तविक कृषकहरूको छनौटमा त्रुटि भएमा समूह अघि बढ्न नसक्ने भएको हुनाले सदस्यहरू चयन गर्दा देहायका कुराहरूमा ध्यान पुऱ्याउनु जरूरी देखिन्छ ।

क) साझा कार्य उद्देश्य लिएका,

ख) समान आर्थिक एवम् सामाजिकस्तर भएका,

ग) सकभर साक्षर एवम् शिक्षित कृषकहरू भएका र शैक्षिकस्तरमा समानता भएका,

घ) समूहगत कार्यमा समय दिन सक्ने,

ङ) उत्पादन समूहको हकमा सकेसम्म सँगसँगै खेत भएका,

च) एउटै समूदायमा बसोबास गर्ने,

छ) एकाघरको एक जनाभन्दा बढी सदस्य एउटै समूहमा सदस्यता लिन सक्ने छैनन् ।

ज) कुनै एक समूहमा आवद्ध भइसकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आवद्ध हुन सक्ने छैन ।

झ) कृषि पेशालाई मुख्य पेशाको रूपमा अँगालेका हुनुपर्ने ।

# फाराम नं. १

## कृषक समूह दर्ता नमुना फाराम

स्थानीय तहः-　　　　　　जिल्लाः-　　　　　　प्रदेशः-

१. दर्ता नं. :-

२. समूहको नाम :-

३. समूहको किसिम :-

- महिला ☐
- पुरुष ☐
- मिश्रित ☐

४. समूहको ठेगाना :-

गा.पा./न.पा. :-

वडा नं. :-　　　　　　टोलको नाम :-

५. गठन मिति :-

६. जम्मा सदस्य :-

महिला :-

पुरुष :-

गठन हुँदा समूहको उद्देश्य :-

# फाराम नं. २

## आर्थिक वर्षको अन्तमा सदस्य सङ्ख्याको स्थिति

| आर्थिक वर्ष | सदस्य सङ्ख्यामा थप/घट र जम्मा बचत कोष | सदस्यद्वारा जम्मा भएको कोषको मौजुदा स्थिति | घट/बढको कारण (कोलम २ मा बढीको लागि + र घटीको लागि - चिन्ह लगाऔं) |
|---|---|---|---|
| | सङ्ख्या | | |
| | रू. | | |
| | सङ्ख्या | | |
| | रू. | | |
| | सङ्ख्या | | |
| | रू. | | |

# फाराम नं. ३

## समूहको बचत कोषको वार्षिक स्थिति

| आर्थिक वर्ष | गत वर्षको रकम रू. | बचत कोषमा घट/बढको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |

नोटः- यो विवरण (फाराम) आ.व. को पहिलो दिन (श्रावण १ गते) सम्बन्धित कृषि प्रसार कार्यकर्ताद्वारा अनिवार्य रूपमा अद्यावधिक बनाई राख्नुपर्छ ।

# १.२ अन्तर कृषक समूह प्रतियोगिता कार्यक्रम

## १.२.१ परिचय/पृष्ठभूमि

जिल्ला वा स्थानीय तहमा रहेका कृषक समूहहरूको क्रियाकलाप एवम् प्रगतिको आधारमा प्रतिस्पर्धात्मक मूल्याङ्कन गरी उत्कृष्ट समूहहरूलाई पुरस्कृत गर्नको लागि यो प्रतियोगिता सञ्चालन गरिन्छ ।

## १.२.२ कार्यक्रमको उद्देश्य

- उत्कृष्ट समूहलाई पुरस्कृत गरी मनोबल बढाउने र कार्यमा सफलता लिने ।

## १.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- सर्वप्रथम प्रतियोगितामा भाग लिन चाहने कृषक समूहहरूको पूर्ण विवरण लिई तिनीहरूलाई सूचीकृत गर्नुपर्दछ ।
- स्थानीय तह वा कृषि ज्ञान केन्द्रबाट उत्कृष्ट कृषक समूह पहिचान गरी पुरस्कृत गर्न सकिनेछ ।
- स्थानीय तहको प्रतिनिधिसहित कृषि प्राविधिकहरूको टोली बनाई निम्न आधारहरूमा मूल्याङ्कन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वनास्तरमा उत्कृष्ट समूहलाई पुरस्कृत घोषित गर्न सकिने ।

## १.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- पुरस्कार राशि स्थानीय तह वा कृषि ज्ञान केन्द्रको निर्णय अनुसार हुनेछ ।

## १.२.५ मूल्याङ्कनका आधारहरू

| क्र.सं. | विवरण | पूर्णाङ्क |
|---|---|---|
| १ | समूहको बैठक सञ्चालन र लिइएका निर्णयहरू | १० |
| २ | हितकोष स्थापना र परिचालन अवस्था | १० |
| ३ | नेतृत्वको छनौट र विकास क्रम | १० |
| ४ | समूहले छर छिमेकमा पुऱ्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह विवरण तथा अन्य रेकर्डको अध्यावधिक अवस्था | १० |
| ६ | सम्बन्धित सरकारी, गैह्र सरकारी तथा अन्य संघ, संस्थाबीचको सम्बन्ध | १० |
| ७ | अन्य समूहसँगको सम्बन्ध तथा अतिरिक्त क्रियाकलापहरू | १० |
| ८ | समूहको सिर्जनशीलता/अग्रसरता | १० |
| ९ | समूहभित्रको संस्थागत विकास/टिम स्पिरिट | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गर्नुपर्ने) | १० |
| | **जम्मा:** | **१००** |

## १.३ उत्कृष्ट कृषक समूह सदस्य प्रतियोगिता

### १.३.१ परिचय/पृष्ठभूमि

कृषक समूहका उत्कृष्ट सदस्यहरूको यथार्थ पहिचान गरी पुरस्कृत गर्दा उनीहरू प्रोत्साहित भई काममा चाख बढ्न जाने हुँदा यस प्रतियोगिता अन्तर्गत वस्तुगत आधारमा उत्कृष्ट सदस्यलाई पुरस्कृत गरिन्छ ।

### १.३.२ कार्यक्रमको उद्देश्य

कृषक समूहहरूमा उत्कृष्ट काम गरिरहेका सदस्यहरूलाई उनीहरूको मनोबल बढाउँदै कदर गर्नु र अन्य सदस्यहरूलाई राम्रो काम गर्ने प्रतिस्पर्धात्मक वातावरण सिर्जजना गर्नु ।

### १.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- सर्वप्रथम कृषक समूहहरूलाई नै उत्कृष्ट सदस्यहरूको मूल्याङ्कन गर्न लगाउनु पर्नेछ ।
- समूह सदस्य मूल्याङ्कन प्रक्रियमा Sociometric पद्धतिसमेत अपनाउन सकिने ।
- कृषक समूहले गरेको निर्णयलाई स्थानीय तह वा कृषि ज्ञान केन्द्रको निर्णय अनुसार गठित मूल्याङ्कन समितिले पुनरावलोकन गर्नुपर्दछ ।
- कृषि ज्ञान केन्द्रले जिल्लास्तरमा कृषकहरूलाई पुरस्कृत गर्दा एक जिल्लाबाट १० जनासम्म उत्कृष्ठ सदस्यहरू छनौट गरी पुरस्कृत गर्नुपर्नेछ ।

### १.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- पुरस्कार राशी स्थानीय तह वा कृषि ज्ञान केन्द्रको निर्णय अनुसार हुनेछ ।

### १.३.५ मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क |
|---|---|---|
| १ | बैठक सञ्चालन र निर्णय लिन पुऱ्याएको योगदान | १० |
| २ | हितकोष स्थापना गर्न नियमित रूपले रकम जम्मा गरे/नगरेको | १० |
| ३ | नेतृत्व लिने क्षमता | १० |
| ४ | समूह सदस्यले छरछिमेकमा पुऱ्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह सदस्यले अरू सदस्यहरूलाई पुऱ्याएको सहयोग | १० |
| ६ | सम्बन्धित सरकारी, गैह्र सरकारी तथा अन्य संघसंस्थासँगको सम्बन्ध | १० |
| ७ | उद्यमशीलता/व्यावसायिकता | १० |
| ८ | नयाँ काम गर्न सिर्जनशीलता/अग्रसरता | १० |
| ९ | समूह भित्रको संस्थागत विकास/टिम स्पिरिटको भावना | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गर्नुपर्ने) | १० |
| | **जम्मा:** | **१००** |

# २. दिवस कार्यक्रम

## २.१ विश्व खाद्य दिवस कार्यक्रम

### २.१.१ परिचय/पृष्ठभूमि

सन् १९८१ देखि खाद्य तथा कृषि संगठन स्थापना भएको दिन प्रत्येक वर्षको १६ अक्टोवरमा संसार भरका लगभग १८० भन्दा बढी सदस्य राष्ट्रहरूमा विश्व खाद्य दिवस मनाइन्छ। यसै अनुरूप नेपालमा पनि सन् १९८१ अर्थात वि.सं. २०३८ सालमा प्रथम विश्व खाद्य दिवस मनाइएको थियो। कृषि उत्पादन तथा खाद्य सुरक्षा सम्बन्धी जनस्तरमा चेतना जगाउने र यस क्षेत्रका संघ संस्थाहरूलाई प्रोत्साहित गर्न वार्षिक रूपमा खाद्य तथा कृषि संगठनसँग समन्वय गरी यो दिवस केन्दीय र जिल्लास्तरमा मनाउँदै आइएकोमा देशमा संघीयता लागु भए पश्चात् संघ, प्रदेश तथा स्थानीय तहमा मनाउने गरिएको छ ।

### २.१.२ कार्यक्रमको उद्देश्य

- भोकमरी र कुपोषणको अन्त्य गर्नका लागि जनचेतना अभिवृद्धि गर्ने।
- कृषि तथा खाद्य उत्पादन वृद्धि गर्ने प्रयासमा अविरल रूपमा लाग्न र खाद्य वस्तु पाउनु प्रत्येक नागरिकको नैसर्गिक हक हो भन्ने जनचेतना प्रत्येक समाजमा पुऱ्याउने।
- खाद्यान्न, फलफूल, तरकारी, पशुपन्छी, बीउबिजन लगायत विभिन्न बाली उत्पादक उत्कृष्ट कृषक, महिला, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह एवम् विद्यार्थीहरूलाई सम्मानित गर्दै राष्ट्रियस्तर, प्रदेशस्तर र स्थानीय तहस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गर्ने।
- खाद्य उत्पादन तथा खाद्य पहुँच बढाउन हौसला प्रदान गर्ने।
- रैथाने बालीहरूको खाद्य सुरक्षामा भूमिकाका बारेमा प्रचार प्रसार गर्ने ।

### २.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

**राष्ट्रियस्तरः**

- विश्व खाद्य दिवस समिति नेपालको बैठक बसी दिवस मनाउने सन्दर्भमा विभिन्न निर्णय गर्ने गराउने ।
- यथा सम्भव सम्माननीय प्रधानमन्त्रीज्यूको शुभकामना मन्तव्य राष्ट्रिय पत्रिकामा प्रकाशन तथा माननीय मन्त्रीज्यूको रेडियो सन्देश प्रसारण र प्रकाशन गर्ने ।
- नेपाल टेलिभिजन तथा अन्य टेलिभिजनमा सम्बन्धित विषयमा विशिष्ट व्यक्ति सम्मिलित परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने ।

- भोकमरी र कुपोषण लगायत विश्व खाद्य दिवस सम्बन्धी तय भएको नारा लेखिएका प्लेकार्ड तथा तुल व्यानरसहित कृषक, महिला, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह एवम् विद्यार्थी, पत्रकार र सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका विशिष्ट महानुभाव सम्मिलित प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने ।
- जनचेतना अभिवृद्धि गर्न प्राविधिक कार्यपत्र/लेख राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गर्ने गराउने वा कार्यशाला आयोजना गर्ने ।
- खाद्य उत्पादन तथा खाद्य पहुँच बढाउन सरकारी तथा गैह्र सरकारी क्षेत्रमा काम गर्ने निकायहरूबीच विविध कार्यक्रमका लागि सहकार्य तथा समन्वय गर्ने ।
- तुल तथा व्यानर, पोष्टर/ पम्फलेट र विश्व खाद्य दिवस/नारा अंकित टिसर्ट तथा टोपी छपाइ/प्रकाशन तथा वितरण गर्ने ।
- देशभरिमा खाद्यान्न, फलफूल, पुष्पखेती, तरकारी, बीउ उत्पादन, च्याउ, मौरी पालन, प्रांगारिक खेती प्रवर्द्धन गर्ने कार्यमा उत्कृष्ट योगदान गर्ने प्रत्येक बिधामा ३ जना कृषकहरू छनौट गरी पुरस्कृत गर्ने । साथै कृषि व्यवसाय प्रवर्द्धनका लागि सेवा प्रदायक निकायहरू मध्ये उत्कृष्ट बीमा कम्पनी, ऋृण उपलब्ध गराउने बैङ्क र कृषि उपज बजारहरू छनौट गरी पुरस्कृत गर्ने । माथि उल्लिखित उपक्षेत्र/निकायहरू प्रत्येकबाट प्रथम, द्बितीय र तृतीयलाई पुरस्कार स्वरूप क्रमसः रु ३००००।-, २५०००।- र २००००।- रकम र प्रमाण पत्र प्रदान गर्ने।
- मुख्य समारोह आयोजना गरी विश्व खाद्य दिवसका विविध पक्षको बारेमा प्रवचन तथा पुरस्कार वितरण गर्ने।
- विश्व खाद्य दिवस कार्यक्रमको प्रतिवेदन स्वरूप पुस्तिका प्रकाशन गर्ने ।

**प्रदेशस्तरः**

- प्रदेशस्तर विश्व खाद्य दिवस समिति गठन गर्ने र समितिको बैठक बसी दिवस मनाउने सन्दर्भमा विभिन्न निर्णय गर्ने गराउने ।
- माननीय मुख्यमन्त्रीज्यूको शुभकामना मन्तव्य राष्ट्रिय पत्रिकामा प्रकाशन तथा माननीय मन्त्रीज्यूको सन्देश प्रसारण र प्रकाशन गर्ने ।
- प्रदेशको समग्र खाद्य सुरक्षाको अवस्थाबारे टेलिभिजनमा सम्बन्धित विषयविज्ञ सम्मिलित परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने ।
- भोकमरी र कुपोषण लगायत विश्व खाद्य दिवस सम्बन्धी तय भएको नारा लेखिएका प्लेकार्ड तथा तुल व्यानरसहित कृषक, महिला, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह

एवम् विद्यार्थी, पत्रकार तथा सञ्चारकर्मी तथा सम्बन्धित क्षेत्रका विशिष्ट महानुभाव सम्मिलित प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने ।

- जनचेतना अभिवृद्धि गर्न प्रविधिक कार्यपत्र प्रस्तुति वा कार्यशाला आयोजना गर्ने ।
- खाद्य उत्पादन तथा खाद्य पहुँच बढाउन सरकारी तथा गैह्र सरकारी क्षेत्रमा काम गर्ने निकायहरू वीच विविध कार्यक्रमका लागि सहकार्य तथा समन्वय गर्ने । साथै रैथाने बालीको उत्पादनको खाद्य मेला/साँझ आयोजना गर्ने ।
- तुल तथा व्यानर, पोष्टर पम्फलेट र विश्व खाद्य दिवस/नारा अंकित टिसर्ट तथा टोपी छपाइ/प्रकाशन तथा वितरण गर्ने ।
- प्रदेशस्तरमा खाद्य सुरक्षामा टेवा पुऱ्याउने कृषकहरू तथा निकायहरूलाई पुरस्कार र प्रमाण पत्र प्रदान गर्ने।
- मुख्य समारोह आयोजना गरी विश्व खाद्य दिवसका बिबिध पक्षको बारेमा प्रवचन तथा पुरस्कार वितरण गर्ने।
- विश्व खाद्य दिवस कार्यक्रमको प्रतिवेदन प्रकाशन गर्न राष्ट्रियस्तरमा विवरण उपलब्ध गराउने ।

**स्थानीय तहस्तरः**

- स्थानीय तहस्तरमा विश्व खाद्य दिवस समिति गठन गर्ने र समिति बैठक बसी दिवस मनाउने सन्दर्भमा विभिन्न निर्णय गर्ने गराउने ।
- स्थानीय तहमा रहेका १० कक्षामा पढ्ने विद्यार्थीहरूबीच निबन्ध प्रतियोगिता गराउनुको साथै कृषक, महिला तथा बुद्धिजीवीहरूबाट प्रवचन जस्ता कार्यक्रमहरू आयोजना गरी जनसाधारणलाई आकृष्ट गर्ने।
- खाद्य सुरक्षामा योगदान दिने कृषक समूह तथा सहकारीहरूको सहभागितामा चेतनामूलक व्यानर, प्लेकार्ड सहितको झाँकीले नगर परिक्रमा गर्ने जस्ता कार्यक्रम आयोजना गरी खाद्य सुरक्षा सम्बन्धी जनचेतना फैलाउने ।
- स्थानीयस्तरमा खाद्य सुरक्षामा टेवा पुऱ्याउने कृषकहरू तथा निकायहरूलाई पुरस्कार र प्रमाण पत्र प्रदान गर्ने।
- उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो जिल्ला खाद्यान्नमा आत्मनिर्भर भए नभएको विवरण तथा खाद्य उत्पादन स्थितिको विस्तृत विवरण तयार गर्ने ।
- विश्व खाद्य दिवस कार्यक्रमको विवरण राष्ट्रिय प्रतिवेदनको लागि उपलब्ध गराउने ।

## २.२ स्थानीय तह तथा जिल्ला स्तरीय कृषक दिवस

### २.२.१ परिचय/पृष्ठभूमि

कृषकहरूलाई कृषि अनुसन्धान क्रियाकलापहरूबारे जानकारी गराउन कृषि फार्म, केन्द्र आदिमा अवलोकन भ्रमण गराउने र सञ्चालित गतिविधिबारे अवगत गराउनुको साथै फार्म केन्द्रका वैज्ञानिकहरूसँग कृषकको अन्तरक्रिया गराउन यस किमिसको दिवस सञ्चालन गरिन्छ। यो कार्यक्रमलाई कृषि प्रविधि हस्तान्तरण गर्ने क्रममा महत्त्वपूर्ण मानिएको छ ।

### २.२.२ कार्यक्रमको उद्देश्य

कृषकहरूलाई नयाँ प्रविधितर्फ आत्मविश्वास जगाउने दृष्टिकोणले कृषक अगुवाको रूपमा रहेका कृषकहरूलाई जुटाई छलफल गर्ने र विभिन्न क्रियाकलापहरू देखाउने र यस कार्यक्रमबाट फर्केपछि आफ्नो छरछिमेकीहरूमा सिकेको कुरा प्रसार गर्न उत्प्रेरित गराउने ।

### २.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- स्थानीय तह/जिल्लाका विभिन्न भाग र विषयवस्तु प्रतिनिधित्व हुने गरी अगुवा कृषक वा साधारण कृषकहरूलाई छनौट गर्नुपर्दछ ।
- कृषकहरूलाई अनुसन्धान फार्महरूमा रहेका उत्कृष्ट नतिजाहरू देखाउन तथा वैज्ञानिकहरूसँग अन्तरक्रिया गर्नका लागि भ्रमण गराउने फार्म केन्द्रसँग अग्रिम सम्पर्क कायम गरी समय यकिन गर्नुपर्दछ ।
- पूर्व निर्धारित फार्म, केन्द्र र फिल्डमा अवलोकन गरी सकेपछि सम्बन्धित वैज्ञानिकहरू र कृषकको अन्तरक्रियात्मक छलफल गराई अवलोकन गरेका कुन कुन प्रविधिहरू उनीहरूले अनुकरण गर्न लायक थियो, सो को समीक्षा गर्नुपर्दछ ।

### २.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

कृषक दिवसमा आवश्यक पर्ने खर्च स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार गर्न सकिनेछ।

# ३. कृषि मेला प्रदर्शनी

## ३.१ जिल्लास्तरीय कृषि मेला प्रदर्शनी

### ३.१.१ परिचय/पृष्ठभूमि

"देखेपछि विश्वास बढ्छ" भन्ने कृषि प्रसार सिद्धान्तको आधारमा कृषकहरूद्वारा उत्पादित कृषि उपजहरू प्रदर्शनमा राखेर उनीहरूबीच प्रतिस्पर्धा गराई दर्शकहरूले प्रविधि सिकी बढी उत्पादन गर्न सकुन् भन्ने ध्येयले यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.१.२ कार्यक्रमको उद्देश्य

- स्थानीय चाडपर्व, मेला आदिको अवसरमा कृषि मेला प्रदर्शनी आयोजना गरी उत्पादक कृषकहरूलाई उत्कृष्टताको आधारमा कदर गर्नु ।
- दर्शक कृषकहरूलाई प्रोत्साहित गर्न नयाँ नयाँ उन्नत प्रविधिहरूबारे जानकारी गराउनुको साथै नयाँ प्रविधि अपनाई नसकेका दर्शक कृषकहरूलाई समेत नयाँ तथा उन्नत प्रविधि अपनाउन प्रोत्साहित गर्नु ।

### ३.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- प्रदर्शनी गर्ने तिथि, मिति र स्थान निश्चत गरेपछि व्यापक प्रचार प्रसार गर्नुपर्दछ , जसबाट वहुसङ्ख्यक कृषकहरूलाई अवलोकन गर्ने मौका मिलोस् ।
- यस्तै गरी सहभागी कृषक, समूह तथा निकायहरूलाई पनि अग्रिम जानकारी गराई सहमति लिनुपर्दछ ।
- प्रदर्शनी आयोजक समिति गठन गरी विभिन्न कामहरूको जिम्मा दिने काम गर्नुपर्दछ ।
- कृषकका उत्पादन तथा उन्नत उत्पादन सामग्रीहरू देखाउने प्रदर्शन कक्षहरू कायम गरी व्यवस्थित रूपमा राख्ने प्रबन्ध मिलाउनुपर्दछ ।
- प्रदर्शित उत्पादनहरूबीच प्रतिस्पर्धा गराई मूल्याङ्कन टोलीले उत्कृष्ट ठहऱ्याएकालाई पुरस्कृत गर्नुपर्दछ ।
- प्रदर्शनी कार्यक्रम एकदेखि तीन दिनसम्मको गर्न सकिन्छ।
- स्थानीय वा जिल्लास्तरमा कार्यरत गैह्र सरकारी संघसंस्था, सहकारी, उद्योग वाणिज्य संघ आदि निकायहरूसँग समन्वय र सहकार्य गरी प्रदर्शनी कार्यक्रम सञ्चालन गर्दा बढी प्रभावकारी हुन्छ।
- प्रदर्शनी स्थलमा वैज्ञानिक, कृषि विज्ञहरू र कृषकहरूको बीचमा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

- प्रदर्शनी समापन कार्यक्रममा उत्कृष्ट प्रदर्शित कृषि उपहजहरू, उत्कृष्ट समूह/कृषकलाई पुरस्कृत गरेर कृषकहरूको हौसला बढाउन सकिन्छ।

### ३.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

पुरस्कृत गर्न सकिने विधाहरू (खाद्यान्न बाली, दलहन तथा नगदे बाली, फलफूल, तरकारी, आलु, तथा विविध) मा स्थानीय तह वा जिल्लास्तरमा तोकिए बमोजिमको नर्म्स अनुसार खर्च गर्नुपर्नेछ। खर्चको शीर्षक निम्न बमोजिम हुनेछन्।

- प्रथम पुरस्कार रकम
- द्वितीय पुरस्कार रकम
- तृतीय पुरस्कार रकम
- प्रोत्साहन पुरस्कार रकम
- स्टल निर्माण खर्च
- व्यानर तथा प्रसार खर्च
- विज्ञहरूको पारिश्रमिक
- चियापान (एकमुष्ट)

# ४. प्रभावकारिता अध्ययन कार्यक्रम

## ४.१ कृषि प्रसार शैक्षिक तरिका प्रभावकारिता अध्ययन कार्यक्रम

### ४.१.१ परिचय/पृष्ठभूमि

कृषि प्रसारमा धेरै प्रकारका शैक्षिक तरिकाहरू प्रयोग गरी कृषकहरूलाई सक्षम बनाइन्छ । विस्तृत रूपमा प्रचलनमा ल्याइएका कृषि प्रसार तरिकाहरूमा प्रदर्शन कार्यक्रमहरू, गोष्ठी, भ्रमण, दिवस, तालिम आदि हुन् । कृषिका समस्या पहिचान गरी समाधान गर्ने उद्देश्यले कृषि प्रसारका शैक्षिक तरिकाहरू सञ्चालन गरिन्छ । प्रत्येक कृषि प्रसारका शैक्षिक तरिकाहरू उद्देश्यमूलक हुन्छन् ।

### ४.१.२ कार्यक्रमको उद्देश्य

उद्देश्य अनुसार कार्यक्रम सञ्चालन भए-नभएको यकिन गर्न प्रभावकारिता अध्ययन गरी कृषि प्रसारका शैक्षिक तरिकाहरूको कार्यान्वयन प्रक्रियामा सुधार ल्याउनु ।

### ४.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- बिगतमा सञ्चालन भएका कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरी सम्बन्धित पक्षहरूसँग पृष्ठपोषण लिने।

- कार्यक्रम सञ्चालन भएको स्थानमा स्थलगत भ्रमण गरी भए-गरेका क्रियाकलापहरूको बारेमा जानकारी लिने।
- प्रश्नावली तयार गरी कार्यक्रम सञ्चालन गर्ने कृषकहरूलाई भर्न लगाउने, समूह छलफल, अन्तर्वार्ता, उपलब्धिहरूको मूल्याङ्कन जस्ता विधिहरू अपनाई प्रभावकारिता अध्ययन गर्न सकिन्छ।
- प्रभावकारिता अध्ययन कार्यक्रम सञ्चालन गर्ने निकाय वा स्वतन्त्र विज्ञबाट गराइन्छ।
- अध्ययन पश्चात् प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्दछ र सुधार गर्नुपर्ने पक्षहरूलाई समेटी आगामी वर्षको योजनामा समावेश गर्नुपर्दछ ।

### ४.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार गर्न सकिनेछ । खर्चको शीर्षक निम्न बमोजिम हुनेछन् ।

- प्रश्नावली निर्माण र प्रतिवेदन छपाइ
- विज्ञको पारिश्रमिक
- चियापान

**द्रष्टव्यः**

प्रभावकारिता अध्ययनमा निम्न बुँदाहरू समावेश हुनुपर्नेछ ।

- अध्ययन गर्न खोजिएको कृषि प्रसार शैक्षिक तरिका प्रयोगबारे पूर्व पहिचान भएको समस्याको विवरण ।
- उक्त प्रसार तरिका प्रयोग गर्दा लिएका उद्देश्यहरू र सो अनुरूप भए नभएको लेखाजोखा ।
- कार्यक्रम सञ्चालन गर्न अपनाइएको क्रमबद्ध खुडकिलाहरू र प्रयोग भएका सामग्रीहरूको प्रभावकारिता ।
- समयानुकूल भए भएनन् भन्ने पुनरावलोकन ।
- अन्य कृषि प्रसार तरिकाहरूसँगको समायोजन तथा उत्पादन कार्यक्रमसँग आबद्ध भई त्यसमा पुगेको टेवा (प्रभाव) ।
- कार्यक्रम सञ्चालन गर्न लिइएको उद्देश्य अनुरूप प्रभाव परेको कृषक सङ्ख्या/परिवार ।
- आगामी वर्ष सुधार गर्नुपर्ने प्रक्रियाहरू ।

## ४.२ कृषक समूह प्रभावकारिता अध्ययन कार्यक्रम

### ४.२.१ परिचय/पृष्ठभूमि

कृषि प्रसार कार्यक्रममा कृषक समूह परिचालनको महत्त्वपूर्ण भूमिका रहन्छ। कृषक समूहको सक्रियता अर्थात कृषि विकास कार्यमा यिनीहरू कति प्रभावकारी छन् भनेर मूल्याङ्कन गर्न समूहको प्रभावकारिता अध्ययन गर्न सकिन्छ ।

### ४.२.२ कार्यक्रमको उद्देश्य

- कृषक समुदायमा कृषि प्रविधि पुऱ्याउन समूहको नेतृत्वको लेखाजोखा गर्नु ।

- कृषि विकासमा आवश्यक पर्ने स्रोत साधन र प्राविधिक सेवा जुटाउन लिइएको अग्रसरताको लेखाजोखा गर्नु ।
- प्रभावकारी हुन नसकेका समूहहरूलाई सुदृढ गर्नको लागि सुझावहरू दिनु ।

### ४.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कुनै समूह प्रभावकारी छ छैन भन्नेबारे अध्ययन गर्न समूहको गठन हुँदाको उद्देश्य, समूह परिचालनको अवस्था, समूहको निर्णय, हितकोष/लेखा व्यवस्थापन, समूहको सिर्जनशीलता उद्यमशीलता, सामाजिक योगदान, स्रोत व्यवस्थापन, नेतृत्व र सदस्यहरूको सक्रियता जस्ता सूचकहरूको समष्टिगत रूपमा अध्ययन गर्नुपर्ने हुन्छ ।
- मूल्याङ्कन गर्दा उप शीर्षक १.२ मा अन्तरसमूह प्रतियोगितामा उल्लेख भएको मूल्याङ्कनका आधारहरूलाई समावेश गर्न सकिन्छ ।
- प्रश्नावली तयार गरी समूहका सदस्यहरूलाई भर्न लगाउने, समूह छलफल, अन्तर्वाता, समूहले हासिल गरेका उपलब्धिहरूको लेखाजोखा गरी प्रभावकारिता अध्ययन गर्न सकिन्छ।

### ४.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार गर्न सकिनेछ । खर्चको शीर्षक निम्न बमोजिम हुनेछन् ।

- प्रश्नावली निर्माण र प्रतिवेदन छपाइ
- विज्ञ/प्रश्नावली गणनाकर्ता (Enumerator) को पारिश्रमिक
- चियापान

# ५. तालिम कार्यक्रम

कृषि प्रविधि हस्तान्तरण एवम् विस्तार गर्न तालिमलाई प्रभावकारी माध्यमको रूपमा लिइएको छ । कृषि विकास कार्यक्रममा संलग्न प्राविधिकहरूको कार्य दक्षता बढाउनुका साथै कृषकहरूको ज्ञान सीप अभिवृद्धि गरी व्यवहारमा परिवर्तन ल्याउनु नै तालिम कार्यक्रमको प्रमुख लक्ष्य हो । जिल्लास्थित कृषि कार्यालय/केन्द्रहरूमार्फत मूलतः निम्नानुसार तालिम कार्यक्रमहरू सञ्चालन हुन्छन् ।

# ५.१ जिल्लास्तरीय कृषक तालिम

## ५.१.१ परिचय/पृष्ठभूमि

जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यत्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको (आफ्नो घर वा साविकको बसोबासबाट दैनिक ओहोर-दोहोर गर्न नभ्याइने ४ कोसभन्दा बढी भई) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनु पर्दछ । कृषिका विभिन्न विषय विशेष तालिमहरू जिल्लास्तरमा १-३ दिनसम्म २०-२५ जना उत्कृष्ट कृषक सहभागी गराई गर्न सकिन्छ । यस्ता तालिममा स्थानीय कृषकलाई समेत स्रोत व्यक्तिको रूपमा प्रयोग गर्न सकिन्छ ।

## ५.१.२ कार्यक्रमको उद्देश्य

- कृषकहरूको ज्ञान सीपमा अभिवृद्धि गर्नु ।

## ५.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- तालिममा सहभागी छनौट गर्दा, समूहमा योगदान पुऱ्याएको, आफूले सिकेको कुरा अरूलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केही गरौं भन्ने भावना भएको कृषक हुनुपर्नेछ । तालिममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ ।
- तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरूसँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।
  - सहभागी हुने कृषकहरूलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
  - शैक्षिक सामग्रीहरू (श्रव्य-दृश्य सामग्रीहरू) को व्यवस्था मिलाउने ।
  - तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरूसँग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चत गर्ने ।

## ५.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

तालिम सम्बन्धी स्वीकृत सरकारी दररेट अनुसार आवश्यक वस्तु तथा सेवा खरिद गरी सञ्चानल गर्न सकिने छ।

**खर्च शीर्षक निम्नानुसार हुन सक्ने :**

१. कार्यपत्र पारिश्रमिक
२. प्रवचन पारिश्रमिक
३. खाजा खर्च
४. मसलन्द

५.   तालिम सामग्री
६.   वस्तुगत टेवा
७.   विविध
८.   प्रतिवेदकको पारिश्रमिक

**द्रष्टव्य**

- एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेट हुनुपर्दछ ।
- कृषकस्तरको तालिमका लागि कार्यपत्र तयार पार्दा प्रशिक्षार्थीहरूको स्तर सुहाउँदो शब्दावलीहरू तथा भाषा प्रयोग गर्नुपर्दछ । यसरी तयार पारिएको कार्यपत्रहरू कम्तीमा ७५० शब्दको प्रबन्ध सम्झनुपर्छ, पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरू त्यस्तै सामग्रीको छायाँप्रति कार्यपत्र हुँदैन।
- एकपटक प्रस्तुत गरेको कार्यपत्र पुनः प्रयोग गर्न परेको खण्डमा उक्त कार्यपत्रमा आधुनिक प्रविधिहरूसमेत समावेश गरी परिमार्जन गरेर मात्र प्रयोग गर्ने ।
- प्रस्तुत गरिने कार्यपत्रमा प्रशिक्षार्थीहरूको स्तर, कार्यपत्रको शीर्षक, प्रस्तुतकर्ताको नाम, पद तथा प्रस्तुत गरेको मितिसमेत उल्लेख गर्नुपर्नेछ ।
- सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको पारिश्रमिक रकम पाउन सक्ने छ ।
- संयोजक तालिम अवधिमा विदा बसेमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे बापत संयोजकले पाउने भत्ता पाउने छैन ।
- विस्तृत रूपमा अर्थ मन्त्रालयबाट स्वीकृत खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधिमा उल्लेख भए अनुसार गर्न सकिने छ।

# ५.२ जिल्लास्तरीय विषादी खुद्रा बिक्रेता तालिम

## ५.२.१ परिचय/पृष्ठभूमि

विषादी आयात निर्यात खुद्रा बिक्री वितरण, विषादी छर्कने र शश्लेषणका लागि गरिने पञ्जिकरण तथा इजाजत पत्र प्रदानको विषय संवेदनशील विषय हो।विषादी व्यवस्थापन गर्नका लागि सरोकारवाला निकायलाई थप जिम्मेवार र दक्ष बनाउन जरूरी छ । जीवनाशक विषादी ऐन, २०४८ र नियमावली, २०५० मा भएको प्रावधान बमोजिम विषादीको बिक्री वितरण गर्नको लागि विषादी बिक्रेताले अनिवार्य रूपमा विषादी खुद्रा बिक्रेता इजाजत पत्र लिनुपर्ने हुन्छ । इजाजत पत्र लिनको लागि सम्बन्धित व्यक्तिले विषादीको सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी तालिम लिइसकेपछि परीक्षामा उत्तीर्ण हुनुपर्दछ । सोही प्रयोजनको लागि जिल्लामा विषादी खुद्रा बिक्रेता तालिम प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखासँगको समन्वयमा सञ्चालन गरिन्छ ।

## ५.२.२ कार्यक्रमको उद्देश्य

कृषक समुदाय तथा विषादी खुद्रा बिक्रेताहरूलाई विषादीको सुरक्षित भण्डारण तथा नियन्त्रित प्रयोग गर्न प्रोत्साहन गर्न, इच्छुक विषादी खुद्रा बिक्रेताहरूलाई विषादी खुद्रा बिक्रेता इजाजत पत्र लिनु पूर्व तत् सम्बन्धी आवश्यक ज्ञान तथा सीप प्रदान गरी क्षमता अभिवृद्धि गर्न र विषादी व्यवस्थापनमा थप जिम्मेवार बनाउन ।

## ५.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विषादी खुद्रा बिक्रेता इजाजत पत्र, सुरक्षित बिक्री वितरण, भण्डारण एवम् प्रयोग सञ्चालन कार्यविधि, २०७१ अनुसार तालिम सञ्चालन गर्नुपर्नेछ ।
- जिल्लामा विषादी पसल सञ्चालन गरिरहेका वा विषादी पसल खोल्न इच्छुक विषादी बिक्रेता/व्यक्तिहरूबाट आवश्यक सङ्ख्यामा आवेदन प्राप्त भइसकेपछि जिल्लास्थित कृषि कार्यालय/केन्द्रले तालिम मिति निर्धारण गरी सम्बन्धित बिक्रेताहरूलाई सहभागी हुन जानकारी गराई स्वीकृत नर्म्स बमोजिम तालिम आयोजना गर्नु/गराउनुपर्दछ ।
- विषादी निरीक्षकको संयोजकत्वमा तालिम सञ्चालन गर्नुपर्नेछ ।
- तालिममा सहभागी सङ्ख्या २० देखि २५ जना हुनुपर्नेछ ।
- यसको जानकारी प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामा पठाई प्रश्नपत्र माग गर्नुपर्दछ ।
- छ दिनसम्म सञ्चालन हुने यो तालिममा विषादीको सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी कक्षाहरू सञ्चालन गर्नुपर्नेछ ।
- प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले तयार गरेको पाठ्यक्रममा आधारित भई तालिम सञ्चालन गर्नुपर्नेछ ।

**द्रष्टव्य**

- तालिम सञ्चालन जिल्लास्थित कृषि कार्यालय/केन्द्रका बाली संरक्षण अधिकृत र अन्य विषय विशेषज्ञहरूले गर्ने र जिल्लामा स्रोत व्यक्ति नभएको अवस्थामा क्षेत्रीय बाली संरक्षण प्रयोगशाला तथा विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाबाट स्रोत व्यक्ति माग गर्नुपर्दछ ।
- तालिम पश्चात् परीक्षा सञ्चालन गरी सो को उत्तरपुस्तिका विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामै पठाउनु पर्नेछ । Result Sheet प्राप्त भएपछि जिल्लामा कार्यरत बाली संरक्षण अधिकृतले इजाजतपत्र लिन इच्छुक उत्तीर्ण विषादी बिक्रेताहरूबाट आवेदन लिई बिक्री कक्षसमेत निरीक्षण गरी विषादी खुद्रा बिक्रेता इजाजत पत्रको लागि कारवाही अघि बढाउनु पर्नेछ ।
- छ दिने जिल्लास्तरीय विषादी खुद्रा बिक्रेता तालिममा समावेश गरिने मुख्य मुख्य विषयहरू तपसिलका हुनेछन् ।
  - विषादीबारे जानकारी, परिभाषा, विश्व र नेपालमा यसको इतिहास
  - जीवनाशक विषादी ऐन, २०४८ र जीवनाशक विषादी नियमावली, २०५० (पहिलो संशोधन, २०६४ सहित)

- विषादी व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७०
- विषादी खुद्रा बिक्रेता इजाजत पत्र उपलब्ध गराउने विधि
- जीवनाशक विषादी र तिनको प्रकार
- विषादीको विषालुपना र यसका आधारमा विषादीको वर्गीकरण
- नेपालमा पञ्जिकृत विषादी विवरण र प्रतिबन्धित विषादी
- विषादीको सश्लेषण र विषादी प्रयोग
- विषादीको सूचक पत्र सङ्केत र शव्दहरू प्रविधिक नाम र व्यापारिक नाम, विषालुपना र सावधानी
- विषादी र वातावरण
- विषादी खुद्रा बिक्रेता पसलमा भ्रमण र अवस्थाबारेमा प्रयोगात्मक अभ्यास
- बाली उपचार शिविर आवश्यकता, सञ्चालन प्रक्रिया र विकासक्रम
- रोगको क्षतिको पहिचान र व्यवस्थापन
- हानिकारक कीराको क्षतिको पहिचान र व्यवस्थापन
- जैविक विषादीको प्रयोग विधि भण्डारण र व्यवस्थापन
- जीवनाशक विषादी र तिनको विषालुपना
- विषादीको दुरूपयोगको व्यवस्थापनमा पर्खने समयको अवलम्बन एवम् सरोकार निकायको भूमिका
- लाभदायक कीरामा विषादी असर
- विष लागेको लक्षण र प्राथमिक उपचार
- विषादी जन्य दुर्घटनाहरू र तिनबाट बच्ने उपायहरू
- विषादीको सुरक्षित प्रयोग, ढुवानी र भण्डारण
- विषादी प्रयोग गर्दा प्रयोग गरिने सुरक्षित पहिरनहरू
- रासायनिक विषादी प्रयोग न्यूनिकरण गर्ने विधि
- एकीकृत शत्रुजीव व्यवस्थापन

## ५.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

तालिम सम्बन्धी स्वीकृत सरकारी दररेट अनुसार आवश्यक वस्तु तथा सेवा खरिद गरी सञ्चालन गर्न सकिनेछ ।

**खर्च शीर्षक निम्नानुसार हुन सक्नेः**

१. कार्यपत्र पारिश्रमिक
२. प्रवचन पारिश्रमिक
३. खाजा खर्च
४. मसलन्द
५. तालिम सामग्री
६. वस्तुगत टेवा

७. विविध

८. प्रतिवेदकको पारिश्रमिक

## ५.३ बीउबिजन व्यवसायी तालिम कार्यक्रम

### ५.३.१ परिचय/पृष्ठभूमि

गुणस्तर युक्त सूचित बीउबिजनको व्यवस्थित तवरबाट बिक्री वितरण गर्नको लागि इजाजतपत्र लिई बीउबिजनको कारोवारमा संलग्न हुन चाहने व्यवसायीले दर्ता हुनु पूर्व बीउबिजन सम्बन्धी ऐन, नियम तथा प्राविधिक पक्षका बारेमा तालिम लिई प्रमाण पत्र लिएको हुनुपर्दछ । यसरी तालिम प्राप्त व्यवसायीले ३ दिने अभिमुखीकरण तालिम लिई उत्तीर्ण भएपछि अनुमति पत्र प्राप्त गर्न योग्य हुनेछन् । यस्तो तालिम जिल्लास्थित कृषि कार्यालयले बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सक्नेछ ।

### ५.३.२ कार्यक्रमको उद्देश्य

- बीउ व्यवसायीलाई बीउ उत्पादन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण गर्ने ।
- बीउ व्यवसायीलाई अनुमति पत्र प्राप्त गर्न योग्य बनाउने ।
- सूचित बीउबिजनको गुणस्तर कायम गरी कारोवार गर्ने र बिक्री वितरण कार्यलाई व्यवस्थित गर्ने ।

### ५.३.३ कार्यक्रमको प्राविधिक पक्ष र कार्यक्रम सञ्चालन प्रक्रिया

- बीउबिजन सम्बन्धी कारोवार गर्न चाहने व्यक्ति, संस्था वा निकायले सूचित बीउको कारोवार गर्न चाहेमा सम्बन्धित जिल्लास्थित कृषि कार्यालयमा रितपूर्वक निवेदन दर्ता गराउने ।
- निवेदन उपर छानबिन भएपछि कारोवार गर्न सही ठहरिने व्यक्ति, संस्था वा निकायलाई कार्यालयले तालिमका लागि जानकारी गराउनेछ ।
- बीउ उत्पादन तथा बिक्री वितरण व्यवस्थापन सम्बन्धी ३ दिने तालिमको विषय वस्तु तथा पाठ्यक्रम बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको समन्वयमा तयार गरी विज्ञ प्रशिक्षकद्वारा तालिम प्रदान गरिनेछ ।
- तालिम प्राप्त प्रशिक्षार्थीहरूले बीउ उत्पादन तथा बिक्री वितरण सम्बन्धी योग्यताको जाँच लिखित रूपमा दिनेछन् ।

### ५.३.४ कार्यक्रमको आर्थिक पक्ष

तालिम सञ्चालन सम्बन्धी स्वीकृत खर्च गर्ने नर्म्स अनुसार खर्च हुनेछ ।

## ५.४ मल निरीक्षक तालिम सञ्चालन

### ५.४.१ परिचय/पृष्ठभूमि

रासायनिक मलको बजार तथा आपूर्ति व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयुक्त रासायनिक मल किसानलाई उपलब्ध गराउने कार्यमा सघाउ पुर्‍याउन मन्त्रालयले आवश्यकता अनुसार निरीक्षक नियुक्त गर्न वा कुनै कर्मचारीलाई निरीक्षकको काम गर्ने गरी तोक्न सक्नेछ । निरीक्षकको पदमा नियुक्त हुन वा तोकिनको लागि आवश्यक न्यूनतम योग्यता कृषि विषयमा स्नातक गरी वा रसायनशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी रासायनिक मलको निरीक्षण प्रक्रियाका सम्बन्धमा आधारभूत तालिम लिएको हुनुपर्नेछ ।

### ५.४.२ कार्यक्रमको उद्देश्य

रासायनिक मलको बजार तथा आपूर्ति व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयुक्त रासायनिक मल किसानलाई उपलब्ध गराउन मल निरीक्षक तयार गर्न।

### ५.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- जिल्लास्थित कृषि कार्यालयले जिल्लामा मल निरीक्षक तयार गर्न प्रदेश मन्त्रालयमार्फत कृषि विभागमा माग पत्र पठाउनु पर्नेछ ।
- माग पत्र पठाउँदा जिल्लामा रहेको जनशक्ति अनुसार क्रमश: कृषि प्रसार समूह, कृषि अर्थशास्त्र समूह, बाली समूह, माटो समूह, र बागवानी समूह मध्ये प्राथमिकताको आधारमा मनोनयन गरी १ जनाको नाम सिफारिस गर्नुपर्नेछ ।
- मनोनयन हुने अधिकृत कम्तीमा कृषि स्नातक वा सो सरहको योग्यता भएको हुनुपर्नेछ ।
- कृषि विभागले प्रथम चरणमा रासायनिक मल निरीक्षक सम्बन्धी आधारभूत तालिम प्रदान गर्नेछ ।
- तालिम लिएका अधिकृतहरूले सम्बन्धित जिल्लास्थित कार्यालयको सिफारिससहित रासायनिक मल निरीक्षकका लागि कृषि विभागमा निवेदन दिनुपर्नेछ।
- सम्बन्धित कृषि हेर्ने संघीय मन्त्रालयले रासायनिक मल निरीक्षक तोकेपछि कृषि विभागले रासायनिक मल निरीक्षकको अनुमति पत्र जारी गर्नेछ ।

## मल निरीक्षक तालिमको पाठ्यक्रम

(तालिम अवधिः ५ दिन, सेसन संख्याः ३, समय: १ घण्टा ४५ मिनेट)

| क्र. सं. | विषय वस्तु/शीर्षक | उप–शिर्षक | सिकाइ प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | नेपालको माटोको उर्वराशक्तिको वर्तमान अवस्था | माटोको उर्वराशक्तिको परिचय, ह्रासका कारणहरू, कायम गर्ने उपायहरू | प्रवचन तथा छलफल | १ | |
| २ | मल सम्बन्धी नीतिगत तथा कानुनी प्रावधानहरू | राष्ट्रिय मल नीति २०५८, प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ तथा प्राङ्गारिक मलको स्पेसिफिकेसन, रासायनिक मल नियन्त्रण आदेश, २०५५ तथा यसमा अन्तरहित विषयहरू, अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ | " | ३ | |
| ३ | प्राङ्गारिक प्रवर्द्धनमा भएका प्रयासहरू तथा प्राङ्गारिक मल उत्पादन, आयात वितरण अवस्था | | " | १ | |
| ४ | मल निरीक्षकको काम कर्तव्य र अधिकार | | " | १ | |
| ५ | रासायनिक मलमा मिसावट तथा पहिचान विधि | रासायनिक मलका प्रकारहरू र यिनमा मिसावटका सम्भावित स्रोतहरू, रासायनिक मलमा हुने मिसावटको पहिचान विधिहरू सैद्धान्तिक तथा व्यवहारिक | " | १ | |
| ६ | बाली बिरूवामा पोषण व्यवस्थापन | बाली बिरूवाका आवश्यक तत्वहरू, स्रोत खाद्यतत्व कमीका प्रमुख लक्षणहरू, एकीकृत खाद्यतत्व व्यवस्थापन | " | १ | |
| ७ | रासायनिक मलको उत्पादन सम्भावना तथा आपूर्ति, वितरण व्यवस्थाका प्रमुख समस्याहरू तथा भावी रणनीति | रासायनिक मलको आयात, अनुदान तथा मूल्य निर्धारण सम्बन्धी व्यवस्था, आपूर्ति, वितरण व्यवस्थाका प्रमुख समस्याहरू तथा भावी रणनीति, रासायनिक मलको उत्पादन सम्भावना | | | |

| क्र. सं. | विषय वस्तु/शीर्षक | उप-शिर्षक | सिकाइ प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ८ | रासायनिक मल निरीक्षकले मल निरीक्षण, तहकिकात तथा मुद्दा अभियोजन गर्दा अपनाउनु पर्ने कानुनी प्रक्रिया | | ” | १ | |
| ९ | नेपालमा प्रचलनमा रहेका विभिन्न प्रकारका रासायनिक मलहरूको स्पेसिफिकेसन | | ” | १ | |
| १० | मलको नमूना लिने तरिका र विश्लेषणको लागि पठाउँदा अपनाउनु पर्ने सावधानीहरू | | | | |
| ११ | रासायनिक तथा प्राङ्गारिक मलको दर्ता प्रक्रिया | | ” | १ | |
| १२ | रासायनिक मल भण्डारण अवलोकन | | ” | १ | |
| १३ | रासायनिक मलको नमूना सङ्कलन गर्नेबारे व्यवहारिक कक्षा | | ” | १ | |
| | **जम्मा:** | | | **१५** | |

### ५.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड

स्वीकृत सरकारी दररेट अनुसार खर्च गर्न सकिनेछ ।

## ५.५ पालिकास्तरीय कृषक तालिम

### ५.५.१ परिचय/पृष्ठभूमि

पालिकास्तरीय तालिम भन्नाले स्थानीय तहको कृषि विकास शाखाले सञ्चालन गर्ने तालिम भन्ने बुझिन्छ । यस्तो तालिम १ देखि ३ दिनसम्म सञ्चालन गर्न सकिन्छ । तालिममा सामान्यतया २० देखि २५ जना कृषकहरू सहभागी हुन्छन् । कृषकहरू घरबाट आउने-जाने गरी तालिममा सहभागी हुन्छन् ।

### ५.५.२ कार्यक्रमको उद्देश्य

कृषकहरूको ज्ञान सीपमा अभिवृद्धि गर्नु ।

### ५.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

जिल्लास्तरीय कृषक तालिममा जस्तै हुनेछ।

### ५.५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

जिल्लास्तरीय कृषक तालिममा जस्तै हुनेछ।

## ५.६ घुम्ती स्थलगत कृषक तालिम

### ५.६.१ परिचय/पृष्ठभूमि

विभिन्न फार्म/केन्द्र/जिल्लास्थित कृषि कार्यालय/स्थानीय तहको कृषि शाखाले आफ्नो प्रभावक्षेत्र भित्रका पकेट क्षेत्रहरूमा गई कृषक समूहरूलाई छोटो समय अवधिको आकस्मिक समस्यामा आधारित रही थलोमा नै समाधान गर्ने र समय सापेक्ष नयाँ प्रविधिहरू कृषक समक्ष पुऱ्याउने अभिप्रायले यस किसिमको तालिम सञ्चालन गर्न आवश्यक रहेको छ ।

### ५.६.२ कार्यक्रमको उद्देश्य

- बाली, बागवानी, मौरी, च्याउ लगायतका विषयमा महत्त्वपूर्ण प्रविधिको समय सापेक्ष रूपमा प्रसार एवम् हस्तान्तरण गर्ने ।
- सम्बन्धित बालीको पकेटक्षेत्र एवम् कृषक समूहहरूलाई आइपरेका समस्याहरूको स्थलगत रूपमै समाधान गर्ने जस्तैः गोलभैंडामा लाग्ने टुटा नियन्त्रण, बगैंचामा रोग-कीरा व्यवस्थापन, जुनारमा औंसा नियन्त्रण, आलुको डढुवा रोग नियन्त्रण, मकैमा Fall Army Worm आदि ।
- कृषकहरूलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र जागरुक कृषकलाई प्राविधिक ज्ञान तथा सीप विकास गर्ने ।

### ५.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- घुम्ती स्थलगत तालिम १ देखि २ दिनसम्म हुन सक्नेछ ।
- घुम्ती स्थलगत तालिममा न्यूनतम १५ र बढीमा २५ जना सहभागी र सहभागी मध्ये ५० प्रतिशत महिला सहभागिता हुनुपर्नेछ।
- फार्म/केन्द्र/जिल्लास्थित कृषि कार्यालय/स्थानीय तहले तालिम कार्यक्रम सञ्चालन गर्दा विज्ञहरूको समन्वयमा सञ्चालन गर्नुपर्नेछ ।
- घुम्ती स्थलगत तालिममा १ दिनमा बढीमा ४ वटा कक्षासम्म सञ्चालन गर्न सकिनेछ ।

### ५.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

जिल्लास्तरीय कृषक तालिममा जस्तै हुनेछ । साथै घुम्ती तालिममा आवश्यक सामग्री जस्तैः कच्चा पदार्थ, बीउ, मल, विषादी, नमुना, साना तिना औजार/उपकरण, कृषकलाई वितरण गर्ने सामग्री खरिद गर्न थप बजेटको व्यवस्था गर्नुपर्ने हुन सक्छ ।

## ५.७ कृषक समूह परिचालन तालिम

### ५.७.१ परिचय/पृष्ठभूमि

कृषक समूह परिचालन तालिममा कृषि प्राविधिकहरूद्वारा कृषक समूहलाई क्रियाशील तथा गतिशील बनाउनको लागि विभिन्न किसिमका तालिमहरू दिइन्छ । यसबाट एकातिर कृषक समूहहरू सवल एवम् सुदृढ भई कृषि प्रसार कार्यक्रमको स्तर वृद्धि हुन जाने देखिन्छ भने अर्कोतिर यसबाट सेवाग्राहीमा प्रसस्त पहुँच वृद्धि हुन जाने भई फिल्डमा कार्यरत प्राविधिकहरू र कृषक समूहहरूबीचको पारस्परिक सम्बन्धमा वृद्धि हुन जानेछ। यस प्रक्रियाबाट कृषकहरूको सही समस्या पहिचान हुने र कृषि प्रसार कार्यक्रम अझै बढी प्रभावकारी हुन्छ ।

### ५.७.२ कार्यक्रमको उद्देश्य

- कृषक समूहहरू सबल एवम् सुदृढ हुने,
- प्राविधक र समूहका बीच पारस्परिक सम्बन्ध बढ्ने तथा कृषि सेवाको पहुँच बढ्ने ।

### ५.७.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- तालिमहरू सञ्चालन गर्दा समूह बैठकको दिनमा नै सञ्चालन गर्नुपर्नेछ ।
- तालिममा कृषि प्राविधिकले समूह व्यवस्थापन, हितकोष परिचालन तथा लेखा व्यवस्थापन, समूह नेतृत्व तथा उद्यमशीलताको विकास, आन्तरिक तथा बाह्य स्रोत सङ्कलन र व्यवस्थापन, सरकारी अनुदानको प्रक्रिया, छोटो प्रस्तावना तयारी आदि विषयमा तालिम सञ्चालन गर्न सकिनेछ ।
- सिजन वा बाली विशेष अनुसार समूहको माग र समस्यामा आधारित रही नर्सरी व्यवस्थापन, प्लाष्टिक टनेल निर्माण, भकारो सुधार, माटोको नमुना लिने तरिका प्रदर्शन, तरकारीमा रोगकीरा व्यवस्थापन आदि विषयलाई पनि समेट्न सकिनेछ ।
- धेरै समूहहरू भएको अवस्थामा प्राविधिकहरूको उपलब्धताको आधारमा तालिमको तालिका बनाई सबै समूहहरूलाई पालैपालो समेट्ने प्रयास गर्नुपर्दछ ।
- कृषक समूह परिचालन गर्दा महिला तथा पिछडिएका वर्गहरू समावेश भएका समूहहरूलाई विशेष प्राथिमिकता दिनुपर्नेछ ।
- यस्तो तालिममा बढीमा चार कक्षासम्म समावेश गर्न सकिन्छ ।

### ५.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

एक दिने तालिमको लागि स्वीकृत नर्म्स अनुसार खर्च गर्न सकिनेछ।

## ५.८ कृषि तथा पशुपन्छी बीमा अभिकर्ता तालिम

### ५.८.१ परिचय/पृष्ठभूमि

बाली उत्पादन तथा पशुपन्छीपालन व्यवसायमा हुन सक्ने जोखिम तथा अनिश्चततालाई कम गरी कृषकहरूलाई कृषि व्यवसायतर्फ उन्मुख गर्न र कृषि क्षेत्रमा निजी, सहकारी तथा वित्तीय संस्थाहरूको लगानी बढाउन र त्यसको सुरक्षा गर्न बाली बीमाको अति नै आवश्यकता रहेको छ । यसलाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्य योजना, २०६९ तथा बीमा ऐन, २०४९ ले दिएको कानूनी प्रावधानलाई प्रयोग गरी "बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ लागु गरी बीमा कार्य सुरु भयो भने २०७७ मंसिर १५ गते बीमा समितिद्वारा कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ जारी गरी बाली तथा पशुपन्छीको बीमा गर्ने कार्य भइरहेको छ । बाली तथा पशुपन्छीको बीमा गर्ने कार्यमा प्रत्यक्ष सङ्लग्न हुने मध्यस्थकर्ता भनेको मुख्य रूपमा बीमा अभिकर्ताहरू हुन जसले कृषकहरू कहाँ प्रत्यक्ष रूपमा पुगी कृषि बीमाबारे सू-सुचित गरी बीमाको दायरा बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### ५.८.२ कार्यक्रमको उद्देश्य

कृषि तथा पशुपन्छी बीमालाई सहज र सरल पहुँच बढाउने उद्देश्यले कृषि बीमा सम्बन्धी अभिकर्ताको आधारभूत तालिम प्रदान गरी कृषक र बीमा कम्पनीबीच मध्यस्थकर्ताको भूमिका निभाई बाली बीमालाई सक्रिय तुल्याउने ।

### ५.८.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/ कार्यविधिः

- जिल्लास्थित कृषि कार्यालयहरूले सम्बन्धित कार्य क्षेत्र तोकेका निर्जीवन बीमा कम्पनी वा बीमा समितिमार्फत कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको आधारभूत तालिम सञ्चालन सक्दछन् । तालिम कम्तीमा २२ घण्टाको अभ्यास सहितको हुनेछ । बीमा समितिमार्फत गरिने तालिमका लागि कृषि विभागमा समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।
- तालिममा सहभागी हुने प्रशिक्षार्थीहरूको न्यूनतम योग्यतामा एस.एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि वा पशु वा वनस्पति विज्ञानमा कम्तीमा १ वर्षको तालिम प्राप्त वा कृषि वा पशु विज्ञानमा सो भन्दा माथिल्लो योग्यता प्राप्त गरेको हुन पर्नेछ । तालिमको समयमा यी सम्पूर्ण कागजातहरू नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्छ साथै प्रमाण पत्रको लागि २ प्रति पासपोर्ट साईजको हालसालै खिचेको फोटो पनि आवश्यक पर्छ ।

- बीमा अभिकर्ताको तालिम पश्चात् प्राप्त प्रमाण पत्र तथा तालिम लिन आवश्यक न्यूनतम योग्यताका प्रमाण पत्रहरूको नोटरी प्रमाणित गराई आफूले काम गर्न चाहेको बीमा कम्पनीको सिफारिस लिई अभिकर्ताको लाईसेन्सका लागि तोकिएको शुल्कसहित बीमा समितिमा निवेदन दिनुपर्नेछ । इजाजत पत्र प्राप्त नगरी अभिकर्ताका रूपमा कार्य गर्न पाइने छैन ।

### ५.८.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

तालिमको लागि स्वीकृत नर्म्स अनुसार खर्च गर्न सकिनेछ ।

## ५.९ बीमा अभिकर्ता प्रशिक्षक प्रशिक्षण तालिम

### ५.९.१ परिचय/पृष्ठभूमि

बाली उत्पादन तथा पशुपन्छीपालन व्यवसायमा हुन सक्ने जोखिम तथा अनिश्चततालाई कम गरी कृषकहरूलाई कृषि व्यवसायतर्फ उन्मुख गर्न र कृषि क्षेत्रमा निजी, सहकारी तथा वित्तीय संस्थाहरूको लगानी बढाउन र त्यसको सुरक्षा गर्न बाली बीमाको अति नै आवश्यकता रहेको छ । यसलाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्य योजना, २०६९ तथा बीमा ऐन, २०४९ ले दिएको कानूनी प्रावधानलाई प्रयोग गरी "बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ लागु गरी बीमा कार्य सुरु भयो भने २०७७ मंसिर १५ गते बीमा समितिद्वारा कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ जारी गरी बाली तथा पशुपन्छीको बीमा गर्ने कार्य भई रहेको छ । बाली तथा पशुपन्छीको बीमा गर्ने कार्यमा प्रत्यक्ष संलग्न हुने मध्यस्थकर्ता भनेको मुख्य रूपमा बीमा अभिकर्ताहरू हुन जसले कृषकहरू कहाँ प्रत्यक्ष रूपमा पुगी कृषि बीमाबारे सुसूचित गरी बीमाको दायरा बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### ५.९.२ कार्यक्रमको उद्देश्य

सहभागीहरूलाई कृषि बीमा सम्बन्धी ज्ञान प्रदान गरी कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको आधारभूत तालिम सञ्चालन गर्न प्रशिक्षक तयार गर्नु ।

### ५.९.३ कार्यक्रमको प्राविधिक पक्ष/ सञ्चालन प्रक्रिया/ कार्यविधि :

- प्रदेश तथा जिल्लास्थित कृषि कार्यलयहरूले जिल्लामा कृषि तथा पशुपन्छी बीमा प्रशिक्षक तयार गर्न प्रदेश मन्त्रालयमार्फत कृषि विभागमा जानकारी पठाउनु पर्नेछ ।
- कृषि विभागले बीमा समितिमार्फत तालिम सञ्चालन गर्न सहजीकरण गर्नेछ ।
- तालिम कम्तीमा ६ दिनको (२७ घण्टा) अभ्यास सहितको हुनेछ ।

- तालिममा सहभागी हुने प्रशिक्षार्थीहरू नेपाल सरकारका अधिकृतस्तरका कृषि प्राविधिक कर्मचारीहरू ।

## कृषि तथा पशुपन्छी बाली बीमा सम्बन्धी तालिमको पाठ्यक्रम

(तालिम अवधिः ६ दिन, सेसन संख्याः ३, समय: १ घण्टा ४५ मिनेट)

| क्र. सं. | विषय वस्तु/शीर्षक | उप–शीर्षक | सिकाइ प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | जोखिम तथा जोखिम व्यवस्थापन, बीमा तथा कृषि बीमाबारे जानकारी | जोखिमको परिचय, प्रकारहरू र व्यवस्थापनका पक्षहरू, परिचय, सिद्धान्त, प्रकार, सर्तहरू | प्रवचन र छलफल | १ | |
| २ | कृषि बीमाको वर्तमान अवस्था, समस्या, चुनौती तथा सरोकारवालाको भूमिका | वर्तमान अवस्था, समस्या, चुनौती, सुझाव तथा भूमिका | ″ | १ | |
| ३ | कृषि बीमा सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाहरू | बीमा ऐन र नियमावली, निर्देशन/निर्देशिका, अनुदान कार्यविधि | ″ | १ | |
| ४ | कृषि बीमा गर्ने प्रक्रिया तथा प्रचलनमा रहेका बीमालेखहरू | कृषि बीमा गर्ने प्रक्रिया, बीमालेखका प्रकार | ″ | १ | |
| ५ | उत्पादनमा आधारित तरकारी बाली बीमालेख (अभ्यास सहित) | | प्रवचन र छलफल/भूमिका निर्वाह | १ | १ |
| ६ | सुन्तला जुनार र कागती बीमालेख (अभ्यास सहित) | | ″ | १ | १ |
| ७ | च्याउ खेती तथा मौरी बीमालेख (अभ्यास सहित) | | ″ | १ | १ |
| ८ | पशुधन बीमालेख (अभ्यास सहित) | | ″ | १ | १ |
| ९ | पन्छी बीमालेख (अभ्यास सहित) | | ″ | १ | १ |
| १० | चिया तथा कफी बीमालेख (अभ्यास सहित) | | ″ | १ | १ |
| ११ | माछा बीमालेख (अभ्यास सहित) | | ″ | १ | १ |

| क्र. सं. | विषय वस्तु/शीर्षक | उप-शीर्षक | सिकाइ प्रक्रिया | कक्षा | |
|---|---|---|---|---|---|
| | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १२ | अलैंची तथा मसलाबाली बीमालेख (अभ्यास सहित) | | " | १ | १ |
| १३ | घाँसेबाली बीमालेख (अभ्यास सहित) | | " | १ | १ |
| १४ | केरा बीमालेख, उखु बीमालेख (अभ्यास सहित) | | " | १ | १ |
| १५ | अन्न बाली बिजवृद्धि, चैते धान बीमालेख (अभ्यास सहित) | | " | १ | १ |
| १६ | मौसम सूचाङ्क बीमालेख (अभ्यास सहित) | | " | १ | |
| १७ | औसत उत्पादन लागत (अभ्यास सहित) तथा गृहकार्यबारे छलफल समूह विभाजन | | समूह अभ्यास र प्रतिवेदन तयारी | १ | १ |
| १८ | गृहकार्य प्रस्तुती | | | | १ |
| | **जम्मा:** | | | १८ | |

**नोट:** माथि समावेश नभएका तर पछि जारी गरिएका अन्य बीमालेख पनि समावेश गर्नुपर्नेछ ।

### ५.९.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

तालिमको लागि स्वीकृत नर्म्स अनुसार खर्च गर्न सकिनेछ।

## ५.१० बाली उत्पादन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताको लागि पुनर्ताजगी तालिम

### ५.१०.१ परिचय/पृष्ठभूमि

बाली उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उन्नत प्रविधिको भूमिका महत्वपूर्ण हुने सर्वविदितै रहेको छ । बाली उत्पादन गर्ने क्रममा कृषक/कृषक समूहलाई सो सम्बन्धी ज्ञान सीपको जानकारी उपलब्ध गराउनु कृषि प्रसारको एक महत्वपूर्ण कार्य हो । अत बाली उत्पादन कृषक पाठशाला सहजकर्ताद्वारा उन्नत खेती प्रविधिहरु कृषक माँझ पुऱ्याउने एउटा माध्यमको रूपमा रहेको छ । यस पाठशालामा संलग्न सहजकर्ताहरुलाई समय अनुसार पुनर्ताजगी तालिम प्रदान गरी कृषक पाठशाला तालिम कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकिनेछ ।

## ५.१०.२ उद्देश्य

- सहजकर्ताहरुको ज्ञान सीपमा अभिवृद्धि गर्नु ।

## ५.१०.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- तालिममा सहभागी छनौट गर्दा स्थानीय तहको प्राविधिकहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

**बाली उत्पादन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूको लागि पुनर्ताजगी तालिमको पाठ्यक्रम**

(तालिम अवधिः ८ दिन, सेसन संख्याः ४ वटा, समयः १ घण्टा ४५ मिनेट)

| दिन | सेसन | विषय वस्तु | सहजीकरण तरिका | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय, तालिमको उद्देश्य र तालिम उद्‌घाटन | १ | |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण र तालिम अवधिभरको लागि नीति नियम तथा आचारसंहिता तयार, तालिम पूर्वको परीक्षा | | १ |
| | ३ | पाठशाला सञ्चालन अनुभव आदानप्रदान तथा अपेक्षा सङ्‌कलन | | १ |
| | ४ | पाठशाला सञ्चालन अनुभव आदानप्रदान तथा अपेक्षा सङ्‌कलन | | १ |
| २ | १ | खाद्य तथा पोषण सुरक्षा सूधार आयोजनाबारे जानकारी | १ | |
| | २ | कृषक पाठशाला सञ्चालनको लागि गर्नुपर्ने पूर्व तयारी बैठक | १ | |
| | ३ | आधारभूत तथ्याङ्क सङ्‌कलन, लैङ्‌गिक विश्लेषण, समावेशी विश्लेषण र स्थानीय स्रोत नक्सा तयारी | | १ |
| | ४ | बालीनालीको वृद्धि विकासको पात्रो तयारी (वृद्धि विकासमा देखिने समस्या, कृषकहरूले गर्दै आएका अभ्यास) र मौसमी पात्रो तयार | | १ |
| ३ | १ | अध्ययन परीक्षण | १ | |
| | २ | अध्ययन परीक्षण | | १ |
| | ३ | कृषि पर्यावरणीय प्रणाली | १ | |
| | ४ | कृषि पर्यावरणीय प्रणाली | | १ |
| ४ | १ | विश्लेषण कृषि पर्यावरणीय प्रणाली विश्लेषण माटो र खाद्यतत्व व्यवस्थापन, गोठेमल सुधार, कम्पोष्ट मल तयारी, पशुमूत्र सङ्‌कलन | | १ |
| | २ | मतपेटिका परीक्षण (आवश्यक सामग्री, तरिका र तयारी) | | |
| | ३ | बीउ छनौट तथा परीक्षण | १ | |
| | ४ | मित्रुकीरा, परागसेचक र शत्रुकीराको पहिचान तथा कीराहरूले गर्ने तरिकाका आधारमा वर्गीकरण | | १ |

| दिन | सेसन | विषय वस्तु | सहजीकरण तरिका | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ५ | १ | बालीनालीका रोगका लक्षणहरू र रोगचक्र | १ | |
| | २ | बाली उत्पादनोपरान्तको व्यवस्थापन तथा भण्डारण | १ | |
| | ३ | खाद्य उपलब्धता, खाने आनीबानी विश्लेषण तथा पोषण सुरक्षा | १ | |
| | ४ | मलखादको मात्रा, विषादी र पशुमूत्रको मात्रा हिसाब गर्ने तरिका | | १ |
| ६ | १ | बालीनालीमा विषादीको अवशेष, वातावरण तथा मानव स्वास्थ्यमा पर्ने प्रभाव र न्यूनिकरणको प्रयास, जैविक तथा वानस्पतिक विषादीहरू तयारी तथा प्रयोग | | १ |
| | २ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि अपनाउनु पर्ने सीपहरू | १ | |
| | ३ | कृषक पाठशालाको विशेष कक्षा छनौट तथा पाठयोजना | १ | |
| | ४ | माटोको चिस्यान व्यवस्थापन र बालीनालीमा सिँचाइ | १ | |
| ७ | १ | कृषक पाठशालाको अनुगमन चेकलिस्टहरू, असल कृषक पाठशालाका सूचकहरू, कृषक पाठशाला तथा प्रतिवेदनको तयारी र सम्प्रेषण | | १ |
| | २ | कार्यक्रम कार्यान्वयनको सिलसिलामा वातावरणीय तथा सामाजिक सुरक्षण | १ | |
| | ३ | जलवायु अनुकूलन तथा वातावरणमैत्री कृषि प्रणाली | १ | |
| | ४ | कृषक दिवस | १ | |
| ८ | १ | नमुना क्षेत्र बाली कटानी र लाभ–लागत विश्लेषण | | १ |
| | २ | अर्को सिजन/वर्षको लागि योजना तर्जुमा | | १ |
| | ३ | तालिम पश्चातको परिक्षा सञ्चालन (अन्तिम परिक्षा) र अन्तिम मूल्याङ्कन | | १ |
| | ४ | तालिम कार्यक्रमको समापन | १ | |
| | | **जम्माः** | **१६** | **१६** |

## ५.९.४ कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड/नर्म्स

तालिम सम्बन्धी स्वीकृत सरकारी दररेट अनुसार गर्न सकिनेछ ।

# ६. गोष्ठी कार्यक्रम

## ६.१ जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी

### ६.१.१ परिचय/पृष्ठभूमि

जिल्लास्थित कृषि कार्यालयले लक्षित वर्ग, जन प्रतिनिधि तथा कृषकहरूको सहभागितामा समस्या पहिचान गरी प्राथमिकताको आधारमा निक्यौंल गरिएका कृषिका विविध कार्यक्रमहरूलाई आयोजनागत रूपमा तयार गरी वार्षिक योजनामा समावेश गर्न जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीको आयोजना गरिन्छ । यस्तो गोष्ठीबाट तलदेखि योजना बनाउने (Bottom up planning) पद्दतिको विकास हुन्छ र वास्तविक समस्या र वास्तविक लक्षित वर्गलाई समेट्न सहयोग पुग्छ ।

### ६.१.२ कार्यक्रमको उद्देश्य

- लक्षित वर्ग, जन प्रतिनिधि, कृषि विज्ञ लगायत सरोकारवालाहरूको उपस्थितिमा कृषकहरूको माग तथा सम्भावनाको आधारमा कार्यक्रम तर्जुमा गर्नको लागि छलफल गर्नु र योजनाको खाका तयार गर्नु ।

### ६.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- गोष्ठीको आयोजना प्रत्येक वर्षको तेस्रो त्रैमासिकको माघदेखि फाल्गुण महिनाभित्रमा गर्नुपर्दछ ।
- गोष्ठी सञ्चालन गर्नु पूर्व जन प्रतिनिधिहरू, विज्ञहरू र सरोकारवालहरूको सुझाव लिई मिति स्थान र सहभागीहरू यकिन गर्नुपर्दछ ।
- गोष्ठीमा कृषकहरूका समस्याहरूमा केन्द्रित रही स्रोतहरूको आपूर्ति तथा माग, स्रोत साधनको सम्भावनाजस्ता विषय वस्तुमा केन्द्रित भई छलफल गर्नुपर्दछ ।
- सहमतिबाट तय भएका कार्यक्रमहरू उद्देश्य, स्थान, अनुमानित बजेट, समय, पुष्ट्याँइसहित सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्दछ ।
- कार्यालय प्रमुखले औपचारिक रूपमा वार्षिक बजेट तथा योजना तर्जुमा गोष्ठीमा पेश गरी जन प्रतिनिधिहरूबाट पारित गराए पश्चात् वार्षिक बजेट तथा योजनाको रूपमा राष्ट्रिय योजना आयोगले तयार गरेको फारम अनुसार स्वीकृत भई कार्यालयमा आउँछ ।
- गोष्ठी १ देखि २ दिनसम्म गर्न सकिन्छ ।

### ६.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत गोष्ठीको नर्म्स अनुसार खर्च गर्न सकिने ।

खर्चको शीर्षक निम्न बमोजिम गर्न सकिनेछ।

- सहभागीहरूको यातायात खर्च
- मसलन्द/स्टेशनरी
- खाजा खर्च
- विज्ञको पारिश्रमिक
- जन प्रतिनिधिहरूको लागि इन्धन व्यवस्थापन

# ६.२ कृषक समस्या पहिचान तथा समस्या समाधान गोष्ठी (PCPS)

## ६.२.१ परिचय/पृष्ठभूमि

कृषकका समस्याहरू पहिचान गरी ती समस्याहरू समाधान गर्ने गरी कृषि विकास कार्यक्रम तर्जुमा गर्न सके त्यस्ता कार्यक्रमहरू साच्चै नै प्रभावकारी हुन्छन्। कृषकहरूको प्रत्यक्ष सहभागितामा समस्या पहिचान गर्ने विभिन्न तरिकाहरू मध्ये कृषक समस्या पहिचान र समाधान (Problem Census/ Problem Solving) विधि प्रयोग गरी कार्यक्रम तर्जुमा गर्दा बढी प्रभावकारी हुने देखिएको छ ।

## ६.२.२ कार्यक्रमको उद्देश्य

- कृषकहरूको भेला वा भइरहेका समूह सदस्यहरूको बैठकमा कृषिका विद्यमान समस्याहरू पहिचान गर्ने ।
- एक्लाएक्लै कृषकहरूको विचार र निर्णयभन्दा सबैको विचार निक्यौंल गरी पहिचान गरिएको समस्या वास्तविक हुन्छ भन्ने भावना जगाउँदै समूहका अनुभव आदान प्रदान गर्दै नयाँ खोज र विचारतर्फ उनीहरूलाई उत्प्रेरणा दिने ।
- भिन्न-भिन्न समस्याहरू माथि छलफल गरी कुन समस्यालाई कसरी समाधान गर्न सकिन्छ सबैको सहमतिमा समस्या समाधानका उपायहरू पहिल्याउने ।

## ६.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

समस्या पहिचान र समस्या समाधान गोष्ठी सञ्चालन गर्न बैठकको मिति एवम् समूह निश्चत भएपछि सहभागी हुने सङ्ख्याको आधारमा निम्न लिखित सामग्रीहरू सङ्कलन गर्नुपर्दछ ।

- कागज (सेतो फुल्स्केप), पेन्सिल, कागजका ठूला पानाहरू (करिब ५०-१०० से.मी.), विभिन्न रङ्गका चिनो लगाउने कलमहरू, सेलोटेप, धागो, पिन र थम्पिनहरू ।
- करिब १५-२० मिनेटसम्म प्रत्येक सदस्यहरूलाई आफूले भोगेका समस्या ख्याल गर्न उत्प्रेरित गर्दै समस्या पहिचान सुरु गर्नुपर्दछ ।

- आ-आफ्नो पहिचान भएका समस्याहरूको सूची तयार गरी त्यसै अनुरूप छलफल गर्न विभिन्न उप समूहमा विभाजित गर्नुपर्दछ । सहभागीहरूलाई आ-आफ्नो विचार व्यक्त गर्न र उप समूहको छलफलमा ज्ञान एवम् अनुभव प्रदान गर्ने समान अवसर दिईनुपर्दछ ।
- समस्या पहिचानको दौरानमा कृषि प्रसार कार्यकर्ताले उप समूहहरूलाई उनीहरूको वास्तविक काम के हो भन्ने स्पष्ट गर्नुमा मात्र सीमित रही माग भएको अवस्थामा मात्र सहयोग पुऱ्याउनु पर्दछ । यदि केही समूह सदस्यहरू निरक्षर छन् भने लेखपढमा सहयोग पुऱ्याउन लेखपढ गर्न जान्ने (स्कूलका केटाकेटी) सहयोगीको प्रबन्ध मिलाई उनीहरूको विचार टिपोट गरी दिनुपर्छ ।
- सबै उप समूहहरूसँगै बसेर प्रत्येक उप समूहले पहिल्याएका समस्याहरूसँगसँगै राखी त्यस्ता समस्याहरूको पूर्ण सूची तयार गर्नुपर्दछ ।
- त्यसपछि उप समूहहरू छुट्टाछुट्टै बसेर अन्तिम समस्या सूचीका समस्याहरू वर्गीकरण (Ranking) गर्ने । यसरी Ranking गर्दा गम्भीर समस्यालाई ठूलो अङ्क (नम्बर) दिएर क्रमशः घटाउँदै आउनु पर्दछ । (जस्तै ५, ४, ३, २, १) ।
- उप समूहहरू पुनः संरचना गरी छुट्टै बैठक गर्ने । समूहबाट पारित समस्याहरू मध्येबाट माथिल्लादेखि ३० प्रतिशत समस्याहरूलाई प्राथमिकताको आधारमा छुट्याउनु पर्दछ । उप समूहहरूद्वारा छुट्याइएको श्रेणी अभिलेखकर्ताले लेखी राख्नुपर्दछ ।
- समूह सहमतिको आधारमा प्राथमिकता प्राप्त समस्याहरूको एउटा अन्तिम सूची तयार गर्नुपर्दछ । सो को अभिलेख बुझाउने मानिस वा अभिलेखकर्ताले राख्नुपर्दछ ।
- कार्यक्रमहरू छुट्याउन तथा आगामी योजना बनाउन समूहको उपयोग गरिन्छ जसको माध्यमबाट छुट्याइएका वा सो मध्येबाट केही समस्याहरूको समाधान गर्न मद्दत मिल्दछ ।
- समूहले कार्यक्रमहरू क्रमबद्ध रूपमा तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।
- यो समस्या सङ्कलन र समस्या समाधानको प्रक्रिया आवश्यकता अनुसार निरन्तर रूपमा चली नै रहन्छ ।

## ६.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

अर्थमन्त्रालयबाट स्वीकृत गोष्ठीको नर्म्स अनुसार खर्च गर्न सकिने । खर्च गर्ने शीर्षक यस प्रकार रहनेछन् ।

- मसलन्द/स्टेशनरी
- खाजा खर्च
- विज्ञको पारिश्रमिक

# ७. भ्रमण कार्यक्रम

## ७.१ अन्तर जिल्ला कृषक भ्रमण

### ७.१.१ परिचय/पृष्ठभूमि

एक जिल्लाका कृषकहरूलाई अर्को जिल्लाको व्यावसायिक उत्पादन स्थल, नवीनतम प्रविधि/उच्च प्रविधि अपनाइएका सरकारी फार्म, अनुसन्धान केन्द्र वा निजी फार्महरूमा अवलोकन गराई हेरेर प्रेरणा लिने अवसर दिन र आफ्नो जिल्लामा फर्केपछि त्यसलाई अपनाउने भन्ने अभिप्रायले अन्तर जिल्ला कृषक भ्रमण गराइन्छ ।

### ७.१.२ कार्यक्रमको उद्देश्य

कृषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुऱ्याउनु ।

### ७.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थान, यातायात, सञ्चार व्यवस्था आदि) अग्रिम रूपमा तयार गरी भ्रमण गरिने स्थल एवम् सम्बन्धित व्यक्तिहरू तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ ।
- भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रूपले बताई दिनुपर्दछ ।
- भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनु पर्दछ र हरेक दिन भ्रमणको उपलब्धि समीक्षा गर्नुपर्दछ र अन्त्यमा समापन समीक्षा गरी सहभागीहरूको तर्फबाट समेत आगामी दिनमा गर्नुपर्ने विषयमा छलफल गरिनुपर्दछ ।
- सहभागी कृषकहरू बढीमा ३० जनासम्म हुनुपर्दछ ।
- यस्तो भ्रमण ३ दिनदेखि ५ दिनसम्मको गर्न सकिन्छ ।

### ७.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

भ्रमणमा खर्च गर्ने नर्म्स अनुसार खर्च गर्ने । शीर्षकहरू निम्नानुसार हुनेछन् ।

- सहभागीको दैनिक भत्ता
- खाजा खर्च
- स्टेशनरी खर्च
- यातायात खर्च

- सामान्य औषधी कीटबक्स
- विविध

## ७.२ अन्तर समूह कृषक भ्रमण

### ७.२.१ परिचय/पृष्ठभूमि

उत्कृष्ट कृषक समूहले गरेको कृषि गतिविधि प्रत्यक्ष रूपमा हेरी अन्य समूहलाई उत्प्रेरित गर्न अन्तर समूह कृषक भ्रमण गरिन्छ ।

### ७.२.२ कार्यक्रमको उद्देश्य

- कृषकहरूलाई जिल्लाभित्रै वा छिमेकी जिल्लाका विभिन्न स्थानीय तहमा रहेका उत्कृष्ट कृषक समूहको उत्पादन स्थल वा फार्महरूमा भ्रमण गराई विभिन्न गतिविधि अवलोकन गर्ने मौका प्रदान गर्नु ।
- जिल्लाका विभिन्न समूहहरूबीच आपसी मित्रता सद्भाव र अनुभव आदान प्रदान गरी सिक्ने प्रेरणा जगाउनु ।

### ७.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- भ्रमणमा जाने कृषकहरूलाई पूर्व जानकारी गराई मिति, समय र जाने स्थानको जानकारी गराउने ।
- भ्रमणमा जाने स्थानका समूह/सहकारीसँग समन्वय गरी त्यहाँको वस्तु स्थिति तथा क्रियाकलापबारे जानकारी गराउन अनुरोध गर्ने ।
- यो कार्यक्रम उल्लिखित अन्तर जिल्ला कृषक भ्रमणमा जस्तै कार्यविधि अपनाई १ दिनमा फर्किने गरी सञ्चालन गर्नुपर्नेछ ।

### ७.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

भ्रमणमा खर्च गर्ने नर्म्स अनुसार खर्च गर्ने । शीर्षकहरू निम्नानुसार हुनेछन् ।

- सहभागीको दैनिक भत्ता
- खाजा खर्च
- स्टेशनरी खर्च
- यातायात खर्च
- सामान्य औषधी कीटबक्स
- विविध

# ८. अन्य कृषि प्रसार कार्यक्रम

## ८.१ श्रव्य दृश्य प्रदर्शन कार्यक्रम

### ८.१.१ परिचय/पृष्ठभूमि

नवीनतम प्रविधिहरूबारे कृषकहरूलाई जानकारी गराई कृषक समुदायमा प्रविधि अवलम्बनका लागि चेतना र प्रेरणा जगाउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ८.१.२ कार्यक्रमको उद्देश्य

श्रव्यदृश्य सामग्री प्रदर्शन गरी कृषि प्रविधि अनुसरण गर्न सघाउ पुऱ्याउन कृषकहरूलाई उत्प्रेरित गराउनु ।

### ८.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- श्रव्यदृश्य सामग्री प्रदर्शनको लागि उपयुक्त स्थलको व्यवस्था गरी आवश्यक उपकरणहरू जस्तै मल्टिमिडिया/प्रोजेक्टर, भिडियो, रिल, जेनेरेटर आदिको व्यवस्था मिलाउनुपर्दछ ।
- आवश्यक डकुमेण्ट्री तयारीका लागि कृषि सूचना तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्नुपर्नेछ ।
- प्रसारण सामग्री तथा स्थान, मिति र समयको निधो भइसकेपछि कृषकलाई अग्रिम सूचना दिई निर्धारित समय र स्थानमा जम्मा हुन आग्रह गर्नुपर्दछ ।
- प्रसारण समय महिला कृषकहरूलाई समेत उपयुक्त हुने गरी करिब ३ देखि ६ घण्टा कायम गर्नुपर्दछ ।

### ८.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत दररेट अनुसार खर्च गर्न सकिनेछ । खर्चको शीर्षक निम्न अनुसार गर्न सकिनेछ ।

- डकुमेण्ट्री तयारीका लागि बजेट बिनियोजन
- स्क्रीन/मल्टिमिडिया/प्रोजेक्टर भाडा
- भिडियो क्यासेट/पेन ड्राइभ खरिद
- डविङ्ग खर्च
- चियापान

## ८.२ विशेष बाली सप्ताह कार्यक्रम

### ८.२.१ परिचय/पृष्ठभूमि

स्थानीय प्राथमिकता प्राप्त विशेष बाली उत्पादनमा कृषक/कृषक समूह/स्थानीय राजनैतिक, सामाजिक तथा अन्य नेतृत्व गर्ने व्यक्तिहरूको सहभागिता जुटाउन सप्ताहव्यापी रूपमा यस्तो

कार्यक्रम सञ्चालन गरिन्छ । बाली सप्ताह खाद्यान्न, दलहन, नगदे बाली लगायतका बालीहरूमा सञ्चालन गरिन्छ ।

### ८.२.२ कार्यक्रमको उद्देश्य

- मौसम अनुसार कृषक/कृषक समूहलाई उन्नत विशेष बाली लगाउन उत्प्रेरणा प्रदान गर्नु र कृषि प्रसार कार्यकर्ताहरूलाई मौसम अनुसारको विशेष बाली कार्यक्रमबारे सजग, सचेत र सक्रिय बनाउनु ।
- उत्पादन क्षेत्रमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न स्थानीय नेतृत्वको समर्थन प्राप्त गरी जनसहभागिता वृद्धि गराउनु ।

### ८.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- स्थानीय तह/जिल्लास्थित कृषि कार्यालय/केन्द्रहरूको नेतृत्वमा स्थानीय तह/जिल्ला व्यापी रूपमा प्रभाव विस्तार गर्न मौसमी विशेष बाली सप्ताह आयोजना गर्नुपर्दछ ।
- स्थानीय तह/जिल्लामा आवश्यकता महसुस भएका विषयहरूमा यस्ता कार्यक्रम जिल्लाको सदरमुकाम, सम्भाव्य कृषि केन्द्र एवम् उपयुक्त पालिका तथा वडाहरूमा आयोजना गर्न करिब १५ दिन अगावै योजना गर्नुपर्दछ ।
- स्थानीय तह/जिल्लाको भौगोलिक स्थिति अनुसार एक वा सो भन्दा बढी बाली छनौट गरी सप्ताह कार्यक्रमको आयोजना गर्नुपर्दछ ।
- छनौटमा परेका विशेष बालीहरूको उत्पादन प्रविधि, महत्व लगायतका कुरा समेटेर स्थानीय तह/जिल्लास्थित कृषि कार्यालय/केन्द्र तथा अन्य सम्भाव्य स्थानहरूमा प्रचार सामग्रीहरू वितरण गरी प्रविधि विस्तार गर्नुपर्दछ ।

### ८.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत दररेट अनुसार खर्च गर्न सकिनेछ । खर्चको शीर्षक निम्न अनुसार गर्न सकिनेछ ।

- प्रचार सामग्री तयारी
- व्यवस्थापन खर्च
- चियापान

## ८.३ उत्कृष्ट प्राविधिकलाई पुरस्कृत गर्ने

### ८.३.१ परिचय/पृष्ठभूमि

कृषक समुदायसँग नजिक रही प्राविधिकहरूले नै कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्दछन् र उनीहरूमा प्राविधिक दक्षताको साथै कृषकहरूको उन्नति गराउने भावनात्मक प्रतिवद्धता हुनुपर्दछ । यसको लागि उनीहरूको मनोवल अभिवृद्धि गर्नुपर्दछ । अतः आफूमा अन्तर्निहित ज्ञान,

सीप र गुणहरूको निरन्तर विकास गर्दै कृषि विकासमा लागि रहन प्रोत्साहित गर्न, जिल्लास्थित कृषि कार्यालय/केन्द्र तथा स्थानीय तहले वर्षमा २ जनासम्म प्रा.स./ना.प्रा.स. हरू (प्राविधिक चौथो तथा पाँचौ तह) लाई पुरस्कृत गर्न सक्ने व्यवस्था छ ।

## ८.३.२ कार्यक्रमको उद्देश्य

- प्राविधिकहरूलाई कृषक समुदायमा राम्रो काम गरी कृषि विकासमा सेवा पुऱ्याएको मान्यता प्रदान गर्नुको साथै कृषक समुदायलाई समेत पुरस्कृत प्राविधिकको सहभागितामा सेवा टेवा अझ अघि बढ्ने हौसला प्रदान गर्नु ।
- प्राविधिकहरूलाई कृषि विकासमा लागि रहन प्रोत्साहित गर्नु ।

## ८.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- प्राविधिकहरूलाई उत्कृष्ट ठहर गर्दा निम्न अनुसार गर्नुपर्नेछ ।
- प्रारम्भिक छनौट ।
- कार्यरत प्राविधिकहरू मध्येबाट निम्न ५ बुँदाहरूको आधारमा प्रतिस्पर्धामा आउन सक्नेको मात्र छोटो नाम सूची (short list) तयार गर्ने ।
    - निजामती सेवामा रहँदा पालन गर्नुपर्ने अनुशासनमा रहेको ।
    - कम्तीमा वर्षको २०० दिन कार्यक्रममा खटेको ।
    - आफ्नो कार्यालयको अन्य कर्मचारीहरूसँग सामन्जस्यता भएको ।
    - कृषि प्रविधि तथा प्रसार विधिको ज्ञान भएको ।
    - कृषक समुदायसँग वैमनस्यता नभएको ।

## ८.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत बजेट अनुसार खर्च गर्न सकिनेछ । खर्चको शीर्षक निम्न अनुसार गर्न सकिनेछ ।

- प्रथमलाई - नगद पुरस्कारसहित प्रशंसा-पत्र
- द्वितीयलाई - नगद पुरस्कारसहित प्रशंसा-पत्र

**द्रष्टव्य**

उपर्युक्त आधारमा छोटो नाम सूचीमा परेका प्राविधिकहरूलाई मूल्याङ्कन गर्ने फारामका प्रत्येक बुँदाहरूमा अङ्क गणना गर्दा निम्नानुसार गर्नुपर्नेछ ।

- प्रतिस्पर्धी प्राविधिकहरूलाई अङ्क दिन लगाई यसबाट गणना हुने ३० प्रतिशत
- अधिकृतहरूलाई अङ्क दिन लगाई यसबाट गणना हुने ३० प्रतिशत
- कार्यालय प्रमुखले अङ्क दिई यसबाट गणना हुने ४० प्रतिशत

सबभन्दा बढी अङ्क पाउनेलाई प्रथम र त्यसभन्दा कम पाउनेलाई द्वितीय पुरस्कार प्रदान गर्नुपर्नेछ ।

# प्राविधिकहरूलाई उत्कृष्ट ठहर गर्ने मूल्याङ्कन फाराम नमुना

नाम थर ...............................................पद ..........................................
नोकरी वर्ष .............................................कार्यरत क्षेत्र ...............................

## उत्कृष्ट कार्य गरेको विवरण

आफ्नो कार्य क्षेत्रमा सक्रिय कृषक समूह सङ्ख्या (१, २, ३, ४, ५) पाएको अङ्क
उत्पादन तथा उत्पादकत्व बढाएको (१, २, ३, ४, ५) बालीहरू
कार्यान्वयन गरेको कृषि प्रसार कार्यक्रमको स्तरीयता (१, २, ३, ४, ५)
अन्य प्राविधिकहरूलाई सहयोग गर्ने र टिम स्पिरिटको भावना (१, २, ३, ४, ५)
आफ्नो कार्य क्षेत्रका कृषिका समस्याहरू प्रस्तुत गर्ने र समाधानका उपाय सोच्ने क्षमता (१, २, ३, ४, ५)

## ८.४ कृषि बुलेटिन प्रकाशन

### ८.४.१ परिचय/पृष्ठभूमि

जिल्ला र स्थानीयस्तरमा जनचेतना जगाउन, प्रविधि प्रसार गर्न तथा कृषिको व्यावसायिकरण तथा विविधीकरणमा टेवा प्रदान गर्न एवम् कृषि सम्बन्धी गतिविधिहरूबारे सरोकारवालाहरूलाई सुसूचित गराउने उद्देश्यले कृषि बुलेटिन प्रकाशन गरिनेछ । यो कार्यक्रम कृषकहरूलाई सेवा प्रदान गर्ने सबै तहका निकायहरूबाट सञ्चालन गर्न सकिनेछ ।

### ८.४.२ कार्यक्रमको उद्देश्य

कृषकको आवश्यकता अनुसार प्रविधि प्रसारण गर्ने तथा कृषि गतिविधिहरूबारे सरोकारवालाहरूलाई सुसूचित गराउने ।

### ८.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- जिल्लास्तरमा सम्भाव्य प्रविधिहरूलाई समेटेर जानकारीमूलक प्रविधि, आगामी सिजनमा गरिने प्रमुख कृषि कर्महरू, अनुसन्धानबाट सिफारिस भएका नयाँ प्रविधि, सफलताको कथा, समस्या समाधानमूलक जानकारी तथा मुख्य-मुख्य कृषि गतिविधि इत्यादि सलग्न गरेको हुनुपर्नेछ ।
- बुलेटिन प्रकाशन गर्दा जिल्लास्तरमा सम्पादक मण्डल बनाई यथासम्भव बाली, बागवानी, बाली संरक्षण, बजार, कृषि प्रसार आदि सबै क्षेत्रका जानकारी समेटिएको हुनुपर्नेछ ।
- प्रकाशनलाई यथासम्भव सहभागितात्मक बनाउनुपर्नेछ ।
- बुलेटिन न्यूनतम A4 size paper मा कम्तीमा ५०० प्रति प्रकाशन गर्नुपर्नेछ ।
- बुलेटिन त्रैमासिक रूपमा प्रकाशन गर्न सकिनेछ ।

### ८.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत दररेट अनुसार खर्च गर्न सकिनेछ। खर्चको शीर्षक निम्न अनुसार गर्न सकिनेछ ।

- ४ पेजको बुलेटिन/६ पेजको बुलेटिन/८ पेजको बुलेटिन ।
- रङ्गिन फोटो राखेर रङ्गिन छपाइ गर्दा ५०% रकम थप गर्न सकिने ।
- हिमाली जिल्लाका लागि बजेटमा २५% थप रकम खर्च गर्न सकिने ।

# ८.५ कृषक समूह समन्वय समिति बैठक

## ८.५.१ परिचय/पृष्ठभूमि

स्थानीय तहको कृषि शाखामा दर्ता भई सञ्चालनमा रहेका कृषिका विभिन्न समूहहरूमा आवद्ध कृषक समूहहरूलाई परिचालन गरी कार्यक्रममा प्रभावकारिता र पारदर्शिता ल्याउन प्रत्येक समूहबाट प्रतिनिधित्व भई मूल समितिको बैठक बस्नेछ। यस्तो मूल समूहलाई कृषक समूह समन्वय समितिको रूपमा परिभाषित गर्न सकिनेछ ।

## ८.५.२ कार्यक्रमको उद्देश्य

कृषक समूहहरूको समन्वय र सहकार्यलाई प्रभावकारी र पारदर्शी बनाउने

## ८.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- स्थानीय तहको कृषि शाखाको प्राविधिकले बैठकमा सहजीकरण गर्नुपर्नेछ ।
- समूहहरूबाट बढीमा २ जनासम्म समूहको अध्यक्षले तोकेका पदाधिकारी वा स्वयम् अध्यक्ष सहितको २ जना पदाधिकारीले भाग लिन सकिने व्यवस्था मिलाउनुपर्नेछ ।
- एउटा बैठकमा बढीमा ३० जनासम्म सहभागी गराउन सकिनेछ ।
- यस्तो बैठक २-२ महिनामा राख्न सकिनेछ ।
- बैठकमा समूहले अघिल्लो २ महिनामा गरेका गतिविधिहरूको बारेमा समीक्षा गर्नुका साथै कार्यालयबाट गरिने कार्यक्रमहरूको बारेमा जानकारी गराइनेछ ।

## ८.५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत खर्च गर्ने दररेट अनुसार

# ८.६ प्राविधिक वार्तालाप कार्यक्रम

## ८.६.१ परिचय/पृष्ठभूमि

यो कार्यक्रम फार्म/केन्द्र, प्रयोगशालाहरू, कृषि अनुसन्धान केन्द्र, तालिम केन्द्र तथा जिल्लास्थित कृषि कार्यालय र स्थानीय तहले आवश्यकता अनुसार संयुक्त रूपमा सञ्चालन गर्न सक्नेछन्। सम्बन्धित विषय विशेषज्ञ तथा प्राविधिकहरू एवम् कृषकबीच प्रविधि प्रसार, समन्वय, समस्या पहिचान र कार्यक्रम कार्यान्वयनका बारेमा एक आपसमा छलफल गरी समाधानका उपायहरू संयुक्त रूपमा अवलम्बन गर्न र सम्बन्धित सरोकारवालालाई जानकारी गराई योजना तयार गर्न सहयोग पुऱ्याउने अभिप्रायले यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ८.६.२ कार्यक्रमको उद्देश्य

कृषि क्षेत्रमा कार्यरत प्राविधिक विज्ञ, फिल्डस्तरका कृषि प्रसार कार्यकर्ता, वैज्ञानिकहरू र कृषक समूह/सहकारीका प्रतिनिधिहरू एकै थलोमा बसी वार्तालाप, छलफल एवम् परामर्श गरी समास्या समाधान गर्नु ।

### ८.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- यो प्राविधिक वार्तालाप कार्यक्रम त्रैमासिक रूपमा सञ्चालन गर्न सकिनेछ ।
- वार्तालाप कार्यक्रम आवश्यकता अनुसार फार्म केन्द्र, जिल्लास्थित कृषि कार्यालय वा स्थानीय तहले वार्षिक कार्यक्रममा उल्लेख गरी सञ्चालन गर्न सक्नेछन् ।
- स्थानीय तहमा विभिन्न बाली सम्बन्धी जस्तैः रोगकीरा, बीउमा देखिने समस्या खडा बालीमा देखिने समस्या, पोषक तत्व आदिमा केन्द्रित भई छलफल गर्न सकिनेछ ।
- तत्कालै समाधान गर्न सकिने समस्या भएमा कसले के गर्ने भन्ने वार्तालापबाटै निर्णय गराई जिम्मेबारी बाँडफाँड गरी कार्यान्वयन गर्नुपर्नेछ ।
- यस्तो वार्तालापबाट देखिएका अनुसन्धान योग्य समस्याहरूलाई योजना तर्जुमा छलफल बैठकमा पेश गर्नुपर्नेछ ।
- साथै प्राविधिक वार्तालापको निर्णय आयोजकले अनिवार्य रूपमा सम्बन्धित निकायमा पठाई जानकारी गराउनुपर्नेछ ।

### ८.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत दररेट अनुसार खर्च गर्न सकिनेछ ।

## ८.७ कृषक समूह/कृषक सहकारी संस्थाको प्रस्तावना/मागमा आधारित साझेदारी कार्यक्रम

### ८.७.१ परिचय/पृष्ठभूमि

कृषि विकास कार्यक्रममा कृषक समूह तथा कृषि सहकारी संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । कृषि क्षेत्रमा लगानी आकर्षण गर्न, विभिन्न साझेदारहरूको सीप, दक्षता तथा अनुभवलाई प्रभावकारी रूपमा परिचालन गर्न साझेदारी प्रणालीमार्फत कृषि प्रसार सेवा एवम् उत्पादन कार्यमा प्रभावकारिता ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने कृषक समूह एवम् कृषि सहकारी संस्थाहरूमार्फत कृषि कार्यक्रम सञ्चालन गर्न सकिने प्रवल सम्भावना छ । साथै गाउँ गाउँसम्म सञ्जाल फैलिएका कृषक समूह एवम् कृषि सहकारी संस्थाहरूको कोषमा रकम उल्लेख्य

रहेको तर प्रभावकारी परिचालन हुन नसकेको स्थिति विद्यमान छ । कृषक समूहको हितकोष तथा कृषि सहकारी संस्थाहरूको जगेडा कोष रकमलाई कृषि क्षेत्रमा प्रभावकारी परिचालन गर्न उपयुक्त विधि एवम् नीतिको आवश्यकता रहेको तथ्य समूहहरूबाट, विभिन्न गोष्ठीहरू तथा औपचारिक अध्ययन अनुसन्धानबाट प्रस्तुत भएको पाइन्छ । कृषक समूह एवम् सहकारी संस्थाहरूको अनुत्पादक कोषलाई प्रभावकारी परिचालन गरी कृषि प्रसारमा स्रोत जुटाउन कृषक समूह एवम् सहकारी संस्थाहरूलाई महत्त्वपूर्ण साझेदारको रूपमा पहिचान गर्नु जरूरी भएको छ ।

## ८.७.२ कार्यक्रमको उद्देश्य

- कृषक समूह एवम् कृषक सहकारी संस्थाको कोष रकमलाई कृषि क्षेत्रको उत्पादन एवम् उपलब्धिमूलक क्षेत्रमा प्रभावकारी परिचालन गर्ने ।
- समूह/संस्थाको संस्थागत लगनशीलता, कार्य दक्षता एवम् जिम्मेवारीपनको विकास गर्दै क्षमता वृद्धि गर्ने ।
- कृषिको व्यावसायिकरणमा टेवा पुऱ्याउने ।
- कृषक समूहहरूलाई सहकारीकरणतर्फ उन्मुख गराउने ।

## ८.७.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

कृषकहरूलाई समूहमा संगठित हुन सहयोग पुऱ्याई उनीहरूको समूहलाई नै कृषि प्रसारको सुनियोजित एवम् सशक्त माध्यमको रूपमा उपयोग गर्ने उद्देश्यले दर्ता भएका कृषक समूह एवम् सहकारी संस्थाहरूको प्रस्तावनाको आधारमा समूह/संस्थालाई उत्पादन साधनको आपूर्ति, उत्पादित वस्तुको खरिद बिक्री, सङ्कलन प्रशोधन, प्रविधि प्रसार तथा समूह/सहकारीमा आधारित खेती प्रविधि सञ्चालन प्रक्रियामा सहयोग पुऱ्याउन जिल्लास्थित कृषि कार्यालय/केन्द्र तथा स्थानीय तहका निकायबाट सहयोग प्राप्त गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ । समूह/सहकारी संस्थाले पेश गरेका प्रस्तावनाहरू मध्ये उपयुक्त प्रस्तावनाको छनौट गरी सो समूह वा संस्थालाई आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

# कार्यक्रम सञ्चालन कार्यविधि

- जिल्लास्थित कृषि कार्यालय/केन्द्र तथा स्थानीय तहले वार्षिक कार्यक्रम बजेटमा बजेट प्रस्ताव गर्ने ।
- कार्यक्रम बजेट प्रस्ताव गर्दा एक वर्षका लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताव गर्ने ।

- जिल्लास्थित कृषि कार्यालय/केन्द्र तथा स्थानीय तहबाट साझेदारीका लागि सार्वजनिक रूपमा सूचना प्रवाह गर्ने ।
- साझेदारी कार्यक्रम प्रस्ताव गर्दा जिल्लास्थित कृषि कार्यालय/केन्द्र तथा स्थानीय तहबाट सेवा प्रभावकारितामा वृद्धि गर्ने, आयआर्जन कार्यक्रम, प्रविधि प्रसार कार्यक्रम जस्ता कार्यक्रमका लागि प्राथमिकता दिने ।
- कार्यक्रमका लागि समूह/सहकारी संस्थाबाट तोकिएको ढाँचामा निवेदन लिने ।
- कार्यक्रम सञ्चालनका लागि समूह/संस्था छनौट गर्दा महिला, दलित, जनजाति, विपन्न वर्ग एवम् पछाडी परेका वर्गलाई प्राथमिकता दिने ।
- समूह/संस्थाको प्रस्तावना कार्यान्वयन सम्बन्धी निर्णय जिल्ला समन्वय समितिबाट स्वीकृत गराउनुपर्नेछ ।
- आयोजना छनौट र मूल्याङ्कनका आधार जिल्लास्थित कृषि कार्यालय/केन्द्रले विद्यमान नीति निर्देशिका तथा आर्थिक कार्यविधि नियमावली अनुरूप निर्धारण गरी सोही आधारमा गर्नेछ ।
- स्वीकृत भएका आयोजना समूह, संस्था वा उपभोक्ता समितिमार्फत सञ्चालन गर्नेछ ।
- कार्यालयबाट उपलब्ध गराउने रकम समूह/संस्थाको बैंक खातामार्फत उपलब्ध गराउनेछ । समूहले आफ्नो रकम जम्मा गरेपछि मात्र कार्यालयले अनुदान रकम उपलब्ध गराउनेछ । कार्यालयबाट पहिले एक तिहाइ मात्र रकम उपलब्ध गराउनुपर्नेछ । बाँकी रकम कार्य सम्पन्न अनुगमन प्रतिवेदन प्राप्त भएपछि मात्र उपलब्ध गराउनुपर्नेछ ।
- कार्यक्रम निर्धारित आ.व. भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।
- समूह/संस्थाले कार्यक्रमको Public audit गराउनुपर्नेछ ।
- समूह/संस्थाको रेकर्ड कृषि प्रसार अधिकृतले राख्नुपर्नेछ ।
- जिल्लास्थित कृषि कार्यालय/केन्द्रबाट उपलब्ध गराइने रकम सम्झौता अनुरूप उपलब्ध गराइनेछ । यसका लागि आयोजना स्वीकृत भएपछि कार्यान्वयन गर्नु अघि सम्बन्धित समूह/संस्थासँग कार्यालयले सम्झौता गर्नेछ ।
- कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता गर्दा उपभोक्ता संस्था र कार्यालयको तर्फबाट अन्तिम कार्यान्वयन योजना तयार गरी दुवै पक्षको उत्तरदायित्व स्पष्ट रूपले तोक्नुपर्नेछ ।
- कार्यक्रमको अनुगमन मूल्याङ्कन संयुक्त रूपमा गर्नुपर्नेछ ।
- कार्यसम्पन्न भएपछि समूह/संस्थाले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । सो प्रतिवेदनको आधारमा कार्यालयको तर्फबाट उपलब्ध गराइने रकम पूर्ण रूपमा भुक्तानी गरिनेछ ।

## ८.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत बजेट र दररेट अनुसार खर्च गर्न सकिनेछ ।

**द्रष्टव्य**

### आवेदन फारामको नमुना

**मितिः ................**

**विषयः** प्रस्तावनामा आधारित कार्यक्रम सम्बन्धमा ।

**श्रीमान् प्रमुखज्यू,**
**कार्यालयः ..........................................**

**महोदय,**

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सञ्चालन गरिने प्रस्तावनामा आधारित अनुदान कार्यक्रम प्राप्तिका लागि हाम्रो कृषक समूह/कृषक सहकारी संस्थाको निर्णय प्रतिलिपी र तपसिलको विवरणसहित यो निवेदन पेश गरेका छौं । हामी त्यस कार्यालयले तोकेको कार्यविधिहरू अपनाई सोही अनुसार कार्यक्रम सञ्चालन गर्न पूर्ण रूपमा सहमत छौं ।

**प्रस्तावना पत्र**

१. समूहको पृष्ठभूमि
२. समूह/संस्थाको नाम तथा ठेगानाः
३. समूह/संस्था दर्ता मितिः
४. किसिमः दलितः जनजातिः मिश्रितः अन्यः
५. समूह सदस्य संख्याः
६. समूह बैठक प्रक्रियाः
७. कोष रकम रू. कोष परिचालन प्रक्रियाः
८. समूहले गर्न चाहेको कार्यक्रमको नामः
९. कार्यक्रम सञ्चालन स्थलः
१०. कार्यक्रमबाट लाभान्वित हुने परिवार संख्याः
११. कार्यक्रमबाट प्राप्त हुने प्रतिफलः
१२. समूह/संस्थाले गर्न चाहेको कार्यक्रमको संक्षिप्त विवरणः ..........................................
१३. माग गरेको कार्यक्रमलाई लाग्ने जम्मा बजेट रू.
१४. समूह/संस्थाको आफ्नो स्रोतबाट व्यहोरिने रू.
१५. समूह/संस्थाले माग गरेको आर्थिक सहयोग रू.

कृषक समूह/संस्थाको छापः
निवेदक
हस्ताक्षर
नामः
समूह/संस्थाको पदः

## ८.८ किसान-किसान कृषि प्रसार कार्यक्रम

### ८.८.१ परिचय/पृष्ठभूमि

किसान किसान कृषि प्रसार कार्यक्रम कृषकले कृषकलाई प्रविधिका बारेमा सिकाउने तथा अनुभव लिने दिने र प्रसार गर्ने पद्दति हो । प्रविधि हस्तान्तरणको लागि महत्वपूर्ण मानिएको यो कार्यक्रम विकेन्द्रित तथा वैकल्पिक कृषि प्रसारको एक नमुना हो । कृषक समूह, सहकारी, गैह्र सरकारी संस्था र सरकारी निकायहरूको साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिन्छ । कृषकहरूले एकले अवलम्बन गरेको प्रविधि अर्को कृषकले सिकेर गर्ने र कृषकलाई अनुभवी बनाई स्रोत व्यक्ति तयार हुने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यसरी कृषकले समुदायमा आफ्नो सीप र क्षमता प्रदर्शन गरी कृषि प्रसार हुन सहयोग गर्दछ ।

### ८.८.२ कार्यक्रमको उद्देश्य

- कृषकहरूलाई कृषकद्वारा नै उन्नत प्रविधिका बारेमा सिकाउने ।
- अनुभवी अगुवा कृषक/स्रोत व्यक्तिको विकास गर्ने ।
- सरकारी निकायहरू, गै.स.स. र कृषक समूह/सहकारीबीच समन्वय र सहकार्य गरी कृषकलाई प्रविधि अवलम्बन गर्न सहयोग गर्ने ।

### ८.८.३ प्राविधिक पक्ष र सञ्चालन प्रक्रिया र कार्यविधि

- समुदाय/कृषकहरूको समस्या पहिचान गरिसकेपछि वार्षिक कार्यक्रममा कृषक कृषक कृषि प्रसार कार्यक्रमको लागि बजेट बिनियोजन गर्ने ।
- समुदाय/समूह/सहकारीमा कार्यक्रमको बारेमा जानकारी/सूचना प्रवाह गराउने ।
- समूह/सहकारीले आवेदनसहित प्रस्तावना पेश गर्ने ।
- स्थानीय तहका सरोकारवाला (सरकारी/गैह्र सरकारी), अगुवा कृषक/स्रोत व्यक्ति र कार्यक्रम सञ्चालन गर्ने समूह/सहकारीका बीचमा अन्तरक्रिया कार्यक्रम गर्ने ।
- समितिले अनुगमन गरी प्रस्तावना स्वीकृत गर्ने ।
- अनुभवी कृषक वा स्रोत व्यक्तिको कार्यदिन र पारिश्रमिक तोक्ने ।
- द्विपक्षीय वा त्रिपक्षीय (गै.स.स. संलग्न भएको अवस्थामा) सम्झौता गर्ने ।
- स्रोत व्यक्तिले समूहमा आवश्यकता अनुसार १ दिनदेखि ३ दिनसम्मको तालिम सञ्चालन गर्ने ।
- कृषक समूहले प्रविधि अवलम्बन तथा अनुसरण गर्ने ।
- स्रोत व्यक्तिले नियमित अनुगमन, प्राविधिक सेवा प्रदान गर्ने ।

- समिति, सरोकारवालाहरू, पत्रकार र सहयोगी संस्थाले अनुगमन र मूल्याङ्कन गर्ने ।
- अन्तर समूह कृषक भ्रमण गराउने ।अनुभव आदान प्रदान कार्यक्रम राख्ने ।
- अनुभवी कृषकहरूलाई कमजोर समूहमा प्राविधिक पक्ष सुधारका लागि लैजाने ।
- बाली स्याहारपछि कृषकहरू भेला गराई समीक्षा गर्ने ।
- समूहबाट २ वर्षसम्म उत्कृष्ठ खेती गर्ने कृषकलाई स्रोत व्यक्ति वा अनुभवी अगुवा कृषकको प्रमाण पत्र उपलब्ध गराउने ।

**समिति:**

- पालिका प्रमुख/अध्यक्ष –संयोजक
- कार्यक्रम सञ्चालन हुने वडाको अध्यक्ष -सदस्य
- सहयोगी गैसस संस्थाको प्रमुख -सदस्य
- समूह/सहकारीको अध्यक्ष -सदस्य
- अनुभवी अगुवा कृषक/स्रोत व्यक्ति -सदस्य
- जिल्लास्थित कृषि कार्यालय/केन्द्रको प्रमुख/स्थानीय तहको कृषि शाखाको प्रमुख (अनुदान दिने कार्यालय अनुसार) -सदस्य सचिव

**क्रियाकलापहरू**

- भकारो सुधार/गोठ सुधार (प्याकेजमा भकारो/गोठ सुधार, कम्पोष्ट पिट तयारी, मूत्र सङ्कलन, झोल विषादी तयारी आदि)
- सामूहिक फलफूल तथा तरकारी नर्सरी स्थापना
- व्यावसायिक फलफूल बगैंचा स्थापना
- व्यावसायिक तरकारी खेती
- व्यावसायिक खाद्यान्न तथा तरकारी बीउ उत्पादन
- व्यावसायिक च्याउ खेती
- व्यावसायिक मौरीपालन

**कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स**

- भकारो/ गोठ सुधारको कार्यविधि अनुसार खर्च गर्ने । नर्सरी स्थापना तथा खेतीका लागि प्रस्तावना अनुसारको अनुदान उपलब्ध गराउने ।
- एउटा समूह/सहकारीमा १० लाखसम्मको कार्य योजना सहितको प्रस्तावना स्वीकृत गर्ने ।

# ८.९ विद्यालय कृषि प्रवर्द्धन कार्यक्रम

## ८.९.१ परिचय/पृष्ठभूमि

विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई हामीले दिनहुँ उपभोग गर्ने खाद्य वस्तुहरू कहाँबाट आउँछन्, कसरी उत्पादन हुन्छन् र तिनको के महत्व छ भन्ने ज्ञान प्रदान गर्न जरूरी छ । सानै उमेरदेखि हरेक बाल-बालिकालाई कृषि सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्न, जागरुक बनाउन र आधारभूत सीप सिकाउनको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ । विद्यालयस्तरमा अभिमुखीकरणको उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## ८.९.२ कार्यक्रमको उद्देश्य

- विद्यार्थीहरूमा असल कृषि अभ्यासलाई प्रोत्साहित गर्ने ।
- विद्यार्थीहरूलाई विषादीको उचित प्रयोगबारे सचेत गराउने ।
- बालबालिकालाई कृषि उत्पादनको आधारभूत ज्ञान तथा व्यवहारिक सीप सिकाउने ।
- विद्यालयका कृषि बगैंचाहरू वातावरणीय तथा कृषिका शैक्षिक माध्यमको रूपमा स्थापित गर्ने ।
- सुरक्षित खाद्य वस्तुको उपभोगलाई बढावा दिने ।

## ८.९.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- यो एक सचेतनामूलक कार्यक्रम रहेको र जिल्लास्थित कृषि कार्यालय तथा स्थानीय तहले नजिकैको विद्यालयसँगको समन्वयमा सञ्चालन गर्न सकिनेछ ।
- विद्यालयको नियमित पठनपाठनमा कुनै असर नपुग्ने गरी समय निर्धारण गर्न सकिनेछ ।
- यो कार्यक्रम सञ्चालन गर्दा कृषि प्राविधिकबाट तोकिएको हप्तामा कक्षा सञ्चालन हुनेछ ।
- कति वटा कक्षा सञ्चालन गर्ने भन्ने विद्यालयले उपलब्ध गराउने समयमा भर पर्नेछ ।
- प्राविधिकले कक्षा तयारी गर्दा कक्षाको स्तर अनुसार निर्धारण गर्नुपर्नेछ । सामान्य रूपमा कक्षा ५ देखि १० कक्षासम्मका बालबालिकालाई विद्यालय कृषि कार्यक्रम प्रभावकारी हुनेछ ।
- कार्यक्रम सञ्चालन गर्दा कृषि प्राविधिकले खेतीपाती सम्बन्धी सैद्धान्तिक ज्ञान दिने र व्यवहारमा उतार्न प्रोत्साहन गर्ने । साथै असल कृषि अभ्यास, विषादीको सही प्रयोग, फूलहरूको रोपण र हुर्काउने तरिका, खाद्य सुरक्षा तथा पोषण जस्ता विषय वस्तु सम्बन्धी जानकारी दिने ।
- विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान प्रदान गर्नको लागि नजिकैको फार्ममा भ्रमण गराउने ।

### ८.९.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्थानीय तह तथा जिल्लास्थित कृषि कार्यालय/केन्द्रले विद्यालय कृषि कार्यक्रमका लागि आवश्यक खर्च स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार गर्न सक्नेछ । खर्चको शीर्षक निम्न बमोजिम गर्न सकिनेछ ।

## ८.१० कृषिमा स्थानीय स्रोत व्यक्ति उत्पादन तथा परिचालन कार्यक्रम

### ८.१०.१ परिचय/पृष्ठभूमि

समग्र कृषि क्षेत्रको विकासको लागि आधुनिक कृषि प्रविधिहरूको विकास तथा विस्तार हुन जरूरी छ । हाल नेपालको परिप्रेक्षमा कृषि प्रविधिहरू प्रसार गर्नको लागि कृषि प्रसारकर्ता र कृषक अनुपात निकै कम छ । फलस्वरूप आधुनिक कृषि प्रविधिहरूको प्रचार प्रसार कार्य निकै चुनौतिपूर्ण देखिएको छ । यस्तो अवस्थामा स्थानीयस्तरमा नै रहेका जनशक्तिलाई कृषि सम्बन्धी विशेष प्राविधिक तथा व्यवहारिक ज्ञान/सीप उपलब्ध गराई ती व्यक्तिहरूलाई स्रोत व्यक्तिको रूपमा परिचालन गर्न सकिन्छ । स्रोत व्यक्ति कृषकको माग अनुसारको प्रविधिहरू सम्बन्धी विशेष ज्ञान सीप भएको र सेवा दिन सक्ने क्षमता भएको व्यक्ति हुनुपर्दछ । प्रदेश तथा स्थानीय तहका निकायहरूले त्यस्ता ज्ञान/सीप भएका स्रोत व्यक्तिहरूको विकास तथा पहिचान गरी उन्नत कृषि प्रविधिहरूको प्रचार प्रसार र विस्तारका लागि यो कार्यक्रम उपयुक्त देखिन्छ ।

### ८.१०.२ कार्यक्रमको उद्देश्य

स्थानीयस्तरमा भएका स्रोत व्यक्तिहरूको पहिचान तथा विकास गरी उपलब्ध विशेष प्राविधिक तथा व्यवहारिक ज्ञान/सीप उपयोगको माध्यमबाट कृषि प्रविधिहरूको प्रचार तथा प्रसार गर्नु र कृषकहरूलाई प्राविधिक सेवा-सुविधा स्थानीयस्तरमा सुलभ मूल्यमा उपलब्ध गराउनु ।

### ८.१०.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- सकेसम्म आफ्नै प्रदर्शनस्थल भएको र त्यसलाई कृषक सिकाइ थलो (Learning farm) को रूपमा प्रयोग गर्न सकिने सम्भावना भएको स्रोत व्यक्ति पहिचान गर्ने । आवश्यकता अनुसार यस्ता सिकाइ केन्द्रहरूमा स्थानीय तह वा सेवा प्रदायकले थप सामग्री तथा प्रविधिहरू विस्तार गर्न सक्नेछन् ।
- प्लाष्टिक टनेलमा तरकारी खेती, बेमौसमी तरकारी खेती, प्लाष्टिक टनेल निर्माण, हाते ट्र्याक्टर तथा अन्य यन्त्र उपकरणहरूको प्रयोग तथा मर्मत, फलफूल बगैंचा व्यवस्थापन, बिरूवामा कलमी गर्ने, विषादीको उचित प्रयोग तथा व्यवस्थापन आदि मध्ये स्थानीय रूपमा

कृषकको माग अनुसारको विषयमा विशेष ज्ञान सीप भएका र सेवा दिन सक्ने क्षमता भएको व्यक्तिलाई स्रोत व्यक्ति बनाउन सकिनेछ ।

- स्थानीय तहमा विशेष कृषि प्राविधिक ज्ञान तथा सीप भएका कृषक/युवाहरूको पहिचान गरी रोष्टर तयार गर्ने । यसका लागि सार्वजनिक सूचनामार्फत विवरण माग गर्न सकिनेछ ।
- स्रोत व्यक्ति छनौट गर्नको लागि आधारहरू स्थानीय तहले निश्चत मापदण्डहरू तय गर्ने जस्तै उमेरको हद, अनुभव, पढाई आदि कुराहरूलाई समेट्नु पर्नेछ ।
- विशेष ज्ञान सीप भएका व्यक्तिहरू उपलब्ध नभएमा इच्छुक युवाहरूलाई तालिम दिई स्रोत व्यक्ति तयार गर्न सकिनेछ ।
- उपलब्ध ज्ञान/सीप र अनुभवको आधारमा थप ज्ञान/सीप विकास गर्नको लागि सम्बन्धित केन्द्रीय तथा प्रादेशिक निकायहरूसँग समन्वय गरी आवश्यकता अनुसारको तालिम प्रदान गर्नेछ । तालिम सञ्चालनको लागि ती निकायहरू समक्ष माग पेश गर्नुपर्नेछ ।
- सम्बन्धित संघीय तथा प्रादेशिक निकायले आएका मागका आधारमा विशेष व्यवहारिक तालिमको सञ्चालन गर्ने र परीक्षा लिई उत्तिर्ण हुने युवाहरूलाई प्रमाण पत्र दिने ।
- व्यावसायिक शिक्षा तथा तालिम परिषद् (CTEVT) बाट तालिम लिई सीप तथा दक्षता सम्बन्धी परीक्षा उत्तीर्ण भएका व्यक्तिहरू पनि स्रोत व्यक्तिको लागि योग्य हुनेछन् ।
- निर्धारित समयको तालिम प्राप्त गरेर परीक्षा उत्तिर्ण गरिसकेपछि पाएको प्रमाण पत्रको आधारमा निश्चत विषयको लागि स्थानीय स्रोत व्यक्तिको परिचय पत्र स्रोत व्यक्ति माग गर्ने सम्बन्धित कार्यालय वा केन्द्रले स्रोत व्यक्ति छनौट गरिसकेपछि उपलब्ध गराउनेछ ।
- यस्ता स्रोत व्यक्तिहरू स्थानीय तह र जिल्लाका कृषि कार्यालय/केन्द्रहरूमा दर्ता हुनु पर्नेछ ।
- स्थानीयस्तरमा भएको माग बमोजिम आवश्यकता अनुसार स्थानीय स्रोत व्यक्तिहरू आवश्यक उपकरणहरूसहित सेवा प्रदान गर्नको लागि परिचालन हुनेछन् ।
- स्थानीय स्रोत व्यक्तिहरूको सेवा शुल्क स्रोत व्यक्ति छनौट गर्ने कार्यालय वा स्थानीय तहले तय गर्नेछ ।

### ८.१०.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड

कार्यक्रम सञ्चालन गर्नको लागि वार्षिक कार्यक्रममा मागको आधारमा कार्यक्रम प्रस्ताव गर्ने।

# ८.११ नमुना कृषि फार्म स्थापना कार्यक्रम

## ८.११.१ परिचय/पृष्ठभूमि

स्थानीय स्रोत साधानहरूको समुचित उपयोग गरी निर्वाहमूखी कृषि पद्दतिलाई व्यावसायिक र आधुनिक पेशाको रूपमा रूपान्तरण गर्न र दिगो कृषि विकासको लागि नमुना कृषि फार्महरू स्थापना गर्न जरूरी देखिन्छ । यस्ता फार्महरूमा नवीनतम् कृषि प्रविधिहरूको प्रयोग गरी व्यवस्थापन गरिएको र अन्य कृषि व्यवसायमा लाग्ने कृषकहरूको लागि प्रेरणा पाउने स्थलसमेत हुन्छ । स्थानीय सम्भावनाको पहिचान र तुलनात्मक लाभलाई दृष्टिगत गर्दै भौगोलिक अवस्था र हावापानी सुहाउँदो बाली वस्तुहरूको उत्पादन तथा बजारिकरण गरी कृषिलाई सम्मानित पेशाको रूपमा स्थापित गराउन नमुना कृषि फार्महरूले मद्दत पुर्याउँछन् । यो कार्यक्रम कार्यान्वयन गर्नको लागि स्थानीय तथा प्रदेश तहका निकायहरूले छुट्टै कार्यविधि बनाएर प्राविधिक सहायता तथा अनुदानका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

## ८.११.२ कार्यक्रमको उद्देश्य

- स्थानीय स्रोत साधनको समुचित तथा दिगो उपयोग गरी निर्वाहमूखी कृषि प्रणालीलाई व्यावसायिक तथा नाफामूलक बनाउने ।
- बेरोजगार युवाहरूलाई कृषि पेशामा आकर्षित गरी रोजगारी सिर्जना गर्ने ।
- मूल्य शृङ्खलामा आधारित कृषि व्यवसाय तथा बजारिकरणलाई प्रवर्द्धन गर्ने ।
- अवलोकन तथा प्रशिक्षण स्थलको रूपमा उपयोग गर्न र कृषक कृषक प्रसारलाई प्रभावकारी बनाउने ।

## ८.११.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

सम्बन्धित कार्यालयले नमुना कृषि फार्म स्थापना कार्यक्रम सञ्चालन गर्नको लागि छुट्टै कार्यविधि बनाएर प्राविधिक सहायता तथा अनुदानका कार्यक्रमहरू गर्न सक्नेछन् ।

- नमुना कृषि फर्म स्थापना गर्नको लागि पहाडमा कम्तीमा ५ रोपनी तथा तराईमा कम्तीमा १५ कट्ठा जमिन उपलब्ध हुनुपर्नेछ ।
- उन्नत तथा नवीननतम कृषि प्रविधिहरूको अनुसरण गरी दिगो तथा व्यावसायिक रूपमा कृषि उपजहरूको उत्पादन, व्यवस्थापन तथा बजारिकरण गर्नुपर्नेछ ।

**प्रस्ताव मागः**

- नमुना कृषि फार्म स्थापना गर्नको लागि सम्बन्धित निकायले अनुदान तथा अन्य सहयोग उपलब्ध गराउनको लागि प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

- नमुना कृषि फार्म स्थापना गर्नको लागि नियम अनुसार दर्ता भएका कृषि फार्म/उद्यमी/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीहरूले प्राविधिक तथा वित्तीय सहयोगको लागि सम्बन्धित कार्यालयमा आवेदन दिन सक्नेछन् ।
- आवेदकले निवेदनको साथमा देहाय बमोजिमको कागजातहरू पेश गर्नुपर्ने,

- फार्म वा संस्था प्रचलित ऐन, नियम बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र र स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि एक/एक प्रति, गत आ.व. को लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ताको प्रमाण पत्र,
- सम्बन्धित स्थानीय तह/वडाको प्रस्तावित नमुना कृषि फार्म सञ्चालन गर्न उपयुक्त हुने व्यहोरासहितको सिफारिस,
- स्थानीय तहबाट साझेदारीमा नमुना कृषि फार्म सञ्चालन हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र,
- आवेदकको कार्य समितिको बैठकले नमुना कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरिएको निर्णयको प्रतिलिपि,
- निवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको नमुना कृषि फार्म स्थापना प्रस्ताव,
- आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गा भनि प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएर फार्म स्थापना गर्नेको हकमा अधिकार प्राप्त कानून व्यवसायीद्वारा प्रमाणित कम्तीमा १० वर्ष कार्य अवधि रहेको भाडामा लिएको खुल्ने सक्कल कागज,

  - प्रस्तावकले प्रस्ताव गरेको क्रियाकलाप सञ्चालन गर्न अन्य निकायबाट अनुदान प्राप्त नगरेको हुनुपर्ने । तर बजेट कम भएको अवस्थामा आपसी छलफलबाट पूरक बजेट प्रस्तावमा उल्लेख गर्न सकिनेछ,
  - छनौट समितिः जिल्लास्थित कार्यालय/केन्द्र वा स्थानीय तहमा तय गर्ने ।
  - के-के अनुदान प्रवाह हुने क्षेत्र निर्धारण गर्ने,

**प्रस्ताव छनौटः**

- पेश भएका प्रस्तावहरू छनौट समितिले तोकिएका आधारहरू अनुरूप पूर्व-छनौट गर्नुपर्ने,
- पूर्व-छनौटमा सफल प्रस्तावहरूको तोकिएको आधारमा स्थलगत निरीक्षण गरी मूल्याङ्कन गर्नुपर्ने,

- पूर्व-छनौट र स्थलगत निरीक्षण मूल्याङ्कन प्राप्ताङ्क जोडी अधिकतम अङ्क हासिल गरेका प्रस्तावहरूलाई छनौटको लागि समितिले सम्बन्धित निकायमा सिफारिस साथ पेश गर्ने र छनौट गर्ने ।

**लागत र सम्झौताः**

- प्रस्ताव छनौटपछि अनुदानग्राहीले प्रस्ताव बमोजिम नमुना कृषि फार्म स्थापनाको लागि सम्बन्धित विषयको प्राविधिकमार्फत स्थलगत सर्वेक्षण गराएर लागत तयार गरी स्वीकृतिको लागि सम्बन्धित कार्यालयमा पेश गर्ने,
- स्वीकृत लागतको आधारमा सम्बन्धित कार्यालय र अनुदानग्राहीबीच सम्झौतामा अनिवार्य रूपमा प्रथम वर्ष र दोस्रो वर्षको उपलब्ध गराइने अनुदान रकम उल्लेख गर्ने,
- अनुदानग्राहीले नमुना कृषि फार्म स्थापना तथा सञ्चालनको कार्य प्रारम्भ र सम्पन्न गर्दा १/१ पटक स्थानीय जनप्रतिनिधिको सहभागितामा सार्वजनिक सुनुवाइ गर्नुपर्छ । साथै लागत सहभागिता रकम खुलेको होडिङ बोर्ड फार्म सञ्चालन अवधिभर सर्वसाधारणले देख्ने गरी कार्यक्रम स्थलमा राख्नुपर्ने ।

**अनुदान रकम र भुक्तानी प्रक्रियाः**

- नमुना कृषि फर्म स्थापनाको लागि सम्बन्धित कार्यालयले गरेको निर्णय बमोजिम अनुदान रकम तोकिनेछ र भुक्तानी दिइनेछ ।
- अनुदानग्राहीले आफ्नो कृषि व्यवसायको अनिवार्य रूपमा कृषि बीमा गराउनुपर्नेछ ।

### ८.११.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड

स्थानीय तह तथा जिल्लास्थित कृषि कार्यालय/केन्द्रले आवश्यक खर्च स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार गर्न सक्नेछ ।

# ९. साना सिँचाइ तथा सहकारी खेती कार्यक्रम

## ९.१ साना सिँचाइ विशेष कार्यक्रम

### ९.१.१ परिचय/पृष्ठभूमि

साना सिँचाइ विशेष कार्यक्रमाले पहाडमा बढिमा २५ हेक्टर र तराईमा बढिमा १०० हेक्टरसम्ममा (सिँचाइ नीति) सिँचाइ हुने गरी स-साना अस्थायी बाँध, पैनी, छेकबार, कुलो सुधार, स्रोत संरक्षण, ह्यूम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, इनार ढिक्कीपम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक र्‍याक, साइकल पम्प, पर्सियन व्हील, गियर पम्प, थोपा

सिँचाइ, स्प्रिङ्कलर सिँचाइ आदिको निर्माण व्यवस्थापन गर्नमा संघ, प्रदेश वा स्थानीय तहको तर्फबाट कार्यविधि/निर्देशिकाले तोके अनुसारको अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तीमा १५ प्रतिशत योगदान प्राप्त गरी सञ्चालन गरिने सिँचाइका स-साना स्कीमलाई जनाउँछ। संघ अन्तर्गतका कार्यालयले साना सिँचाइ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा साना सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१ अनुसार हुनेछ । प्रदेश अन्तर्गतका जिल्लास्थित कार्यालय वा स्थानीय तहले सञ्चालन गर्नका लागि सोही अनुसार तयार गरिएको कार्यविधि वा निर्देशिकामा उल्लेख भए बमोजिम गर्न सकिनेछ । यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहहरूमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ। जलस्रोत ऐन, २०४९ अन्तर्गत मान्यता प्राप्त हुने गरी स्थापित उपभोक्ता संस्था र संघ/प्रदेश/स्थानीय तह वा अरू कसैबाट कृषि विकासको लागि स्थापित कृषक समूहहरू जस्ता उपभोक्ताहरूको सहभागितामा कार्यान्वयन योजना तयार पारी यस कार्यक्रम सम्बन्धी निर्देशिका अनुरूप कार्य सम्पादन गर्नुपर्नेछ।

## ९.१.२ कार्यक्रमको उद्देश्य

सिँचाइका स-साना स्कीमहरू बनाएर कृषक सहभागिताको आधारमा देशका सम्पूर्ण जिल्लाका कृषकलाई उत्पादन वृद्धिको माध्यमबाट आयआर्जनमा टेवा पुऱ्याउनु नै यसको प्रमुख उद्देश्य हो।

## ९.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

**सूचना प्रवाहः**

- जिल्लास्थित कृषि कार्यालय/केन्द्र वा स्थानीय तहले साना सिँचाइ विशेष कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरू तथा कार्यविधिबारे आ-आफ्नो क्षेत्रमा अधिकतम सूचना प्रवाह गराउनुपर्नेछ ।

**निवेदनः**

- उपर्युक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि सिँचाइ आयोजनाको कार्यान्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहबाट दर्ताको प्रमाण-पत्रसहित साना सिँचाइ सम्बन्धी प्रदेश वा स्थानीय तहको कार्यविधि बमोजिम निवेदन/माग फाराम वडा कार्यालयको सिफारिससहित सूचना जारी गर्ने कार्यालयमा पेश गर्नुपर्नेछ । यसरी पेश हुन आएका आयोजनाहरूको प्राविधिकहरूले निवेदन/माग फाराम दर्ता गराउनुपर्नेछ । यसरी माग पत्र दर्ता गराउँदा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहको तर्फबाट तोकिएको राजस्व दाखिला गरी बैङ्क भौचर वा नगद पेश गर्नुपर्नेछ।

- आयोजना (स्कीम) को मोटामोटी लागत र निवेदक संस्था/समूहले व्यहोर्ने प्रतिशतसमेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

**छनौट प्रक्रियाः**

- सूचना जारी गर्ने कार्यालयले साना सिँचाइ कार्यक्रमबारे माग भई आएका निवेदनहरूको प्रारम्भिक छनौट गरी कार्यविधि/निर्देशिकामा व्यवस्था भए बमोजिम पारित गराउनुपर्नेछ । यसरी पारित भएका आयोजना (स्कीम) हरूको लागत इष्टिमेट सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार गर्नुपर्नेछ ।

**लागत/इष्टिमेटः**

- लागत तयार गर्दा लागत अङ्कको ५ प्रतिशत कन्टिन्जेन्सी स्वरूप राखिनेछ जसमध्ये २.५ प्रतिशत सामग्रीको लागि र बाँकी २.५ प्रतिशत लेवर (श्रम) का लागि प्रयोग गर्न सकिनेछ । यसरी लागत अनुमान वा खर्चको विवरण अनुसार कार्यालयले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहसँग खर्च एवम् सम्पन्न गर्ने कार्यको बाँडफाँड गरी सम्झौता गर्नुपर्नेछ । साथै रकम खर्च गर्दा नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नुपर्नेछ ।

**कार्यान्वयन योजना तयारीः**

- कार्यालयले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहको सहभागितामा कार्यान्वयन योजना तयार पार्नु पर्नेछ । आयोजना कार्यान्वयनमा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह र कार्यालयले आ-आफ्नो उत्तरदायित्व प्रष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

**कार्य सञ्चालनः**

- नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम कार्यालयले अग्रसरता लिई सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहद्वारा पारदर्शिता अपनाई निर्माण कार्य गराउनुपर्नेछ । निर्माण सम्बन्धी प्रक्रियागत एवम् व्यवस्थापकीय जिम्मेवारी कार्यालयको रहनेछ ।

**कार्य सम्पन्न प्रतिवेदनः**

- डिजाइन, इष्टिमेट र सम्झौता अनुसार आयोजना (स्कीम) को कार्य पूर्णरूपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपसिल बमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।

- निर्माण कार्य सुपरभिजन गर्ने वा फाइनल बिल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकबाट क्रियाकलाप अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहमा पेश गर्ने ।
- यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनबारे सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह तथा सम्बन्धित कार्यालयबाट स्थलगत निरीक्षण गरी सन्तोषजनक रूपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानी र स्कीमको सञ्चालन अवस्थाबारे संस्था/समिति/समूहको बैठकबाट निर्णय गराई कार्यालयमा पेश गर्ने ।
- बैठकको निर्णयसहित कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि साधारणतया १ (एक) हप्ताभित्र फाइनल भुक्तानी दिने व्यवस्था गर्नेछ ।
- आयोजनाको प्रकृति अनुसार १-३ पटकमा भुक्तानी दिने । एकैपटक भुक्तानी दिनुपर्ने अवस्थामा कार्यसम्पादन प्रतिवेदन तयार पारी स्कीमको सञ्चालनको अवस्थाबारे संस्था/समिति/समूहको बैठकबाट निर्णय गराई भुक्तानी दिन सकिनेछ । १ पटकभन्दा बढी किस्तामा रकम भुक्तानी गराउनु पर्ने खण्डमा सम्झौता पत्रमा स्पष्ट खुलाउनुपर्नेछ ।
- कार्यालयले कार्यसम्पन्न भएका आयोजनाहरूको जानकारी सम्बन्धित निकायमा दिने र सम्बन्धित संस्था/समिति/समूहलाई कार्य सम्पन्नताको प्रमाण पत्रसहित आयोजना हस्तान्तरण गर्ने ।

**मर्मत/सम्भारः**

- आयोजना सम्पन्न भई हस्तान्तरण भइसकेपछि सो को मर्मत/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहको हुनेछ ।

**अनुगमन/सुपरिवेक्षणः**

- साना सिँचाइ विशेष कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित कार्यालयको अतिरिक्त समिति, प्रदेश मन्त्रालय वा संघ अन्तर्गतका निकायबाट हुनेछ ।

## ९.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स–साना अस्थायी बाँध, पैनी, छेकबार, कुलो सुधार, संरक्षण, ह्यूम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, इनार ढिक्कीपम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक र्‍याक, साइकल पम्प, पर्सियन व्हिल, गियर पम्प, थोपा सिँचाइ, स्प्रिङ्कलर सिँचाइ आदिको निर्माण व्यवस्थापन गर्न कार्यविधि/निर्देशिकामा तोके बमोजिम खर्च गर्न सकिनेछ । जलस्रोत ऐन, २०४९ अन्तर्गत मान्यता प्राप्त हुने गरी स्थापित उपभोक्ता संस्था र सेवा प्रदायक कार्यालय अन्तर्गत वा अरू

कसैबाट कृषि विकासको लागि स्थापित कृषक समूहहरू जस्ता उपभोक्ताहरूको सहभागितामा कार्यान्वयन योजना तयार पारी यस कार्यक्रम सम्बन्धी निर्देशिका अनुरूप कार्य सम्पादन गर्नुपर्नेछ ।

### ९.१.५ आयोजना छनौट गर्नु अगाडि ध्यान दिनुपर्ने आधारहरू

- कृषक समूहको लागि आयोजना छनौट गर्ने सम्बन्धमा सेवा प्रदायक कार्यालय अन्तर्गत वा अन्य निकायबाट गठन एवम् दर्ता भई कम्तीमा एक वर्षको अवधि पूरा गरेका, नियमित बैठक बस्नुका साथै समूह सञ्चालन पद्धति एवम् प्रक्रियाहरू अनुसार सञ्चालन भइरहेका र कृषि विकासको लागि सक्रियरूपले कार्यालयको सम्पर्कमा रही क्रियाशील रहेका कृषक समूहको लागि मात्र आयोजना छनौट गर्नुपर्नेछ ।
- सतह सिँचाइ तथा पोखरी निर्माण गर्ने सन्दर्भमा सामूहिक सिँचाइलाई केन्द्रित गर्ने ।
- जनसहभागिताको आधारमा स्थानीय स्रोतको बढी परिचालन गर्ने सक्षम उपभोक्ता समिति वा संस्था/कृषक समूहलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनुरूप सहभागी संस्थाले कूल लागतको न्यूनतम १५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तीनै थरी सहयोगको रूपमा व्यहोर्नुपर्नेछ ।
- सामूहिक सिँचाइका लागि जाली, पम्प आदि व्यवस्था गरी तत्कालीन सिँचाइ व्यवस्था गर्ने ।
- दलित, मुक्त कमैया, सामाजिक रूपमा पिछडिएका तथा विपन्न वर्गका समूहहरूको हितलाई विशेषरूपले प्राथमिकता दिनुपर्ने ।
- महिला कृषक समूहहरूको सहभागिता हुने गरी छनौट हुनुपर्ने ।
- आयमूलक कृषि व्यावसायिकरणतर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थलहरूमा सिँचाइ सुविधा पुऱ्याउने दृष्टिकोण राख्नुपर्ने ।
- यथासम्भव निर्धारित पकेटहरूको उत्पादन कार्यक्रममा टेवा पुग्ने गरी आयोजनाको छनौट हुनुपर्ने ।
- बाढी पहिरो आदिले क्षति पुऱ्याएका चालु सिँचाइ कुलाहरूमा स-साना दूरीमा ह्यूम पाइप र पोलिथिन पाइप व्यवस्था गरी तत्कालीन सिँचाइ समस्या समाधान गर्ने जस्ता सिँचाइ विकासका कार्यहरूलाई सहयोग पुऱ्याउने ।
- सहकारी संस्था/उपभोक्ता समिति/कृषक समूहहरूबाट कार्यक्रमको लागि जायज माग आउनु पर्ने र तिनको कार्यान्वयनमा अनिवार्य सहभागिता हुनुपर्ने ।
- प्रतिकूल वातावरणीय असर न्यून पार्ने किसिमका आयोजनाहरूलाई प्रोत्साहित गर्ने ।

- सम्भव भएसम्म सिँचाइ कार्यक्रम हेर्ने अन्य निकायहरूसँग समन्वय राखी अर्थात दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।
- छनौट भएका आयोजना सोही आर्थिक वर्षभित्र पूरा हुनुपर्ने ।

# ९.२ सहकारी खेतीमा आधारित सिँचाइ कार्यक्रम

## ९.२.१ परिचय/पृष्ठभूमि

कम्तीमा २५ जना कृषक मिली कृषि कार्यक्रम सञ्चालन गर्न बनाइएको कृषक सहकारी संस्थामार्फत उच्चपहाडमा कम्तीमा २ हेक्टर, पहाडमा कम्तीमा ५ हेक्टर र तराईमा कम्तीमा १० हेक्टरमा खास गरी क्लस्टरको रूपमा सिँचाइ गर्ने उद्देश्य राखी सञ्चालन गर्ने कार्यक्रमलाई नै सहकारी खेतीमा आधारित सिँचाइ कार्यक्रम भनिन्छ । यसमा एउटा स्कीमको कार्यविधि/निर्देशिकामा तोके बमोजिमको खर्च गर्न सकिनेछ र कम्तीमा १५ प्रतिशत सम्बन्धित कृषक सहकारी संस्थाबाट खर्च गर्नुपर्नेछ । कृषि व्यवसायमा संलग्न साना तथा मझौला कृषकहरूको कृषि व्यवसायलाई व्यावसायिकरण एवम् बाली विविधीकरण गर्न, हाल सञ्चालन भई रहेको समूह पद्धतिलाई सुदृढीकरण एवम् प्रभावकारी बनाउन र उपलब्ध सीमित स्रोत साधनहरूको अधिकतम उपयोग गरी कृषकहरूको आम्दानी एवम् रोजगारीका अवसर वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।यस्तो कार्यक्रम संघ अन्तर्गतका कार्यालयले सञ्चालन गर्दा सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१ अनुसार गर्नुपर्नेछ । त्यसै गरी प्रदेश अन्तर्गतका जिल्लास्थित कार्यालय वा स्थानीय तहले सञ्चालन गर्दा सोही बमोजिम तयार भएको कार्यविधि/निर्देशिका अनुसार गर्नुपर्नेछ । यस कार्यक्रमले विशेष गरेर कृषि सहकारीमा आवद्ध भई संगठित साना तथा मझौला कृषकहरूलाई सिँचाइ सुविधामा विशेष प्राथमिकता दिई प्रोत्साहित गर्ने रणनीति अवलम्बन गरेको छ । यस सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीम कार्यक्रम सञ्चालन गर्नको लागि जग्गाहरूको एकीकृत (Cluster) गरी कृषि व्यवसाय सञ्चालन गर्न संगठित भएका जिल्ला कृषि विकास कार्यालयबाट परिचालित २५ जना वा बढी सदस्य भएको सक्रिय कृषक समूहहरूलाई सहकारी कार्यालयमा दर्ता गराई वा कृषि व्यवसाय सञ्चालन गर्न विभिन्न संघ संस्थाले सहकारी खेतीको अवधारणा अनुसार व्यावसायिक कृषि उत्पादन, बजार र प्रशोधन कार्य गर्ने उद्देश्यले कृषकहरू संगठित भई सहकारी कार्यालयमा दर्ता गरिएका सहकारी संस्था/समूहहरू समावेश हुन सक्नेछन्। यस कार्यक्रमले एकातिर सहकारीको माध्यमबाट कृषकहरूलाई संगठित हुन अभिप्रेरित गर्दछ भने अर्कोतर्फ उत्पादन सामग्रीहरू (सिँचाइ र अन्य सामग्री) को सही सदुपयोग हुन गई उत्पादन वृद्धिमा मद्दत पुग्नुका साथै सेवाको स्तर वृद्धि हुने देखिन्छ । यसरी सहकारीमा दर्ता भएका कृषक समूहलाई जिल्लास्थित कार्यालय वा स्थानीय तहको

अगुवाइमा सिँचाइ सम्बन्धी व्यवस्थापनको लागि तोकिए बमोजिमको अनुदान रकमको व्यवस्था गरिएको छ, जस अनुसार कृषकहरूले सामूहिक रूपमा बाँध, पैनी, कुलो निर्माण एवम् पुनर्निर्माण, पम्पसेट, पाइप, स्प्रिङ्कलर, स्यालो वोरिङ्ग, तारजाली आदि कार्य गरी सिँचाइको व्यवस्था गर्न सक्नेछन् । यस क्रममा गठित सहकारी संस्थाले सिँचाइ सम्बन्धी व्यवस्थापनमा सामूहिक रूपमा काम गर्नुका साथै सहकारी ऐन, २०४८ अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

### ९.२.२ कार्यक्रमको उद्देश्य

कृषकहरूलाई सहकारितामा आबद्ध रही विविध कृषि कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने र अत्यन्त आवश्यक भएका क्षेत्रहरूमा कृषि सहकारीमार्फत सिँचाइका स्कीमहरू कार्यान्वयन गरी उत्पादन वृद्धिको माध्यमबाट कृषकको आयआर्जनमा टेवा पुऱ्याउने । यस कार्यक्रमले खास गरेर गरिब कृषक, दलित एवम् महिला कृषकहरूलाई प्राथमिकता दिनेछ ।

### ९.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- सूचना प्रवाहः सम्बन्धित कार्यालयले सिँचाइ स्कीम माग गर्दा अपनाउनु पर्ने आधारहरू तथा कार्यविधिबारे अधिकतम सूचना प्रवाह गराउनुपर्नेछ ।
- निवेदनः सहकारी खेतीमा अधारित साना सिँचाइ स्कीम कार्यक्रमको लागि तोकिएको ढाँचा अनुसारको निवेदनसहित सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीम कार्यक्रममा सहभागी हुने कृषि सहकारी संस्थाले राजस्व वापत तोकिएको राजस्व रकम बुझाई स्कीमको प्रस्ताव (Proposal), सहकारी संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस, स्कीम सञ्चालनको लागि संस्थाको निर्णय प्रतिलिपि र निवेदक संस्था तथा सम्बन्धित कार्यालयले व्यहोर्ने रकम छुट्टाछुट्टै देखिने गरी निवेदक संस्थाबाट तयार गरिएको मोटामोटी लागत विवरणसमेत पेश गर्नुपर्नेछ ।
- सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीमहरू सहकारी संस्थाको सदस्यहरूद्वारा गठित उपभोक्ता समितिहरूबाट सञ्चालन गरिनेछ र आफैंले नगरी दोस्रो व्यक्ति वा अन्य संस्थालाई ठेक्कापट्टामा दिन पाइने छैन ।
- स्कीम प्रस्तावमा निवेदक संस्थाले आफ्नोतर्फबाट गर्ने कार्यहरू, अनुमानित लागत र सम्बन्धित कार्यालयले गर्नुपर्ने कार्यहरूसमेत सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीम कार्यक्रम स्पष्ट खुलाउनुपर्नेछ ।
- यसरी प्राप्त भएका स्कीमलाई कार्यालयले प्रारम्भिक प्रतिवेदनसहित कार्यविधि/निर्देशिकामा उल्लेख भए अनुसारको समितिको बैठकमा निर्णयार्थ पेश गर्नुपर्नेछ ।

- बैठकबाट निर्णय भई छनौट भएका स्कीमको भौतिक संरचना निर्माण र अन्य व्यवस्थापनको लगत इष्टिमेट सम्बन्धित प्राविधिकबाट तयार गराई कूल लागतको ५ प्रतिशत रकम अग्रिम धरौटी स्वरूप सम्बन्धित सहकारी संस्थाले सम्बन्धित कार्यालयको धरौटी खातामा जम्मा गर्नुपर्नेछ । आयोजना सम्पन्न भई जाँचपास भइसकेपछि धरौटी रकम सम्बन्धित सहकारी संस्थालाई फिर्ता दिईनेछ । स्कीमको लगत इष्टिमेट सम्बन्धित कार्यालयले स्वीकृत गर्नेछ ।
- लगत इष्टिमेट तयार गर्दा इष्टिमेट अङ्कको ५% रकम कन्टीजेन्सी स्वरूप राख्नुपर्नेछ । उक्त ५% रकम दैनिक भ्रमण भत्ता र सम्बन्धित आवश्यक सामान खरिद एवम् अन्य काममा प्रयोग गर्न सकिनेछ ।
- कार्यालयले आयोजनाको लागत जति भए तापनि सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीम सञ्चालन गर्न प्रति स्कीम बढीमा कार्यविधि/निर्देशिका अनुसार तोकिएको रकम मात्र उपलब्ध गराउन सक्नेछ र उक्त रकमबाट सम्भाव्यता र आवश्यकता अनुसार एक वा एकभन्दा बढी स्कीमहरू पनि सञ्चालन गर्न सकिनेछ ।
- सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीमको कार्यान्वयनको लागि छनौट भएका सहकारी संस्थाले उक्त स्कीम कार्यान्वयन गर्न लाग्ने कूल लागतको घटिमा १५ प्रतिशत वा तोकिएको प्रतिशतमा लागत जन श्रमदान वा नगदको रूपमा वा दुवै सम्बन्धित सहकारी संस्थाले जुटाउनुपर्नेछ ।
- कार्यालयले उपलब्ध गराउने रकम ४ किस्तामा उपलब्ध गराइनेछ । पहिलो किस्ता आयोजना सुरू गर्नको लागि २० प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत काम सम्पन्न भएपछि थप ३० प्रतिशत, तेस्रो किस्ता स्कीमको ८० प्रतिशत काम सम्पन्न भएपछि थप ३० प्रतिशत र चौथो किस्ता बाँकी २० प्रतिशत आयोजना सम्पन्न भई कार्यसम्पादन प्रतिवेदन प्राप्त भएपछि उपलब्ध गराउन सकिनेछ । आवश्यकता अनुसार किस्ता कम गर्न सकिने ।
- कार्यक्रम स्वीकृत भई सकेपछि सहकारी खेती गर्ने सहकारी संस्था/समूहले सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीम कार्यक्रमको करारनामा/सम्झौता गर्नुपर्नेछ ।

## ९.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

सहकारी खेतीमा आधारित साना सिँचाइ स्कीम कार्यक्रमका लागि यसमा सहकारी संस्थाको रूपमा दर्ता भएका कृषक सहकारी संस्थाहरूले सञ्चालन गर्न सक्ने गरी एउटा आयोजनाको ३,००,०००।- सम्म अनुदान दिने प्रावधान कार्यविधि /निर्देशिकामा राखिनेछ ।

## ९.३ प्लाष्टिक पोखरी निर्माण कार्यक्रम

सिँचाइको सुविधा नपुगेको तथा आंशिक सिञ्चित क्षेत्रहरूमा कम लागतमा वर्षातको पानी, खेर गइरहेको पानी तथा हिउँ सङ्कलन गरी कृषकहरूलाई सिँचाइ सुविधा उपलब्ध गराउन लाभान्वित वर्गको आर्थिक साझेदारीमा प्लाष्टिक पोखरी निर्माण कार्य गर्न गराउन कार्यविधि तयार गरी सञ्चालन गर्न सकिनेछ । सिञ्चित क्षेत्रको विस्तार गर्दै कृषि क्षेत्रको व्यावसायिकरण, विविधीकरण तथा सघनीकरणमार्फत खाद्य सुरक्षा तथा गरिबी निवारणमा टेवा पुर्‍याउने पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम व्यावसायिक कृषक उद्यमी/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समितिलाई उपलब्ध गराइनेछ । सिँचाइको सुविधा नपुगेका तथा आंशिक सिञ्चित क्षेत्रहरूमा कम लागतमा प्लाष्टिक पोखरी निर्माण गरी कृषि क्षेत्रको व्यावसायिकरण, विविधीकरण तथा सघनीकरणमार्फत खाद्य सुरक्षा तथा गरिबी निवारणमा टेवा पुर्‍याउने कार्यक्रमको उद्देश्य रहेको छ ।

# भाग-ख

# योजना, बजार विकास तथा आर्थिक विश्लेषण कार्यक्रम

निर्वाहमूखी कृषि प्रणालीलाई बजारमूखी, प्रतिस्पर्धी र व्यावसायिक कृषि प्रणालीको रूपमा विकास गरी कृषि उपजको बिक्री वितरणलाई व्यवस्थित बजार प्रणालीबाट उपभोक्तासम्म सरल र उचित मूल्यमा पुर्‍याउन तीन दशकदेखि सांगठनिक संरचना निर्माण तथा पुनर्गठन हुँदै परिवर्तनका प्रयासहरू हुने क्रममा उपयुक्त कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकासका लागि वि.सं. २०२९ सालदेखि नै खाद्य तथा कृषि बजार सेवा विभागको गठन भई विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका थिए । वि.सं. २०६१ साल वैशाख ११ गते तदनुसार इश्वी सम्वत् २३ अप्रिल, २००४ देखि विश्व व्यापार संगठनको नेपाल पूर्ण सदस्य बनिसकेको वर्तमान परिपेक्ष्यमा गुणस्तरीय एवम् प्रतिस्पर्धी कृषि उपजको उत्पादन गरी वस्तुको अन्तर्राष्ट्रिय बजारमा समेत निर्यात पहुँच र प्रवर्द्धनमा थप जिम्मेवारी व्यहोर्नु पर्ने भएको हुँदा मिति २०६०/०८/०४ को नेपाल सरकारको निर्णयानुसार कृषि विभाग अन्तर्गत यस निर्देशनालयलाई परिमार्जन गरी नयाँ नामाकरण "कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय" को संरचना मिति २०६१/०१/०१ गतेदेखि लागु गरिएको हो । आ.व. २०६१/६२ बाट कृषि विभाग, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय अन्तर्गत बजार अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यक्रम, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम र कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम नामक कार्यालयहरू रहेका थिए ।

बजार अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यक्रमले कृषिजन्य वस्तुहरूमा आधारित उद्योग एवम् व्यवसायको प्रवर्द्धन, आन्तरिक बजार विकास र निर्यात प्रवर्द्धनका साथै कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकासका लागि बजार अनुसन्धान र तथ्याङ्क व्यवस्थापन भूमिका खेल्ने अपेक्षा गरिएको थियो । कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकासका लागि निर्यात प्रवर्द्धन महत्त्वपूर्ण मानिन्छ । सरकारी तथा निजी क्षेत्रको समेत सहभागितामा कृषिजन्य वस्तुहरूमा आधारित उद्योग एवम् व्यवसायको प्रवर्द्धन, आन्तरिक बजार विकास र निर्यात प्रवर्द्धन गर्नु बजार विकासको मुख्य मुख्य दायित्व हुन आउँछ । कृषिजन्य वस्तुहरूको उपयुक्त बजार प्रवर्द्धन हुन नसक्नु, निर्यात प्रवर्द्धनमा अनेक व्यवधानहरू आउनु जस्ता क्रियाकलापले कृषिको उत्पादन अपेक्षित रूपमा वृद्धि हुन सकिरहेको छैन । यिनै कुराहरूलाई मध्यनजर गर्दै कृषि व्यवसाय प्रवर्द्धनलाई थप व्यवस्थित गरी बजार विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउन कृषि नीति, २०६१ तथा कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ ल्याइएको छ । नेपाल विश्व व्यापार संगठनको सदस्य बनिसकेको वर्तमान सन्दर्भमा गुणस्तरीय एवम् प्रतिस्पर्धी कृषि उपजको उत्पादन गरी वस्तुको राष्ट्रिय एवम्

अन्तर्राष्ट्रिय बजारमा समेत निर्यात पहुँच र निर्यात प्रवर्द्धनमा थप योगदान पुऱ्याउन आवश्यक छ । निर्वाहमूखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी एवम् व्यवसायमूखी बनाउन अत्यन्त आवश्यक भएको छ । कृषिजन्य वस्तुहरूले सुनिश्चत बजार पाउन नसक्नाले कृषि उत्पादन र उत्पादकत्व अपेक्षित रूपमा वृद्धि हुन सकिरहेको छैन् । कृषि व्यवसाय प्रवर्द्धन गर्न कठिन भएको सन्दर्भमा प्रभावकारी बजार व्यवस्थापन प्रणालीको विकासबाट विश्वबजारको अवसरहरूको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन राष्ट्रिय कृषि नीति, २०६१ को व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने उद्देश्य अनुरूप कृषि व्यवसाय प्रवर्द्धन कार्यलाई गति प्रदान गर्न आवश्यक देखिन्छ ।

योजना, बजार विकास तथा आर्थिक विश्लेषण कार्यक्रमहरू अन्तर्गत कृषकहरू, कृषि उद्यमी र बजार व्यवसायीहरूलाई उत्पादित निम्न कृषि बजार सेवा उपलब्ध गराइरहेको छ । यसै गरी देशमा संघीयता लागु भएसँगै कृषि तथा पशुपन्छी विकास मन्त्रालय र यस अन्तर्गतका निकायहरूको सांगठनिक संरचनामा परिमार्जन गरिएको छ । यस नयाँ संरचना अनुसार साबिक कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय र यस अन्तर्गतका माथि उल्लिखित ३ वटा कार्यक्रमहरू विस्थापित भई बजार पूर्वाधार लगायत कृषि पूर्वाधार तथा कृषि यान्त्रिकरण प्रवर्द्धन गर्ने उद्देश्यका साथ कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र स्थापना गरिएको छ भने कृषि बजारहरूको नियमन लगायतका कार्यसँगै आर्थिक विश्लेषण र कृषि तथ्याङ्क व्यवस्थापन कार्यका लागि कृषि विभागको योजना अनुगमन तथा व्यवस्थापन महाशाखा अन्तर्गत बजार विकास आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखालाई जिम्मेवार बनाइएको छ ।

## १. बजार पूर्वाधार निर्माण तथा सुदृढीकरण

- कृषि थोक बजार, सङ्कलन केन्द्र, हाट बजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास गर्ने ।
- शीत भण्डार विकास तथा प्रवर्द्धन गर्ने ।
- सार्वजनिक निजी साझेदारीमा कृषि बजार विकास गर्ने ।
- कृषि बजार सञ्चालक समितिको गठन तथा अनुगमन गर्ने ।
- कृषि बजार सम्बन्धी नीति, मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने ।
- कृषि बजार पूर्वाधार विकास सम्बन्धी आवश्यक प्राविधिक सेवा प्रदान गर्ने ।
- सबै कृषि बजारहरूमा पूर्ण रूपमा प्रतिस्पर्धात्मक मूल्य प्रणाली लागु गरिने ।

- कृषक, कृषक समूह, सहकारीहरूलाई बजार सूचना, व्यवस्थापन, बजारिकरण विषयमा क्षमता अभिवृद्धि भई मध्यस्थकर्ताबाट ठगिने स्थितिको अन्त्य गरिने ।
- कृषकहरूलाई आवश्यक कृषि बजार पूर्वाधार सेवा प्रदान गर्ने ।
- कृषि उपजको उचित मूल्य उपलब्ध गराउन प्राविधिक सेवा प्रदान गर्ने ।
- कृषि उपज बिक्री वितरण गर्न जनशक्ति तथा संस्थागत क्षमता विकास गर्न ।

## २. कृषि उपजको बजार सूचना सङ्कलन, विश्लेषण र प्रवाह

- खाद्य सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने ।
- कृषि उपज बजारको खुद्रा, मावतीय खुद्रा मूल्य सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने ।
- कृषि सूचना सम्बन्धी प्रविधि विस्तार गरी मुलुकभरी कृषि उपज बजार मूल्य लगायत अन्य क्रियाकलापहरूको प्रचार प्रसार एवम् जानकारी उपलब्ध गराउने ।
- सूचनाको विषयगत क्षेत्र बढाउने, थोक, फार्मगेट मूल्य आदिको विश्लेषण गर्ने ।
- वार्षिक बजार बुलेटिन प्रकाशन गर्ने ।
- यस्ता बजारहरूको विद्युतीय नक्साङ्कन, नेटवर्किङ एवम् प्रभावकारी सञ्जाल विकास भई अधिकांश कृषि उपज कारोवारहरू विद्युतीय रूपमा सञ्चालन गरिने ।
- खाद्य उपभोग सर्वेक्षण, तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रकाशन गर्ने ।
- कृषक, व्यापारी तथा कृषि उपज बजार केन्द्रहरूमा सूचनाको उपयोग क्षमता बढाउने तालिम र भौतिक सुविधा विकास गर्ने ।

## ३. कृषि बजार सम्बन्धी जनशक्ति विकास

- कृषि बजार सञ्चालक समिति, कृषक, कर्मचारी, सहकारी संस्था लगायतलाई प्रशिक्षण तथा तालिम प्रदान गर्ने ।
- उत्कृष्ट बजार प्रविधि स्थल तथा निकायबाट सिक्न भ्रमण आयोजना गर्ने ।
- पोष्टर, होडिङ बोर्ड र पाठ्यसामग्री निर्माण तथा उपयोगद्वारा प्राविधिक ज्ञान प्रसार गर्ने ।
- कृषि बजार सम्बन्धी सरसल्लाह सेवा प्रदान गर्ने ।

## ४. कृषि व्यवसाय, निर्यात प्रवर्द्धन र आर्थिक विश्लेषण सम्बन्धी नीति, योजना, अनुगमन निरीक्षण तथा प्रतिवेदन तयार

- कृषि तथा पशुपालनमा सम्बन्धित विषयगत एवम् वस्तुगत बजार सम्बन्धी अध्ययन गर्ने ।

- विभिन्न बजारहरूको प्रभाव क्षेत्रमा विभिन्न सञ्चार प्रणालीमार्फत प्रवाहित सूचनाको प्रभावकारिता अध्ययन गरी सुझाव दिने ।
- बजारको माग अनुरूप उत्पादन कार्य गर्दै जान आन्तरिक र वाह्य बजार सम्बन्धी अध्ययन अनुसन्धान कार्यहरू गर्ने र कृषि एवम् पशुजन्य उत्पादन कार्यक्रममा संलग्न कृषि विकास मन्त्रालय अन्तर्गतका विभाग लगायतका निकायहरूलाई सेवा तथा प्राविधिक मार्गदर्शन प्रदान गर्ने ।
- उत्पादन लागत र सम्भाव्यता अध्ययन गर्ने ।
- कृषिसँग सम्बन्धित विकास आयोजनाहरूको आधारभूत सर्वेक्षण, मध्यावधि मूल्याङ्कन एवम् प्रभावकारिता अध्ययन गर्ने ।
- सामाजिक आर्थिक अध्ययन विश्लेषण गर्ने ।
- कृषि नीति तथा आर्थिक विश्लेषण सम्बन्धी कार्यहरू गर्ने निकायहरूबीच समन्वय ल्याउने ।
- कृषि तथा पशुजन्य वस्तुहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व जस्ता आधारभूत तथ्याङ्कहरू, नियमित रूपमा सङ्कलन, विश्लेषण एवम् प्रवाह गर्न सहयोग पुऱ्याउने ।
- कृषि बालीहरूको पूर्व सचेतना (Early Warning) अपनाउने सम्बन्धी कार्य गर्ने ।
- बालीनाली (कृषि र पशु) स्थितिको आवश्यकतानुसार अध्ययन एवम् पूर्वानुमान गर्ने ।
- कृषि नीति, योजना तथा कार्यक्रम तर्जुमाको लागि आवश्यक अन्य कृषि तथ्याङ्कहरूको विश्लेषण एवम् प्रवाह गर्ने ।
- जिल्लास्तरको उपभोग्य खाद्यान्न विवरण, खाद्य वासलात एवम् उपभोग्य स्थितिको सूचना सङ्कलन, विश्लेषण एवम् प्रवाह गर्ने
- आर्थिक, सामाजिक तथा प्राविधिक दृष्टिकोणले सम्भाव्य कृषि व्यवसायहरूको पहिचान गर्ने । निजी क्षेत्रको संलग्नतामा त्यस्ता व्यवसायहरूको विकास तथा विस्तार गर्ने एवम् कार्यान्वयन तहमा देखिएका समस्याहरूको वर्गीकरण गरी समाधानका लागि उपायहरूको खोजी गर्ने ।
- कृषि उद्योगहरू र कृषि उत्पादनबीच प्रभावकारी अन्तर सम्बन्ध कायम गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि व्यवसाय स्थापना र सञ्चालनका लागि उद्यमशीलता र व्यवस्थापन एवम् सीप विकास गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- कृषि व्यवसाय प्रवर्द्धनका लागि कृषि बजारसँग सम्बन्धित सरकारी, सहकारी, निजी तथा गैह्र सरकारी निकायहरूबीच समन्वय स्थापित गर्ने ।

- कृषि व्यवसायको आर्थिक विश्लेषण गरी तुलनात्मक लाभका आधारमा उत्पादन योजना बनाउन सम्बन्धित निकायहरूलाई सुझाव/सल्लाह दिने ।
- कृषि उपजहरूको व्यवसाय/निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न उत्पादन, प्रशोधन, भण्डारण तथा वितरण सम्बन्धी सम्बन्धित निकाय तथा व्यावसायिक समूहहरूलाई प्रोत्साहन तथा सेवा टेवा प्रदान गर्ने ।
- कृषि व्यवसायसँग सम्बन्धित सूचनाहरू सङ्कलन एवम् प्रकाशन र प्रवाह गर्ने ।
- कृषिलाई व्यावसायिकरण एवम् बजारमूखी बनाउन र कृषकहरूलाई बजारमूखी उत्पादन गराउन कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिम, गोष्ठी, भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।
- कृषिजन्य प्रशोधन उद्योगहरूको स्थापना गर्न प्राविधिक सम्भाव्यता अध्ययन गर्ने कार्यमा सहयोग पुऱ्याउने।
- कृषि व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने मेशिनरी सामग्रीहरूको विकास गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- निर्यातमूखी कृषि उपजहरूको ग्रेडिङ, प्याकेजिङ, ह्याण्डलिङ, लेवलिङ सम्बन्धी सीप विकास तथा विस्तार गर्ने कार्यमा सहयोग पुऱ्याउने ।
- स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरहरूको उपयोग गरी कुन कुन वस्तु निर्यात गर्न सकिन्छ, सो को सवल र दुर्वल पक्ष केलाई निर्यात प्रवर्द्धनका लागि सुधारात्मक उपायहरू निजी सरकारी साझेदारीको अवधारणा अनुरूप अवलम्बन गर्ने ।
- विश्व व्यापार संगठनको प्रावधान अनुरूप गुणस्तरीय उत्पादन, स्थानीय तथा बाह्य बजारमा उपजहरू प्रवाह गर्दा मापदण्ड लगायत अपनाउनु पर्ने प्रक्रियाहरूबारेको सूचनाहरू वस्तु विशेषको रूपमा तयार पारी सेवाग्राहीलाई उपलब्ध गराउने तथा विश्व व्यापार संगठन सम्बन्धमा जनचेतना बढाउने ।
- कृषि व्यवसायमा आइपरेका समस्याहरू केलाउँदै आन्तरिक एवम् बाह्य बजारमा कृषि उपजहरूको सुलभ रूपमा पहुँच बढाउन आवश्यक जानकारी र विवरणहरू सङ्कलन गर्ने र सम्वद्ध पक्षलाई प्रवाहित गर्ने ।
- निर्यातजन्य कृषि वस्तुहरूको प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याउन सामग्री एवम् उपकरणहरू कृषकस्तरमा अनुदानमा दिने व्यवस्था मिलाउने ।
- कृषि क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको लेखाजोखा गरी निर्यात योजना तर्जुमा, नीति निर्धारणमा आवश्यक तथ्याङ्क तथा पृष्ठपोषण प्रदान गर्ने ।

- नेपालबाट आयात निर्यात भएका प्रमुख कृषि वस्तुहरूको विवरण एवम् आयातकर्ता तथा निर्यातकर्ताको विवरण तयार गर्ने ।
- तुलनात्मक लाभ भएका प्राङ्गारिक/गैह्र प्राङ्गारिक उपजहरूको पहिचान गरी प्राङ्गारिक परीक्षण तथा प्राङ्गारिक खेतीतर्फ आकर्षित गुणस्तरीय उत्पादनको सुनिश्चतता गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

# योजना, बजार विकास तथा आर्थिक विश्लेषण कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू

## १. प्रकाशन कार्यक्रम

## १.१ कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन कार्यक्रम

### १.१.१ परिचय/पृष्ठभूमि

जिल्लामा सञ्चालित र सम्पादित कार्यक्रमहरू तथा भए गरेका प्रगतिको साथै अन्य विवरणहरूसमेत सम्बन्धित सबैलाई जानकारी गराउने उद्देश्यले यस किसिमको प्रकाशन गरिन्छ ।

### १.१.२ कार्यक्रमको उद्देश्य

प्रत्येक जिल्लामा कृषि विकासको लागि स्थापना भएको कार्यालयले आफ्ना सबै एकाइहरू । शाखालाई समेटी वार्षिक कार्यक्रम, प्रगति, विशेष कार्यहरू र जिल्लाका अन्य वस्तुगत विवरणहरू प्रकाशन गर्नु ।

### १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- यो पुस्तिका प्रत्येक आ.व. को प्रथम चौमासिकसम्ममा निकाल्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।
- कार्यक्रम तथा प्रगति पुस्तिकाको निर्दिष्ट ढाँचा अनुरूप प्रकाशन गर्नुपर्नेछ ।
    - जिल्लाको नक्सा ।
    - खण्ड १ परिचयात्मक विवरण ।
    - खण्ड २ जिल्ला कृषि विकास कार्यालय, उद्देश्य, कार्यनीतिहरू तथा कार्यक्रमहरू ।
    - खण्ड ३ विभिन्न प्राविधिक शाखाहरूको कार्यक्रम विवरण ।
    - खण्ड ४ विभिन्न प्राविधिक शाखाहरूको कार्यक्रम प्रगति लगायत कृषिसँग सम्बन्धित गैह्र सरकारी संस्था एवम् कृषक समूहको विवरण ।

- बजार अनुसन्धान तथा तथ्याङ्क व्यवस्था कार्यक्रमबाट प्रकाशित कार्यान्वयन निर्देशिकामा दिइएको ढाँचामा आवश्यकता अनुसार हेरफेर ल्याई अन्य विषयलाई समेत समेट्न सकिनेछ ।

### १.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका एक झलक प्रकाशन गर्दा खर्च स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार गर्न सकिनेछ ।

**द्रष्टव्य**

वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका एक झलक प्रकाशन गर्दा आर्थिक विश्लेषण अध्ययन कार्यक्रम कार्यान्वयन निर्देशिका आ.व. ०५८/५९ अनुसूची ४, पेज नं. ९७ को निर्दिष्ट ढाँचा अनुसार वा यस पुस्तिकाको खण्ड (क) मा उल्लिखित योजना आर्थिक विश्लेषण तथा बजार विकास शीर्षकको निर्देशिकामा उल्लिखित ढाँचा अनुसार विवरणहरू समावेश गर्नुपर्नेछ ।

### १.१.५ उक्त कार्यक्रम स्वीकृत/सहमति भएको मिति

कृषि विकास मन्त्रालय (सचिवस्तर) को मिति २०५७/०२/२७ को निर्णयानुसार

# २. अध्ययन/सर्वेक्षण कार्यक्रम

## २.१ आर्थिक पक्षका अध्ययन/सर्वेक्षण कार्यक्रम

### २.१.१ परिचय/पृष्ठभूमि

आर्थिक पक्षसँग सम्बन्धित अध्ययन सर्वेक्षण कार्यहरू बजार विकास आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखाको प्राविधिक रेखदेखमा सञ्चालन गरिन्छ । यस्तो अध्ययनको लागि आवश्यक प्रश्नावली उपयुक्त अध्ययन विधिको छनौट तथा अन्य पक्षहरूमा समेत यस शाखाले सहयोग पुऱ्याउने छ ।

### २.१.२ कार्यक्रमको उद्देश्य

बजार अनुसन्धान तथा तथ्याङ्क व्यवस्थामा सहयोग पुऱ्याउनु ।

### २.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

### २.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

आर्थिक पक्षका अध्ययन/सर्वेक्षणहरू सम्बन्धमा जिल्लामा सञ्चालन गरिएका कृषि विकास कार्यक्रमहरूको आर्थिक पक्ष अध्ययन सर्वेक्षणहरू र यस्तै अन्य अध्ययनहरू गर्न प्रत्येक अध्ययनमा निम्नानुसार क्रियाकलाप गर्न सकिनेछ ।

- प्रश्नावली तथा प्रतिवेदन छपाइ
- सर्भे कार्यक्रम सञ्चालन
- कृषकहरूको चियापान
- सर्भे डाटाको कम्पाइलेसन तथा विश्लेषण
- नतिजा भ्यालिडेसन
- प्रतिवेदन तयारी र छपाइ

### २.१.५ उक्त कार्यक्रम स्वीकृत/सहमति भएको मिति

कृषि विकास मन्त्रालय (सचिवस्तर) को आर्थिक पक्षका अध्ययन/सर्वेक्षणहरू सम्बन्धमा मिति २०५७/०२/१७ को निर्णयानुसार

## २.२ हाट बजार/सङ्कलन केन्द्र सम्भाव्यता अध्ययन कार्यक्रम

### २.२.१ परिचय/पृष्ठभूमि

हाट बजार/सङ्कलन केन्द्र सम्भाव्यता अध्ययन सम्बन्धमा सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका स्थलहरूमा निजी क्षेत्रले अग्रसरता देखाएका हाट बजार तथा सङ्कलन केन्द्र सञ्चालन गर्नु पूर्व ठोस सम्भाव्यता अध्ययन गरिन्छ ।

### २.२.२ कार्यक्रमको उद्देश्य

बजारमूखी कृषक एवम् निजी क्षेत्रलाई हाट बजार तथा सङ्कलन केन्द्र सञ्चालन गर्नु पूर्व हाट बजार सम्भाव्यता अध्ययनबाट सम्भाव्य स्थलहरू पहिल्याउन सहयोग पुऱ्याउनु ।

### २.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

### २.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

हाट बजार/सङ्कलन केन्द्र सम्भाव्यता अध्ययनका लागि क्रियाकलापहरू

- गोष्ठी - २ वटा
- वस्तुगत विषयमा तथ्याङ्क सङ्कलन र विश्लेषण
- प्रतिवेदन तयारी

### २.२.५ उक्त कार्यक्रम स्वीकृत/सहमति भएको मिति

कृषि विकास मन्त्रालय (सचिवस्तर) को हाट बजार/सङ्कलन केन्द्र सम्भाव्यता अध्ययन सम्बन्धमा २०५७/१०/२६ को निर्णयानुसार

# ३. बजार प्रचार/प्रसार कार्यक्रम

## ३.१ हाट बजार स्थापनाका लागि बजार प्रचार/प्रसार कार्यक्रम

### ३.१.१ परिचय/पृष्ठभूमि

कुनै निश्चत स्थानमा हाट बजार स्थापना गर्न सम्भाव्य देखिएमा त्यस्तो स्थानमा हाट बजार सुरूवात गर्नको लागि प्रचार प्रसार गर्नुपर्दछ ।

### ३.१.२ कार्यक्रमको उद्देश्य

हाट बजार स्थापना गर्नुभन्दा अगाडि पर्याप्त प्रचार प्रसार गराउनु ।

### ३.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- बजार केन्द्रको सेवा पुग्ने क्षेत्रका कृषक समूह प्रतिनिधि, व्यापारी, जन प्रतिनिधि सहितको भेला आयोजना गरी कृषिसँग सम्बन्धित जिल्ला कार्यालय, स्थानीय तह कृषि शाखाले कृषि उपज बजार स्थलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०५३ (संशोधन सहित) बमोजिम सञ्चालक समिति गठन गर्नुपर्नेछ ।
- बजार सञ्चालन प्रारम्भ गर्ने स्थान तथा मिति तय गरी बजार स्थलसमेत व्यवस्थापन आदि गर्नुपर्नेछ ।
- निर्धारित स्थानमा बढीभन्दा बढी उत्पादक, व्यापारी, उपभोक्ता सहभागिता गराई सुविधा दिन व्यापक प्रचार प्रसार गर्नुपर्नेछ । प्रचार प्रसार गर्ने क्रममा माइकिङ गर्ने, पोष्टर तयार गरी टाँस्ने र इलाकास्तरीय भेलाको आयोजना गर्नुपर्नेछ ।

### ३.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- पोष्टर पप्पलेट प्रकाशन र वितरण
- माइकिङ गरी प्रचार प्रसार गर्न
- गोष्ठी
- बैठक
- व्यवस्थापन खर्च
- अन्य स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार

### ३.१.५ उक्त कार्यक्रम स्वीकृत/सहमति भएको मिति

विकास मन्त्रालय (सचिवस्तर) को मिति २०६१/०८/२५ को निर्णयानुसार

## ३.२ सङ्कलन केन्द्र स्थापना गर्न प्रचार प्रसार गर्ने कार्यक्रम

### ३.२.१ परिचय/पृष्ठभूमि

सङ्कलन केन्द्र तथा हाट बजार स्थापना गर्न प्रचार प्रसार एवम् बजार सूचना प्रवाहको व्यवस्था मिलाउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.२.२ कार्यक्रमको उद्देश्य

सङ्कलन केन्द्र स्थापना गर्नुभन्दा अगाडि सो बारे व्यापक प्रचार प्रसार गर्नु ।

### ३.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

हाट बजार स्थापना गर्न प्रचार प्रसार गर्ने जस्तै गरी यो कार्यक्रम पनि सञ्चालन गर्नुपर्नेछ ।

### ३.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- पोष्टर, पम्पप्लेट प्रकाशन र वितरण
- माइकिङ गरी प्रचार-प्रसार गर्न
- रेडियोमार्फत प्रचार-प्रसार गर्न
- गोष्ठी दुई पटक
- बैठक
- व्यवस्थापन खर्च
- अन्य स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार

### ३.२.५ उक्त कार्यक्रम स्वीकृत/सहमति भएको मिति

कृषि विकास मन्त्रालय (सचिवस्तर) को मिति २०६१/०८/२५ को निर्णयानुसार

# ४. कृषि बजार पूर्वाधार स्थापना कार्यक्रम

## ४.१ हाट बजार वा सङ्कलन केन्द्र स्थापना कार्यक्रम

### ४.१.१ परिचय/पृष्ठभूमि

हाट बजार सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका स्थलहरूमा निजी क्षेत्रको अग्रसरता देखिएका हाट बजारहरू सञ्चालनको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ४.१.२ कार्यक्रमको उद्देश्य

हाट बजार सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका स्थलहरूमा हाट बजार सञ्चालन गराउन निजी क्षेत्रलाई सहयोग पुऱ्याउनु ।

### ४.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- बजार स्थापना गर्न उपयुक्त ठाउँमा जग्गाको बन्दोबस्त गरी कृषि उपज स्थलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०५३ अनुसार सञ्चालन समितिको गठन गर्नुपर्नेछ ।
- बजार सञ्चालनको थालनी, आवश्यक प्रचार प्रसार र आइपर्ने व्यवस्थापन एवम् सञ्चालन गर्न जिल्ला कृषि विकास कार्यालयले प्राविधिक सेवा पुऱ्याउनुपर्नेछ ।
- सङ्कलन केन्द्र तथा बजार स्थलमा आवश्यक पर्ने उपकरण तथा पूर्वाधार व्यवस्था गर्न सञ्चालन समितिलाई समेत प्रोत्साहन गर्नुपर्दछ ।

### ४.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

हाट बजार वा सङ्कलन केन्द्र स्थापना गर्दा पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालनको लागि जिल्ला वा स्थानीयस्तरमै साझेदारीमा सम्पन्न गर्न प्राथमिकता दिने । यसमा स्थानीय उपभोक्ताले सेड निर्माण गरिने जग्गाको व्यवस्था गर्नुको साथै कूल लागतको कम्तीमा २५ प्रतिशत खर्च व्यहोर्नुपर्नेछ । बाँकी लागतमा जिल्लाको कृषि हेर्ने निकाय वा स्थानीय तहको कृषि शाखा आफैंले व्यहोर्न सक्नेछ । ठूलो लागत लाग्ने भएमा केन्द्रीयस्तरबाट सञ्चालनका लागि जमिन उपलब्धतासहित अनुरोध गर्नुपर्नेछ ।

### ४.१.५ उक्त कार्यक्रम स्वीकृत/सहमति भएको मिति

कृषि विकास मन्त्रालय (सचिवस्तर) को मिति २०६१/०८/२५ को निर्णयानुसार

## ४.२ ठूला कृषि बजार पूर्वाधार विकास कार्यक्रम

### ४.२.१ परिचय/पृष्ठभूमि

कृषि उपजहरूको बजार पूर्वाधार विकास सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका स्थलहरूमा कृषक समूह/कृषि सहकारी/निजी क्षेत्रको अग्रसरता कृषि उपज बजार पूर्वाधारहरू निर्माण तथा स्तरोन्नतीको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ४.२.२ कार्यक्रमको उद्देश्य

सम्भाव्य देखिएका एवम् अधुरा तथा स्तरोन्नति गर्न उपयुक्त ठहरिएका स्थलहरूमा हाट बजार/सङ्कलन केन्द्र/थोक तथा खुद्रा बजार पूर्वाधार विकास गरी प्रभावकारी बजारिकरणको माध्यमबाट व्यावसायिक एवम् प्रतिस्पर्धी कृषि उत्पादनलाई टेवा पुऱ्याउन कृषक समूह/कृषि सहकारी/निजी क्षेत्रलाई सहयोग पुऱ्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ ।
  - कृषि बजार पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने,
  - लागत सहभागितामा कृषि उपज बजार पूर्वाधार निर्माण गर्ने,
  - कृषि उपज बजारहरूको स्तरोन्नति गर्ने,

- कृषि पूर्वाधार निर्माणका लागि सार्वजनिक जग्गाको उपलब्धता,
- लिजमा लिएको भए जग्गाको स्वामित्व वा कम्तीमा २० वर्षसम्मको भोगाधिकारको प्रमाण पत्र,
- एकीकृत कृषि बजार पूर्वाधार भए सो को निर्माण गर्ने स्थानको उपयुक्तता, कृषि उत्पादनको अवस्था तथा उपभोक्ताहरूको पर्याप्तता,
- जग्गाको चार किल्ला, ट्रेस नक्सा, ब्लू प्रिन्ट तथा जग्गाको अन्य आधिकारिक विवरणहरू,
- निर्माण गरिने कृषि पूर्वाधारको लागत अनुमान तथा डिजाईन इष्टिमेटका साथै व्यावसायिक कार्ययोजना,
- सम्बन्धित स्थानीय तहको आवश्यकता पुष्टि तथा सिफारिस पत्र,
- उत्पादनस्थलदेखि बजारसम्मको सडक सञ्जालको अवस्था राम्रो भएको पुष्ट्याई,
- सम्बन्धित स्थानीय तहको लागत सहभागिताको क्षमता तथा प्रदेश मन्त्रालय तथा अन्य संस्थाहरूले पनि अनुदान दिने भए सो संस्थाहरूको पनि लागत सहभागिताको प्रतिशत,
- विभिन्न कृषि उपज बजारहरूको निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारहरूको विवरण निम्नानुसार हुनुपर्नेछ ।

| क्र.सं. | बजारस्थलको प्रकार | न्यूनतम आवश्यक क्षेत्रफल | | प्राथमिकता प्राप्त पूर्वाधारहरू |
|---|---|---|---|---|
| | | तराई | पहाड | |
| १ | थोक बजार | १.५ विगाह | १ विगाह | कम्पाउण्ड वाल, सटरहरू, एप्रोच रोड, शौचालय, कार्यालय, सूचना केन्द्र, स्टोर/गोदाम, खानेपानी |

| क्र.सं. | बजारस्थलको प्रकार | न्यूनतम आवश्यक क्षेत्रफल | | प्राथमिकता प्राप्त पूर्वाधारहरू |
|---|---|---|---|---|
| | | तराई | पहाड | |
| २ | खुद्रा बजार | २ कठ्ठा | १.५ कठ्ठा | स्टल, स्टोर, खानेपानी, शौचालय |
| ३ | सङ्कलन केन्द्र | ३ कठ्ठा | १.५ कठ्ठा | सेड, तौलिने सुविधा, स्टल, स्टोर, सूचना सञ्चार सुविधा |
| ४ | हाट बजार (सङ्कलन केन्द्र सहितको) | १० कठ्ठा | ४.५ कठ्ठा | सेड, शौचालय, खानेपानी, सूचना सञ्चार सुविधा |
| ५ | हाट बजार (सङ्कलन केन्द्र बाहेकको) | ७ कठ्ठा | ४ कठ्ठा | सेड, शौचालय, खानेपानी |

- बजार पूर्वाधार स्थापना गर्न उपयुक्त ठाउँमा जग्गाको बन्दोबस्त प्रस्तावकले गरी कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ अनुसार सञ्चालन समितिको गठन गर्नुपर्नेछ ।
- बजार पूर्वाधार निर्माण भए पश्चात् दिगो सञ्चालनको सुनिश्चतता भएको हुनुपर्नेछ ।
- बजार सञ्चालनको थालनी, आवश्यक प्रचार प्रसार र आइपर्ने व्यवस्थापन एवम् सञ्चालन गर्न स्थानीय तह/कृषि ज्ञान केन्द्रले प्राविधिक सेवा पुऱ्याउनुपर्नेछ ।
- बजारस्थलमा आवश्यक पर्ने उपकरण तथा पूर्वाधार व्यवस्था गर्न स्थानीय तह/कृषि ज्ञान केन्द्रले सञ्चालन समितिलाई समेत प्रोत्साहन गर्नुपर्दछ ।

## ४.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- हाट बजार/सङ्कलन केन्द्र/थोक तथा खुद्रा बजार पूर्वाधार विकास तथा स्तरोन्नति गर्दा रू. २५,००,०००।- सम्मको पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालनको लागि स्थानीयस्तर/जिल्लास्तरमै साझेदारीमा सम्पन्न गर्न प्राथमिकता दिने। यसमा स्थानीय तह/स्थानीय उपभोक्ताले पूर्वाधार निर्माण गरिने जग्गाको व्यवस्था गर्नुको साथै कूल लागतको कम्तीमा २५ प्रतिशत खर्च व्यहोर्नुपर्नेछ ।
- स्थानीय तहहरूले रू. २५ लाखभन्दा बढी लागत अनुमान गरिएका कृषि बजार पूर्वाधार विकास कार्यक्रमका लागि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रमार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सशर्त वित्तीय सहयोगका आयोजना प्रस्ताव गर्न सक्नेछन् ।

- स्थानीय तहबाट कृषि बजार पूर्वाधार विकासका लागि सशर्त वित्तीय हस्तान्तरणमार्फत कार्यक्रम माग प्रक्रिया तथा प्रस्तावनाको नमुना कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आ.व. २०७७/७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत पठाईएका कार्यक्रमहरूको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन (कृषितर्फ) २०७७ बमोजिम कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन, ललितपुरमा पेश गर्न सकिनेछ ।

# ५. मूल्य सङ्कलन कार्यक्रम

## ५.१ कृषिजन्य वस्तुहरूको मूल्य सङ्कलन कार्यक्रम

### ५.१.१ परिचय/पृष्ठभूमि

कृषिजन्य वस्तुहरूको मूल्य सङ्कलन चार तहमा हुनेछ ती हुन खुद्रा मूल्य सङ्कलन, थोक मूल्य सङ्कलन, सीमावर्ती मूल्य सङ्कलन र कृषकले पाउने मूल्य सङ्कलन। मूल्य सङ्कलन कार्य जिल्ला विशेष अनुसार कार्यक्रममा राखी सम्पन्न गर्नुपर्नेछ। यो कार्य तोकिएको ढाँचामा गर्नुपर्नेछ ।

### ५.१.२ कार्यक्रमको उद्देश्य

- कृषिजन्य वस्तुको मूल्यको प्रवृत्ति जानकारी लिने ।
- कृषकले पाउने मूल्य कृषकको खेतबारीमा लिने ।
- विभिन्न थोक बजारबाट थोक मूल्य सङ्कलन गर्ने ।
- १५ दिनको फरकमा खुद्रा मूल्य लिने ।
- भारतका नजिकका बजारबाट सीमावर्ती मूल्य सङ्कलन गर्ने ।

### ५.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- खुद्रा मूल्य सङ्कलनको हकमा पाक्षिक रूपमा खुद्रा मूल्य सङ्कलन गर्ने ।
- थोक मूल्य सङ्कलनको हकमा तोकिएका १७ वटा जिल्लाहरू झापा, मोरङ, धनकुटा, रौतहत, पर्सा, चितवन, नुवाकोट, काठमाडौं, कास्की, रूपन्देही, कपिलवस्तु, सुर्खेत, बाँके, बर्दिया, डोटी, कैलाली र कन्चनपुर) बाट थोक मूल्य सङ्कलन गर्ने ।
- सिमावर्तिय मूल्य सङ्कलनको हकमा सिमावर्तिय मूल्य सङ्कलन गर्दा तोकिएका बजारहरूबाट निर्दिष्ट फारम अनुसार मासिक रूपमा थोक मूल्य सङ्कलन गर्ने ।

- कृषकले पाउने मूल्य सङ्कलन (Producer Price) को हकमा धान, गहुँ, मकै, अदुवा, अलैंची, कफी, जुट, सुपारी, उखु, दलहन, चिया, माछा, मह, तेलहन आदि कृषि वस्तुको मूल्य सङ्कलन निर्दिष्ट फर्मेट अनुसार प्रमुख पकेट क्षेत्रमा गर्नुपर्नेछ । धान, गहुँ, मकै, दलहन, तेलहन, अलैंची, अदुवाको हकमा बाली भित्र्याएको ३ महिना भित्रमा मासिक रूपमा मूल्य सङ्कलन गर्नुपर्नेछ । अन्य बालीहरूको हकमा बाली भित्र्याएको/बाली तयार भएको समयको मूल्य उल्लेख गर्ने ।
- कृषि उपज बजारको खुद्रा, सिमावर्तिय खुद्रा मूल्य सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने ।
- कृषि सूचना सम्बन्धी प्रविधि विस्तार गरी मुलुक भरी कृषि उपज बजार मूल्यलगायत अन्य क्रियाकलापहरूको प्रचार प्रसार एवम् जानकारी उपलब्ध गराउने ।
- सूचनाको विषयगत क्षेत्र बढाउने, थोक, फार्मगेट मूल्य आदिको विश्लेषण गर्ने ।

### ५.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- खुद्रा मूल्य सङ्कलनको हकमा पाक्षिक रूपमा खुद्रा मूल्य सङ्कलन गर्दा प्रतिपटक रू. १००।- खर्च गर्न सकिनेछ ।
- थोक मूल्य सङ्कलनको हकमा तोकिएका जिल्लाहरूबाट थोक मूल्य सङ्कलन गर्दा प्रति पटक रू. १००।- खर्च गर्न सकिनेछ ।
- यसरी थोक मूल्य सङ्कलन गर्दा प्रति पटक रू. २००।- खर्च गर्न सकिनेछ ।
- कृषकले पाउने मूल्य सङ्कलन (Producer Price) को हकमा यस कार्यको लागि प्रति पटक रू. १००।- खर्च गर्न सकिनेछ । भारतका कृषकहरूसँग मूल्य सङ्कलन गर्दा रू. २००।- प्रति पटक खर्च गर्न सकिनेछ ।

### ५.१.५ उक्त कार्यक्रम स्वीकृत/सहमति भएको मिति

कृषि विकास मन्त्रालय (सचिवस्तर) को मिति २०६१/०८/२५ को निर्णयानुसार

# भाग-ग

# बाली विकास कार्यक्रम

नेपालको अर्थ व्यवस्थामा कृषि क्षेत्रले मुख्य योगदान पुर्‍याउने भएकोले कृषि क्षेत्रको समग्र विकास गरी कृषि उत्पादनमा वृद्धि ल्याउनु ठूलो चुनौतीको विषय हुन गएको छ । यसका लागि उत्पादन वृद्धिमा प्रयोग गरिने कृषि उत्पादन सामग्रीहरू व्यवस्थापन गरी कृषिको प्रति इकाई क्षेत्रमा हुने उत्पादकत्व तथा आर्थिक वृद्धिमा समेत प्रभाव पार्न सकिन्छ । आधुनिक खेती प्रणाली, नयाँ जातहरू कृषकहरूसँग मिनीकीट, प्रदर्शन, तालिम तथा गोष्ठीमार्फत प्रचार प्रसार गर्ने, जिल्लालाई खाद्यान्न र बीउमा आत्मनिर्भर गराई निर्यात गर्ने, व्यवसायमूखी कृषक, कृषक समूह तथा सहकारीलाई गुणस्तरीय बीउ उत्पादनमा संलग्न गर्ने, सिञ्चित क्षेत्रमा बाली सघनता बढाउने, माटोको उर्वराशक्ति बढाउने कार्यक्रम सञ्चालन गर्ने, जिल्ला भित्रका सरकारी, गैह्र सरकारी संस्था एवम् सामूदायिक संघ, संस्थालाई एकीकृत बाली विकास कार्यक्रम भित्र समावेश गर्ने कार्यक्रमहरू बाली विकास कार्यक्रम अन्तर्गत पर्दछन् । कृषि विकासको ऐतिहासिक पृष्ठ भूमिलाई नियाल्दा बाली विकास कार्यक्रम अन्तर्गत अन्न बाली, दलहन बाली, तेलहन बाली तथा नगदे/औद्योगिक बालीहरूको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्न कृषि विकाससँग सम्वद्ध निकायहरूले आ-आफ्नो क्षेत्रबाट आधुनिक प्रविधिको अनुसन्धान एवम् प्रचार/प्रसारमा प्रमुख भूमिका निभाई आइरहेको तथ्य सर्वविदितै छ । फलस्वरूप कृषि क्षेत्रको विकास समयानुसार अघि बढी रहेको भए तापनि विगत एक दुई दशक यता अप्रत्यासित रूपमा जनसङ्ख्या वृद्धि भइरहेकोले सोही अनुपातमा प्रति इकाई जमिनबाट उत्पादकत्वमा अभिवृद्धि गरी कृषि उत्पादनमा थप वृद्धि ल्याउनु अत्यावश्यक भएको छ ।

बाली विकास कार्यक्रम अन्तर्गत खाद्यान्न बाली (धान, मकै, गहुँ जस्ता अन्न) दलहन बाली (मसुरो, चना, भटमास जस्ता दाल) तेलहन बाली (तोरी, सूर्यमूखी, बदाम जस्ता तेल बाली) र औद्योगिक बाली (उखु, जुट, कपास) उत्पादन गरी आत्मनिर्भर गराई निर्यात प्रवर्द्धन गर्न सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान दिने निम्न कार्यक्रमहरू पर्दछन् ।

- नतिजा प्रदर्शन, उत्पादन प्रदर्शन प्याकेज प्रदर्शन, बाली चक्र प्रदर्शन जस्ता प्रदर्शन कार्यक्रम,
- व्यावसायिक बाली उत्पादन कार्यक्रम,
- बाली तथा बीउ आत्मनिर्भर कार्यक्रम,
- सिञ्चित क्षेत्रमा सघन बाली विकास कार्यक्रम,
- माटो तथा मलखाद परीक्षण सेवा कार्यक्रम,

- बीउ परीक्षण सेवा कार्यक्रम,
- कृषि औजार र उपकरणमा सहयोग कार्यक्रम,
- बाली कटानी कार्यक्रम,
- बढी अन्न उत्पादन प्रतियोगिता कार्यक्रम,
- अन्य उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम,

# बाली विकास कार्यक्रम अन्तर्गतका कृषि प्रसार कार्यक्रमहरू

# १. प्रदर्शन कार्यक्रम

## १.१ खाद्यान्न, दाल, तेलहन र कपास बालीका लागि नतिजा प्रदर्शन कार्यक्रम

### १.१.१ परिचय/पृष्ठभूमि

कुनै नयाँ प्रविधिको महत्त्व सिद्ध गरी कृषकहरूलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिणामको लागि यो प्रदर्शन सञ्चालन गरिन्छ । अनुसन्धानद्वारा प्रमाणित भई सिफारिस गरिएका उन्नत प्रविधिको नतिजालाई कृषकको स्थानीय/परम्परागत प्रविधिको नतिजासँग तुलना गरी उन्नत प्रविधिहरू राम्रो र उपयुक्त छ भनेर दाँजेर देखाइने तरिकालाई नतिजा प्रदर्शन भनिन्छ । यस प्रदर्शनको मुख्य उद्देश्य उन्नत प्रविधिहरू पुराना प्रविधिहरूभन्दा राम्रा छन् भनेर कृषकहरूलाई विश्वास दिलाई उन्नत प्रविधिहरू अपनाउन लगाउनु हो । नतिजा प्रर्दशनमा कृषकले आफ्नै हातले प्रदर्शन गर्ने र आँखाले देख्ने हुनाले यसबारे कृषकलाई बढी विश्वास हुने हुँदा कृषकहरूले उन्नत प्रविधिहरू सहजै ग्रहण गर्न सक्दछन् । नतिजा प्रदर्शनमा रासायनिक मल प्रयोग गरी वा प्रयोग नगरी रोपिएको धानको दुई जातका बालीहरू उदाहरणको रूपमा तुलना गर्न सकिन्छ ।यस्तो प्रदर्शनमा कृषकहरूलाई रासायनिक मल प्रयोग नगरिएको बालीभन्दा रासायनिक मल प्रयोग गरिएको बालीबाट उत्पादन बढी भएको भन्ने कुरा कृषकहरूलाई तुलना गरेर देखाउन सकिन्छ । त्यस्तै गरेर उन्नत गहुको बीउ र स्थानीय गहुँको बीउबाट हुने उत्पादन परिणाम पनि दाँज्न सकिन्छ । नतिजा प्रदर्शन गर्नाले दुवै कृषक समुदाय/प्रसार कार्यकर्ताले अन्य कृषकहरूलाई नयाँ प्रविधिबारे पूर्ण विश्वासका साथ जानकारी उपलब्ध गराउन सक्दछन् । नतिजा प्रदर्शन पूरा गर्नलाई लामो समय लाग्ने भए तापनि सो प्रविधिको नतिजा प्राप्त भइसकेपछि प्रविधिहरूलाई कृषक समुदायमा ग्रहण गराउन ज्यादै प्रभावकारी भएको पाइएको छ । यस कार्यक्रमलाई सफल बनाउन राम्ररी कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ । खाद्यान्न बाली, दाल, तेलहन, कपास तथा अन्य बालीहरूमा एकै पटक एक अथवा एकभन्दा बढी प्रविधिहरूको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गर्न सकिन्छ ।

### १.१.२ कार्यक्रमको उद्देश्य

- प्रदर्शित प्रविधि स्थानीय हावापानी सुहाउँदो छ भन्ने कुरा देखाउँदै नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्नु ।
- उन्नत प्रविधि र पुरानो स्थानीय प्रविधिको नतिजा दाँजेर नयाँ उन्नत प्रविधिहरू कृषकहरूलाई ग्रहण गर्न आकर्षण गर्नु ।
- उन्नत प्रविधिको प्रभाव देखाई कृषकहरूलाई आकर्षित गर्नु ।
- कृषकहरूको वातावरणमा उन्नत प्रविधि प्रयोग गरी ग्रहण योग्य छ भन्ने कुराको विश्वास दिलाउनु ।

### १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

नतिजा प्रदर्शनको लागि जग्गा छनौट गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ ।

- सकभर सजिलैसँग निरीक्षण गर्न/गराउन सकिने हिसाबमा सडकको छेउछाउमा हुनुपर्दछ । गाईवस्तुले नोक्सान पुऱ्याउने किसिमको हुनु हुँदैन ।
- नतिजा प्रदर्शन कुनै एक खास समस्यालाई लिएर गर्दा बढी प्रष्ट हुन जान्छ । जस्तै:
    - पङ्क्तिमा रोप्ने विरुद्ध छरुवा पद्धति ।
    - स्थानीय जात विरुद्ध उन्नत जात ।
    - कीटनाशक विषादी छर्ने विरुद्ध नछर्ने ।
    - हरियो मलको प्रयोग विरुद्ध प्रयोग नगर्ने ।
    - रासायनिक मल प्रयोग गर्ने विरुद्ध स्थानीय गोठे मलको मात्र प्रयोग गर्ने आदि ।
- प्रदर्शन सामग्रीको साथमा निम्न कागजातहरू कृषकलाई दिने व्यवस्था मिलाउनुपर्दछ ।
- प्रदर्शन गर्न लागिएको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, मलजल दिने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धि आदि विवरण भएको पर्चा ।
- कृषकको नाम, ठेगाना, बीउ लगाइएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, प्रदर्शन प्रति कृषकको धारणा जस्ता प्रदर्शन गर्दा उपलब्ध भएका विवरणहरू रेकर्ड गर्नुपर्दछ ।
- सबै सामग्री जुटाइसकेपछि कृषकहरूलाई सहभागी गराई प्रदर्शन कार्य गर्नुपर्दछ र सबै कुराहरूको अभिलेख गरेर राख्नुपर्दछ । जस्तैः
    - वर्षा भएको दिन

  - रोगकीरा लागेको भए विवरण ।
- प्रदर्शन प्लटमा निम्न विवरण सहितको बोर्ड राख्ने व्यवस्था गर्नुपर्दछ ।
  - प्रदर्शनको किसिम
  - कृषकको नाम
  - बाली किसिम/जात
  - क्षेत्रफल
  - मलखादको मात्रा
  - आरम्भ गरेको मिति आदि ।
- नतिजा प्रदर्शन प्लटमा कृषकहरू जुटाई समय समयमा अवलोकन भ्रमण गराउनुपर्दछ ।
- नतिजा प्रदर्शन प्लटमा प्रदर्शन गरिएको बालीको रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरूमा पनि विस्तार गर्नुपर्दछ ।

# नतिजा प्रदर्शन गर्दा प्रसार कार्यकर्ताले अपनाउनु पर्ने कार्य प्रणाली

**प्रदर्शन सुरू गर्नुभन्दा अघिको अवस्था**

- नतिजा प्रदर्शनको लागि सरकारद्वारा तयार पारिएको नीति र निर्देशन राम्ररी बुझ्नु पर्दछ ।
- कृषकलाई फाइदा हुने प्रविधि मात्र प्रदर्शन गर्नुपर्दछ ।
- प्रदर्शनले गर्न खोजिएको र सोचिएका उद्देश्यहरूलाई पूरा गर्नुपर्दछ ।
- सहयोगी र प्रगतिशील कृषकलाई प्रदर्शनको लागि छनौट गर्नुपर्दछ ।
- प्रदर्शन राखिने प्लट/जग्गा एकैनास र औसत उर्वराशक्ति भएको हुनुपर्दछ ।
- प्रदर्शन सम्बन्धी आवश्यक जानकारी प्राप्त गर्नुपर्दछ ।
- आवश्यक सामग्री बन्दोवस्त गर्नुपर्दछ ।

**प्रदर्शन सञ्चालन अवधिको अवस्था**

- प्रदर्शनबारे राम्ररी प्रसार गर्ने
- प्रदर्शकसँग सल्लाह गरी छिमेकी कृषकहरूलाई बेलाबेलामा प्रदर्शन स्थलमा भेला र भ्रमण गराउने ।
- प्रदर्शन स्थलमा कृषकहरूलाई भ्रमणको बेला कुराकानी गर्ने मौका दिने ।
- कृषकहरूको उपस्थितिमा प्रदर्शन सञ्चालन नगर्ने ।
- नतिजा प्रदर्शन स्थलमा समय-समयमा निरीक्षण गर्ने ।
- प्रत्येक क्रियाकलापहरूको अभिलेख तयार पार्ने ।

- प्रदर्शन स्थलमा साइनबोर्ड सबैले देख्ने गरी राख्ने ।
- कृषकहरूको उपस्थितिमा नतिजाहरूलाई तुलना गरेर देखाउने ।
- नतिजाबारे कृषकहरूलाई प्रसार गर्न लगाउने ।

**प्रदर्शन पछिको अवस्था**

- पहिले गरिएको प्रदर्शनबाट वरिपरिका क्षेत्रहरूमा कस्तो प्रभाव पर्‍यो सो पत्ता लगाउने ।
- पहिलेको तुलनामा बढी कृषकहरूले अनुसरण गरेमा सो टिप्पणी गर्ने ।
- पहिले गरिएको प्रदर्शनमा राम्रा कुराहरू देखिए अर्को प्रदर्शनमा प्रयोग गर्ने ।
- कृषकहरूलाई मन्तव्य दिन अनुरोध गर्ने ।

## १.१.४ कार्यक्रमको लागि आवश्यक पर्ने नर्म्स

- पहाडमा १ रोपनी र तराईमा २ कठ्ठा क्षेत्रफलमा नतिजा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ । प्रदर्शनको लागि आवश्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्र प्रयोग गरिनेछ ।

# बाली विकास कार्यक्रम अन्तर्गत प्रदर्शन सञ्चालन नर्म्स

## क) तराईका लागि

| बाली | रासायनिक मल सिफारिस मात्रा ना.फ.पो (के.जी./हे.) | सिफारिस बीउ दर (के.जी./हे.) | गर्नुपर्ने क्षेत्रफल (कट्ठा) | | आवश्यक पर्ने बीउ (के.जी.) | | आवश्यक पर्ने रासायनिक मल (के.जी.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.प्र./बा.च.प्र. | | | उ.प्र. | | |
| | | | न.प्र./ बा.च.प्र. | उ.प्र. | न.प्र./ बा.च.प्र. | उ.प्र. | युरिया | डि.ए.पी. | पोटास | युरिया | डि.ए.पी. | पोटास |
| धान (सिञ्चित) | १२०:४०:४० | ४० | २ | ६ | २.६७ | ८ | १५.१२३ | ५.७९७ | ४.४४ | ४५.३७ | १७.३९२ | १३.३३४ |
| धान (असिञ्चित) | ६०:२०:२० | ४० | २ | ६ | २.६७ | ८ | ७.५६ | २.९ | २.२२ | २२.६८ | ८.७ | ६.६७ |
| गहुँ (सिञ्चित) | १२०:५०:५० | १२० | २ | ६ | ८ | २४ | १४.५६ | ७.२५ | ५.५५ | ४३.६७ | २१.७४ | १६.६७ |
| गहुँ (असिञ्चित) | ६०:३०:३० | १२० | २ | ६ | ८ | २४ | ६.९९६ | ४.३५ | ३.३३ | २०.९९ | १३.०४ | १० |
| मकै (हिउँदे+वर्षे) | १२०:६०:४० | २० | २ | ६ | १.३३ | ४ | १३.९८६ | ८.६९६ | ४.४५ | ४१.९६ | २६.०८८ | १३.३३४ |
| जौ, उवा | ६०:३०:३० | ९० | २ | ६ | ६ | १८ | ६.९९ | ४.३४६ | ३.३३ | २०.९८ | १३.०४ | १० |
| फापर | ३०:३०:२० | ५० | २ | ६ | ३.३३ | १० | २.६४ | ४.३४ | २.२२ | ७.९२ | १३.०४ | ६.६६ |
| कोदो | ५०:२०:२० | ५ | २ | ६ | ०.३३ | १ | ६.११२ | २.८९८ | २.२२ | १८.३४ | ८.६९६ | ६.६६ |
| तोरी | ६०:४०:२० | ८ | २ | ६ | ०.५३ | १.६ | ६.४३ | ५.८ | २.२२ | १९.२८ | १७.३९ | ६.६७ |
| रायो | ८०:४०:२० | ८ | २ | ६ | ०.५३ | १.६ | ९.३३ | ५.८ | २.२२ | २७.९८ | १७.३९ | ६.६७ |
| सूर्यमुखी | ६०:४०:२० | १२ | २ | ६ | ०.८ | २.४ | ६.४३ | ५.८ | २.२२ | १९.२८ | १७.३९ | ६.६७ |
| तील | ४०:३०:२० | ५ | २ | ६ | ०.३३ | १ | ४.१ | ४.३५ | २.२२ | १२.२९ | १३.०४ | ६.६७ |
| झुसेतील | ४०:३०:२० | ७ | २ | ६ | ०.४७ | १.४ | ४.१ | ४.३५ | २.२२ | १२.२९ | १३.०४ | ६.६७ |
| कपास | ६०:४०:२० | २५ | २ | ६ | १.६७ | ५ | ६.४३ | ५.८ | २.२२ | १९.२८ | १७.३९ | ६.६७ |
| मास | २०:२०:२० | १५ | २ | ६ | १ | ३ | १.७६ | २.९ | २.२२ | ५.२९ | ८.७ | ६.६७ |
| मुंग | २०:२०:२० | ३० | २ | ६ | २ | ६ | १.७६ | २.९ | २.२२ | ५.२९ | ८.७ | ६.६७ |

| बाली | रासायनिक मल सिफारिस मात्रा ना.फ.पो (के.जी./हे.) | सिफारिस बीउ दर (के.जी./ हे.) | गर्नुपर्ने क्षेत्रफल (कट्ठा) | | आवश्यक पर्ने बीउ (के.जी.) | | आवश्यक पर्ने रासायनिक मल (के.जी.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.प्र./बा.च.प्र. | | | उ.प्र. | | |
| | | | न.प्र./ बा.च.प्र. | उ.प्र. | न.प्र./ बा.च.प्र. | उ.प्र. | युरिया | डि.ए.पी. | पोटास | युरिया | डि.ए.पी. | पोटास |
| मुसुरो | २०:२०:२० | ४० | २ | ६ | २.६७ | ८ | १.७६ | २.९ | २.२२ | ५.२९ | ८.७ | ६.६७ |
| बोडी | २०:४०:३० | ४० | २ | ६ | २.६७ | ८ | ०.६३ | ५.८ | ३.३३ | १.८९ | १७.३९ | १० |
| रहर | २०:४०:३० | २५ | २ | ६ | १.६७ | ५ | ०.६३ | ५.८ | ३.३३ | १.८९ | १७.३९ | १० |
| चना | २०:४०:२० | ६० | २ | ६ | ४ | १२ | ०.६३ | ५.८ | २.२२ | १.८९ | १७.३९ | ६.६७ |
| केराउ | १५:४०:१० | ८० | २ | ६ | ५.३३ | १६ | ०.४७ | ५.८ | १.११ | १.४१ | १७.३९ | ३.३३ |
| भटमास | १०:४०:३० | ५० | २ | ६ | ३.३३ | १० | ०.३१५ | ५.८ | ३.३३ | ०.९४५ | १७.३९ | १० |

**नोट :** १. रासायनिक मलहरू युरिया ४६:०:०, डि.ए.पी. १८:४६:०, पोटास (एम.ओ.पी.) ०:०:६० ।

२. तालिकामा उल्लिखित रासायनिक मलहरूबाहेक अन्य रासायनिक मलको हकमा यसमा उल्लिखित सिफारिस मात्रा अनुसार हुनुपर्नेछ ।

३. न.प्र.=नतिजा प्रदर्शन, उ.प्र.=उत्पादन प्रदर्शन, बा.च.प्र.=बाली चक्र प्रदर्शन, नाफपो=नाईट्रोजन, फस्फोरस, पोटास, १ हे.=२० रोपनी=३० कट्ठा

## ख) पहाड तथा उच्चपहाडका लागि

| बाली | रासायनिक मल सिफारिस मात्रा ना.फ.पो. (के.जी./हे.) | सिफारिस बीउ दर | गर्नुपर्ने क्षेत्रफल (रो.) | | आवश्यक पर्ने बीउ (के.जी.) | | आवश्यक पर्ने रासायनिक मल (के.जी.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.प्र./बा.च.प्र. | | | उ.प्र. | | |
| | | | न.प्र./ बा.च.प्र. | उ.प्र. | न.प्र./ बा.च.प्र. | उ.प्र. | युरिया | डि.ए.पी. | पोटास | युरिया | डि.ए.पी. | पोटास |
| धान (सिंचित) | १२०:४०:४० | ४० | १ | ३ | १.३३ | ४ | ११.३४ | ४.३५ | ३.३३ | ३४.०४ | १३.०५ | ९.९९ |
| धान (असिंचित) | ६०:२०:२० | ४० | १ | ३ | १.३३ | ४ | ५.६७ | २.१७ | १.६७ | १७.०१ | ६.५२ | ५ |
| गहुँ (सिंचित) | १००:४०:४० | १२० | १ | ३ | ४ | १२ | ९.१७ | ४.३५ | ३.३३ | २७.५ | १३.०४ | १० |
| गहुँ (असिंचित) | ६०:३०:३० | १२० | १ | ३ | ४ | १२ | ५.२५ | ३.२६ | २.५ | १५.७४ | ९.७८ | ७.५ |
| मकै (हिउँदे+वर्षे) | १२०:६०:४० | २० | १ | ३ | ०.६७ | २ | १०.४९ | ६.५२ | ३.३३ | ३१.४७ | १९.५७ | १० |
| जौ, उवा | ६०:३०:३० | ९० | १ | ३ | ३ | ९ | ५.२५ | ३.२६ | २.५ | १५.७४ | ९.७८ | ७.५ |
| फापर | ३०:३०:२० | ५० | १ | ३ | १.६७ | ५ | १.९८ | ३.२६ | १.६६ | ५.९४ | ९.७८ | ४.९९ |
| कोदो | ५०:२०:२० | ५ | १ | ३ | ०.१७ | ०.५ | ४.५८ | २.१७ | १.६६ | १३.७५ | ६.५२ | ४.९९ |
| तोरी | ६०:४०:२० | ८ | १ | ३ | ०.२७ | ०.८ | ४.६७ | ४.३५ | १.६७ | १४.०१ | १३.०४ | ५ |
| रायो | ८०:४०:२० | ८ | १ | ३ | ०.२७ | ०.८ | ६.९९ | ४.३५ | १.६७ | २०.९९ | १३.०४ | ५ |
| सूर्यमुखी | ६०:४०:२० | १२ | १ | ३ | ०.४ | १.२ | ४.८२ | ४.३५ | १.६७ | १४.४६ | १३.०४ | ५ |
| तील | ४०:३०:२० | ५ | १ | ३ | ०.१७ | ०.५ | ३.०७ | ३.२६ | १.६७ | ९.२२ | ९.७८ | ५ |
| झुसेतील | ४०:३०:२० | ७ | १ | ३ | ०.२३ | ०.७ | ३.०७ | ३.२६ | १.६७ | ९.२२ | ९.७८ | ५ |
| कपास | ६०:४०:२० | २५ | १ | ३ | ०.८३ | २.५ | ४.८२ | ४.३५ | १.६७ | १४.४६ | १३.०४ | ५ |
| मास | २०:२०:२० | १५ | १ | ३ | ०.५ | १.५ | १.३२ | २.१७ | १.६७ | ३.९७ | ६.५२ | ५ |
| मुंग | २०:२०:२० | ३० | १ | ३ | १ | ३ | १.३२ | २.१७ | १.६७ | ३.९७ | ६.५२ | ५ |
| मुसुरो | २०:२०:२० | ४० | १ | ३ | १.३३ | ४ | १.३२ | २.१७ | १.६७ | ३.९७ | ६.५२ | ५ |
| बोडी | २०:४०:३० | ४० | १ | ३ | १.३३ | ४ | ०.४७ | ४.३५ | २.५ | १.४२ | १३.०४ | ७.५ |

| बाली | रासायनिक मल सिफारिस मात्रा ना.फ.पो. (के.जी./हे.) | सिफारिस बीउ दर | गर्नुपर्ने क्षेत्रफल (रो.) | | आवश्यक पर्ने बीउ (के.जी.) | | आवश्यक पर्ने रासायनिक मल (के.जी.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.प्र./बा.च.प्र. | | | उ.प्र. | | |
| | | | न.प्र./ बा.च.प्र. | उ.प्र. | न.प्र./ बा.च.प्र. | उ.प्र. | युरिया | डि.ए.पी. | पोटास | युरिया | डि.ए.पी. | पोटास |
| रहर | २०:४०:३० | २५ | १ | ३ | ०.८३ | २.५ | ०.४७ | ४.३५ | २.५ | १.४२ | १३.०४ | ७.५ |
| चना | २०:४०:२० | ६० | १ | ३ | २ | ६ | ०.४७ | ४.३५ | १.६७ | १.४२ | १३.०४ | ५ |
| केराउ | १५:४०:१० | ८० | १ | ३ | २.६७ | ८ | ०.३५ | ४.३५ | ०.८३ | १.०६५ | १३.०४ | २.५ |
| भटमास | १०:४०:३० | ५० | १ | ३ | १.६७ | ५ | ०.२४ | ४.३५ | २.५ | ०.७१ | १३.०४ | ७.५ |

**नोट :** १. रासायनिक मलहरू युरिया ४६:०:०, डि.ए.पी. १८:४६:०, पोटास (एम.ओ.पी.) ०:०:६० ।

२. तालिकामा उल्लिखित रासायनिक मलहरूबाहेक अन्य रासायनिक मलको हकमा यसमा उल्लिखित सिफारिस मात्रा अनुसार हुनुपर्नेछ ।

३. न.प्र.=नतिजा प्रदर्शन, उ.प्र.=उत्पादन प्रदर्शन, बा.च.प्र.=बाली चक्र प्रदर्शन, नाफपो.=नाईट्रोजन, फस्फोरस, पोटास, १ हे.=२० रोपनी=३० कट्ठा

### १.१.५ नतिजा प्रदर्शनका फाइदा र वेफाइदाहरू

**फाइदाहरू**

- नतिजा प्रदर्शनले कृषक र प्रसार कार्यकर्तालाई उन्नत प्रविधि प्रति विश्वास बढाउँछ ।
- नयाँ प्रविधिहरूको अनुसरण कृषकहरूले चाँडै गर्दछन् ।
- प्रविधि प्रसार प्रभावकारी ढङ्गले हुन्छ ।

**बेफाइदाहरू**

- नतिजा उपलब्ध गराउन लामो समय लाग्दछ ।
- महङ्गो शैक्षिक तरिका हो ।
- भनिए जस्तो प्रदर्शन स्थल र कृषक पाउन कठिनाइ पर्छ ।

## बाली विशेष नतिजा प्रदर्शन विवरण रेकर्ड फाराम

बाली ..............................    नतिजा प्रदर्शनको किसिम ..........................

उद्देश्य .............................    आवश्यक सामग्रीहरू ...................................

| विवरण | तराई | पहाड | उच्चपहाड |
|---|---|---|---|
| बीउ | १ ........................<br>२ ........................<br>३ ........................ | १........................<br>२........................<br>३........................ | १ ........................<br>२........................<br>३ ........................ |
| मलखाद | नाइट्रोजन<br>फोस्फरस<br>पोटास | नाइट्रोजन<br>फोस्फरस<br>पोटास | नाइट्रोजन<br>फोस्फरस<br>पोटास |
| झारपात नियन्त्रण विषादी | | | |
| कीटानाशक रोगनाशक विषादी | १.......................<br>२....................... | १ .......................<br>२....................... | १.......................<br>२....................... |
| सिँचाइहरू | | | |
| ले-आउट | १ | २ | ३ |

## १.२ खाद्यान्न, दाल र तेलहन बालीका लागि उत्पादन प्रदर्शन कार्यक्रम

### १.२.१ उत्पादन प्रदर्शन

प्रदर्शनमा प्रसार कार्यकर्ता र तालिम प्राप्त अगुवा कृषकद्वारा कृषकहरूको समूहलाई बोलाई उन्नत कृषि प्रविधि, ज्ञान र सीपहरू कसरी प्रयोग गर्नुपर्दछ भन्ने कुराहरू क्रमबद्ध रूपमा सिकाइन्छ । यस प्रदर्शनमा प्रसार कार्यकर्ताले कुनै उन्नत प्रविधिको विषयमा सुरूदेखि अन्त्यसम्म गर्नुपर्ने वा जान्नु पर्ने कुराहरू सिकाउँछ । यसरी क्रमबद्ध रूपमा सिकाइ सकेपछि प्रदर्शनमा सहभागी कृषकहरूले प्रविधिबारे पूर्ण रूपमा जानकारी लिई त्यस्तो प्रविधि ग्रहण गर्न सक्षम हुनुपर्दछ । उदाहरणको लागि धान रोप्ने मेशिनको प्रयोग गरी धानको व्याड राख्ने हो भने धानको बीउ नर्सरीमा तयार गर्नुपर्दछ र यसको लागि प्रसार कार्यकर्ताले कृषकहरूलाई माटोको तयारी, मलखाद मिसाउने, झारपात हटाउने, कीटनाशक विषादी राख्ने, नर्सरीको तयारी गर्ने, बीउ रोप्ने आदि क्रमबद्ध रूपमा उन्नत प्रविधि कृषकहरूलाई प्रयोगात्मक रूपमा सिकाइने हुँदा उनीहरूले राम्ररी बुझ्न सक्दछन् र प्रसार कार्यक्रम प्रभावकारी हुन सक्दछ ।

नतिजा प्रदर्शनभन्दा बढी क्षेत्रफल जग्गामा उन्नत तरिका र साधन प्रयोग गरेर बढी उत्पादन लिने हिसाबले कृषकहरूलाई प्रोत्साहित गर्न उत्पादन प्रदर्शन सञ्चालन गरिन्छ । साथै यसमा बाली विशेष उन्नत प्रविधि एवम् साधनहरू संयुक्त रूपमा प्रयोग गर्न सघाउ पुऱ्याउन पनि यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.३.२ कार्यक्रमको उद्देश्य

- बाली विशेष अपनाउनु पर्ने विशेष प्रविधिहरूको संयुक्त प्रयोगको उपयुक्तता देखाई कृषकहरूलाई उक्त बाली प्रविधितर्फ आकृष्ट गराउनु ।
- कृषकहरूलाई उन्नत प्रविधिबारे ज्ञान उपलब्ध गराउनु ।
- सिफारिस गरिएका प्रविधिबारे कृषकहरूलाई विश्वास र चाख उत्पन्न गराई प्रविधि ग्रहण गर्न लगाउनु ।
- उन्नत प्रविधिहरूलाई द्रुत गतिले प्रसार गराउनु ।

### १.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

नतिजा प्रदर्शनको लागि जस्तै प्रदर्शन क्षेत्र छनौट गरी कृषकको सहभागितामा आरम्भ गर्नुपर्दछ र यो प्रदर्शनलाई चिनाउने गरी संक्षिप्त विवरण सहितको बोर्ड राख्ने व्यवस्था मिलाउनुपर्दछ । धेरै सङ्ख्यामा सञ्चालन गर्न विभिन्न कठिनाई हुने हुँदा जे जति गरिन्छ त्यसलाई स्तरीय तुल्याई वहुसङ्ख्यक कृषकहरूलाई लाभान्वित गराउन बाली कटाई (Harvesting) को वेला २०-२५ जना कृषकहरू जुटाएर देखाउनुपर्छ ।

# उत्पादन प्रदर्शन कार्यक्रममा प्रसार कार्यकर्ताले अपनाउनु पर्ने कार्य प्रणाली

## सुरू गर्नु भन्दा पहिलेको अवस्था

- वस्तुस्थितिको विश्लेषण गर्ने (कृषकहरूको शिक्षा, चाहना, आवश्यकता, सामाजिक संस्कार, माटो, बाली-प्रणाली, बजार व्यावस्थापन, साधन स्रोत, सञ्चालन गर्नका लागि उपयुक्त क्षेत्र ।
- प्रदर्शनलाई आवश्यक सामग्री जुटाएर राख्ने ।
- क्रमबद्ध रूपले प्रदर्शन गर्न योजना तयार गर्ने ।
- सरल र स्पष्ट रूपले सिकाउन पूर्वाभ्यास गर्ने ।
- सबैको लागि उपयुक्त र पायक पर्ने स्थानको छनौट गर्ने ।

## सुरू गर्दाको अवस्था

- उपस्थित सबै कृषकहरूलाई मिलाएर राख्ने (प्रदर्शनकर्तालाई सबै सहभागी कृषकहरूले राम्ररी देख्न सकुन्) ।
- प्रदर्शनको महत्त्व र उद्देश्यबारे कृषकहरूलाई जानकारी दिने ।
- मुख्य कुराहरूलाई बढी जोड दिई यसको महत्त्वबारे प्रकाश पार्ने ।
- प्रदर्शनलाई सबै कृषकले देख्न र सुन्न सकेका छन् छैनन् पत्ता लगाउने ।
- आवश्यक परेमा कृषकहरूको पनि सहयोग लिने ।
- कृषकलाई सोधपुछ र सुझाव दिन अनुरोध गर्ने ।
- कृषकका राम्रा कुराहरूलाई प्रशंसा गर्ने र सुन्ने ।
- मुख्य-मुख्य बुँदाहरूलाई अन्त्यमा दोहोर्याउने।
- यस सम्बन्धी लिफलेट र पम्पलेट भए कृषकलाई वितरण गर्ने ।
- सहभागी कृषकहरूको नाम र ठेगाना नोट गर्ने ।
- अन्त्यमा धन्यवाद ज्ञापन गरी बिदाइ गर्ने ।

## प्रदर्शन पछिको अवस्था

- प्रदर्शनमा केही कमी कमजोरीहरू भए अर्को पटकको प्रदर्शनमा सुधार गर्ने ।
- कृषकहरूलाई प्रदर्शनमा सिकाए अनुरूप उनीहरूले प्रविधि अनुसरण गरे वा गरेनन् पत्ता लगाउने ।
- कृषकलाई आफ्नो बारीमा प्रदर्शन गरेको प्रविधिमा केही कमी कमजोरी भएमा तत्कालै सुधार गर्न सल्लाह दिने ।
- कृषकले प्रदर्शन स्थलमा निम्त्याएको खण्डमा उपस्थित हुने ।

### १.२.४ कार्यक्रम सञ्चालनको लागि आवश्यक न्यूनतम क्षेत्रफल

पहाडमा ३ रोपनी र तराईमा ६ कठ्ठा क्षेत्रफलमा उत्पादन प्रदर्शन सञ्चालन गरिनेछ । प्रदर्शनको लागि आवश्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्रामा प्रयोग गरिनेछ ।

### १.२.५ उत्पादन प्रदर्शन कार्यक्रमका फाइदा वेफाइदाहरू

**फाइदाहरू**

- धेरै कृषकहरूले एकै समयमा उन्नत प्रविधिहरू सिक्न सक्छन् ।
- कृषकले स्वयम् आँखाले देख्ने हुनाले विश्वास भई नयाँ प्रविधि अपनाउन आत्मवल बढ्दछ ।
- थोरै समय र लागतमा धेरै कुराहरूलाई सिकाउन सकिन्छ ।
- पढ्न, लेख्न नजान्ने कृषकहरूलाई यो माध्यम प्रभावकारी हुन्छ ।

**बेफाइदाहरू**

- प्रयोगात्मक सीपहरू मात्र सिकाउन सकिन्छ ।

## १.३ बाली चक्र (Cropping Pattern) प्रदर्शन कार्यक्रम

### १.३.१ परिचय/पृष्ठभूमि

उत्पादनका लागि चाहिने सबै साधनहरू प्रयोग गरी जिल्ला/स्थानीय तहमा सञ्चालित सिँचाइ आयोजना वा बाह्रै महिना सिँचाइ हुन सक्ने क्षेत्रहरूमा पकेटको रूपमा सघन बाली चक्र प्रणाली अपनाई बाली उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.३.२ कार्यक्रमको उद्देश्य

- मलखाद, उन्नत बीउ, एकीकृत बाली संरक्षण, सिँचाइ एवम् आधुनिक प्राविधिक प्याकेजको रूपमा प्रयोग गरी बाली सघनता तथा उत्पादकत्व वृद्धि गर्न कृषकहरूलाई अभिप्रेरित गर्नु ।
- वर्षैभरी सिँचाइ हुन सक्ने क्षेत्रमा उपलब्ध विभिन्न प्रविधिहरूको साथ साथै उपयुक्त बाली चक्रको एकीकृत रूपमा प्रयोग गरी कृषकहरूलाई बाली सघनता ३०० प्रतिशत पुऱ्याउन र उत्पादकत्व वृद्धि गर्न उत्प्रेरित गर्नु ।

### १.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- नतिजा प्रदर्शनमा जस्तै उत्पादन क्षेत्र छनौट गरी कृषकको सहभागितामा यो कार्यक्रम आरम्भ गर्नुपर्दछ । यस्तो प्रदर्शन सम्भव भएसम्म हरेक पकेट क्षेत्रमा कृषि अनुसन्धान केन्द्रहरूबाट सिफारिस गरिएको प्रविधिको आधारमा वर्षैभरी सञ्चालन गरी त्यहाँ कृषक भ्रमणसमेत गराई वहुसङ्ख्यकलाई लाभान्वित तुल्याउनु पर्दछ ।

- बाली अनुसार गरिने विभिन्न क्रियाकलापहरूको रजिष्टरमा अभिलेख राख्नुपर्दछ ।
- प्रदर्शन सामग्रीको साथमा प्रदर्शनमा प्रयोग हुने बाली चक्र, हरेक बालीको नाम तथा जात, बीउको स्तर, बीउ लगाउने समय, मलजल दिने समय, कटानी गर्ने समय, विभिन्न बालीहरूको अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धि आदि विवरण भएको पर्चा कृषकहरूलाई दिने व्यवस्था मिलाउनुपर्दछ ।
- कृषकको नाम, ठेगाना, लगाइएको बाली चक्र बाली लगाइएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, प्रदर्शन प्रति कृषकको धारणा बालीहरूको उत्पादन प्रदर्शन गर्दा उपलब्ध भएका विवरणहरू रेकर्ड गर्नुपर्दछ ।
- यसको लागि आवश्यक पर्ने सामग्री यकिन गरी उपलब्ध गराउनुको साथै प्रदर्शन प्लटमा निम्न विवरण सहितको बोर्ड राख्ने व्यवस्था गर्नुपर्दछ ।
    - प्रदर्शनको नाम
    - कृषकको नाम
    - प्रयोग गरिएको बाली चक्र
    - प्रदर्शन क्षेत्रफल
    - बीउको स्तर
    - मलखादको मात्रा
    - बाली लगाइएको मिति
    - प्रदर्शन सुरू गरेको मिति आदि ।
- प्रदर्शन प्लटमा हरेक बाली चक्र हेरेर सिजनमा कृषकहरू जुटाई अवलोकन गराउनुपर्दछ ।
- बाली कटाई (Crop Cutting) को वेलामा २०-२५ जना कृषकहरू जुटाएर उत्पादन नतिजा देखाउनुपर्दछ ।

### १.३.४ कार्यक्रमको नर्म्स

प्रदर्शन कार्यक्रमको प्रकृति अनुसार उपरोक्त प्रदर्शन कार्यक्रम सञ्चालनका लागि सिफारिस दर मात्रामा प्रदर्शन सामग्रीहरूको प्रयोग गर्नुपर्नेछ ।

## १.४ उन्नत बीउ कीट वितरण कार्यक्रम

### १.४.१ परिचय/पृष्ठभूमि

कुनै पनि नयाँ/उन्नत बीउहरूको अनुसन्धान केन्द्र तथा कृषकको घरबारीमा जातीय परीक्षण गरी सिफारिस भएका नयाँ जातहरूलाई अथवा भविष्यमा सिफारिस हुन सक्ने नयाँ/उन्नत जातहरूलाई कृषकको वातावरणमा पुऱ्याई यथाशक्य चाँडो विस्तार गर्न र आवश्यक सुधारको लागि

कृषकहरूबाट थप जानकारी र प्रतिक्रिया सङ्कलन गरिने कार्यक्रमलाई उन्नत बीउ कीट वितरण भनिन्छ । उन्नत बीउ कीट कार्यक्रम हाम्रो देशमा स्थानीय तहमा रहेको कृषि शाखाले सञ्चालन गर्ने भए तापनि यसको सम्पूर्ण कार्यान्वयन भने कृषकले आफ्नै वातावरणमा गर्दछन् ।

नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने उन्नत बीउ कीटलाई अनुसन्धानकर्ता र प्रसार कार्यकर्ताहरूले आफ्ना-आफ्नै किसिमले प्रयोग गर्दै आएको पाइएको छ । अनुसन्धान कर्ताहरूले मिनिकीटलाई नयाँ सिफारिस भएका वा पाइप लाइन (Pipeline) मा रहेका जातहरूलाई कृषकको प्रतिक्रिया सङ्कलन गर्ने उद्देश्यले प्रयोग गर्दछन् । जबकि प्रसार प्राविधिकहरूले उन्नत बीउ कीटद्वारा नयाँ जातहरूलाई कृषकको जग्गामा प्रदर्शन गराई विस्तार गर्ने एक प्रसार माध्यमको रूपमा प्रयोग गरेको देखिन्छ । उन्नत बीउ कीटबाट कृषि प्रविधिको प्रसार र मूल्याङ्कन एकै पटक गरिने हुँदा यो कार्यक्रम कम खर्चिलो र प्रभावकारी हुन्छ ।

कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको बीउलाई सोही स्थानको आवहवासँग मिल्ने अन्य कुनै ठाउँमा उन्नत बीउ कीट वितरणमार्फत विस्तार गर्नसमेत यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.४.२ कार्यक्रमको उद्देश्य

- कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरूलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु ।
- परीक्षण केन्द्रमा उपयुक्त ठहर भएका नयाँ/उन्नत जातहरू कृषकको घरबारीमा पुऱ्याई विस्तार गर्ने र सो जातबारे अनुसन्धानकर्ताले कृषकको प्रतिक्रिया जानकारी प्राप्त गर्ने ।
- कृषकलाई हुने सम्भाव्य नोक्सानीबाट जोगाउने र आवश्यक नोक्सानी पुऱ्याउने कुराहरूलाई सुधार गर्ने ।
- कृषकहरूलाई राम्रो जात र प्रविधिहरू उनीहरूलाई नै छनौट गर्ने अवसर दिने ।
- नयाँ जातबारे कृषक र प्रसार कार्यकर्ताहरूलाई उपयोग गर्न विश्वास बढाउने ।

## १.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कुनै एक ठाउँमा लोकप्रिय देखिएका गुणस्तरीय बीउ खरिद गरी स-साना प्याकेटमा राखी निम्न कागजातहरू संलग्न राखी कृषकहरूलाई वितरण गर्नुपर्दछ ।
- बीउको जात, बीउ लगाउने समय, मल हाल्ने समय, सिँचाइ गर्ने र कटानी गर्ने समय, अनुमानित उत्पादन, बीउ उपलब्ध हुने क्षेत्रहरू आदि विवरण भएको कागजातबाट सो बारे कृषकहरूलाई जानकारी गराउनुपर्दछ ।

- कृषकको नाम, ठेगाना, बीउ लगाइएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, बीउप्रति कृषकको धारणा जस्ता विवरणहरू रेकर्ड गर्नुपर्दछ ।
- कृषकले मन पराएमा सोही बीउबाट क्षेत्र विस्तार हुन्छ ।
- प्रदर्शनलाई स्थानीय वातावरण अनुकूल हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- मिनीकीट वितरणको विशेष उद्देश्यबारे स्पष्ट गर्ने ।
- सहयोगी र प्रगतिशील कृषकलाई उन्नत कीट प्रयोगको लागि छनौट गर्ने ।
- साधारणतया हानि-नोक्सानी सहन सक्ने कृषकलाई छान्नु उपयुक्त हुन्छ ।
- परीक्षणस्थल बाटोको नजिक हुनुपर्दछ ।
- कार्यक्रम सञ्चालन गर्दा सुरूको अवस्थादेखि अन्त्यसम्मको अवस्थामा प्रसार कार्यकर्ताको उपस्थिति हुनु आवश्यक छ ।
- प्रसार कार्यकर्ताले कार्यक्रम स्थलमा समय-समयमा भ्रमण गरी प्रत्येक भ्रमणको अभिलेख तयार पार्दै जानुपर्दछ ।
- रोपिएको मिति, खेतीमा लागेको लागत मूल्य, जग्गाबाट प्राप्त भएको खुद आम्दानी र आवश्यक जानकारीहरूको अभिलेख तयार गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

### १.४.४ कार्यक्रमको सञ्चालनको लागि आवश्यक क्षेत्रफल

बाली अनुसार पहाडमा बढीमा १ रोपनी र तराईमा बढीमा १.५ कट्ठा क्षेत्रफलमा उन्नत बीउ कीट वितरण गर्न सकिनेछ ।

# २. बाली उत्पादन प्रतियोगिता कार्यक्रम

## २.१ खाद्यान्न बाली उत्पादन प्रतियोगिता कार्यक्रम

### २.१.१ परिचय/पृष्ठभूमि

कृषि प्रसारको सिद्धान्त अनुसार कृषकलाई मानसिक रूपमा प्रोत्साहन गरेपछि मात्र उसलाई नयाँ प्रविधि अपनाउने वातावरण दिन सकिने हुँदा मुलुकका कृषकहरूलाई उन्नत प्रविधि अपनाउनतर्फ अग्रसर गराई अधिक उत्पादन र प्रतिस्पर्धात्मक खेती गराउन यो प्रतियोगिता सञ्चालन गरिन्छ । यस्ता प्रतियोगीहरूले कृषि प्राविधिकको राय सल्लाह अनुसार खेती गर्दछन् ।

### २.१.२ कार्यक्रमको उद्देश्य

- कृषकलाई आफूले गरेको काम वापत सम्मान र कदरसमेत दिएर प्रोत्साहन गर्नु ।
- बढी उत्पादन भित्र्याउने अभिलाषा पूरा गर्दै कृषकलाई आत्मविश्वास दिलाउनु ।

### २.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विषयगत प्रतियोगिता सञ्चालन सम्बन्धी कार्यविधि सम्बन्धित प्रतियोगिता अन्तर्गत दिइएको छ । प्रतियोगिता निष्पक्ष र उद्देश्यमूखी बनाउनु पर्दछ भन्ने कुरामा जोड दिनुपर्नेछ ।
- खाद्यान्न बाली उत्पादन प्रतियोगितामा कम्तीमा १० जना सहभागी कृषकहरूले भाग लिएको हुनुपर्छ । १० भन्दा कम कृषकले भाग लिएमा त्यस्तो प्रतियोगिताले मान्यता पाउँदैन । तर कार्यरत कृषि प्राविधिकले कति जनालाई सहभागी बनाउन सक्दछन् सो क्षमताको आधारमा कृषक सङ्ख्या तोक्नु वान्छनीय हुनेछ ।
- प्रतियोगितामा भाग लिन चाहने कृषकहरूले बाली लगाउनुभन्दा एक महिना अगाडि बालीको जात, बीउ उपलब्ध गर्ने स्रोत, उत्पादन बढाउन अपनाइने उन्नत प्रविधि इत्यादि खोलिएको निवेदन दरखास्त फाराम (संलग्न नमुना अनुसार) भरी जिल्लास्थित प्राविधिक शाखामा दर्ता गराउनुपर्दछ ।
- यसरी दर्ता भएका नामावली प्राविधिक शाखाका प्रमुखले रुजु गरी बाली लगाउनु अगावै गहुँ बालीको लागि पौषसम्म, मकै बालीको लागि चैत्रसम्म र धान बालीको लागि आषाढसम्ममा सङ्कलन गरी सक्नुपर्नेछ ।
- प्रतियोगी कृषकले उन्नत प्रविधि अपनाई खेती गर्नुपर्दछ । सो गरेको नगरेको सम्बन्धमा प्राविधिक शाखाबाट समय समयमा बाली लगाइएको प्लटको निरीक्षण गरी रिपोर्टिङ भई रहनु पर्नेछ ।
- बाली तयार भएपछि प्रतियोगी कृषकले बाली कटानी गर्ने दिन किटान गरी सम्भव भएसम्म लिखित सूचना प्राविधिक शाखालाई दिनुपर्दछ ।
- साना किसानले पनि भाग लिन सकुन भन्ने दृष्टिकोण राखी यो प्रतियोगिता पहाडमा ३ रोपनी र तराईमा ६ कठ्ठा जग्गामा सञ्चालन गर्दा उपयुक्त हुनेछ ।
- कृषि प्राविधिकले १ दिनमा बढीमा ३ जनाको प्रतियोगिताको कटानी चुटानी आदि कार्य गर्ने गरी तालिका बनाउनुपर्दछ ।
- स्थानीय तहको विभिन्न भू-वातावरण (Ecology) लाई प्रतिनिधित्व हुने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- सहभागी हुन इच्छुक कृषकले प्राविधिक शाखामा अग्रिम निवेदन दिनु पर्ने र निवेदक कृषकलाई छनौटका आधार तथा अन्य प्रक्रियाबारे प्राविधिक शाखाले अग्रिम जानकारी दिई आवश्यकता अनुसार कृषकबाट रेकर्डसमेत Maintain गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।
- सहभागी कृषकहरूको क्रियाकलापबारे प्राविधिक शाखाबाट अनुगमन गर्नुपर्नेछ ।
- बाली विशेष अनुसारको उत्पादन सिलिङ नाघेको नतिजालाई मान्यता दिइने छैन ।
- हाइब्रिड जातलाई प्रतियोगितामा समावेश नगराउने ।

**मूल्याङ्कन प्रक्रिया:**

देहाय बमोजिम मूल्याङ्कन गरिनेछ ।

(क) उत्पादन मूल्याङ्कन (८० प्रतिशत)

उत्पादन रेकर्ड लिँदा नजिकैको अन्य कृषकहरूको समेत उपस्थिति हुनुपर्ने ।

(ख) कृषकको कार्य व्यवहार (२० प्रतिशत)

- कृषकको व्यावसायिकता उद्यमशीलता

  उत्तम ५, मध्यम ४, सामान्य ३
- उन्नत प्रविधिबारे ज्ञान तथा अनुसरण (बीउ, मलखाद, सिँचाइ, बाली संरक्षण)

  उत्तम ५, मध्यम ४, सामान्य ३
- कृषकको अग्रसरता

  उत्तम ५, मध्यम ४, सामान्य ३
- सम्पर्क तथा समन्वय (कृषक, सम्बन्धित संस्था)

  उत्तम ५, मध्यम ४, सामान्य ३

प्रतियोगितामा लगाइएको बालीको कटानी (चुट्ने, उत्पादनको तौल लिनेसमेत कार्य गर्दा) प्राविधिक शाखा अथवा निजको प्रतिनिधिले निम्न व्यक्तिहरूको रोहवरमा गराउने व्यवस्था मिलाउनुपर्दछ ।

- सम्बन्धित प्रा.स./ना.प्रा.स. (कृषि प्राविधिक) ..............................
- प्रतियोगी कृषक ................................................
- सँधियार कृषक (२ जना) ......................

# खाद्यान्न बाली उत्पादन प्रतियोगितामा भाग लिने कृषकले भर्ने निवेदन फाराम

श्री प्राविधिक शाखा, ...............................

नेपाल सरकार, .............स्थानीय तहको प्राविधिक शाखाको लागि प्रतियोगिताको नियम अनुसार यहि सालको बढी अन्न उत्पादन प्रतियोगितामा भाग लिन इच्छुक भएको हुँदा मेरो/हाम्रो नाम दर्ता गरी पाउन अनुरोध गर्दछु/गर्दछौं। प्रतियोगिताको लागि मैले/हामीले लगाएको बाली कटानी गर्नुभन्दा कम्तीमा १५ दिन अगावै मेरा/हाम्रो क्षेत्रमा काम गर्नु हुने प्रा.स./ना.प्रा.स. सँग बाली काट्ने दिन निश्चत गरी प्रतियोगिताको नियममा उल्लेख भए बमोजिम निम्नानुसार महानुभावहरूको सामुन्ने नमुनाको लागि छानिएको जग्गाबाट बाली काटी, चुटी हुन आएको उब्जनीको परिमाण दिन मेरो/हाम्रो मन्जुरी भएको र प्राविधिक शाखा वा सम्बन्धित प्रा.स./ना.प्रा.स. को अनुमति विना अगावै बाली नकाट्नसमेत मन्जुरी छ। यदि काटेमा प्रतिस्पर्धाबाट बाहिरिए पनि मन्जुरी भएकोले उक्त प्रतियोगितामा भाग लिन पाउन अनुरोध गर्दछु/गर्दछौं।

........................
निवेदक कृषकहरू
मिति ...............

कृषकको नाम ................................................
गा.पा./न.पा. ..................................................
वडा नं. ..........................................................

**प्रतियोगितामा लगाउने बीउको**

नाम ..............................................................
जात ..............................................................
परिमाण .........................................................
कहाँबाट प्राप्त गर्ने ............................................
बाली लगाउने ठाउँको नाम ................................

**बाली कटानी गरी तौल निकालिँदा उपस्थित हुनेहरू**

कृषि शाखाको प्रमुख वा निजको प्रतिनिधि श्री ..............................................
सम्बन्धित सदियार कृषक श्री .......................................................................
प्रतियोगी कृषक श्री ...........................................................................................

# बढी अन्न उत्पादन रेकर्ड फाराम

बालीको नाम ..........................................................जिल्ला ................................................

स्थनीय तहः ................................................आ.व. ..........................................................

| क्र. सं. | कृषकको नाम | कृषकको ठेगाना | लगाएको जात | नमुना प्लटको उत्पादन (ग्राम) | | | | | | ५ वटै प्लटबाट मिसाई लिएको नमुनाको (ग्राम) १२ प्रतिशत चिस्यानमा म्वाइस्चर मिटर भएको | के.जी. बाट जर्ति कटाई आएको तौल (ग्राम) १०(१५ घाम सुकाएपछि | १२५ वर्ग फिटबाट प्रास खास तौल (ग्राम) | उत्पादन के.जी. प्रति हेक्टर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्लट नं. १ २५ व.फि. | प्लट नं. २२५ व.फि. | प्लट नं. ३२५ वफि | प्लट नं. ४ २५ व.फि. | प्लट नं. ५ २५ व.फि. | कूल १२५ व.फि. | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

उपयुक्त अन्न बाली कटानी गरी तौल निकालिंदा उपस्थित हुनेहरूको नाम, दस्तखत र मिति

१.

२.

३.

कम्पाइलेशन गर्ने. . . . . . . . . . . जाँच गर्नेको . . . . . . . . . . . सदर गर्ने . . . . . . . . . . . .

### २.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

खाद्यान्न बाली उत्पादन प्रतियोगितामा विजयी हुने किसानहरूलाई प्रथम, द्वितीय, तृतीय र प्रोत्साहन गरी पुरस्कार दिन जिल्लास्थित कृषि कार्यालय वा स्थानीय तहले कृषकहरूलाई प्रोत्साहन स्वरूप आफ्नो नियमानुसार पुरस्कार दिन सक्नेछन् ।

### २.१.५ समावेश गरिने बालीहरू

तराई: धान, गहुँ,

मध्यपहाड: धान, मकै, कोदो, लट्टे

उच्चपहाड: आलु, फापर, चिनो, कागुनो

# ३. औद्योगिक बाली विशेष कार्यक्रम

## ३.१ उखु औद्योगिक बाली विशेष कार्यक्रम

### ३.१.१ परिचय/पृष्ठभूमि

यस कार्यक्रम सम्बन्धित प्राविधिक शाखाका प्रमुखले उखुबाली अनुसन्धान कार्यक्रम, चिनी मिल र उखु उत्पादक संघका प्राविधिक तथा कृषकहरूको सहयोगमा एवम् समन्वयमा सञ्चालन गर्नेछ ।

### ३.१.२ कार्यक्रमको उद्देश्य

उखुबाली अनुसन्धान कार्यक्रम, चिनी मिल र उखु उत्पादक संघका प्राविधिक तथा कृषकहरूको सहयोगमा एवम् समन्वय गर्न ।

### ३.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- यस कार्यक्रम स्थानीय तहको प्राविधिक शाखाले एक आर्थिक वर्षमा बढीमा दुई वटा मात्र सञ्चालन गर्न सक्नेछ । यस बुँदाले सोही प्लटमा दोस्रो र तेस्रो वर्ष सञ्चालन गर्न Ratoon Management, धनियाँ लगाउने तालिम सञ्चालन क्रियाकलापलाई गणना गरिने छैन ।
- यस प्रदर्शनमा अन्तरबालीको रूपमा पहिलो वर्ष आलु वा कोशे बाली तथा दोस्रो र तेस्रो वर्ष धनियाँ लगाउनु पर्नेछ ।
- यस उखुबालीको उत्पादकत्व तथा गुणस्तर अभिवृद्धि कार्यक्रमको कार्यविधि तथा नर्म्समा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन गर्दा सिलसिलेवार रूपमा प्रत्येक कार्य गर्नुपर्नेछ ।

## ३.१.४ कार्यक्रमको प्राविधिक नर्म्स (६ कट्ठा जमिनको लागि)

| क्र.सं. | मुख्य क्रियाकलाप | क्रियाकलाप/कार्यविधि | इकाई | परिमाण |
|---|---|---|---|---|
| १. | कृषक समूह गठन | कृषक समूह गठन तथा परिचालन | पटक | १ |
| | | जम्मा | | |
| २. | कृषक समस्या पहिचान तथा समाधान गोष्ठी | गोष्ठी सञ्चालन भत्ता (कृषि शाखा प्रमुख, वडा अध्यक्ष) | जना | २ |
| | | गोष्ठी सञ्चालन भत्ता (प्रा.स. वा ना.प्रा.स.) | जना | ३ |
| | | सहभागी | जना | २५ |
| | | स्टेशनरी | | |
| | | कपी | गोटा | ३० |
| | | सिसाकलम | गोटा | ३० |
| | | पेन्सिल सार्पनर | गोटा | ३० |
| | | इरेजर | गोटा | ३० |
| | | मार्कर पेन | गोटा | २ |
| | | ब्राउन पेपर | गोटा | ५ |
| | | चार्ट पेपर | गोटा | ५ |
| | | रजिष्टर | गोटा | १ |
| | | डटपेन | गोटा | ४ |
| | | खाजा | जना | ३० |
| | | पेपर स्टायण्ड | गोटा | १ |
| | | जम्मा | | |
| ३. | प्रदर्शन तथा तालिम | कृषकको खेतमा गरिने प्रदर्शनको डिजाइनिङ | पटक | १ |
| | | कार्य तालिका | पटक | १ |
| | | कार्य तालिका सम्बन्धित चिनी मिलमा पठाउने | पटक | १ |
| | | जग्गा तयारी | कट्ठा | ६ |
| | | उखु बीउ खरिद | क्वी. | १।८३ |
| | | उखु बीउ कटाइ | क्वी. | १।८३ |
| | | बीउ प्याकिङ तथा ढुवानी (अधिकतम) | पटक | १ |
| | | बीउ उपचार | ग्राम | ३० |
| | | माटो नमुना संकलन तथा परिक्षण | सङ्ख्या | ५ |
| | | माटोको उपचार (थीमेट) | के.जी. | ५ |
| | | प्राङ्गारिक मल (माटोको उर्वराशक्तिमा भइरहेको ¥हासलाई नजर राखी प्राङगारिक मलको पयोगमा बृद्धि ल्याउन) | क्वी. | ३।३३ |
| | | डि.ए.पी. | के.जी. | ४।४४ |
| | | युरिया | के.जी. | ४।५६ |

| क्र.सं. | मुख्य क्रियाकलाप | क्रियाकलाप/कार्यविधि | इकाई | परिमाण |
|---|---|---|---|---|
| | | पोटास | के.जी. | २।२२ |
| | | जीङ्क | के.जी. | ०।५० |
| | | उखुरोपाइ तथा तालिम | पटक | १ |
| | | सहभागी | जना | ३० |
| | | स्टेशनरी | | |
| | | कापी | गोटा | ३० |
| | | सिसाकलम | गोटा | ३० |
| | | पेन्सिल सार्पनर | गोटा | ३० |
| | | इरेजर | गोटा | ३० |
| | | मार्कर पेन | गोटा | २ |
| | | ब्राउन पेपर | गोटा | ५ |
| | | चार्ट पेपर | गोटा | ५ |
| | | रजिष्टर | गोटा | १ |
| | | डटपेन | गोटा | ४ |
| | | खाजा | प्याकेट | ३० |
| | | प्रशिक्षक भत्ता | जना | २ |
| | | उखु रोपाइ ज्याला खर्च | पटक | १ |
| | | गोडमेल | पटक | २ |
| | | टप ड्रेसिङ्ग युरिया रोपेको ६०–७५ दिनभित्र | के.जी. | २।२९ |
| | | टप ड्रेसिङ्ग युरिया माटो चढाउने बेला | के.जी. | २।२९ |
| | | माटो चढाउने | पटक | १ |
| | | तालिम (Mid Season) तथा डाटा लिने | पटक | १ |
| | | सहभागी | जना | ३० |
| | | मार्कर पेन | गोटा | १ |
| | | ब्राउन पेपर | गोटा | ५ |
| | | चार्ट पेपर | गोटा | ५ |
| | | डटपेन | गोटा | ४ |
| | | खाजा | प्याकेट | ३० |
| | | प्रशिक्षक भत्ता | जना | २ |
| | | सिँचाइ | पटक | २ |
| | | रोगकीरा नियन्त्रण (आवश्यक भएमा मात्र) | | |
| | | उखु कटाई | पटक | २ |
| | | सहभागी | जना | ३० |
| | | कापी | गोटा | ३० |

| क्र.सं. | मुख्य क्रियाकलाप | क्रियाकलाप/कार्यविधि | इकाई | परिमाण |
|---|---|---|---|---|
| | | सिसाकलम | गोटा | ३० |
| | | पेन्सिल सार्पनर | गोटा | ३० |
| | | इरेजर | गोटा | ३० |
| | | मार्कर पेन | गोटा | १ |
| | | ब्राउन पेपर | गोटा | ५ |
| | | चार्ट पेपर | गोटा | ५ |
| | | डटपेन | गोटा | ४ |
| | | खाजा | प्याकेट | ३० |
| | | प्रशिक्षक भत्ता | जना | २ |
| ४. | प्रदर्शन तथा तालिमको नतिजा | उखु उत्पादन | क्वी. | २४० |
| | | उखु कटाई खर्च | क्वी. | २४० |
| | | उखु ढुवानी खर्च | क्वी. | २४० |
| | | रिपोर्ट तयारी | | |
| | | कृषक प्रतिक्रिया | जना | १० |
| | | प्रा.स./ना.प्रा.स. प्रतिक्रिया | जना | २ |
| | | कृषि शाखा प्रमुखद्वारा विश्लेषण सहितको रिपोर्ट लेखन | पटक | १ |
| | | रिपोर्ट चिनी मिल तथा अन्य निकायहरूमा पठाउने | पटक | १ |
| | | **जम्मा:** | | |
| | | **कूल जम्मा:** | | |

**द्रष्टव्य:**

- अन्तर बालीको रूपमा आलु लगाउन २४० के.जी. (४०x६) बीउ आलु खरिद अथवा कोशे बाली लगाउन ४ के.जी. कोशे बालीको बीउ खरिदको लागि अनुदान दिन सकिनेछ ।
- दोस्रो र तेस्रो वर्ष Ratoon Management को तालिम एक पटक एवम् रासायनिक मल (माथिको टेवल बमोजिम ६ कट्टा जमिनमा उखु रोप्नु पूर्व प्रयोग हुने युरिया, डिएपी, पोटास र जीङ्क), धनियाँको बीउ ३ के.जी. उही प्लटमा प्रत्येक वर्ष प्रयोग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

## ३.२ जुट औद्योगिक बाली विशेष कार्यक्रम

### ३.२.१ परिचय/पृष्ठभूमि

यस कार्यक्रम सम्बन्धित स्थानीय तहको प्राविधिक शाखाका प्रमुखले र जुट मिल्सका प्राविधिक तथा कृषकहरूको सहयोग एवम् समन्वयमा सञ्चालन गर्नेछ ।

### ३.२.२ कार्यक्रमको उद्देश्य

जुट मिल र जुट उत्पादक संघका प्राविधिक तथा कृषकहरूको बीचमा सहयोग एवम् समन्वय गर्ने

### ३.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- यस कार्यक्रम एक आर्थिक वर्षमा बढीमा तीन वटा मात्र सञ्चालन गर्न सक्नेछ ।
- यस जुटबालीको उत्पादकत्व तथा गुणस्तर अभिवृद्धि कार्यक्रम नर्म्समा उल्लेख भए बमोजिम सञ्चालन गर्दा सिलसिलेवार रूपमा प्रत्येक कार्य गर्नुपर्नेछ ।

### ३.२.४ कार्यक्रमको प्राविधिक नर्म्स

**जुट बालीको उत्पादकत्व तथा गुणस्तर अभिवृद्धिको नर्म्स (छ कट्ठा जमिनको लागि)**

| क्र. सं. | मुख्य क्रियाकलाप | क्रियाकलाप/कार्यविधि | इकाई | परिमाण |
|---|---|---|---|---|
| १ | कृषक समूह गठन | कृषक समूह गठन तथा परिचालन | पटक | १ |
| | **कृषक समूह गठन जम्मा** | | | |
| २ | कृ.स.प.तथा स.गोष्ठी | गोष्ठी सञ्चालन भत्ता(कृषि शाखा प्रमुख, वडा अध्यक्ष) | जना | २ |
| | | गोष्ठी सह सञ्चालन भत्ता (प्रा.स. वा ना.प्रा.स.) | जना | २ |
| | | सहभागी | जना | ३० |
| | | स्टेशनरी | जना | ३० |
| | | सहभागी खाजा | जना | ३० |
| | | ब्राउन पेपर | गोटा | ५ |
| | | बोर्ड मार्कर | गोटा | २ |
| | | मास्किङ्ग टेप | सङ्ख्या | २ |
| | **कृषक समस्या पहिचान तथा समाधान गोष्ठी जम्मा** | | | |
| ३ | प्रदर्शन तथा तालिम | कृषक खेतमा गरिने प्रदर्शनको डिजाइनिङ्ग | पटक | १ |
| | | कार्य तालिका | पटक | १ |
| | | कार्य तालिका सम्बन्धित नेपाल जुट मिल्स एशोसियसनमा पठाउने | पटक | १ |
| | | कामदार | जना | ४ |
| | | जोताइ खर्च | कट्ठा | ६ |
| | | जुट बीउ खरिद | ग्राम | ३०० |
| | | माटो नमुना सङ्कलन तथा परीक्षण | सङ्ख्या | २ |
| | | प्राङगरीक मल (माटोको उर्वरा शक्तिमा भइरहेको ह्रासलाई नजर राखी प्राङ्गारिक मलको प्रयोगमा वृद्धि ल्याउन) | टन | ०.९ |
| | | डि.ए.पी. | के.जी. | ०.७२ |
| | | पोटास | के.जी. | १.११ |
| | | जुट रोपाई तथा तालिम | पटक | १ |
| | | सहभागी | जना | ३० |

| क्र. सं. | मुख्य क्रियाकलाप | क्रियाकलाप/कार्यविधि | इकाई | परिमाण |
|---|---|---|---|---|
| | | स्टेशनरी | | |
| | | खाजा | प्याकेट | ३० |
| | | प्रशिक्षक भत्ता | जना | २ |
| | | टप ड्रेसिङ्ग युरिया पहिलो गोडमेल पश्चात् | के.जी. | ०.५८ |
| | | टप ड्रेसिङ्ग युरिया दोस्रो गोडमेल पश्चात् | के.जी. | ०.५८ |
| | | तालिम (Mid Season) तथा डाटा लिने | पटक | १ |
| | | सहभागी | जना | ३० |
| | | स्टेशनरी | | |
| | | खाजा | प्याकेट | ३० |
| | | प्रशिक्षक भत्ता | जना | २ |
| | | सिँचाइ | | |
| | | रोगकीरा नियन्त्रण (अधिकतम) | | |
| | | सहभागी | जना | ३० |
| | | स्टेशनरी | | |
| | | खाजा | प्याकेट | ३० |
| | | प्रशिक्षक भत्ता | जना | २ |
| | **प्रदर्शन तथा तालिम जम्मा** | | | |
| ४ | प्र.तथा ता. को नर्म्स | रिपोर्ट तयार पार्ने तथा सम्बन्धित निकायमा पठाउने | पटक | १ |
| | | कृषक प्रतिक्रिया | जना | १० |
| | | प्रा.स./ना.प्रा.स. को प्रतिक्रिया | जना | २ |
| | | सम्बन्धित कृषि शाखा प्रमुखद्वारा विश्लेषण सहितको रिपोर्ट लेखन | पटक | १ |
| | | रिपोर्ट नेपाल जुट मिल्स एशेसिएसन तथा अन्य निकायहरूमा पठाउने | पटक | १ |
| | **प्रदर्शन तथा तालिमको नतिजा जम्मा:** | | | |
| | **कूल जम्मा:** | | | |

# ४. अन्य बाली विकास कार्यक्रम

## ४.१ क्रप कटिङ कार्यक्रम

### ४.१.१ परिचय/पृष्ठभूमि

विभिन्न बालीको उत्पादन सम्बन्धी आँकडा सङ्कलन गर्ने विधि अपनाई गरिने बाली कटानलाई क्रप कटिङ भनिन्छ । मुख्यतया यो कार्यक्रम बाली उत्पादनस्तर/दर अनुमान गर्न सञ्चालन गरिन्छ ।

### ४.१.२ कार्यक्रमको उद्देश्य

कुन कुन बाली कति कति उत्पादन भयो भन्ने उत्पादनस्तर/दर निर्धारण गर्न आँकडा लिनु ।

### ४.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- जिल्ला स्थानीय तहमा विभिन्न बालीहरूको कूल उत्पादन अनुमान गर्न र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष निम्नानुसार समूहमा विभाजन गरी प्रत्येक समूहले ढाकेको क्षेत्रफल अनुमान गर्नुपर्दछ ।
- सिञ्चित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल
- असिञ्चित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल
- सिञ्चित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल
- असिञ्चित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल
- प्रत्येक उत्पादन प्रतियोगिताको कित्तामा निश्चत वर्गाकारको नमुना क्षेत्रफलबाट बाली कटानी गर्नुपर्दछ । प्रति नमुना १ वर्ग फिटको क्षेत्रफल कायम गर्नुपर्दछ र यस्ता ५ वटा Randomized नमुनाबाट उत्पादन रेकर्ड लिनुपर्दछ ।

**Ramdomized नमुना लिने तरिका**

**चौडाइतर्फ**

- पूर्व पश्चिम लामो परेको जग्गा छ भने उत्तर दक्षिण र उत्तर लामो परेको छ भने पूर्व पश्चिम दिशाबाट बाली लगाइएको जग्गालाई ५ भागमा विभाजन गरी क्रमैसँग किलाहरू गाडने ।
- यसरी ५ भागमा विभाजन गर्दा टुक्रिन आएको पहिलो किलादेखि दोस्रो किलासम्मको पाइला नापेर नोट गर्ने । मानौं यो सङ्ख्या १५ अर्थात १५ पाइला भयो ।
- यसरी आएको १५ पाइलाबाट प्लट नमुना सङ्ख्या ५ घटाउने । यसरी घटाउँदा १५-५=१० भयो ।
- यो १० अङ्क Random तालिका खण्ड 'क' को (अन्तिम पृष्ठमा) को पहिलो हरफमा फेला पार्ने । १० अङ्कबाट त्यस मुनिको कोलममा १० बराबर वा त्यस मुनिको कुनै पनि सङ्ख्या रोज्ने । मानौ यो अङ्क १ भयो । यसलाई नोट गर्ने ।

**लम्बाइतर्फ**

- चौडाइतर्फको दोस्रो किलाबाट लम्बाइतर्फ पूरै जग्गा नाप्ने। यसरी नाप्दा मानौं २० पाइला भयो। यी २० पाइलाबाट चाहिएको प्लट नमुना सङ्ख्या ५ घटाउने। यसरी २०-५=१५ भयो।
- यो १५ सङ्ख्या Random table को दैवी सङ्ख्या तालिकाको पहिलो हरफमा फेला पर्ने।
- १५ बाट त्यस मुनिको कोलममा १५ बराबर अथवा सो मुनिको कुनै पनि सङ्ख्या रोज्ने। मानौं यो सङ्ख्या ९ भयो।
- अब Random तालिकाबाट निकालेको चौडाइतर्फको अङ्क १ र लम्बाइतर्फको अङ्क ९ लाई लिने। पहिलो किलाबाट दोस्रो कित्ता (चौडाइतर्फ) तिर १ पाइला नापी चिनो लगाउने र यहाँबाट सिधा लम्बाइतर्फ ९ पाइला नापी चिनो लगाउने।
- यो स्थल (point) देखि ५ फिट पर्ने गरी किला गाडने र ५x५ फिटको वर्गाकार क्षेत्र तयार गरी धागोले घेरी त्यस भित्रको बाली काट्ने।
- Random तालिकामा १ र ९ अङ्क पहिलो नमुना प्लटको लागि लिई सकिएकोले बाली काट्नको लागि यो भन्दा भिन्नै अङ्क अघि लिएको तरिकाबाट पत्ता लगाई दोस्रो स्याम्पल प्लट निकाल्नु पर्छ। एवम् रितले तेस्रो, चौथो र पाँचौ नमुना प्लटहरू निकाली कटानी गर्नुपर्छ।
- प्रत्येक नमुना प्लटको उत्पादन तौल गरी नोट गर्ने।
- ५ वटै प्लटको उत्पादनलाई मिसाई एकै ठाउमा राख्ने र ४ बराबर भाग लगाई १ भागबाट १ के.जी. छुट्याई प्याक गर्ने र लेबल लगाई कृषि शाखामा चिस्यान जाँचको लागि उपलब्ध गराउने।
- लेवल लगाउँदा दर्ता नं., बालीको जात, अपनाएको प्रविधि, बाली स्थिति विवरण आदि फर्मेटसहित उल्लेख गर्नुपर्दछ ।

**चिस्यान नाप (Moisture Test)**

- प्राविधिक शाखामा म्वाइस्चर टेस्टर भएमा यसैको माध्यमबाट र नभएमा स्याम्पललाई १०-१५ दिन घाममा सुकाई तौल लिने तरिका अपनाई चिस्यान निकाल्नु पर्छ।

**उदाहरण :**

अ= १ के.जी. नमुनाको सुरूको तौल =१ के.जी.=१००० ग्राम

प = १ के.जी. नमुनाको १०-१५ दिन घाममा सुकाए पछि हुन आएको तौल = ............... ग्राम

चिस्यान प्रतिशत = $\frac{अ-प}{अ}$ x × १०० = $\frac{१०००-प}{१०००}$ ×१००

- जर्ति १ के.जी. नमुनाबाट १०० ग्राम लिई यसमा रहेका वाह्य पदार्थ ढुंगा, भूस वा कटहर वा अन्य बीउहरू निकाली नयाँ तौल नोट गर्ने । जर्ति =१०० ग्राम -नयाँ तौल (ग्राम)

**उत्पादन दर प्रति हेक्टर**

१ के.जी. को नमुनाबाट जर्तीकटाएर हुन आउने ="क" ग्राम

५ स्याम्पल (१२५ वर्गफिट) को रेकर्ड गरेको उत्पादन = "ख" ग्राम

उत्पादन/ हेक्टर =$\frac{क*ख}{१२५}$ ग्राम = $\frac{क*ख}{१२५} * \frac{१०८९००}{१०००}$ के.जी.

### ४.१.४ कार्यक्रमको सञ्चालनको नर्म्स

प्रति बाली कटानी स्थानीय दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिने । उपयुक्त सबै कार्यक्रमहरू विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नुपर्नेछ ।

## ४.२ रैथाने बाली प्रवर्द्धन कार्यक्रम

### ४.२.१ कार्यक्रमको परिचय

परम्परागत अन्न एवम् कोदोजन्य स्थानीय तथा रैथाने बालीहरूको प्रवर्द्धनमार्फत उत्पादन एवम् उपभोग बढाई खाद्य तथा पोषण सुरक्षामा सुधार गर्दै खाद्यान्नमा आत्मनिर्भर हुन एवम् स्थानीय बालीहरूको संरक्षण गर्न रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

### ४.२.२ कार्यक्रमको सम्भाग

रैथाने बाली प्रवर्द्धनका लागि उत्पादन पूर्व अवस्थादेखि उपभोगसम्ममा पुग्दा पार हुने विभिन्न चरणहरू (उत्पादन सामग्री आपूर्ति, उत्पादन, प्रशोधन, बजारिकरण तथा उपभोग आदि) मा सहजीकरण गर्ने गरी पूर्ण मूल्य शृङ्खला अवधारणामा (Complete Value Chain Approach) आधारित रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यस कार्यक्रम देहायका ५ उप सम्भागहरू (Sub Components) मा केन्द्रित रही सञ्चालन गर्नुपर्नेछः

#### ४.२.२.१ सचेतनामूलक क्रियाकलाप (Awareness raising)

- महिला स्वास्थ्य स्वयम्सेवक तथा आइ.पि.एम. सहजकर्ताहरू, विद्यालयहरूमा अध्ययनरत विधार्थीहरूलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी तालिम ।

- स्थानीय तथा राष्ट्रियस्तरका विद्युतीय तथा छापा सञ्चार माध्यममार्फत् प्रचार प्रसार गर्ने (एफ.एम. बाट जानकारीमूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रसारण, होर्डिङ बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, सडक नाटक आदि) ।
- ख्याती प्राप्त कलाकार/राष्ट्रिय व्यक्तित्वसँगको सहयोगमा सूचना तथा सन्देश उत्पादन प्रशोधन र प्रसारण ।
- कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरूबीच अभिममूखीकरण गोष्ठी

### ४.२.२.२ उत्पादन तथा प्रविधि सहयोग (Production and technological support)

यस अन्तरगत कृषक समूह, सहकारी, निजी उद्यमी तथा सामुदायिक बीउ बैङ्क व्यवस्थापन समिति सहभागी हुन सक्नेछन् । अनुदानमा बीउ प्राप्त गर्न कृषकको हकमा कम्तीमा ३ रोपनी तथा समूह, सहकारी वा सामुदायिक बीउ बैङ्क व्यवस्थापन समितिको हकमा कम्तीमा १५ रोपनीमा रैथाने बालीको क्लष्टरमा खेती गरिएको हुनुपर्नेछ । यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू सञ्चालन गरिनेछन्:-

- रैथाने बाली उन्नत खेती प्रविधि सम्बन्धी तालिम,
- तालिम स्रोत सामग्री तयारी, प्रकाशन तथा वितरण,
- अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ वितरण,
- रैथाने बालीको बीउ ढुवानीका लागि ढुवानी अनुदान,
- प्रदर्शन तथा जातीय छनौटका क्रियाकलाप सञ्चालन,
- अनुदानमा हाते ट्र्याक्टर, कोदो चुट्ने मेशिन तथा अन्य औजार उपकरणको वितरण,
- प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar सञ्चालन गर्ने,
- भकारो सुधार तथा कम्पोष्टिङ,
- Diversity Block स्थापना: विभिन्न रैथाने बालीहरूको सङ्कलन गरी संरक्षण गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गर्न सकिनेछ । यस कार्यक्रम स्थानीयस्तरमा सञ्चालित प्राविधिक शिक्षालयमार्फत पनि गर्न सकिनेछ ।

### ४.२.२.३ मूल्य अभिवृद्धि तथा परिकार विविधीकरण (Value addition and product diversification)

रैथाने बालीको प्रवर्द्धन तथा संरक्षणमा संलग्न रहेका कृषक समूह सहकारी निजी उद्यमी तथा सामुदायिक बीउ बैङ्क व्यवस्थापन समिति यस कार्यक्रममा समावेश हुन सक्नेछन् । यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू सञ्चालन गरिनेछ:-

(अ) होटल व्यवसायी, होमस्टे सञ्चालक, उद्यमी, सामुदायिक बीउ बैङ्कका सदस्य, कृषक समूह तथा सहकारीका सदस्यहरूलाई उत्पादन विविधीकरण सम्बन्धी तालिम सञ्चालन ।

(आ) उत्पादन विविधीकरण तालिम लिने सहभागीलाई सम्झौता गरी अनुदानमा औजार उपकरण तथा वस्तुगत सहयोग ।

(इ) रैथाने बालीको प्याकेजिङ र लेवलिङमा अनुदान सहयोग ।

(ई) उत्पादन विविधीकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरणमा अनुदान सहयोग ।

(उ) बाली चुट्ने तथा फल्ने मेशिन तथा उपकरण

(ऊ) उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमः कार्यक्रम कार्यान्वयनका लागि सूचित भएका र क्लष्टरमा रैथाने बाली उत्पादन गरी प्याकेजिङ र ब्रान्डिङ गरी बजारमा उपलब्ध गराउने समूह तथा सहकारीका सदस्यहरूलाई स्थानीयस्तरमा प्रति के.जी. खरिद हुने प्रचलित दररेटको बढीमा २५% हुँदा आउने रकम बराबर प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

### ४.२.२.४ **बजारिकरण सहयोग** (Marketing support)

- अनुदानमा रैथाने बालीका उत्पादन बिक्री कक्ष/कोसेलीघर (Selling Center) निर्माणमा अनुदान,
- सिलिङ मेशिनमा अनुदान सहयोग,
- उत्पादित बालीको प्याकिङ तथा लेवलिङका लागि सामग्रीको व्यवस्थापनमा अनुदान,
- रैथाने बालीका उत्पादनहरूको सहज आपूर्तिका लागि मुख्य शहरहरूमा आधिरिकारिक बिक्री केन्द्र निर्माणमा अनुदान,
- खाद्य मेला, प्राङ्गारिक कृषि मेला लगायतका राष्ट्रिय,प्रादेशिक एवम् स्थानीयस्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरूको बिक्री वितरणका लागि अनुदान सहयोग कार्यक्रम,
- क्रेता र बिक्रेताबीच Buy Back Agreement तथा सञ्जाल निर्माण,
- प्राङ्गारिक प्रमाणीकरणका लागि लाग्ने खर्चमा अनुदान सहयोग ।

### ४.२.२.५ **जातिय सम्वर्द्धन तथा अभिलेखीकरण (Varietal conservation and documentation)**

- सामुदायिक बीउ बैङ्कको स्थापना,
- रैथानै बालीको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन,
- रैथाने बाली प्रवर्द्धन तथा अभिलेखीकरण राष्ट्रियस्तरको गोष्ठी सञ्चालन,
- जैविक विविधता संरक्षणको लागि रैथाने बालीका स्थानीय जातहरू सङ्कलन तथा पासपोर्ट डाटा तयार गरी नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको जीन बैङ्कलाई हस्तान्तरण,

- कृषकहरूले मन पराएका र क्षेत्र विस्तारको लागि सम्भावना भएका रैथाने जातहरूको नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको जीन बैङ्कमा दर्ता गरे पश्चात् जातीय विवरण (Varietal descriptor) सहितको प्रस्ताव तयार गरी राष्ट्रिय बीउबिजन समितिमा जात दर्ताका लागि पेश गर्ने,
- Image Bank को स्थापना: विभिन्न रैथाने बालीहरूको संरक्षण गर्न स्थानीयस्तरमा उपलब्ध रहेका रैथाने बालीहरूका डिजिटल तस्वीरहरू सङ्कलन गरी संरक्षण गरिनेछ । ईमेज बैङ्क तयार गर्दा रैथाने बालीको नाम, वैज्ञानिक नाम, फैलावट, मुख्य वानस्पतिक विवरण आदि अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ,
- Diversity Block स्थापना: विभिन्न रैथाने बालीहरूको बीउ सङ्कलन गरी छुट्टा-छुट्टै ब्लकहरू लगाई संरक्षण गर्ने ।

## ४.२.३ कार्यक्रम सञ्चालन प्रक्रिया

### क) कार्यक्रम सञ्चालन हुने बालीः

कोदो, फापर, उवा, कागुनो, चिनो, जौ, जुनेलो, लट्टे, मास, मस्याङ्ग, गहत लगायतका बालीहरूमा कार्यक्रम सञ्चालन गरिनेछ ।

### ख) क्लष्टरको छनौटः

यस कार्यक्रम क्लष्टरमा सञ्चालन गरिनेछ । क्लष्टरको छनौट गर्दा तराईको हकमा २० हेक्टर र पहाडको हकमा १० हेक्टर क्षेत्रफल हुन पर्नेछ । ५ हेक्टर क्षेत्रफलका छुट्टा–छुट्टै ब्लकहरूको निर्माण गरी २० हेक्टर क्षेत्रफलको क्लष्टर निर्माण गर्नुपर्नेछ । क्लष्टरभित्रका ब्लकहरू बाटोबाट जोडिएको हुनुपर्नेछ । ब्लकमा बाली प्रणालीको व्यवस्थापन सामूहिक वा व्यक्तिगत दुवै हुन सक्नेछन् ।

### ग) कृषकहरूको सूचिकृतः

क्लष्टरको छनौट भई सकेपछि यस कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायले कार्यक्रममा आवद्ध हुन इच्चुक कृषकहरूलाई लक्षित गरी आवश्यक कागजातसहित नियमानुसार सूचिकृत हुनको लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । यसरी सूचना बमोजिम निर्धारित समय अविधिभित्र सूचीकृत हुने आवेदकहरूको विवरण सम्बन्धित कृषि शाखाले राख्नुपर्नेछ ।

### घ) कृषकको छनौटः

सम्बन्धित कृषि शाखाले छनौटका मापदण्डहरू तयार गरी सूचिकृत भएका मध्येहरूबाट क्रियाकलापहरू अनुसार कृषकहरूको छनौट गर्नुपर्नेछ ।

**ङ) सम्झौता गर्नेः**

छनौट भएका कृषकहरूसँग यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरूको कार्यान्वयनको लागि कृषि शाखाले सम्झौता गर्नेछ । कृषकले सञ्चालन गर्नुपर्ने कार्यक्रम, कार्यक्रम सञ्चालनका लागि उपलब्ध हुने अनुदान रकम, कार्यक्रम सम्पन्न गर्नुपर्ने समयसीमा, भुक्तानी हुने प्रक्रिया, अवलम्बन गर्नुपर्ने अन्य शर्तहरू स्पष्ट रूपमा खुलाई विवाद नआउने गरी कृषि शाखाले सम्झौता गर्नुपर्नेछ ।

**च) अनुगमनः**

कार्यक्रमको अनुगमन आवश्यकता अनुसार एवम् त्रैमासिक रूपमा सम्बन्धित निकायले गर्नुपर्नेछ ।

## ४.२.४ कार्यक्रम सञ्चालनको नर्म्स

यस कार्यक्रम अन्तरगत सञ्चालन हुने क्रियाकलापहरूको खर्च स्थानीय दररेट अनुसार विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधिभित्र रही गर्नुपर्नेछ ।

**नोटः** प्राविधिक शाखा भन्नाले स्थानीय तहको कृषि शाखा/जिल्लास्थित कृषि ज्ञान केन्द्र/ जिल्लास्थित कृषि कार्यालयको सम्बन्धित प्राविधिक शाखालाई जनाउँदछ ।

# भाग-घ

# बागवानी विकास कार्यक्रम

विश्व मानचित्रमा नेपाल एउटा सानो देश भए तापनि भौगोलिक तथा जैविक विविधताको हिसाबले धनी मानिन्छ । विश्वको कूल भू-भागको ०.१ प्रतिशत हिस्सा ओगटेको नेपाल, जैविक विविधताको हिसाबले २५ औं स्थानमा पर्दछ । देशको करिब दुई-तिहाइ जनसङ्ख्या आश्रित रहेको र कूल गार्हस्थ उत्पादनमा एक-तिहाइ हिस्साभन्दा बढी योगदान पुर्‍याई रहेको वर्तमान कृषि क्षेत्र भित्र विश्लेषण गर्दा पनि कूल कृषि गार्हस्थ उत्पादनमा करिब एक-चौथाइ योगदान बागवानी उप क्षेत्रको रहेको र यस मध्ये करिब आधा हिस्सा योगदान फलफूलजन्य उत्पादनबाट हुने गरेको देखिन्छ । नेपालको सांस्कृतिक, धार्मिक एवम् भौगोलिक विविधता र हावापानीको विशिष्टतालाई हेर्दा फलफूल बाली नेपालको एक प्रमुख बालीको रूपमा रहेको पाइन्छ । औद्योगिकीरणका लागि कच्चा पदार्थका साथै निकासी हुने अधिकांश बागवानीजन्य बाली/वस्तुहरू विशेषतः फलफूल प्रकृतिका हुने गरेकाले पनि फलफूल व्यवसाय खाद्य पोषण सुरक्षाका दृष्टिले मात्र नभई रोजगारी, निर्यात व्यापार र विदेशी मुद्रा आर्जनका हिसाबले पनि आधारशिला हो भन्न सकिन्छ ।

बागवानी विकास कार्यक्रम अन्तर्गत फलफूल, तरकारी, पुष्प, बालीहरूको उन्नत तरिका अपनाई खेती गर्ने तथा प्रशोधन र संरक्षण प्रविधिको बारेमा जानकारी गराउनुका साथै फलफूल, चिया, कफी तथा आलंकारिक बिरूवा, ताजा तरकारी तथा तरकारी बीउ, आलु, कन्दमूल, मसला बालीहरूको स्रोत व्यवस्थापन, विकास तथा प्रवर्द्धन गर्ने कार्यहरू सञ्चालन गरिन्छ । नेपाल सरकारको मिति २०६०/८/४ को निर्णय बमोजिम कृषि तथा सहकारी मन्त्रालयको संगठन संरचना स्वीकृत हुँदा फलफूल विकास निर्देशनालय, तरकारी विकास निर्देशनालय, राष्ट्रिय सुन्तलाजात फलफूल विकास कार्यक्रम, राष्ट्रिय आलु बाली विकास कार्यक्रम र राष्ट्रिय मसला बाली विकास कार्यक्रमको रूपमा स्थापना भई राष्ट्रियस्तरमा बागवानी विकास कार्यक्रमका समस्या समाधान तथा अवसरहरूको मार्गदर्शन लगायत बागवानी विकास सम्बन्धी अन्य प्राविधिक सेवाहरू पनि यी कार्यालहरूबाट हुने गरेका थिए । यसै क्रममा देश संघीयतामा प्रवेश तथा राजनैतिक र प्रशासनिक पुर्नसंरचनासँगै वि.सं. २०७५ सालमा उपरोक्त साविकको संरचनाबाट सम्पादन गरिने कार्यहरूलाई यथावत राख्दै तथा अन्य कार्य विवरणहरूसहित राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्न राष्ट्रिय फलफूल विकास केन्द्र तथा राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्रको स्थापना गरिएको छ ।

आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारको पकेट प्याकेज अवधारणा अनुरूप समय सापेक्ष कार्यक्रमहरू तर्जुमा गरी सम्भाव्यताका आधारमा स्थानीय तह कृषि

ज्ञान केन्द्र, कृषि विकास कार्यालय तथा बागवानी फार्म केन्द्रमार्फत् बागवानी विकासका कार्यक्रमहरू अघि बढाइएको छ ।

# बागवानी विकास कार्यक्रम अन्तर्गतका कृषि प्रसार कार्यक्रमहरू

## १. फलफूल बाली विकास कार्यक्रम

### १.१ फलफूल नयाँ नर्सरी स्थापना कार्यक्रम

#### १.१.१ परिचय/पृष्ठभूमि

फलफूल खेतीलाई टेवा पुऱ्याउन फलफूलका बिरूवाहरू स्थानीय कृषकद्वारा उत्पादन गराई सहज रूपमा बिरूवा उपलब्ध गराउन सञ्चालन गरिने यो कार्यक्रम फलफूल खेतीको वाहुल्य रहेका जिल्लाहरूमा केन्द्रित गरिन्छ ।

#### १.१.२ कार्यक्रमको उद्देश्य

- नर्सरी स्थापना गरी स्थानीय आवहवामा उत्पादन गरिएका गुणस्तरीय बिरूवा आवश्यक परिमाणमा उपलब्ध गराउने ।
- गुणस्तरीय बिरूवा उत्पादन गर्न नर्सरीधनी/समूह/सहकारीलाई सक्षम बनाउने ।
- कृषक/कृषि उद्यमीहरूलाई रोजगारी तथा आयआर्जनका अवसरहरू सिर्जना गरी जीवनस्तर उकास्न सहयोग गर्ने ।

#### १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

नर्सरी स्थापना गर्नुभन्दा अगाडि निम्न अनुसारको शर्त गराउनुपर्दछ ।

**नर्सरीधनीको मापदण्ड**

- माउबोट भएको हुनुपर्ने ।
- सिँचाइ, बाटो, विजुलीको सुविधा भएको हुनुपर्ने ।
- उत्पादन अनुमति लिनुपर्नेः कृषि ज्ञान केन्द्र/जिल्लास्थित कृषि कार्यालयबाट ।
- प्यान नम्बर अनिवार्य लिएको हुनुपर्ने ।
- नर्सरीधनीले मापदण्ड बमोजिमको बालीहरूको सूचीकृत तथा सिफारिस भएका जात, बीउ, रुटस्टक, सायनस्टक आदि मात्र प्रयोग गर्नुपर्ने ।
- नयाँ स्थापित नर्सरीलाई सम्बन्धित स्थानीय तह/घरेलु कार्यालयमा दर्ता गराउनु पर्ने ।

- वार्षिक रूपमा नर्सरीधनीले नर्सरी निरीक्षकबाट नर्सरीको निरीक्षण गराई सो को प्रतिवेदन राख्नुपर्ने ।
- सम्बन्धित बालीको बिरूवा उत्पादनको लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त तथा बिगतमा बगैंचा नभएको स्थानमा नर्सरी अवस्थित हुनुपर्नेछ ।
- सुन्तलाजात फलफूल नर्सरीको हकमा १००० मि. भन्दा माथि मात्र नर्सरी स्थापना गर्नुपर्ने र जालीघरमा उत्पादन गर्न सो उचाइ लागू नहुने तर तहाँ उत्पादित बिरूवा सोही भौगोलिक क्षेत्रमा मात्र प्रयोग गर्नुपर्ने ।
- आवश्यकता अनुसारको बिरूवा उत्पादन गर्न सकिने तथा अन्य सुविधाहरू समायोजन गर्न सकिने क्षेत्रफल हुनुपर्नेछ ।
- जालीघरमा भए बिरूवा उत्पादनको लागि कम्तीमा २ रोपनी र खुला जग्गामा भए कम्तीमा ५ रोपनीमा नर्सरी हुनुपर्ने ।
- आफ्नै स्वामित्वको जग्गा नभई करारमा लिई नर्सरी स्थापना गर्न चाहेमा वा गरेको भएमा कम्तीमा पनि १० वर्षको लागि करार सम्झौता गरेको हुनुपर्ने ।
- नर्सरी स्थापना गरेको २ वर्षदेखि वार्षिक बिरूवा उत्पादन क्षमता १०,००० भन्दा कम हुन नहुने ।
- नर्सरी स्थापना गरेपछि कम्तीमा पनि १० वर्षसम्म सञ्चालन गर्नुपर्ने ।
- उक्त शर्तहरूसहित सम्झौता गरेर मात्र इच्छुक कृषकहरूलाई नर्म्समा उल्लिखित सुविधाहरू उपलब्ध गराउन सकिनेछ ।

### १.१.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरू

- आवश्यक बीउ, बेर्ना खरिद
- कृषि औजार तथा उपकरण खरिद
- मलखाद, विषादी र अन्य आवश्यक बाली संरक्षण सामग्री खरिद
- सिँचाइ व्यवस्थापन
- माउबोट संरक्षण तथा संवर्द्धनको लागि आवश्यक सामग्री खरिद
- संरचना निर्माण (ग्रीन हाउस, स्क्रीन हाउस, सेडहाउस आदि)
- सुन्तलाजात नर्सरीको हकमा माउबोटको रोग (citrus greening and tristiza virus) परीक्षण
- अन्य अत्यावश्यक सामग्री एवम् पूर्वाधार निर्माण

### १.१.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

# १.२ फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम

## १.२.१ परिचय/पृष्ठभूमि

स्थापित फलफूल नर्सरीहरूको स्तरोन्नति तथा सुदृढीकरण गराउन आवश्यक देखिएको अवस्थामा यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.२.२ कार्यक्रमको उद्देश्य

- पुराना फलफूल नर्सरीहरूको बिरूवा उत्पादन क्षमता वृद्धि गरी गुणस्तरीय बिरूवा उत्पादन गर्ने ।
- पुराना फलफूल नर्सरीहरूको स्तरोन्नति तथा सुदृढीकरण गर्ने ।

## १.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- स्थापित नर्सरीहरूको स्थलगत अनुगमन गरी प्राविधिक/आर्थिक टेवा पुऱ्याउँदा प्रभावकारी हुने देखिएमा यस्ता नर्सरीहरूलाई नर्म्समा तोकिएको सुविधा तथा सेवा उपलब्ध गराई सुदृढीकरण गर्ने ।
- दर्ता भएका फलफूल नर्सरीहरूलाई मात्र सुदृढीकरण गर्ने ।

## १.२.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरू

- आवश्यक बीउ, बेर्ना खरिद
- कृषि औजार तथा उपकरण खरिद
- मलखाद, विषादी र अन्य आवश्यक बाली संरक्षण सामग्री खरिद
- सिँचाइ व्यवस्थापन
- माउबोट संरक्षण तथा संवर्द्धनको लागि आवश्यक सामग्री खरिद
- संरचना निर्माण (ग्रीन हाउस, स्क्रीन हाउस, सेड हाउस आदि)
- सुन्तलाजात नर्सरीको हकमा माउबोटको रोग (citrus greening and tristiza virus) परीक्षण
- अन्य अत्यावश्यक सामग्री एवम् पूर्वाधार निर्माण

## १.२.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिने।

## १.३ नमुना फलफूल बगैंचा स्थापना कार्यक्रम

### १.३.१ परिचय/पृष्ठभूमि

फलफूल खेती कृषकको अर्थोपार्जनका लागि एक आकर्षक व्यवसाय भएको र यसको लागि प्राविधिक ज्ञान सीप तथा उन्नत प्रविधिहरू कृषकहरू समक्ष पुऱ्याउन नितान्त जरूरी भएकोले प्राथमिकता प्राप्त फलफूल क्षेत्रमा नमुनाको रूपमा बगैंचा स्थापना गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ। साथै स्थापना गरिएका नमुना फलफूल बगैंचाहरूले उत्पादन नदिएसम्म अर्थात फलफूलहरूको किसिम हेरी २-६ वर्षसम्म अनुसरण गर्न सकिनेछ।

### १.३.२ कार्यक्रमको उद्देश्य

- फलफूलका बगैंचाहरूमा नयाँ किसिमका प्रविधिहरूको प्रयोग गरेर आधुनिक नमुना बगैंचाहरू प्रदर्शनको रूपमा स्थापना गर्ने । उदाहरणको लागि टिस्यु कल्चर प्रविधिबाट तयार गरिएको केरा खेतीमा मल्चिङको प्रयोग, High density planting गरिएको बगैंचा स्थापना आदि ।
- कृषकलाई उपयुक्त जग्गाहरूमा फलफूल खेती गर्न प्रोत्साहन गराउने।

### १.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- बहुसङ्ख्यक कृषकहरूले हेर्न र फलफूल खेतीबारे सिक्न सक्ने गरी प्रदर्शन स्थल एवम् कृषक छनौट गर्नुपर्ने ।
- बाटो, बिजुली, सिँचाइको सुविधा भएको ठाउँ हुनुपर्ने ।
- कम्तीमा ५ रोपनी क्षेत्रफल भएको हुनुपर्ने ।
- अनुसरणको क्रममा देखिएका समस्याहरूको निराकरण गर्न आवश्यक पर्ने रासायनिक मल, रोग/कीरानाशक विषादी, निलोतुथो, चुन आदिको लागि नर्म्समा उल्लेख भए अनुसारको सहयोग उपलब्ध गराउनुपर्दछ ।

### १.३.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरू

- फलफूल बिरूवा रोपन तथा बगैंचा स्थापना
- बगैंचामा थोपा सिँचाइको प्रबन्ध
- असिना अवरोधक जालीको प्रयोग
- काटछाँटको लागि आवश्यक औजार तथा उपकरण खरिद
- अन्य अत्यावश्क सामग्री खरिद

- व्यावसायिकस्तरमा स्थापना भएका बगैंचाहरूले उत्पादन नदिएसम्म (२-६ वर्ष) पर्न आउने विभिन्न समस्या सुल्झाउन सघाउ पुऱ्याउनु पर्दछ ।
- प्रथम वर्षमा रासायनिक मल, रोग तथा कीटनाशक विषादी, निलोतुथो, चुन आदिको लागि स्वीकृत बजेट अनुसार आर्थिक/प्राविधिक सहयोग उपलब्ध गराई आउँदा वर्षहरूमा यस्तो सहयोग घटाउँदै लैजानुपर्ने ।
- क्रमशः चौथो वर्षसम्म उपरोक्त सहयोग पुऱ्याएपछि पाँचौ वर्षमा कृषकले नै बगैंचा व्यवस्थापन रेखदेख गर्नुपर्नेछ ।

### १.३.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिने ।

## १.४ व्यावसायिक फलफूल बगैंचा स्थापना कार्यक्रम

### १.४.१ परिचय/पृष्ठभूमि

व्यावसायिक उत्पादनको सम्भावना भएका विभिन्न भौगोलिक क्षेत्र अनुसार प्राथमिकता पाएका फलफूलहरू व्यावसायिक तवरले उत्पादन गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.४.२ कार्यक्रमको उद्देश्य

- फलफूलको क्षेत्र विस्तार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
- स्थानीय तथा वाह्य बजारमा माग पूर्ति गर्ने गरी फलफूल उत्पादन गर्न सहयोग पुऱ्याउने ।
- व्यावसायिक उत्पादन प्रवर्द्धनको माध्यमबाट आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनको गर्ने ।

### १.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विधिवत रूपमा दर्ता भई सक्रिय रहेका कृषि फर्म, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरू मात्र कार्यक्रममा सहभागी हुन पाउने ।
- व्यावसायिक बगैंचा स्थापनाको लागि कम्तीमा १० रोपनी क्षेत्रफल हुनुपर्ने ।
- जग्गा करारमा लिई बगैंचा स्थापना गर्न चाहेमा न्यूनतम १५ वर्षको करार सम्झौता गरेको हुनुपर्ने ।

### १.४.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरु

- फलफूल बिरूवा रोपण
- कृषि औजार तथा उपकरण खरिद
- सिँचाइ व्यवस्थापन

- अन्य आवश्यक सामग्री खरिद
- रोगकीरा व्यवस्थापन
- प्रविधि अवलम्बन
- किवीको हकमा (थाँक्रा, काटछाँट) का लागि विशेष व्यव्स्था हुनुपर्ने
- असिनाको लागि Anti hail net खरिद
- मूल्य अभिवृद्धिका क्रियाकलापहरूमा पनि अनुदान दिन सकिने

### १.४.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिने ।
- बगैंचाबाट उत्पादन नआउँदासम्म बगैंचा व्यवस्थापन कार्यको लागि अनुदान दिने ।

## १.५ व्यावसायिक फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम

### १.५.१ परिचय/पृष्ठभूमि

व्यावसायिकस्तरमा स्थापना भएका फलफूल बगैंचाहरूको व्यवस्थापन गर्न तथा आवश्यक प्राविधिक सेवा टेवा पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.५.२ कार्यक्रमको उद्देश्य

व्यावसायिकस्तरमा स्थापना भएका बगैंचाहरूमा प्रभावकारी प्राविधिक सेवा पुऱ्याई कृषकहरूलाई फलफूल खेतीमा लाग्न उत्प्रेरित गर्नु ।

### १.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- व्यावसायिक बगैंचा स्थापनाको लागि कम्तीमा तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी क्षेत्रफल हुनुपर्ने ।
- व्यावसायिकस्तरमा स्थापना भएका बगैंचाहरूले उत्पादन नदिएसम्म (२-५ वर्ष) पर्न आउने विभिन्न समस्या सुल्झाउन सघाउ पुऱ्याउन स्थानीय र प्रदेश सरकारको निर्णय बमोजिम follow up का कार्यक्रम गर्न सकिनेछ ।
- प्रथम वर्षमा रासायनिक मल, रोग तथा कीटनाशक विषादी, निलोतुथो, चुन आदिको लागि स्वीकृत बजेट अनुसार आर्थिक/प्राविधिक सहयोग उपलब्ध गराई आउदा वर्षहरूमा यस्तो सहयोग घटाउँदै लैजानु पर्ने ।
- क्रमशः चौथो वर्षसम्म उपरोक्त सहयोग पुऱ्याएपछि पाँचौ वर्षमा कृषकले नै बगैंचा व्यवस्थापन रेखदेख गर्नुपर्नेछ ।

- बजारिकरण, पोष्ट हार्भेष्ट र मूल्य शृङ्खलाका विभिन्न क्रियाकलापहरूमा पनि सहयोग गर्न सकिनेछ ।

### १.५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

## १.६ बगैंचा समस्या निदान प्रदर्शन/अभियान कार्यक्रम

### १.६.१ परिचय/पृष्ठभूमि

महामारीको रूपमा फैलिन लागेको रोगकीरा सम्बन्धी समस्या निदान गर्न फलफूल उत्पादन पकेट क्षेत्रहरूमा सम्बन्धित फलफूल विकास निकायहरूको संयोजकत्वमा यो अभियान सञ्चालन गरिन्छ ।

### १.६.२ कार्यक्रमको उद्देश्य

- फलफूलको बोटबिरूवामा रोगकीरा तथा अन्य समस्या निदान गर्ने प्रविधि प्रदर्शन गर्नु ।
- समस्या निदान प्रदर्शन Demo मार्फत अभियानको रूपमा सञ्चालन गरी प्रभाव देखाउनु ।

### १.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- रोगकीरा नियन्त्रण गर्न आवश्यक सामग्री/उपकरण आदिमा अनुदान उपलब्ध गर्ने व्यवस्था मिलाई आवश्यक देखिएमा समस्या निदान प्रदर्शन Demo मार्फत अभियानको रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- अभियानको रूपमा वडास्तरमा १००-३०० घरधुरी समेटिने गरी कृषकलाई समेत संलग्न गरी प्रदर्शान गर्ने र अनुदानमा सामग्रीहरू आवश्यकता अनुसार उपलब्ध गराउने ।

### १.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

महामारीको रूपमा फैलिन लागेका रोग तथा कीरा नियन्त्रण कार्यको लागि आवश्यक विषादी खरिदमा स्वीकृत बजेट खर्च गर्न सकिनेछ ।

## १.७ बिरूवा प्याकेजिङ चार्ज कार्यक्रम

### १.७.१ परिचय/पृष्ठभूमि

फलफूलका बोटबिरूवाहरू स्रोत केन्द्रबाट ढुवानी गरी कृषकहरू समक्ष पुऱ्याउने क्रममा हुने क्षति न्यूनिकरण गर्न उचित तरिकाले प्याकेजिङ गर्न आवश्यक रहेकोले लाग्ने आवश्यक चार्जको व्यवस्था मिलाउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.७.२ कार्यक्रमको उद्देश्य

फलफूलको बोटबिरूवाहरू उचित तरिकाले प्याकेजिङ गरी सुरक्षित तवरले कृषकहरूलाई वितरण गर्नु ।

## १.७.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

ढुवानी गर्नुभन्दा अगाडि बोटबिरूवाको प्रकृति हेरी नर्म्समा कायम गरिए अनुसार प्याकेजिङ चार्ज अनुदान स्वरूप उपलब्ध गराउन सकिनेछ ।

## १.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

**अनुदान दिन सकिने फलफूलका बिरूवाहरू तथा रुटस्टकहरु**

| क.सं. | प्याकिङ चार्ज र फलफूल बिरूवाको किसिम | | | | |
|---|---|---|---|---|---|
| | ५% अनुदान | १०% अनुदान | | १५% अनुदान | २०% अनुदान |
| | फलफूल बिरूवाको नाम | कलमी बिरूवाको नाम | बिजु/रुटस्टक बिरूवा | फलफूल बिरूवाको नाम (बिजु/कलमी) | सायन स्टक बिरूवाहरू |
| १ | केरा (सकर्स) | स्याउ | दाँतेओखर | लिची | स्याउ |
| २ | भुईंकटहर (जरावाल), सकर्स) | आरु | पिकानट | एभोकाडो, सापोटा | नास्पाती |
| ३ | (स्ट्रबेरी (रनर) | आरुबखडा | कागजी बदाम | अम्बा | आरु |
| ४ | किवी (कटिङ) | चेरी, खुर्पानी | कटुस | अमला | आरुबखडा |
| ५ | ड्रयागन फ्रुट | दाँते ओखर | कफी | आँप (अन्यजात) | ओखर |
| ६ | | कटुस | लप्सी | आँप(अम्रपाली, मल्लिका) | हलुवाबेद |
| ७ | | कागजी बदाम | सुन्तला | मैकाडेमियानट | अङ्गुर |
| ८ | | नास्पाति | कागती | बिजु/रुटस्टक बिरूवाहरू | सुन्तला |
| ९ | | लप्सी हलुवाबेद | निबुवा | रूखकटहर | जुनार |
| १० | | पिकानट | चाक्सी | मेकाडेमियानट | कागती |
| ११ | | फलावरिङ पिच | काजु | एभोकाडो | मुन्तला |
| १२ | | सुन्तला मुन्तला | काफल | अमला | आँप |
| १३ | | जुनार कागती | अलैंची | सरिफा | अन्य फलफूलहरू |
| १४ | | भोगटे विमिरो | स्याउ | | |
| १५ | | चाक्सी, निबुवा | हाडे ओखर | | |
| १६ | | अङ्गुर (कटिङ) | आरु | | |
| १७ | | अंजिर (कटिङ) | मयल | | |

| क्र.सं. | प्याकिङ चार्ज र फलफूल बिरूवाको किसिम | | | | |
|---|---|---|---|---|---|
| | ५% अनुदान | १०% अनुदान | | १५% अनुदान | २०% अनुदान |
| | फलफूल बिरूवाको नाम | कलमी बिरूवाको नाम | बिजु/रुटस्टक बिरूवा | फलफूल बिरूवाको नाम (बिजु/कलमी) | सायन स्टक बिरूवाहरू |
| १८ | | हेजलनट (कटिङ) | पिकानट | | |
| १९ | | जुनार (कटिङ) | ज्यामिर | | |
| २० | | अनार (ग्राफ्टिङ) | ट्राइफलियट ओरेन्ज | | |
| २१ | | लोकाट | चिया | | |
| २२ | | किवी | | | |
| २३ | ५% अनुदान प्राप्त सायनस्टक बिरूवाहरूको नाम | | | | |
| क | नरिवल | | | | |
| ख | सुपारी | | | | |
| ग | मेवा | | | | |

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार

# १.८ सामग्री ढुवानी कार्यक्रम

## १.८.१ परिचय/पृष्ठभूमि

कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू स्रोत स्थलबाट सम्बन्धित उत्पादन स्थलसम्म ढुवानी गर्नको लागि अनुदान दिइनेछ ।

## १.८.२ कार्यक्रमको उद्देश्य

कृषकहरूलाई सामग्री ढुवानी गर्न सहयोग पुऱ्याउनु ।

## १.८.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

नर्म्समा व्यवस्था भए अनुरूप ढुवानी अनुदान उपलब्ध गराउन सकिनेछ ।

## १.८.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

कार्यक्रममा तोकिएको ढुवानी रकमबाहेक अन्य स्वीकृत लक्ष्य अनुसार तोकिएको सामग्री ओसारपसार गर्दा निर्दिष्ट स्रोतबाट सम्बन्धित स्थानसम्म प्रचलित नियम अनुसार ढुवानी अनुदान दिन सकिनेछ ।

## १.९ फलफूल बिरूवा मोर्टालिटी कार्यक्रम

### १.९.१ परिचय/पृष्ठभूमि

फलफूलको बोटबिरूवाहरू स्रोत केन्द्रबाट कृषकको बगैंचामा पुऱ्याउँदा पुऱ्याउँदै मरी नोक्सानी हुन सक्ने अवस्था हेरी अनुदान दिइन्छ ।

### १.९.२ कार्यक्रमको उद्देश्य

ढुवानी गर्ने क्रममा फलफूलको बोटबिरूवा मरेमा कृषकलाई पर्न जाने मर्का कम गर्नु ।

### १.९.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- फलफूलको बोटबिरूवाहरू स्रोत केन्द्रबाट लगेर कृषकलाई वितरण नगरेसम्म विभिन्न समस्याहरू परी मर्न सक्ने वास्तविकतालाई दृष्टिगत गरी यस्ता बिरूवाको प्रकृति अनुसार मोर्टालिटी प्रतिशत कायम गरिन्छ ।
- मरेका बोटबिरूवाको मूल्य नर्म्समा उल्लेख भए अनुसार अनुदानको रूपमा दिन सकिनेछ ।

### १.९.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- नासपाती, स्याउ, आरु, आरुवखडा, कटुस, लप्सी, अङ्गुर, खुर्पानी, कागजी, वदाम, हलुवावेद, ओखर र अन्य लेकाली फलफूलमा ५ प्रतिशत ।
- भुईंकटहरमा ५ प्रतिशत ।
- रूख कटहर, अम्बा, मेवामा १० प्रतिशत
- आँप, लिचीमा १५ प्रतिशत
- अन्य फलफूलमा ५ प्रतिशत

## १.१० फलफूल नर्सरी प्रतियोगिता कार्यक्रम

### १.१०.१ परिचय/पृष्ठभूमि

स्थानीयस्तरमा नै फलफूलका बोटबिरूवा उत्पादनतर्फ लागेका कृषकहरूबीच प्रतियोगिता गराइन्छ ।

### १.१०.२ कार्यक्रमको उद्देश्य

- नर्सरीधनी कृषकहरूमा प्रतिस्पर्धात्मक भावना जगाई स्तरीय बोटबिरूवा उत्पादन गराउनु ।
- उत्कृष्ट नर्सरीधनीलाई पुरस्कृत गरी हौसला प्रदान गर्नु ।

### १.१०.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

प्रतियोगिताको लागि न्यूनतम् नर्सरी सङ्ख्या तथा उत्पादन क्षमताः नर्सरी प्रतियोगिताको लागि जिल्लामा कम्तीमा ५ वटा नर्सरीहरूले भाग लिएको हुनुपर्दछ ।

- भाग लिने प्रत्येक नर्सरीले कलमी बिरूवाको हकमा कम्तीमा ५,००० (पाँच हजार) र बिजु बिरूवाको हकमा १०,००० (दश हजार) बिरूवा उत्पादन गरेको हुनुपर्दछ ।
- माउबोटहरूको व्यवस्थापन भएको हुनुपर्ने,
- पूर्वाधारको अवस्था राम्रो हुनुपर्ने,
- आवश्यकता अनुसारको जनशक्ति भएको हुनुपर्ने,
- बिरूवामा रोगकीरा नलागेको, स्वस्थ र राम्रो गुणस्तरको हुनुपर्ने ।

### १.१०.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स नर्सरी प्रतियोगिता पुरस्कार

- प्रथम पुरस्कार
- द्वितीय पुरस्कार
- तृतीय पुरस्कार
- प्रोत्साहन गरी स्वीकृत कार्यक्रम बजेट अनुसार पुरस्कार दिन सकिनेछ ।

### १.१०.५ नर्सरी किसिम

यस्ता प्रतियोगिताहरू शीतोष्ण (स्याउ, ओखर, कागजी बदाम), समशीतोष्ण (नासपाती, आरु, आरुबखडा, अङ्गुर, हलुवावेद, कटुस र पिकानट), सुन्तला जात फलफूल, अनार, एभोकाडो र उष्ण (आँप, लिची, केरा, भुईंकटहर, रूखकटहर, नरिवल, सुपारी, अमला, अम्बा र मेवा) जस्ता फलफूल बालीहरूबीचमा छुट्टाछुट्टै सम्पादन गर्नुपर्नेछ ।

### १.१०.६ आवेदन दिनुपर्ने समयः

नर्सरीधनीहरूबाट तोकिएको समयमा आवेदन लिई त्यसको मूल्याङ्कन गरी एक महिना भित्र स्वीकृतिसहित नतिजा प्रकाशन गर्नुपर्नेछ ।

- शीतोष्ण र समशीतोष्ण फलफूलहरूको नर्सरीको लागि भाद्र मसान्तभित्र,
- उपोष्ण र उष्ण फलफूलहरूको नर्सरीको लागि फाल्गुण मसान्तसम्म ।

पुरस्कार वितरण समारोह जिल्लाबाट सञ्चालित सबै किसिमका प्रतियोगिताहरूको लागि एकै पटक आयोजना गर्ने हुँदा खाद्यान्न बाली उत्पादन प्रतियोगितामा राखिएको व्यवस्थापन खर्च वापत सबै प्रतियोगिताको लागि एकमुष्ठ हुनेछ ।

# १.११ फलफूल बगैंचा प्रतियोगिता कार्यक्रम

## १.११.१ परिचय/पृष्ठभूमि

फलफूल उत्पादन क्षेत्रहरूमा बगैंचा व्यवस्थापन पक्ष र उत्पादकत्वमा प्रतिस्पर्धा गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.११.२ कार्यक्रमको उद्देश्य

व्यावसायिक कृषकहरूलाई उचित बगैंचा व्यवस्थापन कार्यमा प्रतिस्पर्धा गराई फलफूलको उत्पादन वृद्धि गर्न प्रोत्साहित गर्नु ।

## १.११.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- यस्ता प्रतियोगिताहरू शीतोष्ण (स्याउ, ओखर, कागजी वदाम), समशीतोष्ण (नास्पाती, आरु, आरुबखडा, अङ्गुर, हलुवावेद, कटुस र पिकानट), सुन्तलाजात फलफूल अनार, एभोकाडो र उष्ण (आँप, लिची, केरा, भुईंकटहर, रूखकटहर, नरिवल, सुपारी, अमला, अम्बा र मेवा) जस्ता बालीहरूबीच छुट्टा छुट्टै सम्पादन गर्नुपर्नेछ ।
- कुनै एक किसिमको फलफूल लगाएको बगैंचा वा मिश्रित फलफूल बगैंचाहरू प्रतियोगितामा सम्मिलित गराउन सकिनेछ । तर मिश्रित बगैंचालाई सम्मिलित गराउँदा कुन फलफूलको प्रतियोगितामा समावेश गराउने हो सो स्पष्ट खुलाउनुपर्नेछ ।
- प्रतियोगिताको लागि भुईंकटहर बहेक अन्य फलफूलमा कम्तीमा ५० बोट लगाएको बगैंचा हुनुपर्दछ भने भुईंकटहर कम्तीमा ०.०५ हे. क्षेत्रमा लगाएको हुनुपर्दछ ।
- यो प्रतियोगितामा कम्तीमा १० जना कृषकहरूले भाग लिएको हुनुपर्नेछ ।
- आवेदन दिनुपर्ने समयशीतोष्ण फलफूलहरूको लागि श्रावण मसान्त भित्र, समशीतोष्ण फलफूलहरूको लागि श्रावण मसान्त भित्र, उपोष्ण फलफूलहरूको लागि भाद्र मसान्तसम्म र उष्ण फलफूलहरूको लागि चैत्र मसान्तसम्म हुनेछ ।
- निवेदनहरूका आधारमा सम्बन्धित बगैंचा निरीक्षण गरी १५ दिन भित्र निवेदन स्वीकृत गरी त्यसको मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्नुपर्नेछ ।
- फलफूल बगैंचा निरीक्षण तथा मूल्याङ्कन गर्न प्राविधिकहरू सम्मिलित बगैंचा निरीक्षण तथा मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ । उक्त समितिमा कम्तीमा पनि १ जना बागवानी विकास अधिकृत सदस्य अनिवार्य रूपमा हुनुपर्नेछ तथा सम्भव भएसम्म फलको गुणस्तर, आकारको पनि परीक्षण गरी अङ्क दिनुपर्नेछ ।
- मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरू तय गरी मूल्याङ्कन गर्नुपर्नेछ ।

- बगैंचालाई रोगकीराको दृष्टिकोणले मूल्याङ्कन गर्दा रोगकीरा लागेको बोट सङ्ख्या, रोगकीराको किसिम तथा प्रकोप स्थितिबारे अध्ययन गरी अङ्क दिनुपर्दछ ।
- काटछाँट गरिनुपर्ने फलफूलमा काटछाँट गरेको छ, छैन तथा अन्य फलफूलमा पनि हटाउनुपर्ने हाँगाहरू हटाएको छ, छैन सो अध्ययन गरी अङ्क दिनुपर्नेछ ।
- उमेर अनुसारको हुनुपर्ने वृद्धि भएको छ, छैन सो को आधारमा बोटको वृद्धि आकारमा अङ्क दिनुपर्दछ ।
- सम्भव भएमा ५ बोटको औसत उत्पादन लिने, यदि सम्भव हुन नसकेमा प्रतिबोट औसत फल सङ्ख्याको मोटामोटी अनुमान गरी सो को आधारमा उत्पादन स्थितिमा अङ्क दिईनु पर्छ ।
- फलको आकारसँग, स्वादको आधारमा फलको गुणस्तरमा अङ्क दिइनु पर्दछ ।
- मूल्याकन समिति गठन गरी देहाय बमोजिमका आधारमा उत्कृष्ट बगैंचाको पहिचान गर्नुपर्नेछः
  - बगैंचाको रेखाङ्कन
  - प्रविधिको अवलम्बन
  - व्यवस्थापन पक्ष

## १.११.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

प्रथम पुरस्कार

द्वितीय पुरस्कार

तृतीय पुरस्कार

प्रोत्साहन पुरस्कार गरी स्वीकृत बजेट अनुसार पुरस्कार प्रदान गर्न सकिनेछ ।

# फलफूल नर्सरी प्रतियोगितामा भाग लिने कृषकहरूले भर्नुपर्ने फाराम

श्रीमान्..................................................

सङ्घीय/प्रादेशिक/स्थानीय तह ................ को कार्यक्रम अनुसार मलाई/हामीलाई ..................... सालको फलफूल उत्पादन प्रतियोगितामा प्रतियोगीको रूपमा भाग लिने इच्छा भएको हुँदा मेरो/हाम्रो बगैंचाको विवरण तपसिलमा उल्लेख गरिए अनुसार भएको व्यहोरा जानकारी गराउँदै उक्त प्रतियोगिताको लागि मेरो/हाम्रो निवेदन दर्ता गरी आवश्यक कारवाही गर्ने व्यवस्थाको लागि अनुरोध गर्दछु/गर्दछौं ।

**तपसिल**

१. प्रतियोगितामा सम्मिलित हुन चाहेको फलफूल बाली ...............................................

२. बगैंचाको किसिम ..................................................................................................

३. बगैंचा रहेको स्थान ........... जिल्ला .......... न.पा. /गा.वि.स. .......... वडा नं. .....

४. बगैंचाको विवरणः

| क्र.सं. | फलफूलको किसिम | जातहरू | बोटको उमेर | सङ्ख्या | गत वर्ष फलेको बोट सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# १.१२ बढी घनत्व रोपण (High density planting) मा फलफूल बगैंचा स्थापना कार्यक्रम

## १.१२.१ परिचय/पृष्ठभूमि

फलफूल खेती नेपालको मध्यपहाडी क्षेत्रका कृषकहरूको आयआर्जनको एउटा मुख्य स्रोत भएकोले उत्पादन र उत्पादकत्व वृद्धि गर्न उच्च घनत्वमा उपयुक्त जातका गुणस्तरीय बिरूवा रोपण गरी बगैंचा स्थापना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । वर्तमान अवस्थामा स्याउ, सुन्तलाजात, आँप आदिमा यो बढी घनत्व रोपण कार्यक्रम गर्न सकिनेछ ।

## १.१२.२ कार्यक्रमको उद्देश्य

- प्रति एकाई जग्गामा प्रचलित दरभन्दा दुई गुना बढी सङ्ख्यामा बिरूवा लगाई छोटो अवधिमै उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने ।
- कृषकहरूको आय बढाउने ।
- उत्पादित फलफूलको गुणस्तर एवम् परिमाणमा सुधार ल्याई आयात प्रतिस्थापन खाद्य सुरक्षा तथा पोषण सुधारमा टेवा पुऱ्याउने ।
- कृषकहरूलाई व्यावसायिक रूपमा फलफूल खेती गर्नका लागि प्रोत्साहित एवम् अभिप्रेरित गराउने ।

## १.१२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कार्यक्रम सञ्चालन गर्न व्यावसायिक कृषक, फर्म/कम्पनी, कृषक समूह/सहकारीले आवेदन दिन सक्नेछन् ।
- बगैंचा स्थापना गने स्थानमा बाटो, बिजुली, पानी आदि पूर्वाधारको सुविधा भएको वा व्यवस्था गर्न सम्भव भएको हुनुपर्नेछ ।
- बगैंचा स्थापना तथा विस्तार गर्ने स्थानको भौगोलिक अवस्था र हावापानी उपयुक्त हुनुपर्नेछ ।
- आफ्नै स्वामित्वको जग्गा भएको हुनुपर्ने अथवा कम्तीमा पनि १५ वर्षको लागि भाडामा लिएको हुनुपर्नेछ ।
- होचो (Dwarf) जातको रुटस्टकमा कलमी गरिएको स्वस्थ बिरूवा लगाउनु पर्नेछ ।
- बगैंचा स्थापना अघि र हरेक दुई वर्षको अन्तरालमा माटो परीक्षण गरी सिफारिस अनुसारको खाद्यतत्व व्यवस्थापन गर्नुपर्नेछ ।
- बगैंचा स्थापना गर्न कम्तीमा ५ रोपनी वा १० कट्ठा क्षेत्रफल हुनुपर्नेछ ।

## १.१२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरू मध्ये कूल लागतमा अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

- खाडल तयारी,
- मलखाद व्यवस्थापन, बिरूवा खरिद तथा रोपण,
- मेशिनरी औजार तथा उपकरण खरिद,
- सिँचाइ व्यवस्थापन- थोपा सिँचाइ,
- बगैंचा व्यवस्थापनका अन्य कार्यहरू ।

# १.१३ सुन्तला र जुनार बालीको क्रप कटिङ

## १.१३.१ परिचय/पृष्ठभूमि

सुन्तला र जुनारको उत्पादन तथा उत्पादकत्व सम्बन्धी आंकलन कार्य सामान्य कार्यानुभवको आधारमा गरिदै आएको पाइन्छ । वर्तमान सन्दर्भमा जलवायु परिवर्तन, वार्षिक रूपमा बगैंचा ह्रास आदि कारणले गर्दा उत्पादन र उत्पादकत्वमा नकारात्मक असर पारेको छ । यी बालीमा क्रप कटिङ गरी उत्पादन र उत्पादकत्व विश्लेषण गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.१३.२ कार्यक्रमको उद्देश्य

- विभिन्न क्षेत्र एवम् जिल्लालाई प्रतिनिधिको रूपमा मानी उत्पादन तथा उत्पादकत्व पहिचान गर्नको लागि क्रप कटिङ गर्ने ।
- क्रप कटिङबाट प्राप्त नतिजाको आधारमा तथा जुनारको उत्पादन तथा उत्पादकत्व सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने ।

## १.१३.३ कार्यक्रम सञ्चालन विधि

सुन्तला फल क्रप कटिङ गर्दा सबै प्रदेशका क्षेत्रहरू र व्यावसायिक तथा साधारण कार्यक्रम सञ्चालन भएका सबै जिल्लाको प्रतिनिधित्व हुने गरी नमुना पालिकाहरू छनौट गरी मंसिर-माघ महिनामा क्रप कटिङ कार्यक्रम सञ्चालन गरिन्छ । क्रप कटिङ गर्दा अपनाइने विधि यस प्रकार रहेका छन् ।

- सात वटै प्रदेशहरूको प्रतिनिधित्व हुनेगरी जिल्लाहरू छनौट गर्ने ।
- सात वटै प्रदेशहरूबाट प्रतिनिधित्व हुनेगरी २।२ वटा नमुना पालिका छनौट गर्ने ।
- उक्त पालिकाहरूबाट छानिएका व्यावसायिक बगैंचाहरूबाट सबभन्दा बढी, मध्यम र सबभन्दा कम फलेका बोट छनौट गर्ने ।
- पालैपालो प्रत्येक बोटबाट फल टिपी ग्रेडिङ बोर्ड अनुसार सबभन्दा ठूलो (EL), ठूलो(A), मध्यम (B), सानो (C) र सबभन्दा सानो (VS) गरी ग्रेडिङ गर्ने ।
- ग्रेडिङ गरी प्रत्येक ग्रेडिङमा अटेको फल सङ्ख्या र तौल परिमाणको रेकर्ड लिने ।

यसरी बालीको सबै रेकर्ड लिइसकेपछि प्राप्त नतिजालाई टेबुलेशन गर्ने, जोड, औसत, अनुपात गरी सामान्य तथ्याङ्कीय विश्लेषण गरेर औसत उत्पादन तथा उत्पादकत्व अवस्था विश्लेषण गर्ने।

# सुन्तला तथा जुनार बाली क्रप कटिङ

## इस्टिमेट विवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | सुन्तला फल टिप्न, सर्टिङ ग्रेडिङ गर्न ज्यामी | जना | ६ |
| २ | फल टिप्ने कैंची (क्लिपर) | वटा | २ |
| ३ | हार्भेष्टिङ व्याग | वटा | २ |
| ४ | फल खरिद ठूलो ग्रेड A | के.जी. | ४० |
| ५ | फल खरिद मध्यम ग्रेड B | के.जी. | १०० |
| ६ | फल खरिद सानो ग्रेड C | के.जी. | १२० |
| ७ | खाजा | जना | ३० |
| | **जम्मा** | | |

पालिकाको नाम :

कृषकको नामः

| सि. न. | बोटको किसिम | फल सङ्ख्या प्रति बोट | प्रति बोट फल उत्पादन के.जी. | फलको गुणस्तरको ग्रेड | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **EL** ठूलो आकार ८५ एम.एम. | | **A** साइज ७७ एम.एम. | | **B** साइज ७० एम.एम. | | **C** साइज ५५ एम.एम. | | **D** सानो साइज ५५ एम.एम. भन्दा सानो | |
| | | | | फल सं. | तौल के.जी. | फल सं. | तौल के.जी. | फल सं. | तौल के.जी. | फल सं. | तौल के.जी. | फल सं. | तौल के.जी. |
| १ | बढी फल फलेको | | | | | | | | | | | | |
| २ | मध्यम फल फलेको | | | | | | | | | | | | |
| ३ | कम फल फलेको | | | | | | | | | | | | |
| | औसत उत्पादन | | | | | | | | | | | | |

रेकर्ड लिने प्राविधिकको नामः

ठेगानाः

मितिः

ख) साइज अनुसारको फल उत्पादनको भार प्रतिशत विवरणः

| सि.नं. | बोटको किसिम | फलको साइज अनुसार फल प्रतिशत | | | | | प्रतिशत जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | EL ठूलो आकार | A साइज | B साइज | C साइज | D सानो साइज | |
| १ | बढी फल फलेको बोट | | | | | | |
| २ | मध्यम फल फलेको बोट | | | | | | |
| ३ | कम फल फलेको बोट | | | | | | |
| | औसत उत्पादन | | | | | | |

# १.१४ पुष्प खेती प्रवर्द्धन कार्यक्रम

## १.१४.१ परिचय/पृष्ठभूमि

वर्तमान परिपेक्ष्यमा फूल तथा फूलजन्य उत्पादनको माग दिनानुदिन बढ्दो क्रममा छ । भौगोलिक परिवेश, उपलब्ध स्रोत साधन र सम्भावनाको सदुपयोग गरी निजी क्षेत्रको सहभागितामा पुष्प क्षेत्रको विकास र विस्तार गर्न आवश्यक छ ।

## १.१४.२ कार्यक्रमको उद्देश्य

- पुष्प व्यवसायको विकास र विस्तार गरी पुष्प तथा पुष्पजन्य उत्पादनको उपलब्धता बढाउने ।
- पुष्प खेतीको व्यावसायिकरण, आधुनिकिकरण र बजारिकरणमा आवश्यक सेवा टेवा पुऱ्याउने ।
- पुष्प तथा पुष्पजन्य उपजहरूमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गर्ने ।
- आनुवांशिक पुष्प स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने ।

## १.१४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कार्यक्रम सञ्चालन गर्न व्यावसायिक कृषक, कृषक समूह/सहकारी/फर्म/कम्पनीले आवेदन दिन सक्नेछन् ।
- आवेदक कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको, संस्था दर्ता भएको कम्तीमा एक वर्ष भएको हुनुपर्नेछ ।

- प्रस्तावित स्थान व्यावसायिक पुष्प खेती प्रवर्द्धन तथा विस्तारको सम्भावना भएको हुनु पर्नेछ ।
- बाटो, बिजुली, सिँचाइको सुविधा भएको ठाउँ हुनुपर्नेछ ।
- आफ्नै नाममा जग्गा भएको अथवा भाडामा लिई खेती गर्ने भए कम्तीमा पनि दश वर्षको लागि करार सम्झौता गरेको हुनुपर्नेछ ।

### १.१४.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

- माटो व्यवस्थापन
- बीउ/बेर्ना खरिद
- मलखाद तथा सुक्ष्मतत्व खरिद
- विषादी खरिद
- आवश्यक औजार उपकरण खरिद
- भौतिक संरचना निर्माण (सेड हाउस/ग्रीन हाउस/ग्लास हाउस)
- सिँचाइसँग सम्बन्धित कार्यहरू (प्लाष्टिक पोखरी/सिमेन्टेड पोखरी/सिँचाइ पाईप/थोपा सिँचाइ/स्प्रिङ्कलर आदि )
- पुष्प बिक्री केन्द्र स्थापना
- बजारिकरणको लागि आवश्यक सामग्रीहरू (प्याकेजिङ, लेवलिङ, कार्टुन बक्स आदि)

### १.१४.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत बजेटको परिधि भित्र रहेर सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

# २. तरकारी बाली विकास कार्यक्रम

## २.१ तरकारी खेतीका लागि बेर्ना उत्पादन तथा सामूदायिक नर्सरी व्यवस्थापन कार्यक्रम

### २.१.१ परिचय/पृष्ठभूमि

खाद्यान्न बालीको तुलनामा तरकारी बालीको बीउ महङ्गो हुने तथा सबै कृषकहरू स्वस्थ बेर्ना उत्पादन गर्न सक्षम नहुने अवस्था छ। यस्तो स्थितिमा अदक्ष वा अर्धदक्ष सीपको कारण साना तथा मझौला कृषकहरूको जोखिम न्यूनिकरण गर्न र सम्भावित पकेट क्षेत्रमा बढी मूल्य जाने

तरकारी बालीको बेर्ना उत्पादन, बिक्री वितरण तथा व्यवस्थापनबाट समुदायमा तरकारी व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने भएकोले सामुदायिक तरकारी नर्सरी व्यवस्थापनको ठूलो महत्त्व हुन्छ ।

### २.१.२ कार्यक्रमको उद्देश्य

- व्यावसायिक तरकारी खेती विस्तारको लागि सामूहिक तरकारी नर्सरी सञ्चालन गर्ने ।
- भौतिक पूर्वाधार (बाटो, विजुली, सिँचाइ, बजार) भएको क्षेत्रमा पकेट प्याकेज कार्यक्रम अन्तर्गत साना तथा सीमान्तकृत कृषकलाई संलग्न गराई उत्पादनसँग आवद्ध गर्न व्यावसायिक तरकारी खेती विस्तार गरी कृषकहरूको आयआर्जनमा वृद्धि गर्ने ।
- तरकारी खेतीमा संलग्न साना एवम् सीमान्तकृत कृषक सदस्यहरूको बेर्ना उत्पादन ज्ञान तथा सीपको विकास गर्ने ।

### २.१.३ कार्यक्रमको प्राविधिक पक्ष सञ्चालन प्रक्रिया/कार्यविधि

- सम्भावित तरकारी उत्पादन क्षेत्र (पकेट क्षेत्र) मा कृषक समूह तथा कृषक सहकारी संस्थामार्फत कार्यक्रम सञ्चालन गर्ने, समूह गठन नभएको स्थानमा कृषक समूह गठन गर्ने ।
- उत्पादन क्षेत्र छनौट गर्दा २ देखि ५ हे. सम्म (पहाड र उच्चपहाडमा न्यूनतम २ हे. र तराईमा ३ हे.) तरकारी क्षेत्रफल भएको हुनुपर्ने । ५ हे. सम्मको तरकारी क्षेत्रका लागि एक सामूदायिक तरकारी नर्सरी स्थापना गर्ने। तरकारी क्षेत्रफल अनुसारको नर्सरी क्षेत्रफल र सो का लागि आवश्यक पर्ने बीउको मात्रा निर्धारण गर्ने ।
- समूहका सदस्यहरू मध्येबाट नर्सरीको लागि उपयुक्त सुविधा भएको जमिन एवम् सहयोगी कृषक छनौट गर्ने ।
- मौसम र क्षेत्र विशेष उपयुक्त मुख्य मुख्य तरकारी बाली छनौट गर्ने। नर्सरी सञ्चालन गर्न सकिने तरकारी बालीहरू जस्तै काउली समूह, गोलभेँडा, भण्टा, खुर्सानी, रायो, प्याज, जिरीको साग तथा फर्सी समूहका तरकारी बालीहरू समेटेर नर्सरी स्थापना गर्ने ।
- सामूदायिक तरकारी नर्सरी स्थापना र व्यवहारिक सामुदायिक तालिम एउटै प्याकेजको रूपमा सञ्चालन गर्ने ।
- नर्सरी व्यवस्थापन र यसबाट प्राप्त बिरूवा समूह/संस्थाकै निर्णयानुसार बिक्री वितरण र व्यवस्थापन गर्ने ।
- अनुभवी कृषकलाई नर्सरी स्थापना र व्यवस्थापनका लागि प्रशिक्षकका रूपमा प्रयोग गर्ने र एक नर्सरीबाट न्यूनतम ५० कृषक परिवारलाई सेवा पुऱ्याउनुपर्ने ।

- सामूदायिक तरकारी नर्सरी कार्यक्रम सञ्चालन गर्दा कृषक समूहको निर्णय, माग र कार्यक्रमको आधारमा मात्र गर्ने ।
- सामूदायिक तरकारी नर्सरीको लगत ईष्टिमेट सम्बन्धित प्राविधिक र कृषक समूहबाट तयार पार्ने र खर्च विवरण कृषक समूहबाट प्रमाणित भएको हुनुपर्ने । सामूदायिक नर्सरीको प्राविधिक लगतसमेत राख्ने ।
- एक समूहमा लगातार दुई वर्षभन्दा बढी नर्सरीका लागि अनुदान उपलब्ध नगराउने । दोस्रो पटकका लागि सिँचाइ सामग्रीहरू र स्प्रेयर उपलब्ध नगराउने ।

### २.१.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरू

- बीउ, मल, विषादी, सुक्ष्म खाद्यतत्व खरिद
- सिडलिङ ट्रे, कोकोपिट, पोलिव्याग
- प्लाष्टिक सिट/प्लाष्टिक व्याग
- रबर पाईप
- सिँचाइ पूर्वाधार
- स्प्रेयर
- र्‍याकहरू र तखता बनाउन
- अन्य औजार उपकरणहरू

### २.१.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार लागत अनुमान तयार गरी अनुदान दिन सकिनेछ ।

## २.२ निजी तरकारी नर्सरी स्थापना कार्यक्रम

### २.२.१ परिचय/पृष्ठभूमि

निजीस्तरमा तरकारी नर्सरी स्थापना गरी माग बमोजिमको आवश्यकता पूर्ति गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.२.२ कार्यक्रमको उद्देश्य

- निजीस्तरमा नर्सरी स्थापना गर्न कृषक/समूह/सहकारीलाई प्रोत्साहन गरी स्रोत केन्द्रको रूपमा विकसित गराउनु ।
- स्थानीयस्तरमा तरकारी बेर्नाको आपूर्ति सहज बनाउनु ।

### २.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- तरकारी निजी नर्सरी स्थापना गर्न पहाडमा आधा रोपनी र तराईमा १ कठ्ठा क्षेत्रफल हुनुपर्ने ।
- नर्सरी स्थापनाको प्रथम, द्वितीय र तृतीय वर्षसम्म २.३.४ खण्डमा उल्लिखित क्रियाकलापहरूमा अनुदान दिन सकिने ।
- अनुदानग्राहीले यो कार्यक्रम कम्तीमा ५ वर्षसम्म नियमित रूपमा सञ्चालन गर्नुपर्नेछ ।

### २.२.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

- बीउ, मल, विषादी, सुक्ष्म खाद्यतत्व  खरिद
- सिडलिङ ट्रे, कोकोपिट, पोलिव्याग
- सिँचाइ पूर्वाधार
- स्प्रेयर
- ऱ्याकहरू तखता बनाएको
- अन्य औजार उपकरणहरू
- संरचना बनाउँदा चाहिने अन्य आवश्यक सामग्रीहरू

### २.२.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

## २.३ तरकारी प्याकेज प्रदर्शन कार्यक्रम

### २.३.१ परिचय/पृष्ठभूमि

तरकारी बालीका विभिन्न प्रविधिहरूलाई समेटेर तरकारी खेतीमा संलग्न कृषकहरूलाई त्यस्ता प्रविधिहरू सिकाइ आत्मविश्वास दिलाउन तरकारी प्याकेज प्रदर्शन कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.३.२ कार्यक्रमको उद्देश्य

तरकारी उत्पादक कृषकहरूलाई तरकारी बाली सम्बन्धी नयाँ प्रविधितर्फ उन्मुख गराउनु ।

### २.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- तरकारी खेतीमा संलग्न कृषकहरूलाई प्राविधिक रेखदेखमा तरकारी बालीका विभिन्न प्रविधिहरू समष्टिगत रूपमा प्रदर्शन गर्नुपर्नेछ ।
- अन्य प्रदर्शन कार्यक्रमहरू जस्तै उपयुक्त प्रदर्शन प्लट छनौट गरी साइनबोर्ड राख्नुपर्दछ ।

- कृषकहरूलाई बीउ, वेर्ना, मल, विषादी आदि नर्म्स अनुसार उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- क्षेत्रफलः पहाडमा १ रोपनी र तराईमा १.५ कठ्ठा

### २.३.४ कार्यक्रमको खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्ने ।

## २.४ बेमौसमी तरकारी उत्पादन प्रदर्शन कार्यक्रम

### २.४.१ परिचय/पृष्ठभूमि

मानव आहारमा तरकारीको बहुत महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । एउटा वयस्क मानिसले स्वस्थ रहनको लागि दैनिक करिब ३००-३५० ग्राम तरकारी खान आवश्यक हुन्छ । आजकल शिक्षामा सुधार, स्वास्थ्यप्रति जनताको सजगता, प्रचार प्रसार, पर्यटकहरूको आगमनको कारणहरूले गर्दा होटल व्यवसायमा बढोत्तरी, जनसङ्ख्या वृद्धि, धार्मिक लचकतार सडक यातायातमा सुधार आदि कारणले गर्दा दिनानु दिन ताजा तरकारीको माग अत्यधिक मात्रामा बढिरहेको छ । मौसमी तरकारी खेतीबाट मात्र यस्तो बढ्दो मागलाई धान्न असम्भव भएकोले बेमौसमी तरकारी खेती गरी तरकारीको आपूर्ति गर्न जरूरी छ ।

### २.४.२ कार्यक्रमको उद्देश्य

- बढ्दो तरकारीको मागको आपूर्ति वर्षभरि गरिरहनु ।
- कृषकहरूलाई उन्नत प्रविधिहरू ग्रहण गर्न आकर्षित गर्नु ।
- बेमौसमी खेतीबाट बढी आम्दानी गरी कृषकको जीवनस्तर उकास्नु ।

### २.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विज्ञान र प्रविधिको विकाससँगै कुनै पनि मौसममा खेती गर्न सकिने उन्नत जातका बीउबिजनहरूको पनि विकास भइसकेको छ ।
- बेमौसमी तरकारी उत्पादन गर्ने विभिन्न प्रविधिहरू मध्ये लगाउने स्थानको परिवर्तन गरेरलगाउने समयको फेर बदल वा समयको हेरफेर गरेर, जातीय छनौटको आधार वा जात अनुसार सिजन तथा मौसमको छनौट गरेर, गुमोज तथा छाप्रोको प्रयोग वा प्लास्टीकको गुमोज तथा छाप्रोभित्र बेर्नाहरू तयार गरेर र ग्रीन हाउस निर्माण वा प्लाष्टिक वा सिसाको कृत्रिम घर निर्माण गरेर गर्न सकिन्छ ।

- उच्च प्रविधि, ज्ञान र सर्तकताको आवश्यकता हुने भएकोले सक्रिय कृषक छनौट गर्ने ।
- कम्तीमा तराइमा २ कठ्ठा र पहाडमा १/२ रोपनीमा प्रदर्शन गर्नुपर्नेछ ।

### २.४.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

- बीउ, मल, विषादी, सुक्ष्म खाद्यतत्व  खरिद
- सिडलिङ ट्रे, कोकोपिट, पोलिव्याग
- सिँचाइ पूर्वाधार
- स्प्रेयर
- **र्‍या**कहरू तखता बनाएको
- प्लाष्टिक सिट
- ट्रेसलिङ डोरी, मल्चिङ प्लाष्टिक सिट,
- Pheromone trap/ sticky trap
- अन्य औजार उपकरणहरू
- संरचना बनाउँदा चाहिने अन्य आवश्यक सामग्रीहरू

### २.४.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्ने ।

## २.५ करेसाबारी प्रदर्शन कार्यक्रम

### २.५.१ परिचय/पृष्ठभूमि

दैनिक भोजनमा करेसावारीबाट प्राप्त हुने विभिन्न किसिमका सिजन अनुसारका सागपात र तरकारीका बीउहरूलाई समावेश गर्नुपर्दछ  । विभिन्न किसिमका तरकारीहरू करेसावारीमा लगाई आफ्नो दैनिक उपभोग बढाउने दृष्टिकोणले यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.५.२ कार्यक्रमको उद्देश्य

- घर परिवारका सदस्यहरूलाई सधै तरकारी उपलब्ध गराउन सानो स्केलमा तरकारी खेती गर्न प्रोत्साहन गर्नु ।
- घरको नजिकै सानो ठाउँको उपयोग गर्नु ।
- विषादीरहित दैनिक हरियो, पोषणयुक्त, स्वस्थकर, ताजा तरकारी उपलब्ध गराउनु ।
- नियमित रूपमा करेसाबारीमा काम गर्दा व्यायाम भई शरीर पनि स्वस्थ राख्न मद्दत पुऱ्याउनु ।

### २.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- करेसाबारी बनाउँदा घरको नजिकै वा घरको नजिक बनाउने ।
- पानीको निकास राम्रो भएको र घरायसी पानीको सदुपयोग गर्न सकिने ठाउँ छनौट गर्ने ।
- ठूला रूख र छायाँ नभएको तथा चारैतर्फ बार बन्देज भएको हुनुपर्ने ।
- एक कुनामा कम्पोष्ट खाडल तयार गर्न सकिने र त्यसमा तरकारीका पात र बडारकुडार गरी आएका कसिङ्गरहरू त्यही कम्पोष्ट खाडलमा राख्न सकिने ।
- साधारणतया करेसाबारी दैनिक उपयोगको लागि हुने हुँदा तरकारीहरू तथा फलफूल - मौसम अनुसार फल्ने लगाउनु पर्ने ।
- तरकारीहरू (सिजन अनुसार) कुन जात कुन समयमा लगाउने भन्ने जानकारी पनि हुनु जरूरी हुन्छ । करेसावारीको लागि आवश्यक पर्ने बीउ, मल, विषादी आदिको पनि पहिले नै व्यवस्था गरी राख्नुपर्ने ।
- विभिन्न तरकारीहरूको बीउको कम्पोजिट पाकेट बनाई कृषकहरूलाई उपलब्ध गराउनुपर्ने । यस्ता तरकारीहरूको बीउको पाकेट उपलब्ध गराउँदा बाह्रै महिना ताजा र हरियो तरकारी उपलब्ध होस् भन्ने दृष्टिकोणसमेत राख्नुपर्दछ ।

### २.५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार लागत अनुमान तयार गरी खर्च गर्न सकिनेछ ।

## २.६ उन्नत बीउ कीट वितरण कार्यक्रम

### २.६.१ परिचय/पृष्ठभूमि

कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको तरकारी बीउलाई सोही स्थानको आवहवासँग मिल्ने अन्य कुनै ठाउँमा विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.६.२ कार्यक्रमको उद्देश्य

- कृषकहरूलाई कुनै एक स्थानमा लोकप्रिय भएको तरकारी बीउलाई त्यस स्थानको आसपासमा जानकारीको लागि प्रसारण गर्ने ।
- अनुसन्धान केन्द्रमा उपयुक्त ठहरिएका नयाँ/उन्नत जातहरू कृषकको घरबारीमा पुऱ्याई विस्तार गर्ने ।

### २.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कुनै एक ठाउँमा लोकप्रिय देखिएका तरकारी बीउहरू खरिद गरी स-साना प्याकेटमा प्याकेजिङ गरेर कृषकहरूलाई वितरण गर्नुपर्दछ ।
- बीउको जात, लगाउने समय, मलखाद, सिँचाइ, अनुमानित उत्पादन लगायत सम्पूर्ण क्रियाकलापहरूको जानकारी कृषकहरूलाई दिनुपर्दछ ।

### २.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार लागत अनुमान तयार गरी खर्च गर्ने ।

## २.७ कौसी खेती प्रवर्द्धन कार्यक्रम

### २.७.१ परिचय/पृष्ठभूमि

ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा तीब्र गतिमा भइरहेको बसाई सराईका कारणले गर्दा शहरी क्षेत्रहरूमा जनसङ्ख्याको चाप बढ्दो क्रममा तथा खेतीयोग्य जमिन घट्दो क्रममा रहँदै आएको अवस्था छ । शहरी क्षेत्रका वासिन्दाहरूमा खेती गर्ने जमिनको अभाव अथवा पेशागत व्यस्तताका कारण सबै किसिमका दैनिक उपभोग्य कृषि वस्तुहरू बजारबाट किनेर खानुपर्ने बाध्यता रहेको छ । तरकारी उत्पादन हुने क्षेत्रहरूबाट तरकारी आपूर्ति गरी वा आयातीत तरकारीहरू शहरी क्षेत्रका बजारमा ठूलो परिमाणमा बिक्री हुने गरेको अवस्था छ । शहरी क्षेत्रका आम उपभोक्ता ताजा तरकारीको लागि पूर्ण रूपमा परनिर्भर रहेको परिपेक्ष्यमा शहरी क्षेत्रमा तरकारी खेती विस्तार आवश्यक रहँदै आएको छ । ठूलो परिमाणमा कृषि उपजहरू आयात गरिने दुई छिमेकी मुलुकहरू भारत र चीनमा विश्वकै उच्च दरमा रसायन र विषादीहरू प्रयोग हुने गर्दछन् । यस सन्दर्भमा ग्रामीण क्षेत्रमा उत्पादन हुने कृषि उपजहरू विशेषत ताजा तरकारी तथा फलफूलहरूले मात्र शहरको माग धान्न नसक्ने देखिएको र बर्तमान समयमा कृषि विज्ञानले हासिल गरेको नवीन प्रविधि उपयोग गरी स्वयम् उपभोक्ताहरू घरायसी प्रयोजनका लागि उत्पादनमा संलग्न हुन सक्ने भएकोले कौसी खेती कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ ।

### २.७.२ कार्यक्रमको उद्देश्य

- शहरी क्षेत्रका घरको छत, वरण्डा, कौसी जस्ता स्थानको उपयोग गरी ताजा तरकारी र फलफूल बालीहरूको घरायसी उत्पादनलाई प्रवर्द्धन गर्ने ।
- कुहिने घरायसी फोहोरलाई मल बनाउन सदुपयोग गरी फोहर व्यवस्थापन गर्ने ।
- हरित शहर निर्माणमा योगदान पुऱ्याउने ।

## २.७.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न स्थानीय तह वा जिल्लास्थित कृषि कार्यालयमा कृषि कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- सम्बन्धित स्थानीय तह/कृषि ज्ञान केन्द्रले समितिको सिफारिसमा कौसी खेती गर्न सम्भाव्य शहरी क्षेत्रका वडा/टोलहरू छनौट गर्नुपर्दछ ।
- शहरी क्षेत्रका स्थानीय तह/वडा/टोलबाट समूहमा कौसी खेती गर्न इच्छुक/ जग्गा जमिन नभएकाहरूबाट अनौपचारिक वा स्वघोषित समूह (१५-२५जना) मार्फत आवेदन माग गर्नुपर्छ ।
- आवेदकहरूको कृषि प्राविधिकमार्फत स्थलगत अनुगमन गर्नुपर्छ ।
- स्थलगत अनुगमन प्रतिवेदनको आधारमा लाभग्राहीहरूको छनौट गर्नुपर्दछ ।
- छनौट लाभग्राहीलाई स्थलगत रूपमा समूहमा कौसी खेतीका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- छनौट भएका लाभग्राहीहरूसँग कार्यक्रम सम्झौतागरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- कौसी खेती गर्नका लागि आवश्यक पूर्वाधारहरूको स्पेसिफिकेसन स्वीकृत गरी आवश्यकता अनुसार अनुदान दिन सकिनेछ ।

**कौसी खेतीका लागि आवश्यक पूर्वाधारको विवरणः- प्रतिव्यक्ति**

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | मिडिया राख्नः क्षेत्रफल ३० वर्ग मीटर | | |
| | Grow bag/ प्लाष्टिक व्याग | सङ्ख्या | २० |
| | गमला | सङ्ख्या | २० |
| | माछाको स्टाइरोफोम बाकस | सङ्ख्या | २० |
| २ | फलामको वेन्च कम्तीमा ३० वटा Grow Bag वा गमला वा १५ वटा माछाको स्टाइरोफोम बाकस राख्न मिल्ने | छत/वरण्डा वा कौसीको आकार र क्षेत्रफल अनुसार | |
| ३ | कोको पिट तथा मिडिया तयारी | के जी | १० |
| ४ | नर्सरी ट्रे | सङ्ख्या | ५ |
| ५ | थोपा सिँचाइ, ५० लि. क्षमताको टयाङ्की सहित | सेट | १ |
| ६ | कम्पोष्ट मल वनाउनको लागि ड्रमः न्यूनतम ५०० लि. क्षमता | सङ्ख्या | १ |
| ७ | भर्मिकम्पोष्ट बनाउनको लागि काठको संरचना निर्माण | वर्ग मी | ४ |
| ८ | जैविक विषादी वा झोलमल वनाउनको लागि ड्रमः न्यूनतम ५० लिटर क्षमताको | सङ्ख्या | १ |
| ९ | Rain shelter निर्माण (३० वर्ग मि.) | सङ्ख्या | १ |
| १० | हाते स्प्रेयर पम्प ३ लिटरको | सङ्ख्या | १ |

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| ११ | इ.एम, Waste Decomposer, बीउ, बिरूवा आदि | एकमुष्ट | १ |
| १२ | कौसी खेतीको विवरण भएको बोर्ड | एकमुष्ट | १ |

### २.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार लागतमा अनुदान दिन सकिनेछ ।

## २.८ तरकारी बाली उत्पादन प्रतियोगिता कार्यक्रम

### २.८.१ परिचय/पृष्ठभूमि

विभिन्न जातका तरकारी उत्पादक कृषकहरूलाई बढी तरकारी उत्पादनतर्फ ध्यान आकृष्ट गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.८.२ कार्यक्रमको उद्देश्य

- तरकारी उत्पादक कृषकहरूमा प्रतिस्पर्धात्मक भावना जगाई बढी तरकारी उत्पादन गराउनु ।
- उत्कृष्ट तरकारी उत्पादक कृषकलाई पुरस्कृत गरी प्रोत्साहित तुल्याउनु ।

### २.८.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- प्रतियोगितामा कम्तीमा १० जना कृषकले भाग लिएको हुनुपर्दछ ।
- प्रतियोगिताको लागि तरकारी बाली लगाउने जग्गा पहाडमा ५ रोपनी तथा तराईमा १० कठ्ठा तोकिएको छ ।
- व्यावसायिक तरकारी बाली प्रतियोगिता जिल्लाहरूले वर्षको १ पटक सञ्चालन गर्नुपर्नेछ ।
- प्रतियोगिताको लागि एक मौसमको मुख्य तरकारी बालीलाई मात्र समावेश गरी र बाली लगाउने समयभन्दा अगावै प्रतियोगितामा समावेश गरिने तरकारी बालीबारे कृषकहरूलाई जानकारी गराउनुपर्नेछ ।
- प्रतियोगितामा भाग लिन इच्छुक कृषकहरूले कम्तीमा बाली लगाउन एक महिना अगावै तोकिएको प्रतियोगिताको दरखास्त फाराम भरेर सम्बन्धी कार्यालयमा नाम दर्ता गराउनुपर्नेछ ।
- प्रतियोगितामा सहभागी कृषकले १ भन्दा बढी बालीमा भाग लिन पाएतापनि पुरस्कार एउटा तरकारी बालीमा मात्र दिनुपर्नेछ ।

- मूल्याङकनको लागि मूल्याङ्कन समिति गठन गरी समितिले मूल्याङ्कन गरी दिएको सिफारिसका आधारमा पुरस्कार वितरणको व्यवस्था गरिनेछ ।
- तरकारी बाली मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै गर्ने र अन्तिम अङ्क सरदरबाट राखिनेछ । पूर्णाङ्क १०० भएको उक्त मूल्याङ्कन निम्नानुसार गर्नुपर्नेछ ।
- बीउको स्रोत यकिन भएको/सूचीकृत जातको प्रयोग, प्राविधिक रूपले उपुयक्त, हावापानी सुहाउँदो जातकोप्रयोग भएको लागि २० अङ्क राखिएको छ ।
- मूल्याङ्कन विधितरकारी बारीको सरसफाईमा २० अङ्क राखिएको छ । त्यस अन्तगर्त बालीको हेरचाहमा, बारीको खनजोत, मलको प्रयोग, बारीको ले-आउट आदिको विचार गरी असन्तोषजनक, सन्तोषजनक र राम्रोमा वर्गिकरण गरी मूल्याङ्कन गरिनेछ ।
- बालीको अवस्थामा पनि पूर्णाङ्क २० अङ्क राखिएको छ । त्यस अन्तर्गत बिरूवाको घनत्वमा घन ठीक र पातलो गरी विभाजन गरिएको छ । ठीक घनत्व भन्नाले सिफारिस गरिएको घनत्वलाई जनाउनेछ । रोपण तरिका ड्यांग/लाईन मिलाएर वा जथाभावी रोखिएको छ, सो अनुसार अङ्क दिइनेछ । खडा बालीको स्थिति भन्नाले बिरूवाले फसल उत्पादन गर्न सक्ने क्षमता मूल्याङ्कन गरी नाजुक, राम्रो र असल छुट्टयाई अङ्क दिइनेछ ।
- बालीको स्वास्थ्यमा रोग र कीराको प्रकोप हेरी उच्च, मध्यम र निम्न गरी अङ्क दिइनेछ । यसको लागि जम्मा २० अङ्क राखिएको छ ।
- राम्रो जातको तरकारी बाली प्रयोगलाई वढावा दिन राम्रो जात प्रयोगका लागि ५ देखि १० अङ्क र बिना स्रोतको बीउ प्रयोग गरेकालाई १ देखि ५ अङ्क दिइनेछ ।
- उत्पादन क्षमता प्रति एकाई उत्पादन वा उत्पादकत्वको आधारमा उच्च, मध्यम र निम्न वर्गीकरण गरिनेछ । यसको लागि अधिक उत्पादन भएकोलाई १० अङ्कसम्म दिन सकिनेछ । मध्यम उत्पादन राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रबाट प्रकाशित नेपाल तरकारी खेती पुस्तिकाको सरदर उत्पादनलाई दिनुपर्दछ ।

## २.८.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- प्रथम पुरस्कार
- द्वितीय पुरस्कार
- तृतीय पुरस्कार
- प्रोत्साहन पुरस्कार

पुरस्कार वितरण समारोह सबै किसिमका प्रतियोगिताहरूको लागि एकै पटक आयोजना गर्ने हुँदा व्यवस्थापन खर्च एकमुष्ठ राख्न सकिनेछ ।

# २.९ संरक्षित कृषि प्रवर्द्धन कार्यक्रम

## २.९.१ पृष्ठभूमि

ताजा तरकारी, फलफूल, पुष्प तथा आलङ्कारिक बिरूवा/उत्पादनको माग नेपालका प्रमुख शहरी क्षेत्रमा बढ्दै गएको अवस्थामा यस्ता उपजहरूको मौसमी तथा वेमौसमी उत्पादन लिन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक प्रविधिको प्रसार गर्नुपर्ने आवश्यकता देखिएको छ । बेमौसमी ताजा तरकारीको उत्पादन बढाउन यसको उत्पादकत्व बढाउनु नितान्त आवश्यक छ र यसका लागि आधुनिक प्रविधि अपनाउन जरूरी देखिएको छ । प्लाष्टिक घर तथा हरितगृहमा तरकारी खेती पछिल्ला वर्षहरूमा निकै लोकप्रिय बन्दै गइरहेको छ । साना साना प्लाष्टिक गुमोजदेखि ठूलो क्षेत्रफलमा यसता संरचना निर्माण गरी खेती गर्ने चलन बढ्दै गएको छ । प्रतिककूल मौसम र शत्रुजीवहरूबाट केही हदसम्म संरक्षण गर्न सकिने, मल र पानीको नियन्त्रित प्रयोग गर्न सकिने यसता संरचनामा तरकारी खेती गर्दा तरकारी बालीको उत्पादन र उत्पादकत्व बढ्ने तथ्य प्रमाणित नै हुन् । त्यसैले यस्ता प्रविधिहरूको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग गरी किसान वर्गलाई तरकारी खेतीतर्फ थप आकर्षक गर्न यस्ता संरचनाको प्रयोगमा सहयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## २.९.२ कार्यक्रमको उद्देश्य

- आधुनिक प्रविधिको प्रयोगबाट उच्च मूल्ययुक्त तरकारी बालीको उत्पादकत्व र गुणस्तर वृद्धि गर्ने ।
- निजी क्षेत्रलाई आकर्षित गर्ने गरी लगानीको वातावरण सिर्जना गर्ने ।
- लक्षित र उत्साहित युवाहरूलाई कृषिमा आकर्षित गर्ने ।

## २.९.३ कार्यक्रम सञ्चालनको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया र कार्यविधि

- कृषक, कृषक समूह वा कृषि सहकारीबाट खेती गर्ने स्थान, बाली, वार्षिक उत्पादनको प्रक्षेपण, बजारिकरणको सोच/योजना सहितको आवेदन माग गर्ने ।
- आवेदक कानून बमोजिम दर्ता भएको हुनुपर्ने र छनौट भएको खण्डमा सम्झौता गर्दा अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ ।
- पूर्वाधार निर्माणको लागि आफ्नै स्वामित्वको जग्गा भएको हुनुपर्नेछ ।

- आफ्नै स्वामित्वको जग्गा नभएको खण्डमा हाइटेक ग्रिनहाउस, नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस तथा एग्रिनेट हाउसको हकमा कम्तीमा १५ वर्षको लागि र प्लाष्टिक घर/टनेलको हकमा कम्तीमा ५ वर्षको लागि जमिन लिजमा लिएको हुनुपर्नेछ ।
- जमिन लिजमा लिएको प्रमाण अनुमति प्राप्त गरेका कानून व्यवसायीले प्रचलित कानून अनुसार तयार गरेको हुनुपर्नेछ र सो अनुसारबाहेक पेश भएका लिज कागजातलाई मान्यता दिइने छैन साथै लिजमा लिएको जमिनको लालपूर्जाको छायाँप्रति अनिवार्य सँलग्न राख्नुपर्नेछ ।
- ग्रिन हाउस र एग्रिनेट हाउस को हकमा डिजाइन, लेआउट तथा लागत इस्टिमेट सहितको (Quotation) मान्यताप्राप्त प्राविधिक वा फर्म (आपूर्तिकर्ता) बाट तयार भएको हुनुपर्नेछ ।
- ग्रिनहाउस र प्लाष्टिक टनेलमा उच्च मूल्य जाने तरकारी उत्पादनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक ज्ञानको व्यवस्था भएको हुनुपर्नेछ ।
- निर्धारित ढाँचा अनुसारको व्यासायिक योजना प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।
- प्रस्तावित जमिनमा सडक, सिँचाइ, बिजुलीका सुविधाहरूको अवस्थाबारे विवरण पेश गर्नुपर्दछ ।
- अनुदानको किसिम नेपाल सरकारको नियमानुसार हुनुपर्नेछ ।

## २.९.४ संरक्षित संरचनाका प्रकार र तीनका स्पेशिफिकेशनका नमुना

### २.९.४.१ ग्रिनहाउस

#### २.९.४.१.१ हाइटेक ग्रिनहाउस

**Technical standards of fan and pad green house/Poly-house**

| S.N. | Item | General Specification |
|---|---|---|
| 1 | Size | Area= 560 $m^2$<br>Length=Multiples of 8 Meter+ 4 Meter.Ex.8X2+4.(Length is side along the gable or side along the truss lines)<br>Width=Multiples of 4 Meter.Ex.4X2 or 4X3.(Width is side along the gutter or side along the Purlin lines) |
| 2 | Shape | Aero Dynamic along all four sides with curvature shaped hockey pipes of 48.0 mm OD GI Pipes with a view to reduce the impact of wind and consequent damage of Poly Houses Structure<br>-Gutter Orientation – North South and may change according to wind direction.<br>-PAD should be in Wind direction and must have covered elevated balcony for shade. |
| 3 | Structure | Hot Dip Galvanized Tubular Structure of BIS standards.<br>Galvanization of the structural members should not be less than 300 GSM (Grams per square meter). |
| A | Withstnad to | Structure should withstand to minimum wind velocity of 80.6 |

<table>
<tr><th>S.N.</th><th>Item</th><th>General Specification</th></tr>
<tr><td></td><td>wind velocity</td><td>miles per/hr or 130 km/hr or 36 Meters per second.<br>**Note**: In case of high wind velocity areas, structure should withstand wind velocity upto 94 miles per/hr or 150 kms/hr or 42 /Meter per second.</td></tr>
<tr><td>B</td><td>Sizes of the structural members</td><td>
<table>
<tr><th>Members name</th><th>Outside diameter (mm)</th><th>Thickness (mm)</th><th>Wt per meter lenght (kg)</th></tr>
<tr><td>Columns</td><td>76</td><td>2</td><td>3.75</td></tr>
<tr><td>Top Purlins</td><td>48 (ridge)</td><td>2</td><td>2.30</td></tr>
<tr><td>Gutter Purlins</td><td>42/43 (Center)</td><td>2</td><td>2.10</td></tr>
<tr><td>Top arches of the truss</td><td>42</td><td>2</td><td>2.10</td></tr>
<tr><td>Bottom chord of the truss Horizontal (GI pipes)</td><td>60</td><td>2</td><td>2.85</td></tr>
<tr><td>Top Chords and trusses members</td><td>48/43</td><td>2</td><td>2.30/2.10</td></tr>
<tr><td>Internal Bracings of the truss-pipe structural members to be fitted in plated nuts, bolts and washers without welding</td><td>33</td><td>2</td><td>1.60</td></tr>
<tr><td>Corridors/Balconies</td><td>60</td><td>2</td><td>2.85</td></tr>
<tr><td>Curtain Runner</td><td>42</td><td>2</td><td>2.10</td></tr>
<tr><td>Flap control pipe</td><td>21</td><td>2</td><td>1</td></tr>
<tr><td>Curtain shaft</td><td>27</td><td>2</td><td>1.30</td></tr>
<tr><td>Cross Bracing</td><td>33</td><td>2</td><td>1.60</td></tr>
<tr><td colspan="4">Note: Welded pipes should not be used ofr structures erection except bottom pipe of 8 m lenght.</td></tr>
</table>
</td></tr>
<tr><td>C</td><td>Column</td><td>76 OD, 2 mm thick</td></tr>
<tr><td>D</td><td>Purlin</td><td>48 mm OD/2 mm thick at ridge and 42/43 mm OD/2 mm thick for center</td></tr>
<tr><td>E</td><td>Trusses</td><td>Bottom horizontal 60 mm oD/2 mm thick GI Pipe top chords and truss members 48 mm OD/and 43 mm OD2.0 mm thick<br>Bracing 32 mm OD/1.8 mm thick GI Pipe structural members to be fitted in plated nuts, bolts and washers without welding</td></tr>
<tr><td>F</td><td>Clamps and Nut Bolts</td><td>Well compatible GI Clamps < 120 GSM, 2mm thickness</td></tr>
<tr><td>4</td><td>Grid size</td><td>-8mx4m (Ideal size)<br>-Size can be less depending upon space availability but not more 8mx4m grid size</td></tr>
<tr><td>5</td><td>Balcony and corridor</td><td>2 meter wide, vertical/curved pipe-60 mm OD/2 mm thick GI Pipe with 32 mm OD/1.8 mm thick horizontal GI pipe as supporting pipe as supporting pipe. Area covered by corridors should not be included while calculating the area under poly house</td></tr>
<tr><td>6</td><td>Foundation</td><td>Pit size should be min 45 cm dia. Depth 75 to 90 cm or suitably altered depending upon Ground strata/level so as to ensure safety and stability of the structure even under extreme wind conditions. Columns are fitted over ground “insets” and bolted to insert pipe of 60 mm OD/2mm thick G/ pipe. Length of insert 120 to 130 cm & filling the pit with 1:2:4 concrete hand mixed with appropriate Grade</td></tr>
</table>

| S.N. | Item | General Specification |
|---|---|---|
| | | cement.<br>Before doing the line out for the foundation, ensure that slope of greenhouse ground along the gable should be 0% to 1% and<br>along gutter min. 1% and max. 3%. If slope of ground exceeds<br>this limit then ask grower to do the land development and<br>maintain the slopes of the ground within the limits.<br>Slope along the gable and gutter should be uniform. If developed ground has filing depth more than 200 mm then ask grower to do the flooding of water over the ground so that it should settle down. If the flooding is not done than there are chances of foundation piercing into the ground after application of structural load even foundation may dislocate. |
| 7 | Gutter | Gutter should be made of Galvanized sheet of 2 mm thickness in trapezoidal shape having 500 mm wide perimeter (Preferably of single length without joint) Coil having 120 GSM Galvanization. It should be leak proof. Min 1% slope required for the gutter. Assure uniform slope to gutter to avoid stagnant water in gutter to achieve maximum life of gutter.<br>Gutter Orientation – North – South and may change according to win direction. |
| | a) Gutter Height | Gutter height should be 4 to 4.5 meter from foundation formation level. |
| | b) Gutter slope | 1 to 1.5% to be provided in civil structural work. |
| | Ridge height/center height | Minimum 5 to 6.5 meter. |
| 8 | Fasteners | Cold Galvanized well compatible M6 to M10 bolts & nuts 50 to<br>150mm long with plain washers as per requirement and with the<br>best quality plating to have good anti-corrosiveness |
| 9 | Poly Film | Polythene should be properly. UV stabilized at least there years. Thickness of polythene should be minimum 200 micron(0.2 mm)<br>**Compulsory properties**<br>UV stabilization, Diffusion /Clear (light Transmission)<br>**Optional Properties**<br>UV Blocking /Antivirus, Sulphur Resistant, Thermic, Anti drip, Anti Mist, Anti Dust<br>**Manufacturing process**<br>Three layer/ Five layer |
| 10 | Thermal Net | 30 to 50% alluminate / thermal net as per requirement<br>• Minimum 100GSM<br>• Power operated crank mechanism should be provided for expanding and retracting the shade net. |
| 11 | Poly Fixing | C type profile made from Alloy Aluminum should have-high strength with light weight-(approx 220-250 gm/rmtrs) smooth edges, Curve bottom proper for 1.25” to 3” pipes, Proper channel for spring and suitable for double spring locking 0.9mm thick. Self-drilling screw should be fixed on profile every 40 cm along the full length of the profile. |
| 12 | Spring Insert | A plastic coated GI wire spring of 2.2 mm diameter, having good elasticity should be used for longer life that transferring less heat to the cladding materials as plastic films or shade net.<br>If we are using GI spring it is better to use a two inch strip of new poly film to be placed over the main plastic in the profile and then lock it with GI profile. This will help in longer life of the plastic as the rusted spring will not directly come in |

| S.N. | Item | General Specification |
|---|---|---|
| | | contact with the main plastic.<br>All spring must end inside the profile. Any spring outside profile must be either fixed inside or should be cut so that it does not damage the plastic in strong wind as it will initiate all the plastic being pulled out of profile. |
| 13 | Entrance | Double door entry Doors should be made of form FRP Sheets or polycarbonate sheets. Opening and closing is either hinged or sliding Min. width of door should be 1m and min height 2M. The door area should have 50 mm PCC Flooring over 75 mm<br>thick sub base. |
| 14 | Civil work | Wall on fan side will be 35 mm thick and 80 cm high and wall on<br>pad side will be 23 cm on thick & 100 cm high from ground level<br>in cm 1.6 with required foundation. All the walls will be plastered in cm 1.4 on top and sides.<br>80 cm to 1m wide and 10 cm thick footpaths made of cement concrete ration of 1:2:4 should be provided as per the requirements. |
| 15 | Electrical fittings | Conduit and wiring as required for connecting light, fan, motor and pumping to main electrical supplies.<br>Preferably use copper wire to withstand the load of the electrical appliances of Indian standards. |
| 16 | Climate control system | |
| A | Fan and Pad System | -Numbers of Fan depends upon size of Fan-pad house and it should be capable of exhausting air volume in one minutes.<br>- Exhaust Fans-50” however it depends upon size of fan-pad house with louvers. 1.5 HP-3 phase ISI standard electric motor.<br>-Cellulose cooling pads of 1.8 meter height with 100 mm/150mm thickness covering the area properly. PVC water distribution system screen/disc filter valve and pumps etc.<br>-Control panel with manual operation, temp and humidity sensors.<br>-The necessary digital controller with sensory device & accessories of standard quality as per requirement should be provided to operate the fan & pad system for controlling temperature & humidity inside the Green house. |
| B | Fogging System | -In consist of four way anti leak fogger 28 iph flow rate (Working<br>pressure should be mentioned at which we will be able to get required particle size fogger spacing along the lateral and lateral spacing) and particle size, 80-100 micron, 16mm lateral class-3 PVC pipe 6kg/cm2, valves, filter, pump, panel with volt meter, MCB, relay, temp and humidity sensor etc complete application rate 3mm/hr. |

## २.९.४.१.२ नेचुरल्लि भेण्टिलेटेड ग्रिनहाउस

### Technical standards of naturally ventilated green house/Polyhouse

| SN | Item | General Specification |
|---|---|---|
| 1 | Type | • Minimum top ventilation should be 10% of total Polyhouse/Greenhouse area and side ventilation depends onrequirement of the climatic conditions.<br>• Preferably saw tooth design or Even Span, Ridge & Furrowdepending upon suitability for naturally ventilatedpoly-house/greenhouse. |
| 2 | Size | Area= 1008 $m^2$<br>Length=Multiples of 8 Meter+ 4 Meter.Ex.8X2+4.(Length is side along the gable or |

| SN | Item | General Specification |
|---|---|---|
| | | side along the truss lines)<br>Width=Multiples of 4 Meter.Ex.4X2 or 4X3.(Width is side along the gutter or side along the Purlin lines) |
| 3 | Grid | 8M X 4M. 2 Meter corridors/balcony along all four sides.<br>If the area is ≤ 250 Sq m then it is better to go for single span green house |
| 4 | Shape | To reduce the impact of wind and consequent damage to greenhouse structure; Green house will be aero dynamic along all four sides with curvature shaped balcony pipes of 48m m OD/2 mm thick G I pipes. |
| 5 | Strucuture | Hot Dip Galvanized Tubular structure. Galvanization of the structural members of BIS standards should not be less than 300 GSM (grams per square meter) |
| 6 | Stability of strucuture | Structure should withstand to minimum wind velocity of 80.6 miles per/hr or 130 Km/hr or 36 Meter per second.<br>Note: -In case of high wind velocity zones, structures should withstand wind velocity up to 94 miles per/hr or 150Km/hr or 42 Meter per second. |
| 7 | Sizes of the structural members | **Refer sequence as** |

| Members name | Outside diameter (mm) | Thickness (mm) | Wt per meter lenght (kg) |
|---|---|---|---|
| Columns | 76 | 2 | 3.75 |
| Top Purlins | 48 | 2 | 2.30 |
| Gutter Purlins | 42 | 2 | 2.10 |
| Top arches of the truss | 42 | 2 | 2.10 |
| Bottom chord of the truss | 60 | 2 | 2.85 |
| Internal Bracings of the truss | 33 | 2 | 1.60 |
| Corridors/Balconies | 60 | 2 | 2.85 |
| Curtain Runner | 42 | 2 | 2.10 |
| Flap control pipe | 21 | 2 | 1.80 |
| Curtain shaft | 27 | 2 | 1.30 |
| Cross Bracing | 33 | 2 | 1.60 |
| Note: Welded pipes should not be used ofr structures erection except bottom pipe of 8 m lenght. | | | |

| | | |
|---|---|---|
| 8 | Fixtures to join sructural members | Different type of fixtures are used to join structural members of polyhouses like brackets, cleats, clamps, nut & bolts, washers, self -tapping & drilling screw etc. The entire iron fixture should be galvanized and strong enough. |
| | a) Brackets abd cleasts | Made from the section like angle, channel, I beams and should be cold galvanized with minimum coat of 120 GSM |
| | b) Clamps | Different type of clams like 76/60/48/42/33 mm OD full, 76/60/48/42/33 mm OB half are used which should be made from min. 42 mm wide and 2.1 mm tick GP coil having minimum 120 GSM Galvanization. Curtain clamp should be made from high carbon steel strips of min 30mm wide and 0.8mm thick. Such clamp should have proper spring action so that after fixing at the place they should not change the location. |

| SN | Item | General Specification |
|---|---|---|
| | c) Nuts, bolt and washers | From M12 to M6 Bolts, Nuts, washers should be used and they should be cold galvanized with min.120 GSM coat. |
| | d) Self tapping and drilling screw | These screw should be used to assure extra safety. They prevent dislocation of clamps from its place.<br>Distance between tapping screw specially for fixing profile to gutter should be 30-40 cm. |
| 9 | Gutter | Gutter should be made of Galvanized sheet of 2 mm thickness in trapezoidal shape having 500 mm wide perimeter (Preferably of single length without joint) Coil having 120 GSM Galvanization. It should be leak proof. Min 1% slope required for the gutter. Assure uniform slope to gutter to avoid stagnant water in gutter to achieve maximum life of gutter.<br>Gutter Orientation – North – South and may change according to win direction. |
| | a) Gutter Height | Gutter height should be 4 to 4.5 meter from foundation formation level. |
| 10 | Ridge Height | Ridge height should be 6 to 6.5 meter from foundation formation level. |
| 11 | Arches Overlap | Minimum overlap of top arch over second (small) arch should be 600mm to avoid direct rain entrance into the greenhouse from the vent. |
| 12 | Foundation | Pit size should be min 45 cm dia. Depth 75 to 90 cm or suitably altered depending upon Ground strata/level so as to ensure safety and stability of the structure even under extreme wind conditions. Columns are fitted over ground "insets" and bolted to insert pipe of 60 mm OD/2mm thick G/ pipe. Length of insert 120 to 130 cm & filling the pit with 1:2:4 concrete hand mixed with appropriate Grade cement.<br>Before doing the line out for the foundation, ensure that slope of greenhouse ground along the gable should be 0% to 1% and along gutter min. 1% and max. 3%. If slope of ground exceeds this limit then ask grower to do the land development and maintain the slopes of the ground within the limits.<br>Slope along the gable and gutter should be uniform. If developed ground has filing depth more than 200 mm then ask grower to do the flooding of water over the ground so that it should settle down. If the flooding is not done than there are chances of foundation piercing into the ground after application of structural load even foundation may dislocate. |
| 13 | Civil works | Cement concrete 1:2:4 blocks of size 30 cm X 30 cm X 80cm for embedding vertical pipe/poll in brick work for wall around poly house will be 23 cm thick, 0.5 meter high (0.3 m below GL and 0.2 m above GL) in cm 1:6 with 10 cm thick with PCC 1:4:8 in foundation of wall. Wall will be plastered in cm 1:4 on top and sides.<br>80cm to 1m wide and 10cm thick footpaths made of cement concrete ration of 1:2:4 should be provided. |
| 14 | Curtain Opening | In general temperature inside the poly-house is more than ambient. To reduce the inside poly-house temperature increase, side ventilation, minimum 20% of floor area is necessary.<br>Minimum 1.5 m clear side curtain opening is required. Side curtain should have min.200mm overlap to the bottom apron.<br>This overlap is necessary to avoid direct entrance of rain into the green house and also to stop direct air entry in the nights. |
| 15 | Bottom Apron | To top the CO2 inside the greenhouse, bottom apron is necessary. It should have min 0.6 m height from the ground and max 1.5 meter depending upon the crop and climatic conditions. |

| SN | Item | General Specification |
|---|---|---|
| 16 | Doors | Double Door Entry, Doors Should Be Made Of Form FRP Sheets or polycarbonate sheets. Opening and closing is either hinged or sliding. Min width of door should be 1 M and min height 2 M. the door area should have 50 mm PCC flooring over 75 mm thick sub base. |
| 17 | Top shadding and side shadding | Top shading can be done by using following material:<br>**a) Shading net:** Shading net made from HDPE should be used.<br>The selection of shade net depends upon the selection of crops<br>grown and the light spectrum. It should not be more than 50%<br>shade factor. It should be UV stabilized so that it should last long for min. three years. GSM should be minimum 100. Opening and closing arrangement either manual or auto should be provided to the shading net to increase its utility.<br>**b) Thermal screen/Aluminate:** This is better option to create the shading. It reflects the light back and by the means controls the temperature also. This defuses the light also. This is made from HDPE with hot dip aluminium coating. Minimum GSM should be 100 and minimum aluminium coating should 25 micron. Opening and closing arrangement either manual or auto should be provided to the thermal screen to increase its utility.<br>**Side Shading:**<br>Shade net of 35% should be used to create side shading. This is useful to avoid direct entry of sunlight into the poly-house/green house when curtain is open. Minimum GSM should be 75.<br>or<br>Use of 40 mesh UV stabilized insect proof net is also recommended to protect direct entry of insects into the polyhouse/greenhouse. This should have minimum 100 GSM weigh.<br>The shade factor (opening) in colour shade net depends on the<br>spectrum of light through which light is passing through. So right kind of shade net is major challenge that depends on growers choice as well to take advice from the experts. The manually operated crank mechanism should be provided for expending and retracting the shade net. |
| 18 | Polythene | Polythene should be properly UV stabilized and prorated warranted for at least three years. Thickness ofpolythene should be minimum 200 micron (0.2mm). Polythenequantity accommodate maximum 5.4 sq. meter area in its 1kilogram weight. (For example,5.5mx100m polythene roll shouldhave minimum weight of 5.5x100/5.4=101.85kg or 4.5m x 100mone roll should have minimum weight of 4.5x100/5.4=83.33Kg.)<br>**Options in green house film:**<br>**Compulsory properties:**<br>UV stabilization, Diffusion/Clear (Light Transmission)<br>**Optional properties:**<br>UV Blocking /Antivirus, Sulphur Resistant, Thermic, Anti Drip, Anti Mist, Anti Dust<br>**Manufacturing Process:**<br>Three layer/Five layer |
| 19 | `Aluminum Profile/Poly fixing | C type profile made from Alloy Aluminum should have-high<br>strength with light weight-(approx 220-250 gm/rmtrs) smooth<br>edges, Curve bottom proper for 1.25” to 3” pipes, Proper channel for spring and suitable for double spring locking 0.9mm thick. Self-drilling screw should be fixed on profile every 40 cm along the full length of the profile. |

| SN | Item | General Specification |
|---|---|---|
| 20 | Spring Insert | A plastic coated GI wire spring of 2.2 mm diameter, having good elasticity should be used for longer life that transferring less heat to the cladding materials as plastic films or shade net.<br>If we are using GI spring it is better to use a two inch strip of new poly film to be placed over the main plastic in the profile and then lock it with GI profile. This will help in longer life of the plastic as the rusted spring will not directly come in contact with the main plastic.<br>All spring must end inside the profile. Any spring outside profile must be either fixed inside or should be cut so that it does not damage the plastic in strong wind as it will initiate all the plastic being pulled out of profile. |
| 21 | Air Circulation by air circulating fans | In hot and humid climate, when ambient temperature and humidity are in higher side, it is very natural that both these factors have a tendency to increase further inside a green houses. Under such condition 'air circulating fans' inside the green house will do a good job to reduce the harmful effect of high humidity and temperature on plant. The increased air flow inside the plant canopy reduces the leaf temperature and disperses the high humidity around leaves, which maintain the transpiration pull of crop. This will work best when coupled with exhaust fans that will throw out the accumulated hot and humid air.<br>In cool climate, during winter when the green house is heated, you need to maintain air circulation in such a way that temperature remains uniform throughout the green house.<br>Without air mixing fans, the warm air rises to top and cool air settles around the plants on the floor. During rainy seasons.<br>When humidity is high and high ambient temperature cools down due to rain, this air circulating fans may be used judicially to disperse the higher humidity around plant canopy.<br>Small fans with a cubic-foot-per-minute(ft3/min) air-moving capacity of one quarter of the air volume of green house are sufficient. Place the fans in diagonally opposite corners but out from ends and sides. The goal is to develop circular (oval) pattern of air movement. Operate fans continuously during required period of a day. |
| 22 | General conditions | • Green house structural design should be sound enough to withstand wind speed of 130 km/hr.<br>• The companies should be asked to get their structural design verified from the structural engineer because the proposed design is based on the functional requirements and field experience.<br>• The firm should guarantee for free maintenance/damage to the structural material for One year.<br>• The firm should be able to construct the entire green house within eight weeks of the issue of work order. |

## २.९.४.१.३ एग्रिनेटहाउस

### Specification of Agri net house

| SN | Item | Specification |
|---|---|---|
| 1 | Size | 3956 $m^2$ |
| 2 | Shape | Flat top |
| 3 | Withstand to wind velocity | Structure may be design to withstand wind velocity upto 104 Km/hr and 120Km/Hour per hrs in high wind velocity zone |
| 4 | Foundation | 2 mm thickness GI Pipes compatible with columns, length 1.2 m |
| 5 | Main Column | Size 60.OD, Thickness 2 mm, Wt per length 2.85 kg, length -4 m |
| 6 | Purlins | Purlin GI pipes-size 42/43 OD/thickness 2mm, Wt per length 2.00/2.10kg length -4m purlin members-33/32 mm OD/2 mm thickness, Wt. per length 1.60 kg |
| 7 | Corner | Size 60 OD, Thickness 2 mm, Wt. per length 2.30 kg, length 0.15m |
| 8 | Four way pipe couplers | Size 48 OD, Thickness 2 mm, Wt. per length 2.30kg, length-0.15m |
| 9 | Five way pipe couplers | Size 48 OD, Wt. per length 2.30 kg Thickness 2 mm, length-0.15m |
| 10 | Nut Bolts | Size 3/8” |
| 11 | Grid size | 4x4, 8x4,4x6 (m) |
| 12 | Gable length | 4.0 m |
| 13 | Center height | • Flat Structure -4m<br>• Hut /dome type structure – Centre height -4m, side height -2.5 m |
| 14 | Aluminum Profile | C type Aluminum profile to fix shade net to the structure by means of self tapping screws. Weight of aluminum profile is 200-220 gm/ meter. Self Drilling Screw should be fixed on profile every 40 cm along the full length of the profile. |
| 15 | Spring insert | A coated spring I preferable compared to cold galvanized spring as a coated spring transfer less heat to the plastic and thus enhances the life of the plastic.<br>If we are using GI spring it is better to use a two inch strip of new poly film to be placed over the main plastic in the profile and then lock it with GI profile. This will help in longer life of the plastic as the rusted spring will not directly come in contact with the main plastic. Wire material should be high carbon spring steel with spring action. |
| 16 | Shade Net | UV stabilized, ranging from 30% to maximum 75% GSM shade depending upon the crop, made up of ISI/applicable national standard, white/green/ black/suitable colour. |
| 17 | Door | Polycarbonate/polythene sheet door with 1m widths and 2m height and another door of 1m X2 m Box section frame is embedded inside for the strength. |
| 18 | Anti Room | Anti-room of size 4m X 3 m attached to net house. |
| 19 | Foundation/ Civil work | Cement concrete 1:2:4 block of size 40cm X 40 cm X 90 cm for embedding vertical poll/pipe of shade net, subject to revision as per requirement of site. |
| 20 | Over slope | 1 to 1.5% |
| 21 | APRON | Use of APRON in shade net |

## २.१० प्लाष्टिक घरमा बैमौसमी तरकारी खेती कार्यक्रम

### २.१०.१ परिचय/पृष्ठभूमि

प्रतिककूल मौसममा विभिन्न प्रकारका तरकारीहरू रोपी उत्पादन गरिने उत्पादन गरिने विभिन्न प्रकारका ताजा तरकारीलाई बैमौसमी तरकारी खेती भनिन्छ । अतः बेमौसममा गरिने कुनै पनि तरकारी खेतीको लागि धेरै मिहिनेत र जाँगरको आवश्यकता पर्दछ । बेमौसममा उत्पादन गरिने कुनै पनि तरकारीको उत्पादन प्रति इकाई क्षेत्रफलबाट खास मौसममा भन्दा कम उत्पादन भए तापनि बजार मूल्य बढी आउनाका कारण मौसमको भन्दा बढी नै फाइदा हुन जान्छ । अतः यसरी खेती गरिने तरकारीको लागि बेर्ना उत्पादन गर्ने काम पनि बेमौसममा नै गर्नुपर्ने नितान्त आवश्यक हुन जान्छ ।

### २.१०.२ कार्यक्रमको उद्देश्य

- प्लाष्टिक घरमा बेमौसममा पनि मौसमी तरकारी जस्तै गुणस्तरको तरकारी उत्पादन गरी मौसमी तरकारीले भन्दा बढी आम्दानी लिन ।
- उपभोक्ताहरूलाई महङ्गै भए पनि बेमौसममा ताजा तरकारीको आपूर्ति गर्न
- बेमौसमी उत्पादनबाट किसानहरूमा आत्मविश्वासको विकास भई तरकारी खेतीलाई मुख्य पेशाको रूपमा अपनाउन
- बेरोजगारीको समस्या हटाउन सहयोग पुर्याउन

### २.१०.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

प्लाप्टिक घर बनाउन जग्गाको छनौट :-

- जग्गामा ८ घण्टाभन्दा बढी समय घाम लाग्ने हुनुपर्छ ।
- निकासको व्यवस्था भएको ।
- बाटोको सुविधा भएको ।
- सिँचाइको सुविधा भएको ।
- विद्युतको सुविधा भएको ।
- जग्गाको चौडाइ ७ मिटर वा बढी भएको राम्रो ।

**घर बनाउन आवश्यक पर्ने सामग्रीहरू :**

१. बास २. UV protected प्लाष्टिक ३. डोरी ४. टेप ५. खन्ती ६. खुर्पा/खुकुरी ७. जि.आइ.तार ८. ढलान तार ९. १.५ इन्चको काँटी १०. प्लायर ११. ह्यामर/हथौड १२. आरा १३. डढेको मोविल १४. ज्यामी

बजारमा प्राय: २०' र २४' चौडाइ भएका प्लाष्टिक उपल्ब्ध छन् । तसर्थ २०' को प्लाष्टिक प्रयोग गर्ने भए ५ मिटर र २४' को भए ६ मिटर चौडाइको घर बनाउन उपयुक्त हुन्छ ।

## ५ मिटर चौडाइ र २० मिटर लम्बाइको प्लाष्टिक घर निर्माण गर्दा लागत अनुमानित खर्च

इष्टिमेट तथा लागत अनुमान

| क्र. सं. | विवरण | इकाई | परिमाण | लम्बाइ | जम्मा लम्बाइ | जम्मा परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाँस | | | | | | |
| १.१ | ३.६ मी. लामो धुरी खामो | सङ्ख्या | ९ | ३.६ | ३२.४ | | |
| १.२ | २.६ मी. लामी बलेसी खामो | सङ्ख्या | १८ | २.६ | ४६.८ | | |
| १.३ | ५ मी. लामो बाँसको बलो | सङ्ख्या | ९ | ५ | ४५ | | |
| १.४ | २० मी. लामो बाँसको बलो | सङ्ख्या | ३ | २० | ६० | | |
| १.५ | ६ मी. लामो बाँसको भाटा | सङ्ख्या | २१ | ६ | ३१.५ | | *एउटा बाँसबाट ४ वटा भाटा छुट्याउने |
| | | | **जम्मा (मी.)** | | **२१५.७** | | *एउटा बाँसको लम्बाइ ६ मी. |
| | | | **बाँसको परिमाण (वटा)** | | **३५.९५** | **३९.५** | *१० प्रतिशत थप |
| | | | **जम्मा बाँस** | | | ४० | |

**बासँको प्लाष्टिक घर (५मी.*२०मी.)**

| सि.न. | विवरण /समाग्री | ईकाइ | परिमाण | दररेट | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बासँ | घना | ४० | २५० | १०००० | |
| २ | UV plastic /सिल्पाउलिन प्लाष्टिक ४५ GSM | वर्ग मी | १३० | ७० | ९१०० | |
| ३ | डोरी | के.जी. | १ | १५० | १५० | |
| ४ | किला | के.जी. | १ | १७० | १७० | |
| ५ | ढलान तार | के.जी. | २ | १५० | ३०० | *जिल्ला दररेट अथवा स्थानीय वजार भाउ |
| ६ | जि.आइ.तार | के.जी. | ४ | १८० | ७२० | |
| ७ | डढेको मोविल वा अलकत्रा | लिटर | २ | १०० | २०० | |
| ८ | समाग्री ढवानी | एकमुष्ट | १ | २००० | २००० | |
| ९ | मिस्त्री (दक्ष) | जना | ५ | १०३० | ५१५० | |
| १० | मिस्त्री (अदक्ष) | जना | ५ | ७५० | ३७५० | |
| | **जम्मालागत खर्च** | | | | ३१५४० | |

**नोट:** सामग्रीहरूको लागत मूल्य समय र स्थान विशेष अनुसार फरक पर्न सक्छ ।

**घर बनाउदा ध्यान दिनु पर्ने कुराहरू :-**

**घरको उचाइ :-**

- काठमाडौं उपत्यका लगायत मध्यपहाडी क्षेत्रमा दुवै छेउको उचाइ ६ देखि ६.५ फिट र बीचको उचाइ ९ देखि ९.५ फिट हुनु उपयुक्त हुन्छ ।
- जति जति गर्मी क्षेत्र भयो घरको उचाइ माथिको भन्दा बढी हुनुपर्छ भने उच्चपहाडी क्षेत्रमा होचो बनाउनु उपयुक्त हुन्छ ।

**घरको मोहोडा :-**

- जुन दिशाबाट हावा चल्छ घरको मोहोडा सोही दिशामा पार्नु पर्छ । अर्थात् पश्चिमबाट हावा चल्ने ठाउँमा घरको लम्बाइ पूर्व - पश्चिम हुनुपर्छ । यसो गर्दा हावाको चाप कम पर्न गई प्लाष्टिक उठाउने जोखिम कम हुन्छ ।
- एकदेखि अर्को घरको दूरी १ मिटर राख्नु राम्रो हुन्छ ।


**प्लाष्टिकको छनौट** :-

- बजारमा ४५, ७०, ९० र १२० जि.एस.एम. का UV protected plastic प्लाष्टिक उपलब्ध छन् । जति बाक्लो प्लाष्टिक प्रयोग गर्यो उति कम सूर्यको प्रकाश घरभित्र छिर्ने हुँदा उत्पादनमा कमि आउछ । तसर्थ तरकारी खेतीको लागि ४५ जि.एस.एम. को प्लाष्टिक प्रयोग गर्नु उत्तम हुन्छ । तर बढी हावा चल्ने र असिना पर्ने क्षेत्रमा भने बढी गेजको प्लाष्टिक प्रयोग गर्नु राम्रो हुन्छ ।

**टहरा (घर) बनाउने तरिका :-**

- सातदेखि आठ फिटको दूरिमा डोरी र टेपको सहायताले ३ लाइन खाडल खन्ने ।
- एक लाइनदेखि अर्को लाइनको दूरी ८ फिट कायम गर्ने ।
- १६ फिट चौडाइ र लम्बाइ ७०/८० फिटभन्दा बढी लामो नबनाउने ।
- खाडलको गहिराइ २ फिट बनाउने ।
- धुरी खाँबाको लागि ११ फिट र कुमे खाँबा (छेउ/छेउका खाँबा) ८ फिट नापेर काट्ने ।
- खाँबाको माथिल्लो भागमा बलो अडयाउनको लागि चोके निकाल्ने ।
- खाँबाको तलको गाड्ने भाग पट्टि करिब ३ फिटसम्म डढेको मोविल पुरानो कपडा वा ब्रसको सहायताले लगाउने ।
- लाइनमा खम्बा गाडिसकेपछि माथिबाट डोरी तानेर लेभल (उचाइ) जाँच गर्ने । तल माथि भएमा थप खनेर वा माटो राखेर उचाइ मिलाउने । यस प्रकार समान उचाइ भएपछि खाडलमा माटो राखेर खाँद्ने ।

- खाँबाहरू खादेर दरिलो बनाएपछि माथिबाट वलो राखेर जि.आइ. तारले बाँध्ने ।
- एउटा बाँसलाई चार भाग बनाई भित्रपट्टिको आँखा खुर्केरसम्म पारि ४/५ फिटको फरकमा भाटाहरू लगाउदै जानु पर्छ र भाटाको लम्बाइ कुमे वलोभन्दा १५/२० सेन्टिमिटर बाहिरसम्म हुनुपर्छ ।
- भाटाहरू बाँधिसकेपछि माथिबाट प्लाष्टिकलाई राम्ररी तन्काई जि.आई. तारले बाँध्नुपर्छ ।




PLAN VIEW

All DIMENSIONS ARE IN METER

DRAWING OF BAMBOO PLASTIC HOUSE

SIZE 5m*20m

## २.१०.४ कुन कुन अवस्थामा प्लाष्टिक घरमा तरकारी खेती गर्ने ?

बढी वर्षाले निम्त्याउने रोगकीराबाट बालीलाई जोगाउन र जाडो मौसममा पनि वर्षे तरकारी खेती गर्न परेमा प्लाष्टिक घर प्रविधि अपनाई तरकारी खेती गर्न सकिन्छ ।

**ध्यान दिनुपर्ने कुराः**

प्लाष्टिकको घरको छानामा लेउले गर्दा सूर्यको प्रकाश कम छिरी उत्पादकत्व घट्ने हुँदा समय समयमा छानो सफा गर्नुपर्ने ।

# २.११ तरकारी बीउ उत्पादन प्रदर्शन कार्यक्रम

## २.११.१ परिचय/पृष्ठभूमि

दिन प्रतिदिन विविध तरकारी बालीको स्तरयुक्त बीउ आवश्यक पर्न थालेकोले यस्तो आवश्यकता पूर्ति गर्न यो प्रदर्शन सञ्चालन गरिन्छ ।

## २.११.२ कार्यक्रमको उद्देश्य

तरकारी बीउ उत्पादक कृषक/समूहमा गुणस्तरयुक्त तरकारी बीउ उत्पादन प्रविधि प्रदर्शन गर्नु ।

## २.११.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विभिन्न किसिमका तरकारी बीउ उत्पादन गर्न सकिने भौगोलिक क्षेत्रका जिल्लाहरूमा यो कार्यक्रम सञ्चालन गर्न प्राविधिक सेवाको साथै सामग्रीहरू उपलब्ध गराउनुपर्नेछ ।
- प्राविधिक पक्षमा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र तथा तरकारी बीउ उत्पादन केन्द्रसँग समन्वय कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

## २.११.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

मूल बीउ, विषादी, सुक्ष्मतत्व तथा मल आदि यस प्रदर्शनमा स्थानीय दररेट अनुसार खर्च गर्न सकिनेछ ।

# २.१२ ओल उत्पादन प्रदर्शन कार्यक्रम

## २.१२.१ परिचय/पृष्ठभूमि

तराई क्षेत्रमा तरकारीको रूपमा प्रयोग भइरहेको तथा उत्पादकत्व बढी भएको ओल (Elephant Foot Yam) को खेती विस्तार भइरहेको छ । यसै परिप्रेक्ष्यमा उन्नत तरिका प्रयोग गरेर बढी उत्पादन लिने हिसाबले कृषकहरूलाई प्रोत्साहन गर्न यो उत्पादन प्रदर्शन गरिनेछ ।

## २.१२.२ कार्यक्रमको उद्देश्य

ओल (Elephant Foot Yam) उत्पादन गर्दा अपनाउनु पर्ने सम्पूर्ण प्रविधिहरूको संयुक्त रूपमा प्रयोग गरी उत्पादन गरिने तरिका कृषकहरूलाई देखाई ओल (Elephant Foot Yam) उत्पादनतर्फ आकर्षण गराउनु ।

## २.१२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- उत्पादन प्रदर्शन गरिने क्षेत्र छनौट गर्दा कृषकहरूलाई पनि सहभागी गराउनुपर्नेछ ।

- यो उत्पादन प्रदर्शन हो भनी चिनाउने गरी संक्षिप्त विवरण सहितको बोर्ड राख्ने व्यवस्था मिलाउनुपर्दछ ।
- बालीको विभिन्न अवस्थामा कृषकहरूलाई भेला गराई त्यसबारे जानकारी गराउनुपर्दछ ।
- बाली कटाइको समयमा २०-२५ जना कृषकहरूलाई जम्मा गराई बाली काटी उत्पादन रेर्कड राख्नुपर्दछ ।

### २.१२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

**उत्पादन सामग्रीः**

(क) बीउ २०० के.जी.

(ख) मल

(ग) प्रदर्शन बोर्ड (३ फीट * २.५ फिट) तथा ढुवानी

### २.१२.५ ध्यान दिनुपर्ने पक्षहरुरू

**क्षेत्रफलः** १ कठ्ठा क्षेत्रफल ।

**लक्षित समूहः** ओल उत्पादन गर्ने कृषक, कृषक समूह तथा सहकारीहरू ।

**आशातित प्रतिफलः** गुणस्तरीय ओल उत्पादन भई कृषकहरूले ओलको उत्पादन र उत्पादकत्व वृद्धि गर्नेछन् ।

**जिम्मेवार निकाय तथा व्यक्तिः**

सम्बन्धित जिल्लास्थित कृषि कार्यालयको प्रमुख तथा बागवानी विकास अधिकृत र अन्तर्गतका स्थानीयस्तरमा कार्यरत प्रा.स./ना.प्रा.स. हरू ।

## २.१३ समन्वयात्मक कृषि पकेट प्याकेज कार्यक्रम

### २.१३.१ परिचय/पृष्ठभूमि

कृषकहरूको माग अनुसार सम्भाव्यताको आधारमा तरकारी उत्पादन पकेट छनौट गरेर सम्भाव्य देखिएका पकेटहरूमा त्यस्ता कार्यक्रम सञ्चालनको लागि प्राविधिक सेवा पुऱ्याउनको साथै आवश्यक उपकरण उपलब्ध गराइन्छ ।

### २.१३.२ कार्यक्रमको उद्देश्य

- कृषक सहभागितामा व्यवसाय उन्मुख पकेट प्याकेज कार्यक्रम सञ्चालन गराउनु ।
- कृषकहरूलाई खास गरी तरकारी व्यवसायमा उन्मुख गराउनु ।

### २.१३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- पहिलो-जिल्लास्थित कृषि कार्यालयले बाली विशेष उपयुक्त उत्पादन क्षेत्र (पकेट) मा आयोजनागत रूपले कार्यक्रम तर्जुमा गरेपछि त्यस्ता कार्यक्रम स्वीकृत भई सो क्षेत्रमा लगिने कार्यक्रमहरू समष्टिगत प्याकेजको रूपमा सञ्चालन गर्नुपर्नेछ ।
- दोस्रो- कृषकहरूबाट उत्पादन क्षेत्र (पकेट) पहिचान भई आवश्यक महसुस भएका सामग्रीहरू उनीहरूकै सक्रिय सहभागितामा नर्म्स अनुसार उपलब्ध गराउनुपर्नेछ । यसो गर्दा जिल्लाका अन्य मिल्दा स्वीकृत कार्यक्रमहरूसँग प्याकेजका रूपमा सञ्चालन गर्नुपर्नेछ ।

### २.१३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- सम्बन्धित स्रोत केन्द्रहरूबाट बीउ, बेर्ना, कटिङहरू, बीउ आलु (सिडलिङ ट्यूबर) र आलु बीउ आदि खरिद गरी कृषक समूहहरूलाई अनुदान दिई वितरण गर्ने ।
- व्यावसायिक तरकारी समूहलाई तरकारी उत्पादन गर्न प्रति समूह बढीमा १० के.जी. प्लाष्टिक सीटमा अनुदान दिने ।

## २.१४ घरबारी बगैंचा स्थापना तथा व्यवस्थापन कार्यक्रम

### २.१४.१ परिचय/पृष्ठभूमि

खाद्य तथा पोषण सुरक्षाका लागि घर बगैंचा एक भरपर्दो पद्धति देखिएको छ । घर बगैंचामा तरकारी, फलफूल, कन्दमूल, जडिबुटी, पशुपन्छी, मौरी, माछा, च्याउ, डालेघाँस जस्ता वस्तुहरू एकीकृत व्यवस्थापन गरिएको हुँदा विविध खाद्य पदार्थको उत्पादन भई पौष्टिक पदार्थको उपलब्धतामा टेवा पुऱ्याउँदछ । यिनै तथ्यहरूलाई मनन् गर्दै Food and Nutrition Security Plan of Action Nepal 2015 ले Home garden लाई पोषण सुरक्षाको लागि विद्यमान अवस्थामा पोषणको लागि कृषिका गतिविधिहरू सञ्चालन गर्दा विभिन्न नामहरू जस्तै करेसाबारी, पोषण बगैंचा, घरबारी बगैंचा जस्ता शब्दहरू प्रयोग हुँदै आएको छ । विभिन्न भौगोलिक क्षेत्रमा पाइने स्थानीय तथा मौलिक जैविक विविधताको सङ्कलन र उपयोग गर्न गराउन यस घरबारी बगैंचा स्थापना तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

### २.१४.२ कार्यक्रमको उद्देश्य

- आफ्नै उत्पादनबाट पारिवारिक पोषणको सुरक्षा हुने
- बालीनाली, पशुपन्छी, कीट, मत्स्यजन्य उत्पादनबाट सन्तुलित पोषण उपलब्ध हुने
- वर्षैंभरी स्वच्छ र ताजा उत्पादनको उपयोगमा टेवा पुग्ने

- स्थानीय तथा मौलिक जैविक विविधताको सङ्कलन सम्बर्द्धन र उपयोग गरी सर्वसाधारणको पोषणमा सुधार र जीविकोपार्जनमा मद्दत पुऱ्याउने

## २.१४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- सर्वप्रथम समूहका सदस्यहरू भेला गरी कार्यक्रमबारे र विश्लेषित आधारभूत तथ्याङ्कको आधारमा स्थानीय खाद्य र पोषण आवश्यकता सम्बन्धी सचेतना गोष्ठि सञ्चालन गर्नुपर्नेछ
- तत्पश्चात स्थानीय आवश्यकता अनुसारको घर बगैंचाको नमुना तयार गरी सो बारेमा स्थलगत तालिम या गोष्ठिको माध्यमबाट कृषकहरूलाई आधारभूत ज्ञान र सीप दिनुपर्दछ ।
- नमुना घर बगैंचालाई कार्यरूप दिन र आवश्यक प्रविधि हस्तान्तरण गर्न स्थलगत घुम्ती तालिमहरू आवश्यकता अनुसार सञ्चालन गर्नुपर्नेछ ।
- यस्ता तालिमहरू घर बगैंचा निर्माणमा टेवा पुग्ने गरी व्यावहारिक कक्षाका रूपमा र सम्भव भएसम्म खेतीका विभिन्न चरण र मौषम समेट्ने गरी चरणगत रूपमा सञ्चालन गर्नुपर्नेछ ।
- यसरी तालिम प्राप्त समूह सदस्यहरूलाई स्थानीय घर बगैंचा नमुना अनुसार आवश्यक पर्ने जैविक विविधता प्याकेज तयार गरी निःशुल्क वितरण गर्नुपर्नेछ ।
- सर्वप्रथम जैविविधता प्याकेज भन्नाले तरकारीहरूको बीउ, फलफूल तथा डालेघाँसको बिरूवा, मौरी, च्याउ, माछा, कुखुरा, हाँस, बाख्रा, बङ्गुरबङ्गुर आदि समावेस गर्न सकिन्छ भन्ने बुझ्नु पर्दछ ।
- जैविक विविधता विवरणको विश्लेषण, पोषिला खाद्य पदार्थको उपलब्धता तथा पर्याप्तताको आधारमा समूह सदस्यको माग र प्राविधिक उपयुक्ततालाई मध्यनजर गरी समूहको सिफारिसमा जैविक विविधता प्याकेज (बीउ, बिरूवा, पशुपन्छी, मौरी, माछा आदिको) तयार गर्नुपर्नेछ ।
- यसरी प्याकेज बनाउन छनौट भएका कम्तीमा ५,५ तरकारी बालीमा प्रसस्त पौष्टिक पदार्थ (प्रोटिन, भिटामिन तथा खनिज पदार्थ) हुनुपर्दछ ।
- मौरी र च्याउको हकमा बालीको कार्यविधि (नर्म्स) अनुसार नै समूहको सिफारिसमा इच्छुक सदस्यहरूलाई अनुदान दिन सकिनेछ ।
- आफैंले कुखुरा राखेका या राख्ने कृषकलाई अर्ध बन्देज खोर बनाउन अनुदान दिन सकिन्छ ।
- च्याउ, मौरीपालन, माछापालनलाई सम्भव भएसम्म प्रोत्साहन गर्नुपर्नेछ ।

- अन्य निकायहरूसँग समन्वय तथा सहकार्य गरी साना चौपाया (बाख्रा, खरायो) र पन्छी (कुखुरा, हाँस) लाई पनि घर बगैंचामा समाहित गर्न सकिनेछ ।
- घर बगैंचा स्थापना तथा व्यवस्थापनमा सहयोग पुग्ने या आवश्यक पर्ने समूह व्यवस्थापन, नेतृत्व विकास र लेखा तथा अभिलेख राख्नेबारे स्थलगत तालिम दिन सकिनेछ ।
- कृषि प्रविधिबारे सचेतना, तालिम तथा अवस्था मूल्याङ्कनका क्रियाकलापहरूबाहेक स्वास्थ्य र पोषण सम्बन्धी आधारभूत सूचकहरूको अवस्था सम्बन्धी तथ्याङ्क तथा अवस्था मूल्याङ्कन गर्ने क्रियाकलापहरू पनि समावेश गर्न सकिनेछ ।
- कृषकको घर वरिपरिको जग्गाको उपलब्धता, परिवारको सदस्य सङ्ख्या, भौगोलिक अवस्था र स्थानीय साधन स्रोतको उपलब्धताका आधारमा क्षेत्रफलको थपघट हुने भए तापनि कम्तीमा १२५ वर्गमिटर हुनु पर्ने हुन्छ । साधारणतया ५०० वर्गमिटरको क्षेत्रफल भएको घर बगैंचामा सम्पूर्ण तत्वहरूको राम्रो व्यबस्थापन गर्न सकिन्छ ।

## २.१४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- घर बगैंचा स्थापना तथा व्यवस्थापनको लागि नयाँ समूह गठन र पहिलो वर्ष सञ्चालनका क्रममा हुने खर्चलाई निम्न बमोजिम गर्न सकिन्छ ।
  - क. कृषक समूह गठनः स्वीकृत नर्म्स अनुसार
  - ख. स्थलगत तालिमः स्वीकृत नर्म्स अनुसार
  - ग. सामग्री अनुदानः स्वीकृत नर्म्स अनुसार प्रति समूह
- कृषि सामग्री अनुदान जस्तै बीउ बेर्ना/बिरूवा सोझै रोप्ने तरकारी बाली, फलफूल बाली, मसला बाली, जडिबुटी तथा आलङ्कारिक बिरूवा, च्याउ, प्लाष्टिक सिट, साना सिँचाइका लागि पोलिथियन पाईप, स्प्रिङ्कलर, जुठेल्नोको पानी सङ्कलनको लागि सिलपाउलिन सिट, थोपा सिँचाइ, हजारी आदि ।
- नगद बीउ पूँजी अनुदान स्वीकृत नर्म्स अनुसार प्रति समूह दिनुपर्दछ (यो रकमबाट समूह भित्रका अति विपन्न र सीमान्तकृत कृषकहरूको घर बगैंचा व्यवस्थापनका लागि सामग्रीहरूको बन्दोवस्त गर्न या आयआर्जन गर्नका लागि आवश्यकता अनुसार ऋण प्रवाह गर्न समूहलाई एकमुष्ट दिइने पूँजी हो । यस कोषको रकम परिचालन गर्नको लागि समूह आँफैले एक कार्यविधि बनाएर अधिकतम समूह सदस्यको हितमा हुने गरी सदुपयोग गर्नेछ । यो कोष वितरणका लागि सम्बन्धित निकाय या संस्थाले सूचना प्रकाशन गर्न सक्ने छ ।
- नमुना घर बगैंचा स्थापनाः स्वीकृत नर्म्स अनुसार

- अर्धबन्देज कुखुरा खोर निर्माणः स्वीकृत नर्म्स अनुसार
- माहुरी घारः स्वीकृत नर्म्स अनुसार
- पशुमुत्र संकलनः स्वीकृत नर्म्स अनुसार
- नयाँ प्रजाती भित्र्याउनः स्वीकृत नर्म्स अनुसार

- घर बगैंचा स्रोत केन्द्र स्थापनाः स्वीकृत नर्म्स अनुसार (प्रति घरधुरी नबढने गरी)
- सोझै नरोपिने र चाँडै उत्पादन गर्न विशेष प्रविधिको प्रयोग गरी बेर्ना तयार गरी (जस्तै लहरे तरकारी) बिक्री वितरण गर्न तथा बिरूवा आपूर्तिका लागि नर्सरी सञ्चालन गर्न स्रोत घर बगैंचा स्थापनाको लागि सहयोग गरिनेछ । यस्ता घर बगैंचा स्रोत केन्द्रले घर बगैंचाका लागि आवश्यक वस्तुहरू (जस्तै पशु, पन्छी, जडिबुटी, डालेघाँस) को बीउ, बिरूवा, बच्चा, चल्ला जस्ता बढीभन्दा बढी प्रजातिको आपूर्ति गर्नुपर्नेछ ।

### २.१४.५ अपेक्षित उपलब्धि

- वर्षभरि पोषणयुक्त खाद्य पर्दाथको उपलब्धता हुने ।
- घरायसी प्रयोजनबाट बचेको उत्पादन बिक्री गरेर आयआर्जनमा टेवा पुग्ने ।
- नयाँ सिकाइलाई विस्तार गर्दै अर्ध व्यावसायिकतातर्फ उन्मुख हुने ।
- जैविक विविधतामा वृद्धि हुनुको साथै संरक्षण हुने ।

### २.१४.६ लक्षित समूह

सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका कृषकहरू

## २.१५ प्लाष्टिक टनेलमा थोपा सिँचाइ प्रदर्शन कार्यक्रम

### २.१५.१ परिचय/पृष्ठभूमि

सिँचाइ कुलो तथा पानी स्रोतको अभाव क्षेत्रमा प्लाष्टिक टनेलभित्र थोपा सिँचाइ प्रविधिमार्फत तरकारी (बेमौसमी सहित) खेतीतर्फ कृषकहरूलाई आकर्षित गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

### २.१५.२ कार्यक्रमको उद्देश्य

- सिँचाइ कुलो र पानीको स्रोतको अभावमा पानीको अधिकतम सदुपयोग गरी टनेलमा उत्पादन गर्ने ।

### २.१५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- थोपा सिँचाइमा पानीलाई बिरूवाको फेदसम्म थोपाको रूपमा पठाइने हुँदा थोरै पानीबाट पनि बढी क्षेत्रफलमा सिँचाइ गर्न प्रयोग गर्नुपर्ने ।
- थोरै पानीको मात्राले पनि सिँचाइ गर्न सकिने हुनाले यो प्रविधि कम पानी हुने क्षेत्रमा पनि बढी उपयोगी हुने।

### २.१५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- थोपा सिँचाइ ट्याङ्कीसहित (सानो)
- बाँस ६ घना
- प्लाष्टिक १० के.जी.
- बीउ, बेर्ना, मलखाद, विषादी इत्यादि एकमुष्ट
- पारिश्रमिक ज्याला एकमुष्ट गरी स्थानीय दररेट अनुसार अनुदान दिन सकिनेछ ।

# ३. आलु बाली विकास कार्यक्रम

## ३.१ आलु बालीमा नतिजा प्रदर्शन कार्यक्रम

### ३.१.१ परिचय/पृष्ठभूमि

यस अन्तर्गत मुख्यत गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शन, आलु बालीमा रोगकीरा व्यवस्थापन प्रदर्शन तथा आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन सञ्चालन गर्न सकिनेछ ।

### ३.१.२ कार्यक्रमको उद्देश्य

**गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- गुणस्तरयुक्त बीउ प्रयोग अर्थात स्वस्थ, ठीक साइजको, उचित शारीरिक अवस्थामा रहेको र तोकिएको जातका बीउ आलु उत्पादन प्रविधि सिकाउने ।
- बीउ आलु स्थानीय स्रोत बीउ आलुको तुलना गरेर आलु खेतीमा उन्नत बीउ आलुको सकारात्मक नतिजा कृषकहरूबीच प्रदर्शन गर्ने ।
- उन्नत र गुणस्तरयुक्त बीउ आलुको महत्त्व प्रसार गर्ने ।

**आलु बालीमा रोगकीरा व्यवस्थापन नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- स्थान विशेष आर्थिक महत्त्वका आलु बालीका रोग व्यवस्थापनबारे कृषकहरूलाई प्रविधि सिकाउने ।
- कृषकहरूको आलु रोग व्यवस्थापन गर्न सक्ने दक्षता अभिवृद्धि गर्ने ।

**आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- आलुको उन्नत प्रविधि जस्तै उन्नत तथा सिफारिस जात तथा अन्य परिस्कृत प्रविधिबारे कृषक समक्ष पुऱ्याई प्रविधि अनुसरण गराउने ।
- उन्नत प्रविधि सम्बन्धमा कृषकको दक्षता अभिवृद्धि गर्ने ।

## ३.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

**गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- प्रदर्शन स्थल छनौट गर्दा स्थानीयस्तरमा न्यून गुणस्तरको बीउ आलु प्रयोग गरी खेती गरिने क्षेत्रमा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।
- क्षेत्रफलः ५४० वर्गमिटर (करिब एक रोपनी/डेढ कठ्ठा) रोपनी
- प्रदर्शनका लागि बीउको स्रोत (किसिम) निम्न बमोजिम हुनुपर्नेछ ।
    - बियाँबाट उत्पादित बीउ आलु
    - मूल बीउ वा प्रमाणित बीउ
    - स्थानीय बीउ आलु
- प्रदर्शन गरिने जग्गालाई ३ वटा प्लट (प्रत्येक १८० व.मी.) मा विभाजन गर्नुपर्दछ । प्लटहरूको बीचमा करिब ५० से.मी. फराकिलो बाटो राख्न हुनुपर्नेछ । सामान्यतया एउटा प्लटको आकार १५×१२ मिटरको हुनेछ । प्रत्येक प्लटमा आलु लगाइने दूरी ७०×२५ कायम गर्दा २३ वटा लाइनहरू र प्रति लाइनमा ४८ वटा बीउ आलु लगाई जम्मा ११०४ वटा बीउ आलुको व्यवस्था गर्नुपर्नेछ । यसरी मूल बीउ ३० ग्राम साइजको प्रयोग गर्दा ३५ के.जी. बीउ बीयाँ आलुद्वारा उत्पादित (सिडलिङ ट्युवर) औसत १५ ग्राम साइजको प्रयोग गर्दा करिब १८ के.जी. तथा स्थानीय बीउ आलु औसत २५ ग्रामको प्रयोग गर्दा ३० के.जी. बीउ आलु आवश्यक पर्दछ ।
- मूल बीउ र सिडलिङ ट्युबर आलुप्रयोग गरेको प्लटहरूमा सिफारिस गरिएको प्रविधि अपनाउनु पर्दछ भने स्थानीय बीउ आलु प्रयोग भएको प्लटमा कृषकहरूले स्थानीय प्रविधि अपनाउनु पर्दछ । प्रदर्शन स्थलमा मूल बाटोबाट प्रष्ट देखिने गरी साइनबोर्ड राखिनु पर्दछ ।
- बाली तयार भइसकेपछि सम्बन्धित प्राविधिकको उपस्थितिमा प्रदर्शन स्थल पकेट क्षेत्र तथा आसपासका कृषकहरूलाई भेला गराई मूल्याङ्कन अन्तरक्रिया सञ्चालन गर्नुपर्नेछ । उक्त अवसरमा विभिन्न स्रोत बीउ आलु प्रयोग भएका छुट्टाछुट्टै नतिजा, लागत खर्च तथा

सम्भावित आम्दानी र कृषकहरूबीच सामूहिक छलफल गराई प्रतिक्रिया एवम् सुझावहरू सङ्कलन गर्नुपर्नेछ ।

- प्रदर्शन सञ्चालन सम्पन्न भएपछि राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रले उपलब्ध गराएको फर्मेट ढाँचा बमोजिम भरी सम्बन्धित जिल्लाले तत्थाङ्क विश्लेषण गरी प्रकाशमा ल्याउनुपर्ने र सो को रेकर्ड राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रमा पठाउनु पर्नेछ ।

**आलु बालीमा रोगकीरा व्यवस्थापन नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- प्रदर्शनका लागि उपयुक्त उन्नत जात तथा स्थानीय जात/प्रविधि छनौट गर्नुपर्नेछ ।
- यसका लागि प्रदर्शन गरिने प्रविधि अनुसार कूल क्षेत्रफल (५४० व.मी.) लाई ३ (प्रत्येक १८० व.मी.) प्लटमा विभाजन गरी प्रदर्शन सञ्चालन गर्न सकिनेछ । प्रदर्शनका लागि न्यूनतम एक प्लटमा कृषकको प्रविधि प्रदर्शन गर्नुपर्नेछ । बीउ आलु लगाउने दूरी माथि गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा जस्तै हुनेछ ।
- यस प्रदर्शनमा सिडलिंग टयुबर प्रयोग गर्दा कूल बीउ ८३ के.जी. तर यसको बदला अन्य उन्नत बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले त्यस्तो अवस्थामा अधिकतम ९० के.जी. सम्म बीउ प्रयोग गर्न सकिनेछ ।
- अन्य कुराहरू गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ ।

**आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन कार्यक्रमको हकमा**

- प्रविधि प्रदर्शनका लागि उपयुक्त उन्नत जात तथा स्थानीय जात/प्रविधि छनौट गर्नुपर्नेछ ।
- यसका लागि प्रदर्शन गरिने प्रविधि अनुसार कूल क्षेत्रफल (५४० व.मी.) लाई ३ प्लटमा विभाजन गरी प्रदर्शन सञ्चालन गर्न सकिनेछ । प्रदर्शनका लागि न्यूनतम एक प्लटमा कृषकको प्रविधि प्रदर्शन गर्नुपर्नेछ । बीउ आलु लगाउने दूरी माथि गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा जस्तै हुनेछ ।
- यस प्रदर्शनमा सिडलिंग टयुबर प्रयोग गर्दा कूल बीउ ८३ के.जी. तर यसको बदला अन्य उन्नत बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले त्यस्तो अवस्थामा अधिकतम ९० के.जी. सम्म बीउ प्रयोग गर्न सकिनेछ ।
- नतिजा प्रदर्शन कार्यक्रम गर्दा प्रविधिको उद्देश्य प्रष्ट पार्नु पर्नेछ जस्तो छापो दिने, जातीय परीक्षण, इत्यादि ।
- अन्य कुराहरू गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ ।

## ३.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

### क) गुणस्तरयुक्त बीउ आलु नतिजा प्रदर्शन

क्षेत्रफल : ५४० व.मी. (१८० व.मी.को ३ वटा प्लट)

| क.सं. | विवरण | इकाई | परिमाण | नर्म्स दर |
|---|---|---|---|---|
| १ | बीउ आलु | के.जी. | ८३ | स्वीकृत स्थानीय दररेट वा बीउ उत्पादक स्रोत केन्द्रको दररेट अनुसार । |
| १.१ | मुलबीउ वा प्रमाणित बीउ | के.जी. | ३५ | |
| १.२ | सिडलिङ टयुबर (औसत १५ ग्राम साइज) | के.जी. | १८ | |
| १.३ | स्थानीय आलु (२५ ग्राम साइज)के.जी. | के.जी. | ३० | |
| २ | रासायनिक मल* | के.जी. | युरिया–८.३, डिएपी–६.५, पोटास–५ | डिलर/स्थानीय दररेट अनुसार |
| ३ | कम्पोष्ट/गोबर मल | क्वी. | १० | |
| ४ | बाली संरक्षण | रू. | एकमुष्ट | आवश्यकता अनुसार |
| ५ | साइनबोर्ड (३×२.५ फिट) | सङ्ख्या | १ गोटा | स्थानीय दररेट अनुसार |

* युरिया, डिएपी, पोटास उपलब्ध नभएमा अन्य मल ५:५:३ केजी ना:फ:पो./रोपनीका दरले प्रयोग गर्ने ।

### ख) आलु बालीमा रोगकीरा व्यवस्थापन नतिजा प्रदर्शन

यस प्रदर्शनका लागि नर्म्स गुणस्तरीय बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ । यसका लागि बुँदा १.१ मा उल्लिखित स्रोत बीउको हकमा मूल बीउको सट्टामा प्रमाणित बीउ/उन्नत बीउ मात्र पनि प्रयोग गर्न सकिन्छ । तर सिडलिङग टयुबरको सट्टा अन्य जातको बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले उक्त अवस्थामा बीउको कूल मात्रा अधिकतम ९० हुनेछ ।

### ग) आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन

यस प्रदर्शनका लागि नर्म्स गुणस्तरीय बीउ आलु नतिजा प्रदर्शनमा उल्लेख भए अनुसार हुनेछ । यसका लागि बुँदा १.१ मा उल्लिखित स्रोत बीउको हकमा मूल बीउको सट्टामा प्रमाणित बीउ/उन्नत बीउ मात्र पनि प्रयोग गर्न सकिन्छ । तर सिडलिङ टयुबरको सट्टा अन्य जातको बीउ आलु पनि प्रयोग गर्न सकिने भएकोले उक्त अवस्थामा बीउको कूल मात्रा अधिकतम ९० के.जी. हुनेछ ।

## ३.१.५ लक्षित समूह

बीउ/खायन आलु उत्पादक कृषक/कृषक समूह

## ३.२ बियाँद्वारा बीउ आलु उत्पादन प्रदर्शन कार्यक्रम

### ३.२.१ परिचय/पृष्ठभूमि

आलुको बियाँ प्रयोग गरी आलुखेती गर्ने प्रविधि प्रसार गर्ने उद्देश्यले यो प्रदर्शन सञ्चालन गरिन्छ । यो प्रदर्शन सञ्चालन गर्न आलुखेती गरिने पकेट क्षेत्रहरू खास गरी स्थानीय बीउ आलु प्रयोग गर्नुपर्ने क्षेत्र तथा उन्नत बीउ आलु ढुवानी गर्न पायक नपर्ने सिञ्चित क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ । प्रदर्शन प्रभावकारी बनाउन एक पकेट क्षेत्रको एक समूहमा कम्तीमा ५ वटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।

### ३.२.२ कार्यक्रमको उद्देश्य

आलुको बियाँबाट आलु उत्पादन गर्ने प्रविधि प्रदर्शन गर्ने ।

### ३.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- प्रदर्शन सञ्चालन स्थलको छनौट गर्दा आलु बीउ ढुवानी गर्न पायक नपर्ने क्षेत्र जहाँ बीउ आलुको अभाव हुन्छ, त्यस्तो पकेट क्षेत्रमा कम्तीमा ५ वटा प्रदर्शनहरू सञ्चालन गर्नुपर्नेछ ।
- एक मीटर चौडा र २० मीटर लम्बाइ भएको प्लट तयार गर्न जम्मा २० वर्ग मीटरमा रेखाङ्कन गर्ने । यस प्रदर्शनमा जमिनको साइज अनुसार एउटाभन्दा बढी प्लटहरू पनि बनाउन सकिन्छ ।
- बीयाँद्वारा बीउ आलु उत्पादन गर्न सिफारिस गरिएको प्रविधि अपनाउनु पर्दछ ।
- बाली तयार भइसकेपछि सम्बन्धित प्राविधिकको उपस्थितिमा प्रदर्शन स्थल पकेट क्षेत्र तथा आसपासका कृषकहरूलाई भेला गराई मूल्याङ्कन अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- प्रदर्शनको सम्पूर्ण रेकर्ड आलु नतिजा प्रदर्शनमा उल्लेख भएअनुसार गर्नुपर्नेछ ।

### ३.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

प्रदर्शन सञ्चालन गर्ने क्षेत्रफल : २५ व.मी.

| क्र. सं. | विवरण | इकाई | परिमाण | प्रस्ताव गरिएको नर्म्स | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार (%) | कृषकको दायित्व (%) | दर |
| १ | आलु बीया | ग्राम | ५ | ( | – | स्वीकृत सरकारी । स्थानीय दररेट अनुसार |

| क्र. सं. | विवरण | इकाई | परिमाण | प्रस्ताव गरिएको नर्म्स | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार (%) | कृषकको दायित्व (%) | दर |
| २ | रासायनिक मल** | ग्राम | युरिया–३५०<br>डिएपी–५००<br>पोटास–५०० | — | — | डिलर । स्थानीय दररेट अनुसार |
| ३ | कम्पोष्ट/गोबर मल | क्वी | १ | - | - | |
| ४ | हजारी (१० ली. क्षमता ) | सङ्ख्या | १ | - | - | स्थानीय दररेट अनुसार |
| ४ | बाली संरक्षण | रू. | एकमुष्ट | - | - | आवश्यकता अनुसार |
| ५ | साइनबोर्ड (३×२.५फिट) | सङ्ख्या | १ गोटा | - | - | स्थानीय दररेट अनुसार |

* प्रदर्शन प्रभावकारिताका लागि एक समूहमा न्युनतम ५ वटा प्रदर्शन संचालन गर्नुपर्ने । यसका लागि आलु बीया तथा मलका लागि मात्र अतिरिक्त खर्च जोडनु पर्नेछ ।

** युरिया, डिएपी, पोटास उपलब्ध नभएमा ना.फ.पो. क्रमशः २५०:२३०:३०० ग्राम प्रति २५ व.मी.का दरले प्रयोग गर्ने ।

### ३.२.५ लक्षित समूह

बीउ/खायन आलु उत्पादक कृषक/कृषक समूह

## ३.३ आलुको बीउ ढुवानी तथा सुख्खा जर्ती कार्यक्रम

### ३.३.१ परिचय/पृष्ठभूमि

आलु उत्पादन कार्यक्रममा सघाउ पुऱ्याउने गरी बीउ ढुवानी गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.३.२ कार्यक्रमको उद्देश्य

कृषकहरूलाई आलुको बीउ ढुवानी गर्न सहुलियत प्रदान गर्नु

### ३.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- आलुको मूल बीउ नजिकको स्रोतबाट ल्याउने व्यवस्था गर्नुपर्नेछ ।
- नर्म्समा व्यवस्था भए अनुसार आलुको बीउमा पूरै र सुख्खा जर्तिमा कूल तौलको दश प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

### ३.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

आलु बीउ ढुवानीमा शतप्रतिशत र सुख्खा जर्तिमा कूल तौल अनुसार १० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

# ४. मसला बाली विकास कार्यक्रम

## ४.१ अलैंची बीउ नर्सरी स्थापना कार्यक्रम

### ४.१.१ परिचय/पृष्ठभूमि

अलैंची एक निर्यातमूखी महत्वपूर्ण नगदे बाली एवम् मसला बाली हो । मूख्य निर्यात योग्य बाली भए तापनि जातीय पहिचान र परीक्षण, उत्पादन प्रविधि, बाली संरक्षणमा न्यून अनुसन्धान तथा कृषकहरूमा प्राविधिक ज्ञानको अभावले गर्दा गुणस्तरीय बिरूवा उत्पादनमा कमी भइरहेको छ । अलैंचीलाई लैङ्गिक तथा अलैङ्गिक दुवै तरिकाबाट प्रसारण गर्न सकिए तापनि सकर्सबाट अलैंची खेती विस्तार गर्दा विभिन्न भाइरस रोगको आक्रमण बढी देखिएकोले बीउबाट बिरूवा उत्पादन गरी खेती गर्ने परिपाटी बसाल्न अलैंची नर्सरीको स्थापना गरिन्छ ।

### ४.१.२ कार्यक्रमको उद्देश्य

- अलैंची बीउबाट नै बिरूवा उत्पादन गर्न उत्प्रेरित गराउनु ।
- छिर्के फुर्के रोगको प्रकोप कम गराउनु ।

### ४.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

अलैंची बीउ नर्सरी स्थापना गर्ने कृषकहरूलाई निम्न शर्तहरू पूरा गराउनुपर्दछ ।

- क्षेत्रफल कम्तीमा १.५ देखि २ रोपनीको हुनुपर्दछ ।
- अलैंची बगानबाट नर्सरी ५०० मी को दूरीमा हुनुपर्दछ।
- सिँचाइको सुविधा भएको स्थान हुनुपर्दछ।
- बिरूवाको गुणस्तर तोकिए बमोजिम हुनुपर्दछ र तेस्रो वर्षदेखि वार्षिक बिरूवा उत्पादन १०००० भन्दा कम हुनु हुँदैन ।
- नर्सरी कम्तीमा ५ वर्ष सञ्चालन गर्नुपर्दछ । सो नगरेमा नर्सरीधनीले लिएको अनुदान फिर्ता गर्नुपर्दछ ।
- नर्सरी स्थल ढुवानीको दृष्टिकोणबाट पनि उचित स्थानमा हुनुपर्दछ ।

### ४.१.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

- बीउ खरिद
- मलखाद, विषादी र बाली संरक्षण सामग्री खरिद
- खर, पराल, बाँस खरिद
- सिँचाइ व्यवस्थापन
- अन्य आवश्यक सामग्रीहरू

### ४.१.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिने ।

## ४.२ अलैंची नर्सरी सुदृढीकरण कार्यक्रम

### ४.२.१ परिचय/पृष्ठभूमि

भइरहेको अलैंची नर्सरीहरू सुदृढ गर्न/गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ४.२.२ कार्यक्रमको उद्देश्य

कृषकहरूको अलैंची नर्सरीहरूलाई सुदृढीकरण गर्न सहयोग पुऱ्याउनु ।

### ४.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- जिल्लामा भएका अलैंची नर्सरीहरूको अनुगमन गरी यिनीहरूलाई प्राविधिक सेवा पुऱ्याउँदा सुध्रिने देखिएमा सुदृढीकरण गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- सम्बन्धित निकायसँग समन्वय कायम गरी प्राविधिक सेवाका साथै नर्म्स अनुसार सामग्री तथा उपकरणहरू उपलब्ध गराउनुपर्नेछ ।

### ४.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

## ४.३ अदुवा/बेसार उत्पादन प्रदर्शन कार्यक्रम

### ४.३.१ परिचय/पृष्ठभूमि

अदुवा/बेसार उत्पादन क्षेत्रमा स्थानीय कृषकद्वारा अदुवा बेसार उत्पादन गराई माग आपूर्ति तथा निर्यात प्रवर्द्धन गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ४.३.२ कार्यक्रमको उद्देश्य

अदुवा बेसार खेती गर्न इच्छुक कृषकलाई स्थानीयस्तरमै बीउ उपलब्ध गराउनु ।

### ४.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- अदुवा बेसार खेती गर्न इच्छुक कृषकहरूलाई बीउ लगाउनु भन्दा अगाडि निम्न अनुसारको शर्त गराउनुपर्दछ ।
- व्यावसायिक अदुवा बेसार खेतीको लागि न्यूनतम २ रोपनी जमिनमा खेती गर्नुपर्ने तथा खेती गरेपछि कम्तीमा पनि ५ वर्षसम्म निरन्तरता दिनुपर्ने ।
- बाली चक्र प्रणाली नियमित रूपले अपनाउनुपर्ने ।

- अदुवा बेसार उत्पादन गर्दा गाँनो कुहिने रोग नियन्त्रण गर्नको लागि बीउ उपचार गरेर मात्र रोप्नुपर्ने ।
- सिफारिस गरिएको उन्नत जातहरू तोकिएको स्रोतबाट ल्याएर रोप्नुपर्ने ।
- उक्त शर्तहरूसहित सम्झौता गरेर मात्र इच्छुक कृषकहरूलाई नर्म्समा उल्लिखित सुविधाहरू उपलब्ध गराउन सकिनेछ ।

### ४.३.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

- बीउ खरिद
- स्प्रेयर खरिद
- सिँचाइ सामग्री खरिद
- रोगकीराको व्यवस्थापनमा अनुदान
- भकारो सुधार कार्यको लागि

### ४.३.५ कार्यक्रमको आर्थिक पक्ष /खर्च मापदण्ड/नर्म्स

- माथि उल्लिखित सामग्रीहरूको स्वीकृत स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

# ५. कफी खेती विकास कार्यक्रम

## ५.१ कफी नर्सरी स्थापना कार्यक्रम

### ५.१.१ परिचय/पृष्ठभूमि

कफी उत्पादन क्षेत्रमा स्थानीय कृषकद्वारा कफी बिरूवा उत्पादन गराई माग आपूर्ति गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ५.१.२ कार्यक्रमको उद्देश्य

कफी खेती गर्न इच्छुक कृषकलाई स्थानीयस्तरमै बिरूवा उपलब्ध गराउनु ।

### ५.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कफी नर्सरी खेती गर्न इच्छुक कृषकहरूलाई नर्सरी स्थापना गर्नुभन्दा अगाडि निम्न अनुसारको शर्त गराउनुपर्दछ ।
- कफी नर्सरी स्थापना गरेको २ वर्षदेखि वार्षिक बिरूवा उत्पादन क्षमता ५००० भन्दा कम हुन नहुने ।
- कफी नर्सरी स्थापना गरेपछि कम्तीमा पनि ५ वर्षसम्म सञ्चालन गर्नुपर्ने ।

- कफी बिरूवा उत्पादन गर्दा तोकिए बमोजिमको जात, रसायन, रुट स्टक र साइन मात्र प्रयोग गर्नुपर्ने ।
- उक्त शर्तहरूसहित सम्झौता गरेर मात्र इच्छुक कृषकहरूलाई नर्म्समा उल्लिखित सुविधाहरू उपलब्ध गराउन सकिनेछ ।

### ५.१.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

- बीउ
- स्प्रेयर खरिद
- सिकेचर खरिद
- कलमी चक्कू
- प्लाष्टिक सिट, पोलिव्याग, ग्रिन नेट खरिद
- सिँचाइ सामग्री खरिद
- पानी तान्ने मोटर
- पानी ट्याङ्की
- ०.५ इन्चको पोलिथिन पाईप खरिद
- रोगनाशक/कीटनाशक विषादी
- खरिद

### ५.१.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

## ५.२ व्यावसायिक कफी खेती कार्यक्रम

### ५.२.१ परिचय/पृष्ठभूमि

कफी उत्पादन क्षेत्रमा स्थानीय कृषकद्वारा कफी बिरूवा उत्पादन गराई माग आपूर्ति गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ५.२.२ कार्यक्रमको उद्देश्य

कफी खेती गर्न इच्छुक कृषकलाई स्थानीयस्तरमै बिरूवा उपलब्ध गराई व्यावसायिक कफी खेती गर्न सहयोग पुऱ्याउनु ।

### ५.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कफी खेती गर्न इच्छुक कृषकहरूलाई व्यावसायिक बगैंचा स्थापना गर्नुभन्दा अगाडि निम्न अनुसारको शर्त गराउनुपर्दछ ।
- कफी खेती गर्न भौगोलिक रूपले उपयुक्त स्थानमा मात्रै गर्न पाइनेछ साथै कफी रोपिने जग्गामा २५% छहारी बिरूवाहरू भएको हुनुपर्नेछ ।
- कफी खेती गर्न इच्छुक कृषकले कम्तीमा ५ रोपनीमा कफी बिरूवा लगाउनु पर्नेछ ।
- कफी खेती सुरू गरेपछि कम्तीमा पनि १५ वर्षसम्म सञ्चालन गर्नुपर्ने ।
- कफी बिरूवा रोपण गर्दा तोकिए बमोजिमको जातको आधिकारिक नर्सरीहरूबाट मात्र प्रयोग गर्नुपर्ने ।
- उक्त शर्तहरूसहित सम्झौता गरेर मात्र इच्छुक कृषकहरूलाई नर्म्समा उल्लिखित सुविधाहरू उपलब्ध गराउन सकिनेछ ।

### ५.२.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः

- बिरूवा खरिद
- स्प्रेयर खरिद
- सिकेचर खरिद
- सिँचाइ सामग्री (पानी तान्ने मोटर, पानी ट्याङ्की, पाइप) खरिद
- रोगनाशक/कीटनाशक विषादी
- भकारो सुधार कार्यको लागि
- अन्य आवश्यक औजार उपकरणहरू

### ५.२.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

# ६. चिया खेती विकास कार्यक्रम

## ६.१ व्यावसायिक चिया खेती कार्यक्रम

### ६.१.१ परिचय/पृष्ठभूमि

चिया उत्पादन क्षेत्रमा स्थानीय कृषकद्वारा चिया बिरूवा उत्पादन गराई माग आपूर्ति गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ६.१.२ कार्यक्रमको उद्देश्य

चिया खेती गर्न इच्छुक कृषकलाई स्थानीयस्तरमै बिरूवा उपलब्ध गराई व्यावसायिक चिया खेती गर्न सहयोग पुऱ्याउनु ।

### ६.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- चिया खेती गर्न इच्छुक कृषकहरूलाई व्यावसायिक बगैंचा स्थापना गर्नुभन्दा अगाडि निम्न अनुसारको शर्त गराउनुपर्दछ ।
- चिया खेती गर्न भौगोलिक रूपले उपयुक्त स्थानमा मात्रै गर्न पाइनेछ ।
- चियाखेती गर्न इच्छुक कृषकले कम्तीमा ५ रोपनीमा चियाको बिरूवा लगाउनु पर्नेछ ।
- चियाखेती सुरू गरेपछि कम्तीमा पनि १५ वर्षसम्म सञ्चालन गर्नुपर्ने ।
- चिया बिरूवा रोपण गर्दा तोकिए बमोजिमको जातको आधिकारिक नर्सरीहरूबाट मात्र प्रयोग गर्नुपर्ने ।
- उक्त शर्तहरूसहित सम्झौता गरेर मात्र इच्छुक कृषकहरूलाई नर्म्समा उल्लिखित सुविधाहरू उपलब्ध गराउन सकिनेछ ।

### ६.१.४ कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरु

- बिरूवा खरिद
- स्प्रेयर खरिद
- सिकेचर खरिद
- सिँचाइ सामग्री (पानी तान्ने मोटर, पानी ट्याङ्की, पाइप) खरिद
- रोगनाशक/कीटनाशक विषादी
- भकारो सुधार कार्यको लागि
- अन्य आवश्यक औजार उपकरणहरू

### ६.१.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसारको लागतमा अनुदान दिन सकिनेछ ।

# भाग-ङ

# बाली संरक्षण कार्यक्रम

कृषि उपजको उत्पादकत्व वृद्धि गर्नको लागि नवीनतम तथा उन्नत प्रविधिको विकाससँगै बालीलाई बीउ छर्नु पूर्वदेखि बाली कटानीको अवधिसम्म हरेक चरणमा बालीमा लाग्ने हानीकारक रोगकीरा, मुसा, चराचुरुङ्गीले आक्रमण गर्दछ भने थन्क्याएको अनाजमा विभिन्न प्रकारका शत्रुहरूले नोक्सानी पुऱ्याएका हुन्छन् । तसर्थ कृषि उत्पादन बढाउनु र उत्पादित वस्तुमा हुने नोक्सानी न्यूनिकरण गर्नु आजको प्रमुख आवश्यकता हो । हाम्रो देशको परिपेक्ष्यमा कूल कृषि उत्पादनमा १५ देखि २० प्रतिशतसम्म नोक्सान पुऱ्याएको अनुमान छ । यस सन्दर्भमा विषादीको उचित प्रयोग, बाली तथा रोग, कीराको जीवन चक्रको ज्ञान तथा बालीको उचित स्याहार आवश्यक पर्दछ । तसर्थ बाली नोक्सानीका कारणहरू फिल्डस्तरमा नै अध्ययन गरी समाधानका उपाय तथा प्रविधिहरू किसान समक्ष सर्वसुलभ तरिकाले पुऱ्याउन बाली संरक्षण कार्यक्रमले प्रमुख भूमिका निभाउन सक्छ ।

संघीयता लागु भएको हालको परिपेक्ष्यमा स्थानीय तहका कार्यक्रम मध्ये (क) कृषक पाठशाला गठन र परिचालन । यस अन्तर्गत स्थलगत कृषक अन्तरक्रिया गोष्ठी गर्ने, स्थलगत तालिम सञ्चालन गर्ने र कृषक दिवस गर्नुपर्ने हुन्छ (ख) बाली संरक्षण उपकरण वितरण (ग) बाली संरक्षण प्रदर्शन । यस अन्तर्गत आई.पि.एम. एप्रोच प्रर्दशन, आई.पि.एम. लाइट ट्र्याप प्रदर्शन, आई.पि.एम. परजीवी प्रयोग प्रदर्शन र बीउ उपचार प्रदर्शन पर्दछन् । प्रदेशस्तरका कार्यक्रमहरूमा कृषकपाठशाला सञ्चालन, बाली संरक्षण प्रदर्शन, सहभागीमूलक प्रविधि विकास कार्यक्रम, प्लाण्ट क्वारेन्टाइन, बाली संरक्षण आकस्मिक सेवा कार्यान्वयन गर्नुपर्ने हुन्छ भने केन्द्रले बाली संरक्षण सम्बन्धी नीति निर्माण, विषादी व्यवस्थापन कार्यक्रम, पोष्टहार्भेष्ट क्षति नियन्त्रण कार्यक्रम बाली संरक्षण कार्यक्रम अनुगमन तथा बाली संरक्षण प्रविधि प्रचार प्रसार गर्दछ ।

# बाली संरक्षण कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू

## १. आइ.पि.एम. कार्यक्रम

### १.१ कृषक पाठशाला कार्यक्रम

#### १.११. परिचय/पृष्ठभूमि

वातावरण मैत्री कृषि प्रणाली अवलम्बन गरी जनस्वास्थ्यमा बाली संरक्षणमा प्रयोग हुने विषादीको प्रतिकूल असरलाई न्यून पार्न एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम लागु गर्न विशेष प्राथमिकता दिएको थियो । एकीकृत शत्रुजीव व्यवस्थापनको शाश्वत सिद्धान्त अनुरूप वातावरणीय

सन्तुलन कायम राखी रोग, कीरा तथा झारपात जस्ता बाली शत्रुहरूको व्यवस्थापन प्रविधिबारे निर्णय लिन सक्ने क्षमता कृषकहरूमा विकास गर्ने उद्देश्यले Seasonal वर्ष भरिनै वा कुनै एक बालीमा बाली अवधिभरको आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । उक्त कार्यक्रम स्थलगत कृषक अन्तरक्रिया गोष्ठी, स्थलगत तालिम सञ्चालन, आइ.पि.एम. कृषक पाठशाला दिवस जस्ता कार्यक्रमहरू समावेश गरी सम्पन्न गर्नुपर्ने हुन्छ ।

आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रूपमा उभिएको कृषक समूहलाई नै आधार बनाई बाली अवधिभर कृषक पाठशालाको रूप दिई यिनीहरूकै माध्यमबाट आइ.पि.एम. प्रविधिलाई व्यावहारिक प्रयोगात्मक तथा खोजपूर्ण सिकाइको विकास गर्दै स्थलगत रूपमा कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.१.२ कार्यक्रमको उद्देश्य

कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरू स्थलगत रूपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरूले कृषकहरूमा र अन्ततोगत्वा कृषकबाट कृषकहरूमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयम्लाई आ-आफ्नो खेतबारीमा कृषि पर्यावरण विश्लेषण (Agro-Ecosystem Analysis) गराई बाली संरक्षण गर्दा दिगो रूपमा पर्यावरणलाई जोगाई कृषि उत्पादनमा वृद्धि ल्याई खाद्य सुरक्षामा सहयोग गरी कृषक स्वयम्लाई दक्ष बनाउनु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

## १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कृषक पाठशाला सञ्चालन गर्नु अगाडि आई.पि.एम. सहजकर्ता (IPM Facilitator) /आइ.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator), जनप्रतिनिधि, स्थानीय तहका कृषि प्राविधि, कृषि ज्ञान केन्द्रका विषय विशेषज्ञ (SMS) समेत स्थलमा गई स्थानीय तहले निर्धारण गरेका पकेट क्षेत्रहरूमा गठन भईसकेका, पुनर्गठन गर्नुपर्ने भए सो गरी नयाँ कृषक, महिला वा मिश्रित समूहको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनौट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्ने ।
- तुलनात्मक अध्ययन तथा परीक्षणहरू सञ्चालन गर्न आवश्यक जग्गा (अन्न बालीको लागि पहाडमा ५०० वर्ग मि., तराईमा १००० वर्ग मि. र आलु/तरकारीको लागि ५०० वर्ग मि. खेत/बारीको छनौट गर्ने र कृषकहरू जम्मा भई छलफल गर्ने स्थानको निर्धारण गर्ने ।
- आइ.पि.एम. तालिम प्राप्त कृषक सहजकर्ता (Farmer facilitator) भएको जिल्लामा आइ.पि.एम. कृषक पाठशाला कृषक सहजकर्ताहरूलाई करारनामा गराई जिम्मेवारी दिई

सञ्चालन गराउने।तालिम प्राप्त कृषक सहजकर्ता भएको जिल्लामा मात्र यो कार्यक्रम सञ्चालन गर्ने ।

- १ वर्षभरि बढीमा ३ बालीमा, बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ वजेदेखि १२ बजेसम्म अध्ययन र तालिम सञ्चालन गर्ने ।
- हरेक बालीमा, बाली नभित्र्याउँदै अन्य कृषकहरूमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखी आमन्त्रित पाहुना र अन्य कृषकहरूलाई अध्ययन स्थल भ्रमण, स्टल निरीक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउँदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरूलाई प्रमाण पत्र वितरण सहितको एक समापन समारोह सञ्चालन गर्ने ।
- यस आइ.पि.एम. कार्यक्रमलाई कृषकस्तरमा पुऱ्याई निरन्तरता र दिगो रूप दिन अर्को वर्षदेखि अनुसरण (Followup) कार्यक्रम सञ्चालन गर्ने र यसको लागि कृषक र विज्ञान (Farmer & Science) कार्यक्रम, पोष्टहार्भेष्ट प्रविधि सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

## १.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

आइ.पि.एम. सहजकर्ता (IPM Facilitator) तथा कृषक सहजकर्ताबाट सञ्चालन हुने कृषक पाठशालाहरूको नर्म्स

**वार्षिक IPM FFS सञ्चालनको लागि पूर्व तयारी बैठक/अन्तरक्रिया गोष्ठीको खर्च विवरण**

| क्र.सं. | क्रियाकलापहरू | रकम रु |
|---|---|---|
| १. | स्थलगत कृषक अन्तरक्रिया गोष्ठी (२ पटक) गोष्ठीमा छलफल हुने विषयहरू : आइ.पि.एम. को महत्त्व, बाली पात्रो र आधारभूत तथ्याङ्क सङ्कलन, समूहको महत्त्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजना तयारीको लागि जम्मा खर्च रकमः | स्थानीय/ प्रादेशिक नर्म्स अनुसार |
| क) | पहिलो पटक अर्न्तक्रिया गोष्ठी गर्न ४० जना कृषक सहभागीहरूलाई चियापान | |
| ख) | दोस्रो पटक अर्न्तक्रिया गोष्ठी गर्न ३० जना कृषक सहभागीहरूलाई चियापान | |
| ग) | भिन्दा भिन्दै मितिमा २ पटकसम्म उल्लिखित विषयमा गोष्ठी सञ्चालन गर्दा चाहिने स्टेशनरी ४० जनाको लागि | |
| घ) | गोष्ठी सञ्चालन गर्न भत्ता २ जना आइ.पि.एम.सहजकर्ता/स्रोत व्यक्तिलाई २ दिनको जम्मा | |
| ङ) | यातायात खर्च २ पटकको लागि २ जनालाई | |

## पहिलो बालीका लागि IPM FFS सञ्चालन खर्च विवरण

| क्र.सं. | क्रियाकलापहरू | |
|---|---|---|
| **१.** | **पहिलो बालीको IPM FFS सञ्चालनका लागि १ दिने Seasonal Planning गोष्ठी गर्न** | |
| क) | खाजा खर्च २७ जना, गोष्ठी सञ्चालन गर्न भत्ता, गोष्ठी सञ्चालन गर्दा चाहिने स्टेशनरी २५ जनाको लागि स्थानीय नर्म्स तथा विनियोजित बजेटको आधारमा तय गर्न सकिनेछ । | |
| **२.** | **पहिलो बालीको लागि स्थलगत कृषक पाठशाला सञ्चालन गर्न** | |
| क) | २५ जना कृषक र २ जना सहजकर्ताको लागि १६ हप्तासम्म चियापान खर्च | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ख) | पाठशाला सञ्चालनको लागि बीउबिजन, वेर्ना, कम्पोष्टमल, मलखाद, सिँचाइ, बोर्ड तथा अन्य सामग्रीहरू, प्लाष्टिक ड्रम, साइन बोर्डहरू, विषादी, जैविक विषादी, सुक्ष्म खाद्यतत्व हरू, हर्मोनहरू, पेग, प्लाइउड बोर्ड, रङ्गिन कलम, ब्राउन पेपर, गमला, स्केल ठूलो, पोलिथिन व्याग, रवर व्याण्ड, जाली कपडा, मार्कर पेन, कैंची, धागो, फोटोकपी पेपर, मास्किङ टेप, भाइल, गम, आदि बढीमा | स्थानीय/ प्रादेशिक दररेट अनुसार |
| ग) | आइ.पि.एम. सहजकर्ता/स्रोत व्यक्तिलाई भत्ताः २ जनालाई प्रति हप्ता १६ हप्तासम्मका लागि | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| घ) | यातायात खर्च १६ दिन (हप्ताको एक दिन) को लागि २ जनालाई | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| **३.** | **पहिलो बालीमा कृषक दिवस सञ्चालन गर्न (२ वा ३ बाली अवधिभरसम्म IPM FFS सञ्चालन गर्ने भएमा मात्र)** | |
| क) | आमन्त्रित जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरू गरी जम्मा १०० जनालाई चियापान खर्च | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ख) | व्यवस्थापन खर्च स्टेज निर्माण, साउण्ड सर्भिस, टेवल, कुर्सी, भाँडा, साँस्कृतिक कार्यक्रमका लागि रकम, ग्राफ पेपर, चार्ट पेपर, ध्वजापताका, निमन्त्रण कार्ड, फोटोका लागि) | स्थानीय/प्रादेशिक दररेट अनुसार |
| ग) | आइ.पि.एम. सहजकर्ता/स्रोतव्यक्तिलाई भत्ताः २ जनालाई प्रति हप्ता १ दिनको लागि | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| घ) | यातायात खर्च १ दिनको लागि २ जनालाई | |
| **४.** | **पहिलो बालीको प्राविधिक प्रतिवेदन तयार गर्न (२ वा ३ बाली अवधिभरसम्म IPM FFS सञ्चालन गर्ने भएमा मात्र)** | |
| क) | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन तयारी, फोटोकपी, बाइन्डिङ आदि (दुई प्रति) | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |

## दोस्रो बालीका लागि IPM FFS सञ्चालन खर्च विवरण

| क्र.सं. | क्रियाकलापहरू | |
|---|---|---|
| **१.** | **दोस्रो बालीको IPM FFS सञ्चालनका लागि १ दिने Seasonal Planning गोष्ठी गर्न** | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| क) | खाजा खर्च २७ जना, गोष्ठी सञ्चालन गर्न भत्ता, गोष्ठी सञ्चालन गर्दा चाहिने स्टेशनरी २५ जनाको लागि स्थानीय नर्म्स तथा विनियोजित बजेटको आधारमा तय गर्न सकिनेछ । | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| **२.** | **दोस्रो बालीको लागि स्थलगत कृषक पाठशाला सञ्चालन गर्न** | |
| क) | २५ जना कृषक र २ जना सहजकर्ताहरूलाई १३ हप्तासम्म चियापान खर्च | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ख) | पाठशाला सञ्चालनको लागि बीउबिजन, वेर्ना, कम्पोष्टमल, मलखाद, सिँचाइ, बोर्ड तथा अन्य सामग्रीहरू, प्लाष्टिक ड्रम, साइन बोर्डहरू, विषादी, जैविक विषादी, सुक्ष्म खाद्यतत्व हरू, हर्मोनहरू, पेग, प्लाइउड बोर्ड, रङ्गिन कलम, ब्राउन पेपर, गमला, स्केल ठूलो, पोलिथिन व्याग, रवर व्याण्ड, जाली कपडा, मार्कर पेन, कैंची, धागो, फोटोकपी पेपर, मास्किङ टेप, भाइल, गम, आदिलाई बढीमा | स्थानीय/प्रादेशिक दररेट अनुसार |
| ग) | आइ.पि.एम. सहजकर्तालाई भत्ताः २ जनालाई प्रति हप्ता | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| घ) | यातायात खर्च १३ दिन (हप्ताको एक दिन) को लागि दिनको २ जनालाई | स्थानीय/प्रादेशिक नर्म्स अनुसार. |
| **३.** | **दोस्रो बालीमा कृषक दिवस सञ्चालन गर्न** | |
| क) | आमन्त्रित जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरू गरी जम्मा १०० जनालाई चियापान खर्च वापत | स्थानीय/प्रादेशिक नर्म्स अनुसार. |
| ख) | व्यवस्थापन खर्च स्टेज निर्माण, साउण्ड सर्भिस, कुर्सी, टेवल, भाँडा, साँस्कृतिक कार्यक्रमका लागि रकम, ग्राफ पेपर, चार्ट पेपर, ध्वजापताका, निमन्त्रण कार्ड, फोटोका लागि) | स्थानीय/प्रादेशिक दररेट अनुसार |
| ग) | आइ.पि.एम. सहजकर्तालाई भत्ताः २ जनालाई प्रति हप्ता १ दिनका लागि | स्थानीय/प्रादेशिक नर्म्स अनुसार. |
| घ) | यातायात खर्च १ दिनको लागि २ जनालाई | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| **४.** | **दोस्रो बालीको प्राविधिक प्रतिवेदन तयार गर्न** | |
| क) | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन तयारी, फोटोकपी, बाइन्डिङ आदि (दुई प्रति) | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |

## तेस्रो बालीका लागि IPM FFS सञ्चालन खर्च विवरण

| क्र.सं. | क्रियाकलापहरू | रकम |
|---|---|---|
| १. | तेस्रो बालीको IPM FFS सञ्चालनका लागि १ दिने Seasonal Planning गोष्ठी गर्नखाजा खर्च २७ जना, गोष्ठी सञ्चालन गर्न भत्ता, गोष्ठी सञ्चालन गर्दा चाहिने स्टेशनरी २५ जनाको लागि स्थानीय नर्म्स तथा विनियोजित बजेटको आधारमा तय गर्न सकिनेछ । | स्थानीय/प्रादेशिक दररेट अनुसार |
| २. | **तेस्रो बालीको लागि स्थलगत कृषक पाठशाला सञ्चालन गर्न** | |
| क) | २५ जना कृषक र २ जना सहजकर्ताहरूलाई १३ हप्तासम्म चियापान खर्च | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ख) | पाठशाला सञ्चालनको लागि बीउबिजन, वेर्ना, कम्पोष्टमल, मलखाद, सिँचाइ, बोर्ड तथा अन्य सामग्रीहरू, प्लाष्टिक ड्रम, साइन बोर्डहरू, विषादी, जैविक विषादी, सुक्ष्म खाद्यतत्व हरू, हर्मोनहरू, पेग, प्लाईउड बोर्ड, रङ्गिन कलम, ब्राउन पेपर, गमला, स्केल ठूलो, पोलिथिन व्याग, रवर व्याण्ड, जाली कपडा, मार्कर पेन, कैंची, धागो, फोटोकपी पेपर, मास्किङ टेप, भाइल, गम, आदिलाई बढीमा | स्थानीय/प्रादेशिक दररेट अनुसार |
| ग) | आइ.पि.एम. सहजकर्तालाई भत्ताः २ जनालाई प्रति हप्ता १३ सम्मका लागि | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| घ) | यातायात खर्च १३ दिन (हप्ताको एक दिन) को लागि दिनको २ जनालाई | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |

## कृषक पाठशालाको वार्षिक कृषक दिवस मनाउने तथा अन्तिम प्राविधिक प्रतिवेदन तयारी खर्च विवरण

| क्र.सं. | क्रियाकलापहरू | |
|---|---|---|
| १. | **वार्षिक आइ.पि.एम. कृषक पाठशाला दिवस सञ्चालन गर्न** | **रकम** |
| क) | आमन्त्रित जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरू गरी जम्मा १०० जनालाई चियापान खर्च वापत | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ख) | प्रथम, द्वितीय र तृतीय हुने कृषक समूहलाई पुरस्कार | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ग) | स्टेज निर्माण, साउण्ड सर्भिस, कुर्सी, टेवल, भाँडा, साँस्कृतिक कार्यक्रमका लागि रकम, ग्राफ पेपर, चार्ट पेपर, ध्वजापताका, निमन्त्रण कार्ड तथा प्रमाण पत्रका लागि | स्थानीय/प्रादेशिक दररेट अनुसार |
| घ) | आइ.पि.एम. सहजकर्तालाई भत्ता २ जनालाई १ दिनको | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ङ) | यातायात खर्च १ दिनको लागि २ जनालाई | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| २. | **वार्षिक प्राविधिक प्रतिवेदन तयार गर्न** | |
| क) | आइ.पि.एम. कृषक पाठशालाको वार्षिक प्राविधिक प्रतिवेदन लेखन | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |
| ख) | आइ.पि.एम. कृषक पाठशालाको प्राविधिक प्रतिवेदन (२ प्रति) फोटोकपी, बाइण्डिङ | स्थानीय/प्रादेशिक नर्म्स अनुसार |

**द्रष्टव्यः**

- विशेष बालीहरूमा कृषक पाठशाला सञ्चालनको लागि विशेष व्यवस्था विशेष बालीहरूमा कृषक पाठशाला सञ्चालन गर्दा माथि दिइएका नर्म्सहरूमा तपसिल अनुसार हेरफेर गर्नुपर्नेछः
    - फलफूल, चिया, मौरी र माछामा IPM FFS सञ्चालन गर्दा IPM Facilitator तथा Farmer Facilitator दुवैको हकमा Sessonal Planning Meeting एक पटक मात्र हुनेछ ।
    - आलु, अदुवा र वेसारमा । IPM FFS सञ्चालन गर्दा IPM Facilitator तथा Farmer Facilitator दुवैको हकमा बीउको निम्ती छुट्टै रकम थप गर्न सकिनेछ ।

# १.२ सर्भे एण्ड सर्भेलेन्स कार्यक्रम (Survey and Surveillance Program)

## १.२.१ परिचय/पृष्ठभूमि

कुनै पनि स्थानीय पालिका, जिल्ला, प्रदेशका प्रमुख बालीहरूमा लाग्ने प्रमुख रोगकीरा, झारपात, परजीवी कीराहरू आदिको वस्तु स्थितिलाई अद्यावधिक गर्न सर्भे गरिन्छ । सर्भेबाट बाली बिरूवाका शत्रुहरूको सही जानकारी उपलब्ध हुने र सर्भेलेन्सबाट शत्रु जीवहरूको जैविक गतिविधिसमेत जानकारी हुन गई शत्रु जीवले आक्रमण गर्ने समय, हानि पुऱ्याउने अनुकूल वातावरण, बालीको रोग/कीरा लाग्न सक्ने अवस्था र रोग/कीराको प्रकोपको सम्भावित स्थिति आदिसमेत जानकारी हुन्छ । अतः प्रत्येक हप्ता वा प्रत्येक १५ दिनमा अवलोकन र अभिलेख राखी रोग/कीराको भविष्य वाणी पूर्वानुमान (सर्भेलेन्स) समेत गरिन्छ ।

## १.२.२ कार्यक्रमको उद्देश्य

बालीहरूमा लाग्ने प्रमुख रोग, कीरा, झारपात, परजीवी कीराहरू आदिको वस्तु स्थिति विवरण प्रतिवेदन तयार भई स्थानीय, प्रदेश र संघीयस्तरमा रोगकीराको प्रभाव नक्सासमेत तयार भई भविष्यमा रोग/कीरा प्रकोपको पूर्वानुमान गर्न सहयोग पुऱ्याउनु ।

## १.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

विभिन्न डोमेन अनुसारका पकेट क्षेत्रहरूमा सर्भे कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यस्तो पकेट क्षेत्रहरू छनौट गर्दा कृषि सेवा केन्द्रबाट सजिलैसँग आवतजावत गर्न सकिने हुनुपर्दछ। छनौट गरिएको नमुना (Sample) पकेटको विवरण निम्नानुसार तयार गर्नुपर्नेछ ।

- प्रदेश........................ जिल्ला........................
- पालिका........................ वडा........................
- बाटोबाट हिडेर पुग्न लाग्ने समय ..............................
- नमुना प्लटको मुख पक्ष (Elevation and Slope)
- माटोको किसिम ........................
- बाली चक्र ...............................
- बाली व्यवस्थापन ......................

• अवलोकनबाट प्राप्त नतिजा संकलन गरी अभिलेख विवरण तयार गर्नुपर्नेछ ।

....................बाली लगाइएको खेत/वारीमा सर्भेलेन्स अभिलेख फाराम

# Field Surveillance Record Sheet

प्रदेश ........................ जिल्ला .................................

मितिः ..........................   समय ............................

स्थान/स्थानीय पालिका .....................वडा नं ..........विषय विशेषज्ञको नाम ..............

मौसम: राम्रो/वादल लागेको/घाम लागेको/हावा चलेको ..........................

छरेको विषादी ........................   वृद्धि अवस्था ..........................................

पानीको अवस्था/सिँचाइको व्यवस्था : भिजेको/सुख्खा   पानीको गहिराइ ..............

| **रोग** (Disease) | **प्रकोपित पातको सङ्ख्या नमुना एकाइ** १,२,३,४,५,६,७,८,९,१०* | **जम्मा** | **औसत** | **कैफियत** |
|---|---|---|---|---|
| पात मरुवा (प्रकोपित पातको क्षेत्र ) | | | | |
| व्याक्टेरियल लिफ व्लाइट | | | | |
| नेक र नोड व्लास्ट (प्रकोपित वाला) | | | | |
| अन्य | | | | |

* गाँज आउने बालीमा भए, प्रति बोट गाँज (Tillers) सङ्ख्या पनि गन्नुहोस् ।

प्रति गाँज १० पातमा भएको प्रकोपित पातको क्षेत्रको प्रतिशत :

प्रकोपित पातको जम्मा सङ्ख्या ×१००/ जम्मा बोट सङ्ख्या

......................

हस्ताक्षर

# ....................बाली लगाइएको खेत / बारीमा सर्भेलेन्स अभिलेख फाराम

## Field Surveillance Record Sheet

प्रदेश ........................जिल्ला ..................................

मितिः ...........................                    समय ............................

स्थानीय पालिका ............................ वडा नं ............ विषय विशेषज्ञको नाम ..............

मौसम : राम्रो/वादल लागेको/घाम लागेको/हावा चलेको ................................

छरेको विषादी ........................         बृद्धि अवस्था ........................................

पानीको अवस्था/सिँचाइको व्यवस्था :   भिजेको/सुख्खा              पानीको गहिराइ ..........

| **झारपात** (Weeds) | **नमुना विन्दु** (२' २') / Sampling Point (2' 2') | | | | |
|---|---|---|---|---|---|
| चौडा पाते झार (बिरूवा सङ्ख्या) | | | | | |
| घाँस (बिरूवा सङ्ख्या) | | | | | |
| सेजेज (बिरूवा सङ्ख्या | | | | | |
| कूल सङ्ख्या | | | | | |

......................

हस्ताक्षर

## ..................... बाली लगाइएको खेत/बारीमा सर्भेलेन्स अभिलेख फाराम

**Field Surveillance Record Sheet**

प्रदेश ........................जिल्ला ................................. मितिः .................समय

स्थानीय पालिका ................................ वडा नं ........... विषय विशेषज्ञको नाम........

मौसम : राम्रो/वादल लागेको/घाम लागेको/हावा चलेको ...................................................

छरेको विषादी ........................ बृद्धि अवस्था ..........................................

पानीको अवस्था/सिँचाइको व्यवस्था : भिजेको/सुख्खा पानीको गहिराइ ...............

| कीराहरू | नमुना एकाई प्रकोपित पातको सङ्ख्या १,२,३,४,५,६,७,८,९,१० | कीराको सङ्ख्या | औसत | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| प्रति गाँज/बोट (माकुरा) | | | | | |
| ड्रागन फ्लाई । डेमसेल ल्फाई | | | | | |
| स्त्री स्वभावको खपटे कीरा | | | | | |
| ग्राउण्ड विटल | | | | | |
| अन्य .......................... | | | | | |
| **कूल जम्मा** | | | | | |

* गाँज आउने बालीमा भए, प्रति बोट गाँज (Tillers) सङ्ख्या पनि गन्नुहोस् ।

जम्मा कीरा सङ्ख्या x १०० /जम्मा बोट/ Tillers सङ्ख्या

औसत = जम्मा कीरा सङ्ख्या / जम्मा बोट सङ्ख्या

बृद्धि अवस्था

१. .............................२. ........................................३. ........................................

४. ............................५. ........................................६. ........................................

.....................

हस्ताक्षर

# खेतबालीमा अवलोकन तथा सर्भेलेन्स विवरण फाराम

कृषि ज्ञान केन्द्र. . . . . . . . . .

प्रदेश. . . . . . . . स्थानीय पालिका . . . . . . . .सेवा पुऱ्याएको वडा. . . . . . . . . .

| क्र. सं. | कृषकको नाम | ठेगाना | बाली | बाली स्थिति | कीराको प्रकोप | | रोगको प्रकोप | | झारपात | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम | क्षति | नाम | क्षति | नाम | क्षति | |
| | | | | | | | | | | | |

विवरण सङ्कलन गर्ने . . . . . . .
स्थानीय पालिका . . . . . . . .
अवलोकन मिति. . . . . . .

कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स:
यो कार्यक्रम बाली संरक्षण निर्देशनालयबाट तयार गरिएको निर्देशिकामा उल्लिखित सामग्री खरिद गर्न स्वीकृत बजेटको मिल्दो शीर्षकबाट दाखिला अभिलेख रहने गरी सञ्चालन गर्ने ।

# १.३ बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) कार्यक्रम

## १.३.१ परिचय/पृष्ठभूमि

बाली विरुवामा रोगकीरा र अन्य समस्याहरूको कारणहरूले गर्दा बाली उत्पादनमा वर्षेनी १५-२०% सम्म ह्रास भएको पाइएको छ ।कृषकहरूले बाली बिरूवाहरूका समस्याहरूको सही उपचार प्राप्त गर्न सकिरहेका छैनन् । कृषि प्राविधिकको पहुँचबाट टाढा रहेका एग्रोभेट वा छिमेकीको सल्लाह बमोजिम बाली उपचार गर्ने गरेको यथार्थ छ । एग्रोभेटबाट दिइने सेवा हेर्ने हो भने कृषकहरूले भनेको मौखिक भरमा विना कुनै निरीक्षण तथा परीक्षणबाट विषादीहरू सिफारिस गरेको पाइन्छ भने कृषि विकास कार्यालयमा आउने अधिकांश कृषकहरू पनि रोगकीराको नमुना नलिई आउने गर्नाले अन्दाजिको भरमा सल्लाह प्रदान गरेको स्थिति छ । समस्याको सही पहिचान विना कुन विषादी कति मात्रामा प्रयोग गर्ने र कसरी प्रयोग गर्ने भन्ने ज्ञान सीपको अभावमा अन्धाधुन्ध विषादी छर्ने प्रचलनका कारण एकातिर कृषकहरूको लगानी खेर गइरहेको छ भने अर्को तर्फ समयमा नै समस्या समाधान नहुनु र विषादीको प्रयोगले मानिस, जीवजन्तु र वातावरणमा नकारात्मक असर परिरहेको छ । तसर्थ एउटा परीक्षण तथा सत्य तथ्यमा आधारित गुणस्तरीय एवम् भरपर्दो बाली उपचार पद्धतिको आवश्यकता टड्कारो छ जसको समाधान भनेको बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) नै हो । बाली उपचार शिविर एउटा यस्तो थलो हो जहाँ कृषकहरूले आफ्नो बालीमा लागेका रोग, कीरा तथा अन्य समस्याको समस्या ग्रस्त बोटबिरूवाका नमुना शिविरमा ल्याई बाली उपचार विशेषज्ञहरूबाट समस्या पहिचान तथा समाधानका उपायहरूबारे सल्लाह प्राप्त गर्दछन् ।

बाली उपचार शिविर २ तरिकाबाट सञ्चालन गर्न सकिन्छः

१) घुम्ती बाली उपचार शिविर,

२) नियमित बाली उपचार शिविर

यी दुवै शिविरको कार्यविधिमा खासै भिन्नता छैन । नियमित बाली उपचार शिविर निश्चत स्थानमा नियमित रूपमा आवश्यकता बमोजिम एक हप्ता वा १५ दिन वा महिनाको १ पटक वा खास बालीहरूको समस्यायूक्त समयमा सञ्चाल गरिन्छ भने घुम्ती बाली उपचार शिविर जिल्लाको विभिन्न क्षेत्रहरूको समस्याको आधारमा घुम्ती रूपमा सञ्चालन गर्न सकिन्छ ।

## १.३.२ कार्यक्रमको उद्देश्य

कृषकको बालीमा रोग, कीरा तथा अन्य समस्याहरूको सही पहिचान गरी समयमै उपयुक्त व्यवस्थापनका उपायहरू दिलाउनु नै यसको प्रमुख उद्देश्य रहेको छ । जसले गर्दा जथाभावी

रासायनिक विषादीको प्रयोगलाई कम गरी वातावरण संरक्षणमा सहयोग पुऱ्याउनु का साथै बाली बिरूवाहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न मद्दत पुग्ने छ ।

### १.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधि

- जिल्लाका अन्न, फलफूल, तरकारी र अन्य बालीहरूको पकेट क्षेत्रलाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा रासायनिक विषादीको अत्यधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरैभन्दा धेरै कृषकलाई सहभागी बनाउन पायक पर्ने ठाउँमा बाली उपचार शिविर सञ्चालन गर्नुपर्दछ ।
- बाली उपचार शिविर सञ्चालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समयमै जानकारी दिनुपर्नेछ ।
- कृषकले ल्याएको बालीको नमुना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरू कृषकले बुझ्ने गरी लिखित रूपमा कृषकलाई उपलब्ध गराउनुपर्नेछ । उक्त दिन बाली नमुनाको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयुक्त निकायमा नमुना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरूसहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नुपर्नेछ ।
- बाली उपचार शिविर सञ्चालन अवधि १ दिनको हुनेछ ।
- बाली उपचार शिविरमा सहभागी हुने कृषकहरूले दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजा खर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था हुने छैन ।
- बाली उपचार शिविर बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) को प्रत्यक्ष संलग्नतामा गर्नुपर्नेछ । सम्बन्धित जिल्लामा बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) नभएमा नजिकको कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बाली संरक्षण प्रयोगशाला, अनुसन्धान केन्द्र, अध्ययन संस्थान वा प्राविधिक शिक्षालयबाट तालिम प्राप्त बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) को सहयोग लिई सञ्चालन गर्न सकिनेछ ।
- जिल्लामा अन्य संघ/संस्था/निकायबाट यस प्रकारको बाली उपचार शिविर सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित कृषि ज्ञान केन्द्र/ कृषि विकास कार्यालय/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयसँगको समन्वयमा सञ्चालन गर्नुपर्नेछ ।
- बाली उपचार शिविर हुने मिति, समय र स्थान निश्चित गरी सोको जानकारी सम्बन्धित प्रदेशस्थित बाली संरक्षण प्रयोगशाला पठाउनुपर्नेछ ।

- बाली उपचार शिविर सञ्चालन गरिएका जिल्लाबाट वार्षिक रूपमा शिविर सञ्चालन स्थान, नमुना सङ्कलन गरिएको क्षेत्र, बाली क्षेत्र, देखिएको समस्याहरू र प्रदान गरिएका सुझावहरू उल्लिखित प्रतिवेदन सम्बन्धित प्रदेशस्थित बाली संरक्षण प्रयोगशाला र कृषि विभागको बाली संरक्षण शाखामा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

## १.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर रू. | जम्मा रू. |
|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ.एम., पर्चा, माईकिङ आदि) | पटक | १ | स्थानीय नर्म्स अनुसार | |
| २ | बाली उपचार शिविर सञ्चालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स आदि) | पटक | १ | | |
| ३ | सुझाव पर्चा, फ्याक्ट सिट छपाइ | पटक | १ | | |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि ) | पटक | १ | | |
| ५ | बाली उपचार शिविर व्यवस्थापन खर्च | पटक | १ | | |
| ६ | खाजा खर्च | जवान | १० | | |
| ७ | प्रतिवेदन तयार | पटक | १ | | |
| | **कूल जम्मा रू.** | | | | |

**द्रष्टव्य**

- बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) सञ्चालन गर्नको लागि नेपाल कृषि सेवा वा अन्य कृषिसँग सम्बन्धित निकायमा कार्यरत कम्तीमा रा.प. तृतीय श्रेणीको सेवामा रही प्लाण्ट क्लिनिक सञ्चालन सम्बन्धी एक हप्ते तालिम लिएको व्यक्तिले प्लाण्ट क्लिनिक विशेषज्ञ भनिन्छ भने कृषि क्षेत्रमा कार्यरत अन्य मध्यम स्तरका प्राविधिकहरूले पनि यस प्रकारको तालिम हासिल गरी बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) सञ्चालन गर्न सक्ने छन् ।
- बाली उपचार शिविर सञ्चालनका लागि इन्धन र कर्मचारीको दै.भ्र.भ. यसमा समावेश गरिएको छैन । इन्धन र कर्मचारीको दैनिक भ्रमण भत्ता रकम सम्बन्धित आयोजक संस्था/कार्यालयले शिविर सञ्चालन स्थलसम्म पुग्न, कार्यक्रम सञ्चालन गर्न र फर्कन लाग्ने समयका आधारमा बिनियोजन गर्नुपर्नेछ ।एप्रोन र क्याप सेतो रङको हुनुपर्नेछ र एप्रोन र क्यापमा "प्लाण्ट क्लिनिक विशेषज्ञ" भन् वाक्यांश छापेको वा इम्बाइडरी गरेको हुनुपर्नेछ ।

# २. बाली संरक्षण सेवा कार्यक्रम

## २.१ आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम

### २.१.१ परिचय/पृष्ठभूमि

जिल्लाहरूमा कीरा, रोग आदिले प्रायः वर्षैपिच्छे बालीनाली आक्रमण गरेका हुन्छन् । कहिलेकाहीँ यसले प्रकोपकै रूप लिन पनि सक्दछ । यस्तो अवस्थामा जिल्ल, केन्द्रबाट आकस्मिक बाली संरक्षण सेवा उपलब्ध गराउने व्यवस्था छ ।

### २.१.२ कार्यक्रमको उद्देश्य

जिल्लामा आकस्मिक रोगकीराको प्रकोपबाट हुने क्षति कम गर्न कृषकहरूलाई सहयोग पुऱ्याउनु ।

### २.१.३. कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कृषि प्राविधिकले रोग तथा कीराको प्रकोप देखिना साथ स्थानीय तह, कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय, प्रदेश कृषि निर्देशनालयलाई प्रकोपको विवरणसहित नियन्त्रणको जानकारी गराउनुपर्नेछ ।
- यसरी अनुरोध गर्दा विषादी, स्प्रेयर, डस्टर तथा सुरक्षा उपकरण आदि के कति आवश्यक परेको हो सो को माग गरी प्रकोप नियन्त्रण गर्न स्थानीय निकाय एवम् कृषक समूहहरूलाई समेत परिचालन गराउनुपर्नेछ ।
- यस कार्यक्रमको लागि स्थानीय तह/कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयबाट प्रत्येक आ.व. मा आकस्मिक बाली संरक्षण सेवा कार्यक्रमको लागि बजेट विनियोजित गर्नुपर्छ ।
- चाहिने सामग्रीहरुः स्प्रेयर/डस्टर, विषादी, पञ्जा, चस्मा, माक्स्, एप्रोन, बुट ।

### २.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.२ बाली संरक्षण उपकरण वितरण कार्यक्रम

### २.२.१ परिचय/पृष्ठभूमि

कृषकहरूलाई आवश्यक पर्ने सामग्री जस्तैः स्प्रेयर, डस्टर, मेटलवीन, मुसा खोर, सिडड्रील (बीउ उपचार गर्ने भाडा) आदिमा अनुदान दिँदा कृषकबाट यस्ता सामग्रीहरूको लामो अवधिसम्म सङ्ग्रह गर्ने प्रचलन देखिएको छ र आवश्यक परेको वखत बाली विशेष अनुसार यी उपकरणहरू

कृषकले तुरुन्त उपयोग गर्छन् जसको परिणाम समयको वचत र उचित समयमा बाली संरक्षण कार्य गर्न सकिन्छ ।

### २.२.२ कार्यक्रमको उद्देश्य

सम्बन्धित कार्यक्रमको लागि आवश्यक पर्ने बाली संरक्षण सामग्री उपलब्ध गराई कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/वन उपभोक्ता समितिलाई कार्यक्रममा उत्प्रेरित गर्नु ।

### २.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

कृषकको आवश्यकता अनुसारका बाली संरक्षण उपकरण सामग्रीहरू जस्तैः स्प्रेयर, डस्टर, मेटलवीन मुसा खोर आदि उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । यस्ता सामग्रीहरू उपलब्ध गराउँदा सकभर कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/वन उपभोक्ता समितिमा स्वामित्व रहने गरी हस्तान्तरण गर्नुपर्दछ ।

### २.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

# ३. बाली संरक्षण अभियान तथा प्रदर्शन कार्यक्रम

## ३.१ मुसा नियन्त्रण अभियान कार्यक्रम

### ३.१.१ परिचय/पृष्ठभूमि

घर, खेतबारी तथा खाद्यान्न गोदाममा मुसाबाट हुने क्षति र महामारीबारे प्रचार प्रसार गरी कृषकहरूलाई जागृत गराई समूहिक प्रयासबाट मुसा नियन्त्रणको थालनी गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.१.२ कार्यक्रमको उद्देश्य

मुसा नियन्त्रण एक्लो व्यक्ति वा घर परिवारको प्रयासबाट मात्र सम्भव नभई यसको लागि सामूहिक प्रयास आवश्यक पर्छ भन्ने जानकारी गराउनु ।

### ३.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कृषक समूहको बैठकमा मुसा नियन्त्रण गर्ने प्रयोगात्मक प्रक्रियाबारे छलफल गर्ने र मुसा खोर तथा आवश्यक अवस्थामा रासायनिक विषादी (जस्तै: जीङ्क फोस्फाइड, वारफारिन)

वितरण गर्नुपर्दछ । पहिलो दिन कृषकहरूलाई मुसाबारे जानकारी दिई मुसालाई बानी पार्न कृषकको घरघरमा खोर र चारा राख्न लगाउने ।

- दोस्रो दिन राखिएको चाराहरू निरीक्षण गरी अत्यधिक सावधानी पूर्वक मुसालाई विष प्रयोग गरिएको चारा तथा पासोसहितको खोर राख्न लगाउने ।
- तेस्रो दिन निरीक्षण गरी मरेका मुसाहरू सङ्कलन गर्न लगाउने र सो विषयमा सामूहिक छलफल गर्ने ।
- यसको लागि चाहिने सामानहरू मुसाको विषादी, खोर, जुटको थैलो, चारामा मिसाउने अन्नको पिठो, घिउ, कागतको प्लेट, पञ्जा आदि ।
- समूहमा छलफलको हुँदाको बखत चिया खर्च ।

### ३.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## ३.२ आइ.पि.एम. विभिन्न ट्र्याप प्रदर्शन कार्यक्रम

### ३.२.१ परिचय/पृष्ठभूमि

विभिन्न कीराहरूलाई आकर्षित गराई पासोमा पारी नियन्त्रण गर्न प्रयोग गरिने यो प्रदर्शन स्थानीय समस्याको आधारमा सञ्चालन गरिन्छ। प्रदर्शनमा प्रयोग गरिने पासोको छनौट गर्दा स्थानीय उपलब्ध स्रोतलाई दृष्टिगत गरिन्छ।

### ३.२.२ कार्यक्रमको उद्देश्य

विषादीको प्रयोग न्यून गर्नको लागि कृषकहरूलाई विभिन्न ट्र्याप प्रविधिको जानकारी गराउने।

### ३.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विभिन्न पासोमा आकर्षण हुने वा नहुने कीराको पहिचान गर्ने ।
- खेतबारीमा शत्रु तथा मित्रजीव कीराको सङ्ख्याको अवलोकन गर्ने ।
- यदि मित्रजीवहरूको उपस्थिति धेरै देखिएमा लाइट ट्र्याप नराख्ने ।
- बनि बनाउ ट्र्याप खरिद गर्ने वा नमुना अनुसारको बनाउने ।
- कृषकहरूको पायक पर्ने वा उपयुक्त स्थानमा प्रदर्शन गर्ने ।
- नियमित रूपमा कृषकहरूसँग अवलोकन गरी अन्तरक्रिया गर्ने ।
- यो प्रदर्शन सञ्चालन गर्दा निम्न ट्र्याप तथा ल्युरहरू खरिद गर्नुपर्ने सामग्रीहरू हुन् ।

| क्र.सं. | पासोको नाम | प्रयोग हुने सामान |
|---|---|---|
| १ | लाइट ट्रयाप | लाइट ट्रयाप, लाल्टिन वा बल्व, बाटा वा बाल्टिन, पोलिथिनव्याग रातीमा उड्ने कीराहरू |
| २ | एल्लो स्टीकी ट्रयाप | साना उड्ने कीराहरू जस्तै लाही,सेतो झिँगा,लिफमाइनर |
| ३ | स्टेनर ट्रयाप | मिथाइल युजिनल,क्युलियर फेरोमन |
| ४ | फनेल ट्रयाप | हेलिल्युर,स्पोडो ल्युर,ल्युसिनोडस ल्युर,पेक्टिनो ल्युर,सिप्रो ल्युर |
| ५ | डेल्टा ट्रयाप | डि.बि.एम./प्रोटुला ल्युर |
| ६ | ओटा टी ट्रयाप | डि.बि.एम. /प्रोटुला ल्युर, पि.टि.एम. १,२ ल्युर |
| ७ | म्याकफल ट्रयाप | विभिन्न ल्युरको लागि |
| ८ | पिटफल ट्रयाप | माटोको सतहमा हिड्ने कीराहरू |

- छुट्टाछुटै कीराको लागि छुट्टाछुटै ल्युर तथा पासोको प्रयोग गर्ने ।

| क्र.सं. | पासोको नाम | कीरा | बाली |
|---|---|---|---|
| १ | मिथाइल युजिनल/ प्रोटिन बेट | फल कुहाउने औंसा | सुन्तला जात आप फलफूल |
| २ | क्युलियर | फल कुहाउने औंसा | काक्रो फर्सी समूहका बाली |
| ३ | व्याक्टोसेरा कम्पोजिटिइ | फल कुहाउने औंसा | माथिका दुवै बाली |
| ४ | हेली ल्युर | गोलभेंडाको फलको गवारो | गोलभेंडा, चना, रहर |
| ५ | स्पोडो ल्युर | सूर्तीको पातखाने लार्भा | सूर्ती, काउली वर्ग, आलु, गोलभेंडा |
| ६ | डिबिएम प्रोटुला ल्युर | ईट बुट्टे पुतली | काउली बन्दा समूहका |
| ७ | ल्युसिनोडस ल्युर | फल र डाँठमा लाग्ने गवारो | भन्टा |
| ८ | पि.टि.एम १,२ ल्युर | जोताहा पुतली | आलु |
| ९ | सिप्रो ल्युर | पहेलो गवारो | धान |
| १० | पेक्टिनो ल्युर | दानामा लाग्ने गुलाबी गबारो | कपास |
| ११ | इरमिट र इरमिन ल्युर | दानामा लाग्ने छिर्के गबारो | कपास |
| १२ | टिएलम ल्युर | टमाटरको पात खन्ने टुटा कीरा | टमाटर |
| १३ | लाइट ट्रयाप | रातीमा उड्ने कीराहरू | सबै बाली |
| १४ | पिटफल ट्रयाप | माटोको सतहमा हिड्ने कीराहरू | सबै बाली |

## ३.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## ३.३ आई.पि.एम. परजीवी प्रयोग प्रदर्शन कार्यक्रम

### ३.३.१ परिचय/पृष्ठभूमि

कृषकहरूलाई मित्र जीवहरूको पहिचान गरी सुरक्षा गर्न सक्ने र शत्रुजीवहरूको नियन्त्रण गर्न परजीवीहरूको प्रयोग प्रदर्शन गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.३.२ कार्यक्रमको उद्देश्य

विषादीको विकल्पमा रहेका जैविक विधिहरू मध्ये परजीवीहरूको कृषकहरूबीच जानकारी तथा प्रचार प्रसार गर्ने ।

### ३.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- प्राविधिबाट कृषकको खेतबारीमा भएका समस्याको सही पहिचान गर्ने ।
- बढी प्रभावकारी र बजारमा सजिलै उपलब्ध हुन सक्ने परजीवीहरूको मात्र छनौट गर्ने ।
- प्रदर्शन गर्ने कृषक तथा प्लटको छनौट गर्ने ।
- प्रदर्शन गर्दा नजिकका कृषकहरूको उपस्थिति गराउने ।
- प्रदर्शनपछिको नतिजा कृषकहरूबीच अन्तरक्रिया गर्ने ।
- प्रदर्शनको लागि चाहिने सामग्री परजीवी स्प्रेयर, माक्स्, एप्रोन, पञ्जा, चस्मा, कापी, कलम

### ३.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## ३.४ आइ.पि.एम. एप्रोच प्रदर्शन कार्यक्रम

### ३.४.१ परिचय/पृष्ठभूमि

बालीनालीमा खास गरी फल कुहाउने औंसा कीरा नियन्त्रण गर्न यो प्रदर्शन सञ्चालन गरिन्छ । यस प्रदर्शनमा केवल फेरोमन ट्र्याप मात्र नराखी कृषकबाट गर्न सकिने अन्य क्रियाकलापहरू जस्तै: खेतबारीको सरसफाई, उपयुक्त समयमा सिँचाइ गर्ने, आवश्यक मलखाद प्रयोग गर्ने कार्यलाई पनि सँगसँगै गरिन्छ । यस किसिमको एप्रोच प्रदर्शन पालिका, कृषि ज्ञान केन्द्र वा कृषि विकास कार्यालयका कृषि प्राविधिकको सहभागितामा वा कृषक स्वयमबाट स्थापित नमुना बगैंचामा यथासम्भव सञ्चालन गर्न उचित हुनेछ ।

### ३.४.२ कार्यक्रमको उद्देश्य

आइ.पि.एम. एप्रोच प्रविधिका विभिन्न विधिहरूलाई एउटै थलोमा कृषकहरूलाई जानकारी गराउनु ।

### ३.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

यो कार्यक्रम सञ्चालन गर्ने विस्तृत कार्यविधि साबिक बाली संरक्षण निर्देशनालयबाट प्रकाशित आइ.पि.एम. कृषक पाठशाला निर्देशिकामा प्रस्तुत भएकोले सोही बमोजिम गर्नुपर्नेछ ।

- प्राविधिकबाट खेतबारी तथा बगैंचामा देखिएका औंसा कीराको अवलोकन र पहिचान गर्ने ।
- कृषकहरूको पायक पर्ने (खेतबारी वा बगैंचा) उपयुक्त स्थानमा प्रदर्शन गर्ने ।
- बढी प्रभावकारी र बजारमा सजिलै उपलब्ध हुन सक्ने मोहिनी पासो, प्रोटिन वेट तथा विषादी छनौट गर्ने ।
- नियमित रूपमा कृषकहरूसँग अवलोकन गरी अन्तरक्रिया गर्ने ।
- प्रदर्शन गर्दा नजिकका कृषकहरूको अनिवार्य उपस्थिति गराउने ।
- प्रदर्शनपछिको नतिजा कृषकहरूबीच अन्तरक्रिया गर्ने ।
- नजिताको बारे छलफल गर्दा चिया खर्चको व्यवस्था गर्ने

### ३.४.४ कार्यक्रमको लागि चाहिने आवश्यक सामग्री र सङ्ख्या प्रति बगैंचा

फेरोमेन ट्रयाप ५ वटा, मिथाइल युजिनल, क्युलियर ५ वटा, मालाथियन झोल ५० प्रतिशत प्रोटिन वेट ५ वटा, कटनभाइल ड्रपर, ज्याला तथा अन्य आवश्यक स्टेशनरी सामग्रीहरू ।

### ३.४.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुने छ ।

# ४. बाली संरक्षण प्रविधि विकास कार्यक्रम

## ४.१ सहभागितामूलक प्रविधि विकास कार्यक्रम

### ४.१.१ परिचय/पृष्ठभूमि

कृषक पाठशालाका सहभागी कृषकहरू, कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय तथा अन्य निकायका प्राविधिकहरूको संयुक्त खोजमूलक अन्तरक्रिया गरी एकीकृत बाली संरक्षण प्रविधि विकास गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ४.१.२ कार्यक्रमको उद्देश्य

कृषकहरूको सहभागितामा स्थानीय रूपमा रहेका प्रविधिहरूको खोज गर्नु ।

### ४.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कृषक र प्राविधिकको अन्तरक्रियाबाट स्थानीय रूपमा रहेका प्रविधिहरूको पहिचान गर्ने ।
- कृषककै थलोमा दुवैको सहभागितामा अध्ययन गर्ने ।

- नतिजा अनुसार कृषकहरूबीच जानकारी गराउने ।

### ४.१.४ कार्यक्रमको आवश्यक सामग्रीहरू

अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरू बीउ, मल, गमला, ह्याण्डलेन्स, विषादी, नेट, स्पिरेटर, डोरी, आइ.पि.एम. बायोएजेन्टहरू, बाँस, जाली, कपडा, ट्याग, सवारी इन्धन, शैक्षिक सामग्री तथा ज्यामी ।

### ४.१.५ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुने छ ।

# ५. अन्य बाली संरक्षण कार्यक्रम

## ५.१ स्कूलसँग बाली संरक्षण कार्यक्रम

### ५.१.१ परिचय/पृष्ठभूमि

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई अन्न बाली/तरकारी बाली/फलफूल बालीमा रोगकीरा नियन्त्रणको लागि प्रयोग हुने बाली संरक्षण क्रियाकलापबारे स्कूलको कक्षा कोठमा प्रशिक्षण गरिन्छ ।

### ५.१.२ कार्यक्रमको उद्देश्य

स्कूले विद्यार्थीहरूलाई बालीनालीमा लाग्ने रोग तथा कीरा नियन्त्रमा प्रयोग हुने विषादी तथा प्रविधिबारे जानकारी गराउनु ।

### ५.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कृषि पकेट क्षेत्र भित्र रहेका माध्यमिक स्कूलसँग समन्वय गरी मिति र समय निर्धारण गर्ने ।
- कक्षा ९ र १० मा अध्यनरत ४० जना विद्यार्थीहरूलाई मल्टि मिडियाको सहायताले फोटो तथा भिडियो सहायताबाट दुई घण्टाको सैद्धान्तिक र व्यवहारिक प्रशिक्षण गर्ने ।
- विद्यार्थीहरूलाई स्थानीय बजारमा उपलब्ध हुन सक्ने जैविक तथा रासायनिक रोगनाशक, कीटनाशक तथा झारपातनाशक विषादी देखाउने ।
- प्रशिक्षणको लागि चाहिने सामग्री मल्टिमिडिया, कम्प्युटर, एग्रोभेटमा उपलब्ध जैविक तथा रासायनिक विषादीको लेवल सहितको बट्टा, प्याकेट, स्प्रेयर, विभिन्न फेरोमेन ट्र्याप तथा ल्युर, पोष्टर, पम्पलेट आदि ।

### ५.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## ५.२ प्लाण्ट हेल्थ र्‍याली (Plant Health Rally)

### ५.२.१ परिचय/पृष्ठभूमि

कृषि उत्पादन र उत्पादकत्व बढाउन विभिन्न प्रविधिहरूको उचित उपयोग हुन आवश्यक छ । त्यसमा पनि बालीनालीमा लाग्ने रोगकीराहरूको व्यवस्थापन हुन निकै जरूरी हुन्छ । रोगकीराको सही पहिचान हुन सकेन भने त्यसको व्यवस्थापनमा गरिने विभिन्न कार्य तथा प्रयोग हुने विभिन्न विषादी अनावश्यक, अनियन्त्रित रूपमा प्रयोग हुन गई एकातर्फ कृषकहरूले बढी खर्च व्योहोर्नु पर्ने हुन्छ भने अर्कोतर्फ विषादीको जथाभावी प्रयोगबाट रोगकीराको अवरोध क्षमतामा वृद्धि हुने, महामारीको रूपमा पुर्नस्थापना हुने तथा मानव स्वास्थ्य र वातावरणमा विभिन्न नकारात्मक असर पुर्‍याउने हुन्छ । प्लाण्ट हेल्थ र्‍याली एउटा जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम हो जसमा विभिन्न क्षेत्रमा केन्द्रित भएर त्यहाँ कृषकहरूको बालीनालीमा परेको प्रमुख रोगकीराको समस्याका बारेमा कृषकहरूकै गाउँघरको चोकचोकमा गई विस्तृत रूपमा जानकारी गराउने गरिन्छ । यसमा कुनै ठाउँको बाली नालीमा देखा परेको प्रमुख रोग/कीराको परिचय, क्षतिको लक्षण, व्यवस्थापनको उपायहरूसहित राखेर leaflet, pamphlet हरू प्रकाशन गर्ने र आवाज पनि रेकर्ड गर्ने । सोही ठाउँमा गाडिमा रेकर्ड गरिएको आवाज बजाउदै हिड्ने र चोक चोकमा गएर उपस्थित कृषकहरूको समस्या सुन्ने, समस्यारत रोगकीराको बारेमा छलफल गर्ने, र leaflet, pamphlet बाड्ने ।

### ५.२.२ कार्यक्रमको उद्देश्य

अनुकूल समयमा कुनै पनि ठाउँको बालीनालीमा देखा परेको प्रमुख समस्याबारेमा धेरै कृषकहरूलाई उनीहरूकै गाउँ घरमा गएर सचेतना गराउनुका साथै उचित उपायहरूको सल्लाह दिने ।

### ५.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कुनै पनि ठाउँका धेरै कृषकहरूले भोगेको समस्याहरूमा केन्द्रित भएर कुनै एउटा स्थान छनौट गर्ने ।
- समस्याबारेमा छलफल गर्न तथा र्‍यालीमा सहभागी गराउन एउटा विज्ञ टोली गठन गर्ने ।
- त्यस ठाउँको बालीनालीमा लागेको रोगकीराको परिचय, क्षतिको लक्षण, व्यवस्थापनको उपायहरूसहित राखेर leaflet, pamphlet तथा Posters हरू प्रकाशन गर्ने र आवाज पनि रेकर्ड गर्ने ।
- समस्याग्रस्त ठाउँको स्थानीय तह तथा प्रदेशस्थित कृषि निकायहरूसँग समन्वय गर्ने ।
- समस्याका लक्षणहरूबारे विस्तृत Posters हरू बनाएर त्यस ठाउँमा लाने गाडिलाई सजाउने।

### ५.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

# भाग-च

# व्यावसायिक कीट विकास कार्यक्रम

कृषि पेशालाई व्यावसायिक रूपमा विकास गर्न कृषकहरूको श्रम तथा स्थानीय स्रोत साधनहरूको सदुपयोग गरी आर्थिक विकासमा टेवा पुऱ्याउन औद्योगिक महत्वका रेशम, मौरी, च्याउ तथा लाहा खेतीको प्राविधिकि सेवा विस्तार गरी विदेश पलायन हुन वाध्यकारी ग्रामिण युवाको पारिवारिक श्रमको प्रयासबाट गुणस्तरीय रेशम, मह तथा महजन्य वस्तु, च्याउ तथा लाहा वस्तुहरूको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न सकिने र आयमूलक रोजगारीका अवसर सिर्जना गर्न रेशम खेती, मौरीपालन, लाहा खेती तथा च्याउ खेतीलाई अगाडि बढाउने नीति बमोजिम व्यावसायिक कीट विकास कार्यक्रम तपसिल अनुसार पर्दछन् ।

(१) मौरी विकास कार्यक्रम

(२) रेशम खेती विकास कार्यक्रम

(३) च्याउ खेती विकास कार्यक्रम

# व्यावसायिक कीट विकास अन्तरगतका कार्यक्रमहरु

# १. मौरी विकास कार्यक्रम

## १.१ मौरी गोला उपहार कार्यक्रम

### १.१.१ परिचय/पृष्ठभूमि

मह पौष्टिक दृष्टिकोणबाट महत्वपूर्ण र प्राङ्गारिक उत्पादन भएकोले यसको माग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । मौरीपालन व्यवसाय स्थानीयस्तरका सीमान्तकृत र अतिविपन्न वर्गलाई समेटी महको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जनको प्रमुख स्रोत सिर्जना हुने स्वरोजगारी स्थापना हुन सक्ने व्यवसाय हो । कूल लगानीको करिब ६० प्रतिशत श्रम पारिवारिक प्रयासबाटै आपूर्ति हुन सक्ने यो व्यवसाय सुरूको वर्षमा नेपाल सरकारबाट एक पटक लगानी र अनुदान दिएपछि त्यसपछिका वर्षहरूमा कृषक आफैले सक्रियता र लगानीमा यो कार्यक्रम अगाडि बढाउन सक्ने र अन्ततोगत्वा व्यवसायमा रुपान्तर भई सिमान्तकृत कृषक वर्गको आर्थिक तथा स्वास्थ्यमा सुधार हुन जानेछ ।

**द्रष्ट्रव्यः** लाभग्राहीः (कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, जल उपभोक्ता समिति, वन उपभोक्ता समिति)

### १.१.२ कार्यक्रमको उद्देश्य

- दिगो रूपमा व्यावसायिक मौरीपालन कृषकहरू वृद्धि गर्दै सीमान्तकृत तथा गरिब कृषक वर्गको आयआर्जनमा वृद्धि गर्ने ।

- मौरीपालनका सम्भाव्य क्षेत्रका कृषकहरूको घरघरमा मौरीपालन भई महको सेवनबाट स्वास्थ्यमा सुधार ल्याउने ।

### १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- मौरी चरनको लागि उपयुक्त भएको सम्भावित कार्यक्षेत्रको छनौटका लागि लाभग्राहीहरूको मागको आधारमा पालिका/कृषि ज्ञान केन्द्र वा कृषि विकास कार्यालयका प्राविधिकबाट स्थलगत निरीक्षण गरी अन्तरक्रिया सञ्चालन गर्ने ।
- स्थानीय तह/कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/संघीय निकायका प्राविधिक टोलीले स्थलगत निरीक्षण र मौरीपालन क्षेत्रको उपयुक्त सम्भावना क्षेत्रको आधारमा स्थानीय निकायसँग छलफल गर्ने ।
- लाभग्राहीको माग, सक्रियता, सम्भाव्यता र PRA/RRA को आधारमा कार्यक्षेत्र छनौटका लागि सम्बन्धित तालुक कार्यालयमा जानकारी गराउने ।
- समुदायबाट समूह/समितिमा समावेश हुने निश्चत आधार अनुसार सदस्यहरूको नामावली तयार गर्ने ।
- कार्यक्रमको जानकारीपछि जागरुक भएका लक्षित समुदायले मौरी उपहार कार्यक्रम सञ्चालन गर्न तत्परता देखाएपछि स्थान विशेषको आधारमा समूह भए २० देखि २५ जना सदस्यहरू भएको (विशेष गरी महिला) समूह गठन गरी अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूको चयन गरी मौरी उपहार कार्यक्रम सञ्चालन गर्नको लागि बढीमा ५ सदस्यीय कार्यक्रम सञ्चालक समिति गठन गर्ने । उक्त समितिमा सम्बन्धित पालिकाको कार्यकारी अधिकृत संयोजक रहने गरी सो पालिकाको कृषि शाखा प्रमुख (कृषि प्राविधिक) पदेन सदस्य सचिव रहने गरी नजिकको पायक पर्ने मौरी स्रोत केन्द्र, कार्यक्रम सञ्चालन हुने वडा कार्यालयका वडा अध्यक्ष र प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयमा कार्यरत प्राविधिक सहायक समितिका सदस्य रहने छन् ।
- मौरी गोला उपहार कार्यक्रम भन्नाले न्यून आयस्रोत भएका वा आर्थिक विपन्नता जीवनयापन गरिरहेका र जागरुक लक्षित समुदायलाई पहिलो वर्ष ५ फ्रेम भरिएको (नयाँ रानु, अण्डा, विभिन्न उमेरका लार्भा, विभिन्न उमेरका कर्मी मौरी, कुट, मह र परजीवी नभएको निरोगी गोलासहितको मौरीगोला, प्रतिगोला १ के.जी. चिनी, प्रत्येक गोलाको लागि आधा किलो आधार चाका) शतप्रतिशत अनुदान र न्यूटन वी. मौरी घार स्थानीय/प्रदेश/संघीय आर्थिक मापदण्ड र नर्म्स अनुसार हुनेछ ।

- मौरीगोला उपहार कार्यक्रम सञ्चालन गरेको लाभग्राही समूहले दोस्रो आर्थिक वर्षभित्र ६ फ्रेमको मौरी गोला (गुणस्तरीय मापदण्ड पुगेका) पालिका/कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयमा माग भई लक्षित मापदण्ड पुगेका नयाँ लाभग्राही समूहलाई पुरानो लाभग्राही समूहले सम्बन्धित पालिका, कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयको उपस्थिति र समारोहको बीच हस्तान्तरण गर्नुपर्नेछ । यसरी पहिलो लाभग्राही समूहले दोस्रो लाभग्राही समूहलाई मौरी गोला हस्तान्तरण गर्दा गोलामा रहेको ६ फ्रेम दोस्रो लाभग्राही समूहले सोधभर्ना गर्नुपर्नेछ भने दोस्रो लाभग्राही समूहलाई कार्यक्रम सञ्चालन गर्ने पालिका/कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयको कार्यक्रममा समावेश हुने गरी मौरी घार, चिनी चास्नी तथा आधा किलो आधार चाका अनुदान उपलब्ध गराउनुपर्नेछ । मौरी गोला उपहार कार्यक्रम सञ्चालन गरिएको लाभग्राहीले मौरीपालन व्यवसायकरणको लागि पूर्वाधार विकास/मौरीपालन सामग्रीहरू (खाली घार, न्यूक्लियस घार, स्वार्मिङ व्याग तालिम आदि) पालिका/कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयमा माग गरेमा सो अनुसारको सामग्रीहरू स्थानीय नर्म्स र दररेट अनुसार उपलब्ध गराउनुपर्छ ।
- आधुनिक मौरीको घारको नक्सा मौरी विकास केन्द्र, गोदावरीले तोकिएको मापदण्ड अनुसार हुनुपर्नेछ ।
- उपलब्ध गराउने सामग्रीहरूको खर्च स्थानीय नर्म्स र दररेट अनुसार हुनेछ ।

## १.१.४ कार्यक्रमको खर्च मापदण्ड

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | खर्च व्यहोर्ने स्रोत, लागत अनुमान र अनुदान प्रतिशत |
|---|---|---|---|---|
| १ | मौरी स्रोत केन्द्र समूह गठन | सङ्ख्या | समूहमा आवद्ध कृषकहरूको सङ्ख्या अनुसार | संघ/प्रदेश/स्थानीय सरकारको स्वीकृत नर्म्स तथा खर्च मापदण्ड अनुसार हुनेछ । |
| २ | मौरी स्रोत केन्द्र समूह गठन वा मौरी कृषक समूहमा मौरी चरन वितरण | १२५ जना | | |
| ३ | परम्परा घारमा सुधार कार्यक्रम | | | |
| ४ | मौरी गोला वितरण<br>-एपिस सेरेना<br>-एपिस मेलिफेरा | सङ्ख्या | | |
| ५ | आधुनिक मौरी घार वितरण कार्यक्रम<br>सेरेना मौरी घारको सबै भाग टुनीकाठ<br>-न्यूटन A<br>-न्यूटन B | सङ्ख्या | | |

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | खर्च व्यहोर्ने स्रोत, लागत अनुमान र अनुदान प्रतिशत |
|---|---|---|---|---|
| | घरको बाहिरी भाग उतिस चौकोस टुनी<br>-न्यूटन A<br>-न्यूटन B | सङ्ख्या | | |
| | टुनीको चौकोस<br>-न्यूटन A<br>-न्यूटन B | सङ्ख्या | | |
| ६ | आधुनिक मौरी घार (ल्याङ्गस्टोर्थ घार) वितरण कार्यक्रम<br>मेलिफेरा-काठको प्रकार नछुटिएको<br>(क) डीप<br>(ख) स्यालो | सङ्ख्या | | |
| ७ | मौरी जन्य औजार उपकरण वितरण | | | |
| ७.१ | आधार चाका<br>-सेरेना<br>-मेलिफेरा | के.जी. | | |
| ७.२ | प्रशोधित मैन<br>-सेरेना<br>-मेलिफेरा | के.जी. | | |
| ७.३ | महदानी -सेरेना<br>-मेलिफेरा | सङ्ख्या | | |
| ७.४ | प्रेस मेशिन (आधार चाकाको साँचो)<br>-सेरेना<br>-मेलिफेरा | सङ्ख्या | | |
| ७.५ | घार राख्ने स्टयाण्ड (खुट्टा)<br>-३ सुते<br>-४ सुते | सङ्ख्या | | |
| ७.६ | कचौरा (४ वटा) | सङ्ख्या | | |
| ७.७ | घार ज्यावल | सङ्ख्या | | |
| ७.८ | धुवाँदानी | सङ्ख्या | | |
| ७.९ | घुम्ती | सङ्ख्या | | |
| ७.१० | पञ्जा | जोडी | | |

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | खर्च व्यहोर्ने स्रोत, लागत अनुमान र अनुदान प्रतिशत |
|---|---|---|---|---|
| ७.११ | रानु पिन्जडा<br>-सेरेना<br>-मेलिफेरा | सङ्ख्या | | |
| ७.१२ | रानु ढोका<br>-सेरेना<br>-मेलिफेरा | सङ्ख्या | | |
| ७.१३ | ब्रस नरम | सङ्ख्या | | |
| ७.१४ | फिडर फ्रेम | सङ्ख्या | | |
| ७.१५ | फिडर वट्टा | सङ्ख्या | | |
| ७.१६ | रानु छेक्ने पाता<br>-सेरेना<br>-मेलिफेरा | सङ्ख्या | | |
| ७.१७ | चक्कु स्टिल | सङ्ख्या | | |
| ७.१८ | कृत्रिम रानु उत्पादन सामग्री (डिपिङ रड, निडिल, ग्राफ्टिङ फ्रेम, फोरसेप लेन्स आदि) | सेट | | |
| ७.१९ | चिनी (कृत्रिम खाना)<br>-सेरेना<br>-मेलिफेरा | के.जी. | | |
| ७.२० | ढुवानी अनुदान | पटक | | |

# १.२ मौरी प्रदर्शन कार्यक्रम

## १.२.१ परिचय

मौरीपालन कृषकलाई उन्नत प्रविधितर्फ अग्रसर गराउन पकेट क्षेत्रमा मौरी घार तथा उपकरणहरूको प्रयोग गरी मौरीपालनतर्फ अभिरुचि बढाउन आवश्यक देखिन्छ ।

## १.२.२ कार्यक्रमको उद्देश्य

- कृषकहरूलाई उन्नत मौरीपालन प्रविधि अपनाई मौरीपालनतर्फ आकर्षित गराउने ।
- प्रकृतिमा खेर गइरहेको पुष्परस/कुटको उचित प्रयोग गरी मौरी उपजबाट आयआर्जनमा सुधार ल्याउने ।
- कृषकहरूको फलफूल, बाली बिरूवाहरूमा मौरीको माध्यमबाट परागसेचन प्रभावकारी गराई उत्पादकत्वमा वृद्धि गर्ने ।

## १.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विद्यमान फलफूल बगैंचा, तरकारी बीउ उत्पादन क्षेत्र, तेलहन बाली एवम् वन जङ्गल मौरी चरन क्षेत्र उपलब्धताको आधारमा मौरी पकेट क्षेत्रको छनौट गर्नुपर्नेछ ।
- तराईका जिल्लाहरूमा एपिस मेलिफेरा र पहाडी जिल्लाहरूमा एपिस सेरेना जातको मौरीपालन उपयुक्त हुने भएकोले सोही अनुसार क्षेत्रहरूमा प्रविधि प्रदर्शन गर्न यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- पकेट क्षेत्रका लाभग्राही उपभोक्तामा कुनै क्षेत्रभित्र १ गोलाभन्दा बढी प्रदर्शनको लागि नराख्ने गरी सम्बन्धित निकाय (पालिका/कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयका प्राविधिकको उपस्थितिमा यसबाट सबै कृषकहरूले यस कार्यालयको जानकारी लिन सक्ने गरी सञ्चालन गर्नुपर्नेछ ।
- प्रदर्शनको हरेक पक्षमा उपलब्ध प्रविधि क्रमशः अपनाउदै गई कृषकहरूले उक्त प्रविधिबारे अनुसरण गर्न थालेपछि अन्य नयाँ क्षेत्रहरूमा सो प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन पश्चात् उन्नत प्रविधिको प्रयोगबाट भएको प्रत्यक्ष अप्रत्यक्ष लाभबारे प्राविधिक प्रगति प्रतिवेदन अद्यावधिक गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

## १.२.४ प्रदर्शनको लागि उपलब्ध गराइने सामग्रीहरू

| क्र. सं. | सामग्रीको नाम | इकाई | खर्च व्यहोर्ने स्रोत, लागत अनुमान र अनुदान प्रतिशत |
|---|---|---|---|
| (क) | **एपिस सेरेना** (पहाडी जिल्लाको लागि) | | संघ/प्रदेश/स्थानीय सरकारको स्वीकृत नर्म्स तथा खर्च मापदण्ड अनुसार हुनेछ । |
| १ | रानुसहित ५ फ्रेमको छाउरा र मौरी गोला | १ सेट | |
| २ | न्यूटन मौरी घार | १ वटा | |
| ३ | घुम्ती | १ वटा | |
| ४ | आधार चाका | १ के.जी. | |
| ५ | रानु ढोका | १ वटा | |
| ६ | घार स्टैण्ड फलामे ३ लाइनको उचाइ १८" | १ वटा | |
| ७ | कचौरा | ४ वटा | |
| ८ | हाइभ टुल | १ वटा | |
| ९ | ५ के.जी. चिनी र औषधी | | |
| (ख) | **एपिस मेलिफेरा** तराई तथा भित्री मधेशका जिल्लाहरूको लागि | | |
| १ | रानुसहित ४ फ्रेमको छाउरा र मौरी गोला | १ सेट | |
| २ | मौरी घार | १ वटा | |
| | आधार चाका | १ के.जी. | |
| ३ | घुम्ती | १ वटा | |
| ४ | रानु ढोका | १ वटा | |

| क्र. सं. | सामग्रीको नाम | इकाई | खर्च व्यहोर्ने स्रोत, लागत अनुमान र अनुदान प्रतिशत |
|---|---|---|---|
| ५ | घार स्टैण्ड फलामे ४ लाइनको उचाइ १८" | १ वटा | |
| ६ | कचौरा | ४ वटा | |
| ७ | हाइभ टुल | १ वटा | |
| ८ | चिनी र औषधी (औषधी धेरै आवश्यकता पर्ने) | ५ के.जी. | |

# १.३ परम्परागत घारमा सुधार प्रदर्शन कार्यक्रम

## १.३.१ परिचय/पृष्ठभूमि

परम्परागत रूपमा मौरीपालन गरीदै आएको मुढे, खोपे घारमा सुधार गर्न यो प्रदर्शन सञ्चालन गरिन्छ ।

## १.३.२ कार्यक्रमको उद्देश्य

परम्परागत मुढे, खोपे तथा माटोको घारलाई सुधार गरी मौरीपालन व्यवसाय विकास गर्ने ।

## १.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- सम्बन्धित पालिका, कृषि ज्ञान केन्द्र वा कृषि विकास कार्यालयको प्राविधिकको प्रत्यक्ष संलग्नतामा कृषकको मुढे, खोपे घारमा सुधार गरी प्रति घार ५ वटा चौकसको प्रयोगबारे जानकारी गराई प्रत्येक चौकोसहरूमा आधार चाका जडान गर्न लगाउनु पर्नेछ ।
- कतिपय दुर्गम जिल्लाहरूमा माटाको घार पनि मह उत्पादनको स्थिति राम्रो पाइएको देखिएकोले त्यस्ता क्षेत्रहरूमा न्यूनतम मौरी घारको नाप, साइज अनुरूप माटोको घार बनाउन लगाई चौकोस र छानाको लागि चाहिने काठ, जस्तापाता, प्लाष्टिक सिट आदिको व्यवस्था मिलाउनुपर्नेछ ।
- यसरी कृषकको आफ्नो मौरी गोलालाई सुधारिएको परम्परागत घारमा मौरीपालन गर्न सघाउ पुऱ्याई यस प्रदर्शनलाई अभियानकै रूपमा सञ्चालन गर्न सकिनेछ ।
- सुधारिएको परम्परागत घारहरूको उत्पादन स्थितिको तथ्याङ्क अद्यावधिक राख्दै यस प्रदर्शनलाई अभियानको रूपमा सञ्चालन गर्न सकिनेछ ।

## १.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

| क्र. सं. | सामग्रीको नाम | खर्च व्यहोर्ने स्रोत, लागत अनुमान र अनुदान प्रतिशत |
|---|---|---|
| १ | खोपे/मुढे घारमा आधुनिक घारको नाप साइज अनुसारको ५ फ्रेम | संघ/प्रदेश/स्थानीय सरकारको स्वीकृत नर्म्स तथा खर्च मापदण्ड अनुसार हुनेछ । |
| २ | आधा चाका प्रतिगोला ५ पिस | |
| ३ | चिनी प्रतिगोला ४ किलो | |

| क्र. सं. | सामग्रीको नाम | खर्च व्यहोर्ने स्रोत, लागत अनुमान र अनुदान प्रतिशत |
|---|---|---|
| ४ | माटो घारको लागि चाहिने जस्ता पाता, काठ, प्लाष्टिक सिट र औषधी | |
| ५ | आधार चाका प्रदर्शन प्रति प्रदर्शन यो कार्यक्रम सञ्चालन गर्नको लागि | |

# १.४ रानु, घार तथा मौरीपालन उपकरण वितरण कार्यक्रम

## १.४.१ परिचय/पृष्ठभूमि

स्थानीयस्तरमै मौरी स्रोत केन्द्र स्थापना गर्न र उक्त स्रोत केन्द्रबाट स्थानीय तवरमा सेवा टेवा पुऱ्याउन स्रोत केन्द्रको रूपमा विकसित भएका कृषक समूह, कृषि सहकारी, निजी फर्म, जल उपभोक्ता समिति तथा वन उपभोक्ता समितिलाई आधुनिक मौरीपालन उपकरण वितरण गरिन्छ ।

## १.४.२ कार्यक्रमको उद्देश्य

- मौरीपालन गर्न इच्छुक तर न्यून आयस्रोत भएका कृषकहरूलाई उन्नत उपकरणहरू अनुदानमा दिई मौरीपालन व्यवसायको रूपमा विकास गर्नु ।
- व्यावसायिक रूपमा मेलिफेरा मौरीपालन गर्न सुरूमा केही बढी लागत लाग्ने हुँदा यी सामग्रीहरू अनुदानमा दिई व्यवसाय बढाउन प्रोत्साहित गर्नु ।

## १.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- मौरी पकेट क्षेत्र पहिचान गरी मौरीपालक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति तथा वन उपभोक्ता समितिहरूलाई तराईमा एपिस-मेलिफेरा र पहाडी जिल्ला एपिस-सेराना जातको मौरीपालन गर्नको लागि चाहिने उपकरणहरू अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ ।
- कृषकको माग अनुसार १ सेटमा मौरी गोला, घार, टोपी, हाइभ टुल, स्टैण्ड, धुवाँदानी, आधार चाका आदि भएको सेट वा छुट्टाछुट्टै वितरण गर्न सकिनेछ ।
- तर महदानी, मैन, प्रेस मेशिन जस्ता बढी मूल्य जाने सामग्रीहरू व्यावसायिक रूपमा मौरीपालन गरिरहेका कृषक वा कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति तथा वन उपभोक्ता समितिलाई मात्र वितरण गर्नुपर्नेछ ।
- वितरण गरिएका कृषकहरूको रेकर्ड राखी यस्तो उपकरण क्रमशः नयाँ पकेट क्षेत्रका कृषकहरूलाई उपलब्ध गराउँदै लैजानुपर्दछ ।

### १.४.४ कार्यक्रमको खर्च मापदण्ड

- मौरी घार, मौरी गोला, रानु वितरण लगायत मौरीपालनका लागि आवश्यक पर्ने विभिन्न उपकरणहरू जस्तैः महदानी, घुम्टी, पेफा, रानुढोका, आधार चाका, क्वीन एक्सक्लुडर, धुवाँदानी, फ्रेमफिडर, हाइव टुल्स, कचौरासहित घार स्टयाण्ड र चिनी आदिमा प्रदेश सरकार, स्थानीय निकाय (गाउँपालिका/नगरपालिका) को स्वीकृत नर्म्स अनुसार अनुदान दिन सकिने ।

## १.५ मौरी चरन कार्यक्रम

### १.५.१ परिचय/पृष्ठभूमि

मौरी पालकहरूलाई मौरी चरणमा उपयुक्त बोटबिरूवाहरूको जानकारी गराउनुको साथै बाली पद्धतिमा समेत सुधार ल्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.५.२ कार्यक्रमको उद्देश्य

मौरी चरन विकास गरी वातावरण सुधारमा सहयोग पुऱ्याउनुको साथै प्रयाप्त परिमाणमा मौरी आहार उपलब्ध गराउनु ।

### १.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- पकेट क्षेत्रका मौरीपालक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति तथा वन उपभोक्ता समितिमा मौरी गोलाहरू वितरण गरिएको क्षेत्रमा नै मौरी चरनको लागि बोटबिरूवा तथा बीउबिजन वितरण गर्नुपर्नेछ ।
- यस्ता बोटबिरूवा वितरण गर्दा सम्बन्धित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयका बाली विकास तथा बागवानी कार्यक्रम तथा वन उपभोक्ता समिति भएमा जिल्ला वन डिभिजन कार्यालयका प्राविधिकसँग समन्वय राखी सुन्तला वा अमिलो जातका फलफूलहरू, लिची, नासपाती, आरु, आरुवखडा, नरिवल, तोरी, फापर, क्लोभर, वर्सिम, चिउरी, बइँस आदि बिरूवा तथा बीउबिजन उपलब्ध गराउन सकिनेछ ।

### १.५.४ कार्यक्रमको खर्च मापदण्ड

- बर्सिम, क्लोभर, लिची, चिउरी आदिको बीउ तथा बिरूवा प्रदेश सरकार तथा स्थानीय निकायको स्वीकृत नर्म्स अनुसार कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति, वन उपभोक्ता समिति तथा निजी कृषि फर्महरूलाई अनुदान दिन सकिनेछ ।

## १.६ मौरी गोला स्थानान्तरण कार्यक्रम

### १.६.१ परिचय/पृष्ठभूमि

मौरी स्रोत केन्द्र विकास भइसकेको जिल्लाहरूमा मौरीपालक कृषक समूह, कृषि सहकारी, जलउपभोक्ता समिति, वन उपभोक्ता समिति तथा निजी कृषि फर्महरूको गोला प्राकृतिक वन सम्पदा तथा फलफूल उत्पादन कार्यक्रम सञ्चालन भएको पकेट क्षेत्रमा स्थानान्तरणको लागि यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.६.२ कार्यक्रमको उद्देश्य

- मौरी स्थानान्तरणको महत्त्वबारे ज्ञानकारी दिलाई पुष्परस र कुटको सदुपयोग गराउनु ।
- परागसेचनको महत्वबारे जानकारी गराई बाली बिरूवाबाट गुणस्तरीय उत्पादन लिनु ।

### १.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

मौरी स्रोत केन्द्र विकास भई सकेको जिल्लाहरूमा मौरी विकास केन्द्र र पालिका तथा कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयको संयुक्त समन्वयमा पहिलो ५ वर्षसम्म मौरीपालक समूहको गोला स्थानान्तरणमा कम्तीमा ५० गोलाको लागि वर्षमा २ पटक मात्र ढुवानी सहयोग पुऱ्याउनुपर्नेछ । सकेसम्म फलफूल, तेलहन र उपयुक्त वन क्षेत्रहरूमा मौरी गोला स्थानान्तरण गर्न प्रोत्साहन गर्नुपर्दछ ।

### १.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## १.७ मौरीजन्य उपजहरूको उत्पादन, प्रशोधन र बजारिकरणमा सहयोग

### १.७.१ परिचय/पृष्ठभूमि

व्यावसायिक मौरीपालक कृषक, कृषक समूह अथवा सहकारी मौरी फार्ममा महभन्दा बहुमूल्य उपजहरू शाही खुराक, भाले शाही खुराक (एपिलार्निल), कुट, चोप, मैन, विभेनम तथा अन्य उपजहरू औषधी र पौष्टिक तत्वको हिसाबले निकै महत्वपूर्ण छन् । यी उपजहरूको उत्पादन, प्रशोधन तथा बजारिकरणमा अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.७.२ कार्यक्रमको उद्देश्य

- मौरीका अन्य उपजहरूको उत्पादन तथा प्रशोधनको कार्यको सुरूवात कृषकस्तरबाट हुने ।

- मौरीका अन्य उपजहरूको उत्पादन तथा प्रशोधन पश्चात् यसको बजारिकरणबाट आयआर्जन भई कृषकहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने ।

### १.७.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

मौरीपालनका सभाव्य जिल्लाहरूमा मौरी विकास केन्द्र र पालिका तथा कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयको समन्वयमा मौरीका अन्य उपजहरूको उत्पादन तथा प्रशोधन र बजारिकरणमा प्राविधिक लागतको आधारमा आवश्यक सामग्रीहरूको खरिद तथा पूर्वाधार निर्माण/विकासमा अनुदान सहयोग वापत रकम रू. १० लाख नबढ्ने गरी एकपटकका लागि (५० प्रतिशत अनुदान) दिन सकिनेछ ।

### १.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

# २. रेशम खेती विकास कार्यक्रम

## २.१ प्रविधि प्रदर्शन कार्यक्रम

### २.१.१ परिचय/पृष्ठभूमि

रेशम खेतीका सम्पूर्ण प्रविधिहरू प्रचार प्रसार गरी ग्रामिण कृषकहरूलाई उत्प्रेरित गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.१.२ कार्यक्रमको उद्देश्य

रेशम खेतीका सम्पूर्ण प्रविधिहरू प्रदर्शन गर्नु ।

### २.१.३ कार्यक्रमको प्राविधक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- रासायनिक मल, सिकेचर, विसङ्क्रमण रसायन, रेशम कीराको फुल, पात काट्ने चुक्कु, हाइग्रोमिटर, स्प्रेयर, जुटबोरा, कागजको मूल्यमा शतप्रतिशत अनुदान दिनुपर्दछ ।
- मौसमी र सापेक्ष प्राविधिक तरिका प्रदर्शनको लागि कृषक भेला गराएर वृक्षारोपन गर्ने तरिका प्रदर्शन गर्नुपर्छ ।

### २.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.२ समूहस्तरमा रेशम खेती प्रविधि प्रदर्शन समूहगत सेवात्मक तरिका प्रदर्शन कार्यक्रम

### २.२.१ परिचय/पृष्ठभूमि

लाभग्राही (कृषक समूह, कृषि सहकारी, जलउपभोक्ता समिति तथा वन उपभोक्ता समिति) मा प्राविधिक तथा व्यवस्थापकीय तरिका प्रदर्शन गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.२.२ कार्यक्रमको उद्देश्य

समूहस्तरमा रेशम खेती प्रविधि प्रदर्शन गर्नु ।

### २.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

पकेट क्षेत्रहरूमा कृषक समूहहरू भेला गराई समूहगत तवरमा प्राविधिक तथा विभिन्न व्यवस्थापन तरिकाहरू प्रदर्शन गर्नुपर्दछ । यसको लागि उपरोक्त प्रविधि प्रदर्शनमा जस्तै सामग्रीहरू उपलब्ध गराउनुपर्दछ । कृषक सहभागिता सङ्ख्या १० जना ।

### २.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.३ किम्बु खेती विस्तार कार्यक्रम

### २.३.१ परिचय/पृष्ठभूमि

रेशम खेतीको विस्तारमा व्यापकता ल्याई कोया उत्पादन गर्न सकिने थप सम्भावनाहरू विकास गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.३.२ कार्यक्रमको उद्देश्य

रेशम खेतीमा ग्रामिण कृषकहरूको सहभागिता र संलग्नता बढाई रेशम खेती क्षेत्र विस्तार गर्नु/गराउनु ।

### २.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- पकेट पहिचान गरी निर्धारित पकेटमा व्यापक प्रचार प्रसार गर्नुपर्दछ ।
- सहभागी कृषक पहिचान र छनौट गरी लाभग्राही समूहमा आवद्ध (समूह गठन) गर्नुपर्दछ र कृषकहरूले नै छानेको उत्कृष्ट कृषकहरूलाई जिल्लास्तरीय भ्रमण गराई किम्बु खेतीको अवलोकन गराउनुपर्दछ ।

- इच्छुक कृषकहरूबाट माग सङ्कलन गरी सो बमोजिम सामग्रीहरूको व्यवस्था नर्म्समा उल्लेख भए अनुसार गर्नुपर्दछ ।
- सहभागी कृषकहरूको जग्गामा फिल्ड ले-आउट, वृक्षारोपण सामग्रीहरूको स्थलगत आपूर्ति गराई वृक्षारोपण गराउनुपर्दछ ।
- वृक्षारोपणको नियमित रेखदेख, सुपरिवेक्षण गरी व्यवस्थापकीय सेवा टेवा पुऱ्याउनु पर्दछ ।

### २.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.४ एरी रेशम कीरा फुल उत्पादनसँग सम्बद्ध कीरापालन व्यवस्थापन कार्यक्रम

### २.४.१ परिचय/पृष्ठभूमि

उपलब्ध स्रोत साधन र क्षमता एवम् सम्भाव्यताको आधारमा एरी कोया उत्पादन गरी बेचबिखन गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.४.२ कार्यक्रमको उद्देश्य

थप एवम् अतिरिक्त आयआर्जन गराई कृषकहरूको आर्थिक उत्थानमा टेवा पुऱ्याउनु ।

### २.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कोया सुरक्षित राखी पुतली निकाल्न लगाउनु पर्दछ ।
- पुतली समाती फुल उत्पादन गराई (वर्षको ३-४ पटकसम्म कृषकहरूबाटै फूल उत्पादन गराउन सकिने) ३-४ पटकसम्म कृषकहरूबाटै फूल उत्पादन गराई सकेपछि नयाँ बीउ फूल प्राप्त गर्नुपर्ने हुन्छ ।
- आवश्यक सामग्रीः फर्मालिन, ब्लिचिङ पाउडर, आर.के.ओ., जुटको बोरा, थर्मीमिटर आदि शतप्रतिशत अनुदान दिई कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

### २.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.५ एरी रेशम कोया उत्पादनसँग सम्बद्ध कीरापालन व्यवस्थापन

### २.५.१ परिचय/पृष्ठभूमि

एरी रेशम कोया उत्पादन कार्यक्रमलाई प्रोत्साहन गर्न ऐरी रेशम कीरापालन/व्यवस्थापन गरिन्छ ।

### २.५.२ कार्यक्रमको उद्देश्य

ऐरी कोया उत्पादन गरी थप आयआर्जन गर्ने मौका प्रदान गर्नु ।

### २.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

आवश्यक पर्ने एरी रेशम फुल र पालनको लागि अति आवश्यक विसङ्क्रमणको लागि चाहिने (फर्मालिन, ब्लिचिङ्ग पाउडर र आर.के.ओ., पाराफर्मलडिहाइड, क्याप्टान र वेन्जोइक एसिड आदि) विषादी तथा रसायन पूर्ण अनुदान दिएर यो कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

### २.५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.६ निजी किम्बु नर्सरी स्थापना कार्यक्रम

### २.६.१ परिचय/पृष्ठभूमि

उपलब्ध स्रोत, साधन र क्षमता एवम् सम्भाव्यताको अधिकतम् परिचालन गरेर दक्ष कृषकहरूबाट उन्नत किम्बुको बिरूवा उत्पादन गराई बिरूवाको बढ्दो माग पूरा गर्न/गराउन निजी क्षेत्रमा नर्सरी स्थापना गराइन्छ ।

### २.६.२ कार्यक्रमको उद्देश्य

ग्रामिण कृषकहरूलाई किम्बुको बिरूवा उपलब्ध गराउनुको साथै अतिरिक्त आयआर्जन गराउनु ।

### २.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

निम्न सर्तहरू पूरा गर्ने गरी कृषकहरूलाई यो कार्यक्रममा सहभागी गराउनुपर्दछ ।किम्बु निजी नर्सरीको निम्ति शर्तहरू यस प्रकार छन् ।

- किम्बु नर्सरी व्याडमा सिँचाइ सुविधाको व्यवस्था हुनुपर्ने। माउबोट स्वस्थ र मजवुत हुनुपर्ने ।
- उन्नत जातको किम्बु बगैंचा हुनुपर्ने ।

- निजी नर्सरीधनीलाई सम्बन्धित स्थानीय तह (पालिका) बाट सिफारिससहित प्रमाणित गर्नुपर्छ ।
- उन्नत जातको माउबोट प्रसस्त भएको नर्सरीको लागि कृषकले नै सुविधा जुटाउनुपर्नेछ ।
- कलमी बिरूवा बनाउन सिकेचरको सहायता काटेको कटिङ हाँगालाई पोलीथिन थैलो वा सिधै जमिन तयार गरी रोप्न लगाउनु पर्छ ।
- कलमी काटी आवश्यक जरा अङ्कुरण हर्मोन प्रयोग गरी रोप्न लगाउनु पर्दछ र कलमीको सामयिक गोडमेल, मलजल र काटछाँट गराउनुपर्दछ ।
- एकीकृत बाली संरक्षण प्रक्रिया अवलम्बन गराउनुपर्दछ ।
- रोप्ने बिरूवाको उमेर कम्तीमा १ वर्ष पुगेको जराको विकास भएको हुनुपर्नेछ ।
- तयारी बिरूवाको तथ्याङ्क निकाल्नु पर्दछ र किम्बु बिरूवाको उत्पादन अभिलेख नजिकको रेशम खेती विकास कार्यक्रम केन्द्र, पालिका तथा कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयमा पठाउनु पर्नेछ ।
- स्वस्थ र राम्रो बिरूवा वितरण गराउने र वितरण गरिएका बिरूवा प्रयोगको अनुगमन गरी सही सदुपयोग गराउनुपर्दछ ।

### २.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.७ निजी नर्सरी सुदृढीकरण कार्यक्रम

### २.७.१ परिचय/पृष्ठभूमि

निजीस्तरमा स्थापित पुराना नर्सरीहरूलाई उचित व्यवस्थापन गरी उत्पादनमूलक तुल्याउन नर्सरी सुदृढीकरण गरिन्छ ।

### २.७.२ कार्यक्रमको उद्देश्य

पुराना निजी नर्सरीहरू सुदृढीकरण गर्नु ।

### २.७.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कम्तीमा ५ वर्षदेखि उत्पादन गरिरहेका पुराना नर्सरीधनीहरूलाई नर्सरी सुदृढीकरणको लागि मलखाद, विषादी र औजारहरू उपलब्ध गराई प्राविधिक सहयोगसमेत पुऱ्याउनु पर्दछ ।

- कम्तीमा पाँच वर्षदेखि प्रत्येक वर्ष २५००० बिरूवा उत्पादन गर्ने पुराना नर्सरीधनीहरूलाई आवश्यकता अनुसार प्रोत्साहित गर्न रासायनिक मलखाद, स्प्रेयर, विषादी, जरा अङ्कुरण गर्ने हर्मोन, सिकेचर, करौती हजारी तथा गार्डेन पाइप अनुदान सहयोग दिनुपर्दछ ।

### २.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.८ घुम्ती टोली परिचालन/फिल्ड अभियान कार्यक्रम

### २.८.१ परिचय/पृष्ठभूमि

रेशम खेती (किम्बु खेती र कीरापालन ) गर्न उपयुक्त समय र मौसममा प्राविधिक घुम्ती टोली व्यवस्था गरिएको हुन्छ ।

### २.८.२ कार्यक्रमको उद्देश्य

रेशम खेतीमा स्तर युक्त उत्पादन/उत्पादकत्व हासिल गर्न यसका विविध प्राविधिक पक्षहरूको ठीक समय र मौसम अनुसार अवलम्बन गराउनु ।

### २.८.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- विषय विशेषज्ञ टोली गठन गरी फिल्ड अभियानको आयोजना गर्नुपर्दछ ।
- बढीमा २५ जनासम्म कृषकहरू सहभागी गराई रेशम सम्बन्धी कार्यक्रमहरूलाई सही कार्यान्वयन गराउन विशेष फिल्ड अभियान नै चलाउनु आवश्यक छ ।
- उत्पादन पकेटहरूको निरीक्षण भ्रमण गरी कृषकहरूको किम्बु बगैंचामा मौसम अनुसारको मल, जल र काटछाँट सही ढँगबाट गराउने, रेशम कीरापालन कार्यको नियमित रेखदेख र सुपरिवेक्षण गरी प्रविधि प्याकेजको सही अवलम्बन र अनुसरण गराउनुपर्दछ ।
- कोया यथोचित सङ्कलन, सम्भार र बिक्री वितरण गराउनुपर्दछ ।
- सहभागी सङ्ख्या बढीमा २५ जवानलाई चियापानमा खर्च गर्न सकिनेछ ।

### २.८.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.९ जिल्लास्तरीय कोया उत्पादन प्रतियोगिता कार्यक्रम

### २.९.१ परिचय/पृष्ठभूमि

कोया उत्पादन गर्न तथा खेती विस्तारतर्फ कृषकहरूलाई प्रोत्साहित गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.९.२ कार्यक्रमको उद्देश्य

कृषक/समूहहरूबीच गुणस्तरयुक्त रेशम उत्पादनको लागि प्रतिस्पर्धात्मक भावना जगाउनु ।

### २.९.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- अन्य बाली प्रतियोगिताको जस्तै रेशम खेती गरी कोया उत्पादन गर्न इच्छुक कृषकहरूको प्रतियोगितामा भाग लिने निवेदन सम्बन्धित संघ र प्रदेश अन्तर्गतका रेशम खेती केन्द्र, कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय, तथा पालिकाको कृषि शाखामा अग्रिम दर्ता गराउने र सो निवेदन अनुसार निजलाई प्रतियोगितामा संलग्न गराउनुपर्दछ ।
- प्रतियोगितामा पुरस्कृत हुने कृषकलाई पुरस्कारको लागि छुट्याइएको नगद रकम बराबरको रेशम खेती सम्बन्धी सामग्री वा नगदै पुरस्कार उपलब्ध गराउनुपर्छ ।
- पुरस्कार वितरण समारोह विशेष दिवस परेको वखत सञ्चालित सबै किसिमका प्रतियोगिताहरूको लागि एकै पटक आयोजना गर्नुपर्छ ।

### २.९.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.१० चर्खा वितरण कार्यक्रम

### २.१०.१ परिचय/पृष्ठभूमि

रेशम खेतीमा अभिरुची लिने भूमिहीन, सीमान्तकृत कृषक वर्गहरूलाई रेशम धागो काट्ने चर्खा वितरण गरिन्छ ।

### २.१०.२ कार्यक्रमको उद्देश्य

रेशम धागो काटने कृषकहरूलाई रेशम खेतीमा प्रोत्साहित गराई उनीहरूलाई कुटिर उद्योगमा संलग्न गराई आयआर्जन टेवा पुऱ्याउने ।

### २.१०.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- एरी कोया उत्पादन गरीरहेका कृषकहरूलाई अण्डी कोयाबाट रेशम धागो उत्पादन गराउन चर्खा वितरण गर्नुपर्दछ ।
- कृषि ज्ञान केन्द्र/ कृ.वि.का., पालिका र रेशम खेती विकास केन्द्रबाट कार्यक्रमको संयुक्त प्रयासमा चर्खा उपलब्ध गराउनुपर्दछ ।

### २.१०.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

# २.११ पुरानो बगैंचा व्यवस्थापन कार्यक्रम

## २.११.१ परिचय/पृष्ठभूमि

रेशम खेतीको लागि स्थापना भएको बगैंचालाई यथोचित सञ्चालन र व्यवस्थापन गर्न यो कार्यक्रम गरिन्छ ।

## २.११.२ कार्यक्रमको उद्देश्य

पुरानो बगैंचा सुधार गराई रेशम उत्पादनको लागि किम्बु तथा अण्डीको पात बढी उत्पादन गराउनु ।

## २.११.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कोया उत्पादन गरिरहेका बगैंचा कमजोर बन्दै गइरहेका नमुना पुरानो बगैंचाको यथोचित सञ्चालन र व्यवस्थापन गर्न कृषकहरूलाई ग्याप फिलिङको लागि बिरूवा, रासायनिक मल, सिकेचर र प्रुनिङ करौती जस्ता सामग्रीहरू उपलब्ध गराउनुपर्नेछ ।
- सम्बन्धित प्राविधिकहरू र कृषकको सहभागितामा उचित बगैंचा व्यवस्थापन गराउनुपर्नेछ ।

## २.११.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

# २.१२ दश हजार कार्यक्रम

## २.१२.१ परिचय/पृष्ठभूमि

रेशम खेतीबाट महिला कृषकहरूले आयआर्जन गर्न सक्दछन् भन्ने दृष्टिकोणले रेशम खेतीतर्फ महिला कृषकहरूको सहभागिता बढाउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## २.१२.२ कार्यक्रमको उद्देश्य

रेशम खेती/व्यवसायको सघन र एकीकृत रूपमा सञ्चालन गरी महिलाहरूको आयआर्जन वृद्धि व्यापक गराउनु ।

## २.१२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

कृषकस्तरमा विशेषत कोया उत्पादन कार्यक्रममा संलग्न महिलाद्वारा सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू कीरापालन ट्रे, जुट बोरा, नाङ्लो, हाइग्रोमिटर, जाली, बाटा, बाल्टिन, चपिङ बोर्ड, चक्कु र विसङ्क्रमण गरिने रसायन (फर्मालिन, ब्लिचिङ पाउडर, आर.के.ओ. पाउडर) उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

### २.१२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.१३ चौकी कीरापालन घर निर्माण कार्यक्रम

### २.१३.१ परिचय/पृष्ठभूमि

रेशम कीराको तेस्रो अवस्थासम्म लार्भा कीरा निकै सम्वेदनशील हुने भएकोले उपयुक्त (नर्सरी कीरा) घर निर्माण गर्न सघाउ पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### २.१३.२ कार्यक्रमको उद्देश्य

रेशम कीराको तेस्रो अवस्थासम्म विशेष स्याहार सुसार गरी पालन गरिएको स्वस्थ रेशम लार्भा कीरा कृषकहरूलाई सहज रूपमा चौकी कीरापालन घरबाट उपलब्ध गराउनु ।

### २.१३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- चौकी कीरापालन घरबाट उत्पादन भएका तेस्रो अवस्था पार गरका रेशम कीरा कृषकहरूले लैजाने भएकोले विशेष प्राविधिक ज्ञान हासिल भएको कृषकको रेखदेखमा कीरा हुर्काइएको हुनुपर्छ ।
- चौकी कीरापालन घरको आकार र प्रकार त्यस क्षेत्रमा कीरापालन गर्ने कृषकहरूको सङ्ख्यामा निर्भर हुने भएकोले सो को डिजाइन तथा इस्टिमेट सम्बन्धित रेशम खेती विकास केन्द्र/फर्महरूबाट उपलब्ध हुनेछ ।
- **(कम्तीमा १० वाकसदेखि ५० वाकससम्म तेस्रो अवस्थाका कीरापालन गर्ने क्षमताको चौकी कीरापालन घरको डिजाइन नक्सा तथा घरभित्र चाहिने कीरापालन सामग्री (जस्तै ऱ्याक, हाइग्रो मिटर, ट्रे, आर्द्रता व्यवस्थापन सामग्री) को विवरणसहित राख्नुपर्ने )**
- चौकी कीरापालन घर निर्माण गर्न आवश्यक सामग्रीहरू स्थानीय दररेट अनुसार हुनेछ ।

### २.१३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## २.१४ रेशम सम्बन्धी विविध सेवा कार्यक्रम

### २.१४.१ परिचय/पृष्ठभूमि

रेशम सम्बन्धी कार्यक्रममा तोकिएको क्रियाकलापबाहेक अन्य भैपरी आउने समस्या समाधान कार्य गर्न विविध सेवा कार्यक्रमहरू सञ्चालन गरिन्छ ।

### २.१४.२ कार्यक्रमको उद्देश्य

रेशम सम्बन्धी कार्यक्रममा तोकिएको क्रियाकलापबाहेक अन्य आउने समस्या समाधान गर्ने ।

### २.१४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

रेशम सम्बन्धी कार्यक्रममा तोकिएको क्रियाकलापबाहेक अन्य भैपरी आउने समस्या जस्तै: किम्बुको रोग, कीटनाशक औषधी, प्रचार प्रसार माध्यम, किम्बु बिरूवा, मल, कोया ढुवानी आदि कार्य गर्न रेशम खेती विकास कार्यक्रमको सक्रियतामा विविध कार्यक्रमहरू सञ्चालन गरिन्छ । अतः विविध सेवाको लागि रेशम खेती विकास कार्यक्रमसँग समन्वय गर्नुपर्नेछ ।

### २.१४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

# ३. च्याउ खेती विकास कार्यक्रम

## ३.१ कन्ये, गोव्रे तथा सिताके च्याउ उत्पादन प्रदर्शन

### ३.१.१ परिचय/पृष्ठभूमि

कन्ये, गोव्रे, सिताके तथा दूधे च्याउ उत्पादन गर्ने प्रविधि कृषकहरू समक्ष पु¥याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.१.२ कार्यक्रमको उद्देश्य

कन्ये, गोव्रे, सिताके तथा दूधे च्याउ उत्पादन गर्ने प्रविधि कृषकहरूलाई प्रदर्शन गर्नु ।

### ३.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

#### ३.१.३.१ कन्ये च्याउ उत्पादन प्रदर्शन

- कन्ये च्याउको प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरू पराल बफाउने भाँडा, पराल काट्ने औजार, पराल वा छवाली, प्लाष्टिक थैलो, च्याउको बीउ, डोरी, थर्मामिटर आदि व्यवस्था मिलाउनु पर्छ ।
- सक्रिय र इच्छुक लाभग्राही भएको पकेट क्षेत्रमा प्रति पकेट एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।
- प्रदर्शन सबै कृषकलाई पायक पर्ने स्थानमा गर्नुपर्छ ।
- प्रति प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरू पराल बफाउने भाँडा, पराल काट्ने औजार, पराल वा छवाली, प्लाष्टिक झोला, स्वस्थ च्याउको बीउ आदिमा अनुदान दिने र अन्य आवश्यक सामग्रीहरू जस्तै: इन्धन, श्रम आदि कृषकले नै व्यहोर्ने ।

- च्याउ घरको डिजाइन तथा इष्टिमेट व्यावसायिक कीट विकास केन्द्रबाट उपलब्ध हुनेछ ।

### ३.१.३.२ गोब्रे च्याउ उत्पादन प्रदर्शन

- सक्रिय र इच्छुक लाभग्राही (कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति, वन उपभोक्ता समिति) भएको पकेट क्षेत्रमा प्रति एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।
- यसको लागि अति आवश्यक पर्ने सामग्रीहरू पराल, एमोनियम सल्फेट, कृषि चुन, युरिया, डि.ए.पी. तथा च्याउको बीउ र कीटनाशक तथा ढुसीनाशक विषादी, कागज, काठको फ्रेमको आवश्यकता पर्दछ ।
- प्रति प्रदर्शन ६० वर्ग फीटसम्मको हुनुपर्छ यसको लागि आवश्यक सामग्रीहरू पराल, एमोनियम सल्फेट, युरिया, डि.ए.पी., कृषि चुन, च्याउको बीउ, कीटनाशक तथा ढुसीनाशक विषादी शतप्रतिशत अनुदान दिनु पर्छ र अन्य आवश्यक सामग्री काठको फ्रेममा र ज्यामी कृषक आफैले व्यहोर्ने ।
- प्रदर्शन सबै कृषकलाई पायक पर्ने स्थानमा गर्नुपर्छ ।
- च्याउ घरको डिजाइन तथा इष्टिमेट नमुना व्यावसायिक कीट विकास केन्द्रबाट उपलब्ध हुनेछ ।

### ३.१.३.३ सिताके च्याउ-उत्पादन प्रदर्शन

- सक्रिय र इच्छुक लाभग्राही (कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति, वन उपभोक्ता समिति) भएको पकेट क्षेत्रमा प्रति एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।
- यो प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरू काठको मुढा, कालो प्लाष्टिक, च्याउको बीउ आदि व्यवस्था मिलाई सक्रिय र इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति, वन उपभोक्ता समिति भएको पकेट क्षेत्रमा एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।
- प्रदर्शन सबै कृषकलाई पाएक पर्ने स्थानमा गर्नुपर्छ ।
- प्रति प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरू काठको मुढा, (उतिस, चिलाउने उत्तम), काठको धुलो, प्लाष्टिक सिट, मैन र च्याउको बीउमा अनुदान दिने र अन्य आवश्यक जस्तै: मुढाको कटानी, दुलो पार्ने र अन्य श्रम कार्य कृषकले नै व्यहोर्ने ।

### ३.१.३.४ दूधे (मिल्की) च्याउ-उत्पादन प्रदर्शन

- सक्रिय र इच्छुक लाभग्राही भएको पकेट क्षेत्रमा प्रति पकेट एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।
- दूधे च्याउको प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरू पराल बफाउने भाँडा, पराल काट्ने औजार, पराल वा गहुँ वा जौको छवाली, प्लाष्टिक थैलो (१०० गेज बाक्लो ६०*४० से.मी. एकतर्फ खुला भएको) च्याउको बीउ, डोरी, थर्मामिटर आदि व्यवस्था मिलाउनु पर्छ ।

- प्रदर्शन सबै कृषकलाई पाएक पर्ने स्थानमा गर्नुपर्छ ।
- प्रति प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरू पराल वा (गहुँको छ्याली, मकैको ढोड, उखुका खोस्टा, केराको पात, धानको भुस आदि) पराल काट्ने औजार, पराल बफाउने भाँडा, प्लाष्टिक थैलो (६०*४० से.मी. एकतर्फ खुला भएको), च्याउको बीउ आदिमा अनुदान दिने र अन्य आवश्यक सामग्रीहरू जस्तै: इन्धन, श्रम कृषकले नै व्यहोर्ने ।
- च्याउ घरको डिजाइन तथा इष्टिमेट नमुना व्यावसायिक कीट विकास केन्द्रबाट उपलब्ध हुनेछ ।

### ३.१.४. कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## ३.२ च्याउ बीउ वितरण कार्यक्रम

### ३.२.१ परिचय/पृष्ठभूमि

उन्नत बीउ कीट जस्तै गरी च्याउ खेतीमा अभिरुचि राख्ने कृषकहरूलाई च्याउको बीउ वितरण गरिन्छ ।

### ३.२.२ कार्यक्रमको उद्देश्य

कृषकहरूलाई च्याउ खेती गर्न प्रोत्साहित गर्नु ।

### ३.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- च्याउ पकेट क्षेत्रका सक्रिय लाभग्राही (कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/वन उपभोक्ता समितिहरू) लाई प्रति कृषक १० बोतल/प्याकेट (प्रति प्याकेट न्यूनतम २५० ग्राम) नबढाई बीउ उपलब्ध गराउनुपर्नेछ ।
- च्याउको बीउ आधिकारिक स्रोत केन्द्रबाट खरिद गर्नुपर्छ ।
- च्याउको बीउ उपयुक्त समयमा नै कृषकलाई वितरण गर्नुपर्छ ।
- च्याउ बीउको ढुवानी खर्च सम्बन्धित अनुदानग्राहीबाट हुनुपर्छ ।

### ३.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## ३.३ व्यावसायिक च्याउ खेती कार्यक्रम

### ३.३.१ परिचय/पृष्ठभूमि

कन्ये, गोब्रे, सिताके, राजा (ईरिङ्गे) तथा दूधे च्याउको वृहत् उत्पादन गर्न कृषकहरू सहयोग पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.३.२ कार्यक्रमको उद्देश्य

कन्ये, गोव्रे, सिताके, राजा (ईरिङ्गे) तथा दूधे च्याउको वृहत उत्पादन गरी आन्तरिक तथा वाह्य निर्यात गरी रोजगारका अवसर सिर्जना गर्ने ।

### ३.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- व्यावसायिक च्याउ उत्पादन कार्यक्रममा कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म/जल उपभोक्ता समिति तथा वन उपभोक्ता समिति लाभग्राही हुनेछन् ।
- व्यावसायिक च्याउ उत्पादन कार्यक्रममा उत्पादनदेखि बजारिकरणसम्मको पुऱ्याउने प्रविधि अवलम्बन गर्नुपर्छ । उत्पादनको लागि आधुनिक प्रविधि जस्तैः हाइटेक ग्रिन हाउस, सेमिहाईटेक ग्रीनहाउस, स्थायी संरचनाका फलामे टनेल, अस्थायी संरचनाको बाँसको टनेलको प्रयोग गरी वृहत च्याउ उत्पादन गर्नुपर्छ ।
- चार प्रकारको च्याउ उत्पादनको लागि निर्धारित क्षमता अनुसारको हाइटेक ग्रीनहाउस, से.मी. हाइटेक ग्रीनहाउस, स्थायी संरचनाको फलामे टनेल तथा अस्थायी संरचनाको बाँसको टनेलको आकार प्रकार र इष्टिमेट व्यावसायिक कीट विकास केन्द्रबाट उपलब्ध हुनेछ ।

### ३.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

## ३.४ च्याउ बीउ उत्पादन स्रोत केन्द्र स्थापना कार्यक्रम

### ३.४.१ परिचय/पृष्ठभूमि

कन्ये, गोव्रे, सिताके, राजा (ईरिङ्गे) तथा दूधे च्याउको बीउ उत्पादन गर्न कृषकलाई सहयोग पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### ३.३.२ कार्यक्रमको उद्देश्य

कन्ये, गोव्रे, सिताके, राजा (ईरिङ्गे) तथा दूधे च्याउको स्वस्थ बीउबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

### ३.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- च्याउ बीउ उत्पादन कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म/जल उपभोक्ता समिति तथा वन उपभोक्ता समिति लाभग्राही हुनेछन् ।
- नेपाल सरकारको मापदण्ड पुगेको दक्ष प्राविधिक र प्रयोगशालाबाट स्वस्थ च्याउ बीउ उत्पादन गरेको हुनुपर्ने ।

- यस प्रकारको मापदण्ड व्यावसायिक कीट विकास केन्द्रबाट उपलब्ध गराउनेछ ।

### ३.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

संघीय/प्रदेश/स्थानीय सरकारको खर्च मापदण्ड तथा नर्म्स अनुसार हुनेछ ।

# भाग-छ

# माटो व्यवस्थापन कार्यक्रम

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटो व्यवस्थापनको महत्त्वपूर्ण भूमिका हुन्छ । खेतीपाती गरिने जमिनको माटोमा लगातार बोटबिरूवाहरू लगाउँदै जाने क्रममा माटोमा भएका खाद्यतत्व हरू खेती गरिएका बालीहरूले लिएर घट्दै जान्छ र बिस्तारै माटोको उर्वराशक्ति घट्दछ र माटोमा रुखोपन बढ्दै जान्छ । यसो हुन नदिनको लागि खेती गरिने जमिनको माटो परीक्षण गरी उचित किसिमले माटो तथा मलखाद व्यवस्थापन गर्न जरूरी हुन्छ ।

## माटो व्यवस्थापन कार्यक्रमको उद्देश्य

- समय सापेक्ष मल तथा माटो व्यवस्थापन प्रविधिलाई कृषकस्तरसम्म पुऱ्याउने ।
- माटोको उर्वराशक्ति ह्रास तथा सो समस्याको पहिचान एवम् निराकरणमा सहयोग पुऱ्याउने ।
- माटोको समस्याको पहिचान गरी दिगो भू-व्यवस्थापन प्रति जनचेतना अभिवृद्धि गर्ने ।
- अध्ययन, अनुगमन तथा सर्वेक्षण गरी माटोको समस्या पहिचान गर्ने ।
- समस्यायुक्त माटोको अध्ययन विश्लेषण गरी सो को आधारमा कार्यक्रम सञ्चालन गर्ने ।

# १. माटो व्यवस्थापन कार्यक्रममा सञ्चालन हुने मुख्य मुख्य कार्यक्रमहरू

## १.१ कम्पोष्ट मल तयारी प्रविधि प्रदर्शन कार्यक्रम

### १.१.१ परिचय

पराल, पातपतिङ्गर, झारपात तथा अन्य जुनसुकै स्रोतबाट प्राप्त वस्तुहरू तथा जनावरबाट प्राप्त हुने जीवांश र खरानी, चुन र अन्य पदार्थलाई तरिकाबद्ध रूपमा खाडल वा थुप्रो बनाएर तह तह पारी क्रमैसँग राखी बेला बेलामा पल्टाई कुहाएर तयार पारिएको मललाई कम्पोष्ट मल भनिन्छ । माटोमा प्राङ्गारिक पदार्थ थप गरी माटोको उर्वराशक्ति बढाउन स्तरयुक्त कम्पोष्ट मल तयार तथा प्रयोगमा जोड दिइन्छ ।

### १.१.२ कार्यक्रमको उद्देश्य

कम्पोष्ट मल बनाउने उन्नत विधिहरूको व्यवहारिक प्रदर्शन गर्नु ।

### १.१.३ कार्यक्रमको प्राविधिक पक्षः

- प्रदर्शनका लागि वर्षातमा भेल नपस्ने तथा पानी नजम्ने उपयुक्त स्थान छनौट गर्ने ।

- १.५ मि. लम्बाइ १ मि. चौडाइ र १ मि. गहिराइको कम्पोष्ट खाडलखनी सबभन्दा तलको तहमा पराल, त्यसपछि गोबर, स्याउला, झारपात आदि वस्तुहरू हलुकासँग फिँजाएर तह तह मिलाएर राख्नुपर्दछ ।
- हरेक तहको बीचमा गहुँतसहितको जोरन र चुना छर्की सतहमा माटोले लिप्नु पर्दछ ।
- चिस्यान कम भएमा बेला बेलामा इ.एम., पानी अथवा गहुँत छर्कनु पर्दछ ।
- पल्टाउने कार्य २/३ पटक १/१ महिनाको फरकमा गर्नुपर्दछ ।
- मल पाकेर गन्धरहित र बुर्बुराउँदो भएपछि उपयुक्त समयमा मल निकाल्नु पर्दछ ।
- आवश्यक सामग्रीहरू
    - कृषि चुन ५ के.जी.
    - इ.एम. (Effective Micro-organism)
    - जोरनको लागि गहुँत, युरिया र, डि.ए.पी. मल
    - प्लाष्टिक सीट ३ व.मी. (२०० गेज)
    - साइन बोर्ड २.५ फिट लम्बाइ २ फिट चौडाइ

### १.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार हुनेछ ।

## १.२ हरियो मल प्रयोग नतिजा प्रदर्शन कार्यक्रम

### १.२.१ परिचय/पृष्ठभूमि

ढैंचा, सनई, वर्सिम आदि कोशे बालीले सुक्ष्म जीवाणुको सहकार्यमा हावाबाट नाईट्रोजन स्थिरीकरण गरी भण्डारण गरी राख्ने हुँदा यी बिरूवाहरूमा पोषक तत्वहरू धेरै मात्रामा हुन्छन् । यसै कारण हरियो अवस्थाका यी बालीलाई हरियो मल पनि भनिन्छ । यसलाई हरियो मलको रूपमा प्रयोगबाट माटोको उर्वराशक्ति अभिवृद्धि गरी उत्पादन बढाउन सकिन्छ ।

### १.२.२ कार्यक्रमको उद्देश्य

कृषकहरूलाई हरियो मल कसरी प्रयोग गर्न सकिन्छ भन्ने तथ्य दर्साई खेती बालीमा हरियो मल प्रयोग गरेको र नगरेको दुई प्लटको तुलनात्मक नतिजासमेत अवगत गराउनु यो कार्यक्रमको उद्देश्य हो ।

### १.२.३ कार्यक्रमको प्राविधिक पक्ष

- सिञ्चित क्षेत्रमा धान-गहुँ/मकै प्रणाली अपनाउने कृषक समूह सहभागी गराई धान रोप्नुभन्दा पहिले (पहाडमा १ रोपनी, तराईमा १.५ कठ्ठा) प्रदर्शन प्लटको १/२ जग्गामा हरियो मल प्रयोग गर्ने र १/२ जग्गामा प्रयोग नगर्ने ।

- हरियो मल प्रयोग गरेको र नगरेको दुवै प्लटमा सिफारिस दर बमोजिम समान रूपमा अन्य मलखाद प्रयोग गर्नुपर्दछ ।
- धानपछि लगाउने गहुँ/मकै बालीमा पनि सिफारिस दर बमोजिम समान रूपमा अन्य मलखाद प्रयोग गर्नुपर्दछ । यसबाट अर्को बालीमा समेत हरियो मलको प्रभाव हेर्न सकिन्छ ।
- यस नतिजा प्रदर्शन पश्चात् फरक पर्न आएको उत्पादकत्व/उत्पादनबारे कृषकलाई अवगत गराउनुपर्दछ ।
- दुवै प्लटबाट बाली लगाउनु अघि र बाली लगाएपछि माटोको नमुना परीक्षण गराई नतिजामा आएको भिन्नताबारे कृषकलाई अवगत गराउनुपर्दछ ।
- आवश्यक सामग्रीहरू
    - हरियो मलको बीउ (ढैंचा, सनई, मुङ आदि) ३ के.जी.,
    - सिफारिस दर बमोजिमको मलखाद,
    - साइन बोर्ड २.५ फिट लम्बाइ, २ फिट चौडाइ,
    - माटो परीक्षण ४ नमुना (२ नमुना बाली अघि, २ बाली बालीपछि) ।

### १.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार हुनेछ ।

## १.३ सुक्ष्मतत्व प्रयोग नतिजा प्रदर्शन कार्यक्रम

### १.३.१ परिचय/पृष्ठभूमि

सुक्ष्मतत्वको अभाव भएको क्षेत्रमा सुक्ष्मतत्वयुक्त मलखाद प्रयोगबाट बाली उत्पादनमा वृद्धि ल्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

### १.३.२ कार्यक्रमको उद्देश्य

सुक्ष्मतत्वयुक्त मलखाद प्रयोग गरी उत्पादकत्वमा वृद्धि ल्याउन सकिन्छ भन्ने अवगत गराउनु यो कार्यक्रमको उद्देश्य हो ।

### १.३.३ कार्यक्रमको प्राविधिक पक्ष

- अध्ययनको आधारमा विभिन्न सुक्ष्म तत्वहरू कम भएका लक्षणहरू देखिएका स्थानमा प्रयोग प्रदर्शन गर्नुपर्दछ ।
- सुक्ष्मतत्व प्रयोग गर्ने उपयुक्त बेलामा सुक्ष्म तत्वयुक्त मलखाद सामग्री आवश्यकता अनुरूप प्रयोग गरेर देखाउनुपर्दछ ।

- सुक्ष्मतत्वको प्रयोगबाट बाली उत्पादनमा कस्तो प्रभाव पर्दछ बारे जानकारी दिन दुवै प्लटको उत्पादन मापन गरी नतिजा कृषकलाई जानकारी गराउनुपर्दछ ।
- सुक्ष्मतत्वको प्रयोगबाट माटोमा कस्तो प्रभाव पर्दछ सो बारे सुक्ष्मतत्वको प्रयोग गर्नु अघि र प्रयोगपछि दुवै प्लटको माटो विश्लेषण गरी नतिजा कृषकलाई जानकारी गराउनुपर्दछ ।
- आवश्यक सामग्रीहरू-
  - आवश्यकता अनुसारको सुक्ष्मतत्व (जीङ्क, कपर, बोरोन, मोलिब्डेनम आदि),
  - साइनबोर्ड २.५ फिट लम्बाइ २ फिट चौडाइ,
  - माटो परीक्षण ४ नमुना (२ नमुना बाली अघि, २ बाली बालीपछि),
  - जग्गा पहाडमा १ रोपनी, तराईमा १.५ कठ्ठा ।

### १.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार हुनेछ ।

## १.४ सुक्ष्म जीवाणु मल प्रयोग नतिजा प्रदर्शन कार्यक्रम

### १.४.१ परिचय/पृष्ठभूमि

उत्पादन वृद्धि गर्न अपनाइने विभिन्न प्रविधि मध्ये सुक्ष्म जीवाणु मलको प्रयोग पनि एक भएकोले यो प्रदर्शन सञ्चालन गरिन्छ ।

### १.४.२ कार्यक्रमको उद्देश्य

कोसे बालीमा सुक्ष्म जीवाणु मलको महत्त्व दर्शाउनु ।

### १.४.३ कार्यक्रमको प्राविधिक पक्ष

- कोसे बाली भटमास/मुसुरो लगाउने क्षेत्रमा कृषक समूहको सक्रिय सहभागितामा प्रदर्शन प्लटको आधा जग्गामा सुक्ष्म जीवाणु मल प्रयोग गर्ने र बाँकी जग्गामा नगर्ने ।
- सुक्ष्म जीवाणु मलको प्रयोगबाट बाली उत्पादनमा कस्तो प्रभाव पर्दछ बारे जानकारी दिन दुवै प्लटको उत्पादन मापन गरी नतिजा कृषकलाई जानकारी गराउनुपर्दछ ।
- सुक्ष्म जीवाणु मलको प्रयोगबाट माटोमा कस्तो प्रभाव पर्दछ सो बारे सुक्ष्मतत्वको प्रयोग गर्नु अघि र प्रयोगपछि दुवै प्लटको माटो विश्लेषण गरी नतिजा कृषकलाई जानकारी गराउनुपर्दछ ।
- आवश्यक सामग्रीहरू-
  - कोसे बालीको बीउ २.५ के.जी.,
  - सुक्ष्म जीवाणु मल (राइजोवियम आदि) २०० ग्राम,

- चिनी/गुडको चाक्सी बढीमा १ के.जी.,
- साइन बोर्ड २.५ फिट लम्बाइ, २ फिट चौडाइ,
- जग्गा पहाडमा १ रोपनी, तराईमा १.५ कठ्ठा,

### १.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार हुनेछ ।

## १.५ भकारो सुधार कार्यक्रम

### १.५.१ परिचय/पृष्ठभूमि

गाई वस्तुको मलमुत्र, घाँसपातका अवशेषहरू र सोत्तरलाई गोठको नजिकै राखेर तयार पारिएको मललाई गोठेमल भनिन्छ । नेपालको कतिपय ठाउँहरूमा सोत्तर तथा घाँसपात प्रसस्त नपाइने हुँदा गाईभैंसीबाट निस्कने गोबर र मुत्रबाट मात्र पनि मल बनाइएको पाइन्छ भने प्रसस्त स्याउला, सोतर पाइने ठाउँमा स्याउला सोतरसमेत एकै ठाउँमा विघटन गराई मल तयार गरिन्छ । यसरी गाईबस्तुको गोबर, मुत्र तथा सोतरलाई मुख्य स्रोतको रूपमा लिएर सोतर स्याउला मिसाई वा नमिसाई गोठ नजिक तयार गरिएको मललाई गोठेमल भनिन्छ । यो नेपालमा प्रयोग गरिने मुख्य प्राङ्गारिक मल हो ।

### १.५.२ कार्यक्रमको उद्देश्य

गोठबाट गोबर तथा गहुँतलाई संरक्षण गरी गहुँतलाई सोझै बालीमा प्रयोग गर्ने तथा गोठे मलको रूपमा प्रयोगमा ल्याई मलको गुणस्तर बढाउने ।

### १.५.३ कार्यक्रमको प्राविधिक पक्ष-

- यो कार्यक्रम माटोमा प्राङ्गारिक पदार्थ कम भई सो को प्रवर्द्धन गर्न आवश्यक स्थान र पशु बस्तुको पालन सम्भाव्य क्षेत्र पहिचान गरी १० वा सो भन्दा बढी सङ्ख्यामा भकारो सुधार कार्यक्रम सञ्चालन गर्न सक्ने गरी क्लस्टरमा सञ्चालन गर्नुपर्दछ ।
- भकारो सुधार कार्यक्रम सञ्चालनका लागि कम्तीमा २ वटा पशु बस्तु पालेको हुनु पर्ने र गोठको आकार कम्तीमा पनि ६ वर्ग मिटरको हुनुपर्दछ ।
- गोबर र मुत्रनै गोठे मलका प्राथमिक स्रोत भएकाले यिनको संरक्षणको लागि ध्यान दिनुपर्दछ । गोबर मात्र होइन मुत्र पनि जोगाउनु पर्दछ । हाम्रो देशको परिप्रेक्ष्यमा हेर्दा गोठका भुईं राम्रोसँग तयार पारिएका हुँदैनन् । गोबरको प्रयोग गरेपनि गहुँत भुईंमा नै खेरजान्छ । तर खाद्यतत्वको रूपमा हेर्दा गोबरभन्दा गहुँतको महत्व बढी हुन्छ । गहुँत सङ्कलनका लागि गोठको भुईं नचुहिने किसिमले राम्रो व्यवस्था हुनुपर्दछ ।

- गाई वस्तुको मुत्र पूर्णरूपले सदुपयोग गर्नका लागि भकारोको नजिक मुत्र सङ्कलन गर्ने सानो खाडल वा टङ्की बनाई कुलेसोद्वारा मुत्र सङ्कलन हुने गरी व्यवस्था गर्नुपर्दछ ।
- मल राख्न खाडल खन्न नमिल्ने अवस्थामा मललाई जमिनमै थुपारेर राख्न सकिन्छ । यस्तो अवस्थामा मलको वरिपरी ढुङ्गाको पर्खाल वा काठपात र स्याउलाले बार्न पनि सकिन्छ । यसो गर्दा मललाई घाम-पानीबाट जोगाउन सकिन्छ ।
- घाम पानीबाट मललाई जोगाउनु मल जम्मा गर्ने भकारोलाई छानोको व्यवस्था गर्नुपर्दछ ।
- खाडल या थुप्रोमा पानी अथवा भल पस्न दिनु हुँदैन ।
- खाडल वा थुप्रोमा गोठे मल थुपार्दै जानुपर्दछ । हरेक हप्ता चुली लागेको मललाई फिँजाएर मिलाउनुपर्दछ ।
- भकारो सुधार गरी तयार गरिएको मल खेतबारीमा प्रयोग गर्दा लामो समय घाममा खुल्ला नराखी यथाशीघ्र जोतेर माटोमा मिलाउने व्यवस्था गर्नुपर्दछ ।

### १.५.४ कार्यक्रमको आर्थिक मापदण्ड/नर्म्स

६ वर्ग मिटर गोठको भुईं ढलान गहुँत सङ्कलन नाली तथा टङ्की र भकारोको छानो व्यवस्थाका लागि सामग्री तथा ज्यामीसमेतका लागि अनुमानित रू. २० हजार खर्च लाग्ने भएकाले सो रकमको आधा अर्थात रू. १० हजारभन्दा नबढ्ने गरी स्वीकृत स्थानीय दररेट अनुसार खर्च गर्न सकिने ।

## १.६ बायो ग्याँस स्लरीबाट कम्पोष्ट बनाउने प्रविधि प्रदर्शन कार्यक्रम

### १.६.१ परिचय/पृष्ठभूमि

हाम्रो देशमा डेढ लाखभन्दा बढी बायोग्याँस प्लाण्ट निर्माण भएको तथ्याङ्क छ । ४ घन मिटर साईजको बायोग्याँस प्लाण्टबाट वार्षिक ८ टन स्लरी निस्कने हिसाबले त्यसबाट प्रतिवर्ष औसत १२ लाख मे.टन प्राङ्गारिक मल उत्पादन हुनसक्छ । कृषि प्रतिको लगावमा कमीले गर्दा प्रयोगकर्ताहरूले पनि मलभन्दा ग्याँसलाई बढी महत्त्व दिनु, तरल अवस्थाको लेदोलाई प्रयोग गर्न अप्ठारो हुनु, प्राविधिक ज्ञानको कमी हुनु र चर्पी जडित प्लाण्टको मल प्रयोग गर्न नचाहनुले बायोग्याँस स्लरीबाट कम्पोष्ट बनाउने प्रविधि आवश्यकता महसुस गरिएको छ ।

### १.६.२ कार्यक्रमको उद्देश्य

- बायोग्याँस स्लरीको उपयोगिताबारे कृषकहरूलाई जागरुक गराउने ।
- बायोग्याँस स्लरी कम्पोष्टिङको प्रदर्शन परीक्षण गरी स्लरीबाट उत्पादित मलको महत्त्व दर्शाउनु ।

### १.६.३ कार्यक्रमको प्राविधिक पक्ष

- बायोग्याँस स्लरी बगेर जाने र वर्षायाममा भेल नपस्ने तथा पानी नजम्ने उपयुक्त स्थान प्रदर्शनका लागि छनौट गर्ने ।
- १.५ मि. लम्बाइ १ मि. चौडाइ र १ मि. गहिराइको दुई वटा कम्पोष्ट खाडल खनी पहिलो खाडलको सबभन्दा तलको तहमा सुख्खा पराल, भुस, पातपतिङ्गर आदि वस्तुहरू हलुकासँग फिँजाएर राख्ने र त्यसमा १ फुट जति स्लरी जम्मा हुन दिने । यो क्रम दोहोऱ्याउँदै लैजाने ।
- खाडल भरिएपछि सतहमा माटोले लिप्नु पर्दछ ।
- खाडल भरिएपछि अर्को खाडलमा समान प्रक्रिया अपनाउने ।
- पल्टाउने कार्य २/३ पटक १/१ महिनाको फरकमा गर्नुपर्दछ ।
- मल पाकेर गन्धरहित र बुर्बुराउँदो भएपछि उपयुक्त समयमा मल निकाली प्रयोग गर्नुपर्दछ ।
- आवश्यक सामग्रीहरू
    - प्लाष्टिक सीट (छापोको लागि) ६ व. मी (२०० गेज)
    - साइनबोर्ड २.५ फिट लम्बाइ २ फिट चौडाइ

### १.६.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार

## १.७ कृषि चुन प्रयोग नतिजा प्रदर्शन कार्यक्रम

### १.७.१ परिचय/पृष्ठभूमि

माटो परीक्षण नतिजामा माटोको पिएच मान ५.५ भन्दा कम पाइएको खण्डमा अम्लियपनाका कारण बाली बिरूवाको वृद्धि विकासमा नकारात्मक असर परी उत्पादन उत्पादकत्वसमेत घट्ने हुँदा अम्लियपनाको समस्या हटाउन यो प्रदर्शन गरिन्छ ।

### १.७.२ कार्यक्रमको उद्देश्य

कृषि चुन प्रयोग गरी माटोको गुणस्तर अभिवृद्धि गराउन कृषकहरूलाई उत्प्रेरित गर्नु ।

### १.७.३ कार्यक्रमको प्राविधिक पक्ष

- यो कार्यक्रम माटोमा अम्लियपनाको समस्या पहिचान भई सो को सुधार गर्न आवश्यक स्थान र माटो परीक्षण शिविर सञ्चालन भएका सम्भाव्य क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा सञ्चालन गर्नुपर्दछ ।

- माटो परीक्षण नतिजा तथा अन्य अध्ययनको आधारमा माटोको पिएच मान ५.५ भन्दा कम पाइएको र कृषि चुन प्रयोग गर्न आवश्यक स्थानमा प्रदर्शन प्लटको आधा जग्गामा सिफारिस गरिए अनुसार चुन प्रयोग गरी प्रदर्शन गर्नुपर्दछ ।
- कृषि चुनको प्रयोगबाट बाली उत्पादनमा कस्तो प्रभाव पर्दछ बारे जानकारी दिन दुवै प्लटको बाली उत्पादन मापन गरी नतिजा कृषकलाई जानकारी गराउनुपर्दछ ।
- कृषि चुनको प्रयोगबाट माटोमा कस्तो प्रभाव पर्दछ सो बारे कृषि चुनको प्रयोग गर्नु अघि र प्रयोगपछि दुवै प्लटको माटो विश्लेषण गरी नतिजा कृषकलाई जानकारी गराउनुपर्दछ ।
- आवश्यक सामग्री-
    - कृषि चुन माटोको बनोट र पिएच मानका आधारमा आवश्यकता अनुसार,
    - साइनबोर्ड २.५ फिट लम्बाइ २ फिट चौडाइ,
    - जग्गा पहाडमा १ रो., तराईमा १.५ कठ्ठा ।

### १.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट र नर्म्स अनुसार हुनेछ ।

## १.८ भर्मि कम्पोष्ट उत्पादन कार्यक्रम

### १.८.१ परिचय/पृष्ठभूमि

गड्यौलालाई पातपतिङ्गर, भान्छाबाट निस्कने वा फ्याँकिएको पदार्थ खुवाई गुणस्तरीय कम्पोष्ट मल तयार गर्ने विधिलाई भर्मि कम्पोष्टिङ भनिन्छ र उत्पादित मललाई भर्मि कम्पोष्ट भनिन्छ । यस तरिकाबाट करिब ६० दिनमा स्तरीय कम्पोष्ट तयार हुन्छ । मलमा गड्यौलाको पेटबाट उत्पादन हुने विशेष इन्जायम र व्याक्टेरियाहरू रहेका हुन्छन् जसले बिरूवाको वृद्धि विकासमा सहयोग गर्छ । "फोहोरलाई मोहोरमा रूपान्तरण" गर्ने यस प्रविधिको मद्दतले शहर बजारको फोहोर व्यवस्थापनमा सहयोग भई उक्त फोहोरबाट हुने वातावरण प्रदुषणबाट जोगाउन सकिन्छ र कौसी खेतीमा समेत उल्लेखनीय योगदान पुऱ्याउन सकिन्छ ।

### १.८.२ कार्यक्रमको उद्देश्य

- परम्परागत गोठबाट निकालिएको भकारो तथा अन्य सामान खाडलमा कुहाई बनाएको मलमा बिरूवाको लागि चाहिने खाद्यतत्व वृद्धि गर्न कृषकहरूलाई जागरुक गराउन,
- कम लागतमा गुणस्तरीय मल उत्पादन गर्ने,
- स्थानीय वातावरण स्वच्छ बनाउने ।

### १.८.३ कार्यक्रमको प्राविधिक पक्ष

- भौतिक संरचना टहरा/छाप्रोमा आवश्यक सङ्ख्यामा भर्मि बेड बनाउन सकिन्छ ।
- गहिराइ ९० से.मी., चौडाइ १ मिटर र लम्बाइ आवश्यकता अनुसारको हुने गरी बेड बनाउने । एकभन्दा बढी बेड बनाउनु पर्दा दुई वटा बेडलाई एक आपसमा जोड्नु पर्दछ र दुई बेडको बीचमा गड्यौला पार गर्न सक्ने व्यवस्था गर्नुपर्दछ । धेरै बेडहरू भएको खण्डमा ७५ से.मी. बाटो कायम हुने व्यवस्था गर्नुपर्दछ ।

**भर्मि बेड बनाउने तरिका**

- स्थायी रूपका गाह्रो अथवा अस्थायी रूपमा काठ अथवा बाँसको प्रयोग गरी बेड बनाउन सकिन्छ ।
- बेडको तल्लो तहमा ८ से.मी. सुकेको पराल छवाली राखी सो भन्दा माथि १० से.मी. मलिलो माटो राख्ने ।
- Eisenia foetida जातका राता गड्यौलाका बच्चा ४०० प्रति वर्ग मी. दरले राख्ने र सो माथि ४ से.मी. गोबरको धुलो राख्ने ।
- २० से.मी. आधा कुहेको सोतर/झारपात/प्राङ्गारिक स्रोतका फोहोर एवम् गोबर राख्ने र हल्का पानी छर्कने र जुटको बोराले बेड छोप्ने ।
- प्रत्येक दिन माथिल्लो सतह भिज्ने गरी हल्का पानी दिने ।

### १.८.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार

## १.९ एजोला प्रयोग नतिजा प्रदर्शन

### १.९.१ परिचय/पृष्ठभूमि

एजोला एक प्रकारको उन्यु जातको बिरूवा हो । पानीमा तैरिएर बाँच्ने बिरूवा भएकाले ताल, पोखरी र घोल जमिनहरूमा यो प्राकृतिक रूपमानै पाउन सकिन्छ । यसको पातको तल्लो भाग स्पोन्जी प्रकृतिको हुने हुँदा यसमा एनाबिना (*Anabaena*) नामको नाइट्रोजन फिक्सिङ व्याक्टेरिया बस्दछ र हावामा भएको नाईट्रोजनलाई एमोनियाको रूपमा पातमा जम्मा गरेर राख्दछ । यसरी जम्मा गरेको एमोनिया रूपको नाइट्रोजन बालीले उपभोग गर्न सक्दछन् । धान बाली लगाउँदा एजोलाको प्रयोग गर्दा धानले एमोनियाको रूपमा नाईट्रोजन पाउने हुँदा धानको उत्पादन उत्पादकत्व बढेको अनुसन्धानका नतिजाहरूले देखाएका छन् । धान बालीमा एजोला प्रयोग गरी बालीमा यसको प्रभाव नतिजा देखाउन यो प्रदर्शन सञ्चालन गरिन्छ ।

### १.९.२ कार्यक्रमको उद्देश्य

एजोला प्रयोगबाट धान बालीमा हुने फाइदा तुलनात्मक रूपमा देखाउनु ।

### १.९.३ कार्यक्रमको प्राविधिक पक्ष

- जमिनलाई दुई प्लटमा विभाजन गरी आधामा एजोला प्रयोग गर्ने र आधामा प्रयोग नगर्ने ।
- कृषक सहभागितामा धान बालीमा एजोला प्रयोग गर्ने तरिकाहरू प्रदर्शन गर्नुपर्दछ ।
- एजोला प्रयोग पश्चात् माटोको उर्वराशक्तिमा परेको प्रभाव हेर्न दुवै प्लटको प्रयोग अघि र पछिको माटो विश्लेषण गराउनुपर्नेछ ।
- एजोला प्रयोग पश्चात् बालीको उत्पादकत्वमा परेको प्रभाव हेर्न बाली उत्पादनको तुलनात्मक मापन गर्नुपर्छ ।
- आवश्यक सामग्री-
    - एजोला आवश्यकता अनुसार प्रति कठ्ठा ३ देखि ५ के.जी.,
    - साइन बोर्ड २.५ फिट लम्बाइ २ फिट चौडाइ,
    - जग्गा पहाडमा १ रोपनी., तराईमा १.५ कठ्ठा ।

### १.९.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार हुनेछ ।

## १.१० माटो परीक्षण शिविर सञ्चालन कार्यक्रम

### १.१०.१ परिचय/पृष्ठभूमि

योजनावद्ध रूपले खास ठाउँको माटोको समस्यालाई प्रस्टयाउन अभियानको रूपमा माटो परीक्षण शिविर सञ्चालन गरिन्छ । यस्तो शिविर एक हप्तासम्म सञ्चालन गरी माटो सप्ताहको रूप दिन पनि सकिन्छ ।

### १.१०.२ कार्यक्रमको उद्देश्य

- कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रूपमा माटो विश्लेषण गर्नु ।
- बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरू सिफारिस गर्नु ।

### १.१०.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- माटो परीक्षण शिविर सञ्चालन गर्न अगावै शिविर बस्ने स्थान र समय तथा नमुना सङ्कलन विधिबारे जानकारी गराउनुपर्दछ ।

- प्रदेशस्तर माटो तथा मल परीक्षण प्रयोगशालाले माटो परीक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरू र प्राविधिक सेवा उपलब्ध गराउनुपर्नेछ ।
- कृषि ज्ञान केन्द्र अथवा स्थानीय कृषि विकास शाखाले कृषकहरूलाई कार्यक्रमबारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नुपर्दछ ।
- शिविरमा माटो परीक्षण गराउने हरेकलाई नतिजा तथा सिफारिस समेटिएको Soil Health Card उपलब्ध गराउनुपर्दछ ।
- स्थानीयस्तरमा माटो व्यवस्थापन तालिमसँग आवद्ध गरी माटो परीक्षण शिविर सञ्चालन गर्नु प्रभावकारी हुन्छ ।
- प्राविधिक मापदण्ड -
  - माटो परीक्षण शिविर सञ्चालन दिन नमुना सङ्ख्या अनुसार
  - प्रत्येक दिन माटो परीक्षण (५० नमुनाको pH, N, P र K)
  - एक दिन नतिजा वितरण तथा माटो व्यवस्थापन तालिम/अन्तरक्रिया

### १.१०.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत स्थानीय दररेट अनुसार हुनेछ ।

## १.११ एकीकृत बाली पोषण व्यवस्थापन कृषक पाठशाला सञ्चालन

### १.११.१ परिचय/पृष्ठभूमि

एकीकृत बाली पोषण व्यवस्थापन भनेको एक पद्धति हो जसमा बिरूवालाई आवश्यक पर्ने सबै खाद्यतत्वहरू आवश्यकता अनुरूप, ठीक मात्रामा उपलब्ध गराउन, रासायनिक मलसहित प्राङ्गारिक मलहरूमा सबै सम्भाव्य स्रोतहरूलाई अधिकतम उपभोगमा ल्याई बाली व्यवस्थापन, माटो व्यवस्थापन र खाद्यतत्व व्यवस्थापनलाई टेवा दिँदै वातावरणमा न्यून असर पार्दै माटोको दिगो उर्वराशक्ति व्यवस्थापन गर्दै जाने प्रक्रियालाई एकीकृत बाली खाद्यतत्व व्यवस्थापन भनिन्छ ।

यो पद्धतिले माटोको उर्वराशक्तिको दीर्घकालीन व्यवस्थापन गर्ने भरपर्दो उपायको साथै माटो, मल, पानी र बालीको उचित व्यवस्थापनद्वारा जमिनबाट बढी तथा दिगो उत्पादन लिन सकिन्छ भने कृषकले आफ्नो खेतबारीको लागि आफैले परीक्षण गरी सो को मूल्याङ्कनद्वारा निर्णय लिने क्षमताको वृद्धि गराउँदछ र यसले स्थानीय तथा वाह्य स्रोतहरूको प्रभावकारी उपयोगद्वारा उत्पादन बढाउनुका साथै माटोको दिगोपनामा जोड दिँदै वातावरणको सुधार गर्ने मात्र नभई खाद्यतत्वहरूको सदुपयोग तथा तीनको प्रभावकारिता बढाउन मद्दत गर्दछ ।

कृषि प्रसारका विभिन्न तरिकाहरू मध्य कृषककै अगुवाइमा दक्ष कृषि प्राविधिकको सहयोगबाट कृषकको खेतबारीमै व्यवहारिक प्रयोग तथा सैद्धान्तिक छलफलबाट कृषकहरूलाई

कृषि उत्पादन र माटो तथा मलखाद व्यवस्थापन सम्बन्धी ज्ञान दिन स्थापना भएको स्थल नै कृषक पाठशाला हो । कृषक पाठशालालाई छानो र भित्ता बिनाको पाठशाला पनि भन्ने गरिन्छ किनभने कृषकहरूले खुल्ला आकाश मुनि खेतबारीमा नै कृषि सम्बन्धी ज्ञान सिक्ने र सिकाउने काम गर्दछन् ।

## १.११.२ कार्यक्रमको उद्देश्य

- भू-क्षय प्राङ्गारिक पदार्थको गिरावट, असन्तुलित तथा अपर्याप्त मलको प्रयोग, अम्लीयकरण आदिबाट भइरहेको माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरूको आवश्यकता अनुरूप खाद्यतत्व आपूर्ति गरी दिगो रूपमा माटोको उर्वराशक्ति अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।
- माटोको उर्वराशक्ति कायम राख्न उपलब्ध दुवै प्राङ्गारिक र रासायनिक वैकल्पिक उपायहरूको एकीकृत प्रयोग गर्न स्थलगत रूपमा कृषक पाठशाला सञ्चालन गर्नु ।
- लक्षित बाली उत्पादन हासिल गर्न र दीर्घकालीन रूपमा माटोको उर्वराशक्ति कायम राख्नको लागि स्थानीय तथा वाह्य स्रोतहरू स्थानीय अवस्था अनुकूल प्रभावकारी रूपमा आवश्यकता अनुरूप प्रयोगमा ल्याउनु हो । यसको प्रभावकारी कार्यान्वयनको लागि एकीकृत बाली खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला सञ्चालन ।

## १.११.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- एकीकृत खाद्यतत्व व्यवस्थापन कुनै एक बालीमा मात्र नभई बाली प्रणालीमा आधारित हुने हुँदा कुनै एक निश्चत बाली प्रणालीको छनौट गर्नुपर्दछ ।
- कृषक पाठशालामा समान समस्या भएका २०–२५ जना कृषक सहभागी गराउनु पर्दछ । छानिएको बाली प्रणालीलाई प्रतिनिधित्व गर्ने र समूहका सम्पूर्ण सदस्यहरूलाई पायक पर्ने ठाउँमा एउटा साझा 'प्रदर्शन स्थल' स्थापना गर्नुपर्दछ । यसमा एकीकृत खाद्यतत्व व्यवस्थापनको नमुना प्रदर्शन गरिन्छ । हरेक बैठकमा यसै स्थलको अवलोकन गरी छलफल सुरु हुन्छ र यसैका आधारमा कृषकहरूले आ–आफ्नो खेतबारीका प्रदर्शन प्लटमा अनुसरण गर्नेछन् ।
- छानिएको स्थानमा वस्तुस्थिति अध्ययन गरी त्यहाँ उपलब्ध प्राकृतिक सम्पदाहरूको जानकारी लिनुपर्दछ । यसमा जमिनको प्रकार, माटोका गुणहरू, सिञ्चित वा असिञ्चत वन–जङ्गलको पहुँच, पशुपन्छी, बजार व्यवस्था, बाली उत्पादनका प्रमुख समस्याहरू, कृषकले अपनाउँदै आएका प्रविधिहरू, उक्त क्षेत्रमा सिफारिस भएका प्रविधिहरू, माटो

व्यवस्थापनका तरिकाहरू, मलखादका स्रोतहरू र माटो व्यवस्थापन सम्बन्धी मुख्य मुख्य समस्याहरूको सूची तयार पार्नुपर्दछ ।

- सम्बन्धित बाली प्रणालीको लागि त्यस ठाउँमा सिफारिस तथा उपलब्ध प्रविधिहरू र तिनका समस्याहरूको टिपोट गरिन्छ, जसबाट कुन कुन कुरा उपलब्ध छन् र कुन कुन थप चाहिन्छन् भन्ने कुराको जानकारी हुन्छ ।
- कृषकको अनुभवका आधारमा निश्चत जमिन (जस्तैः १ रोपनी) मा कति उत्पादन हुन्छ, सोको आँकडा लिने ।
- निर्धारित स्थलको माटो प्रयोगशालामा परीक्षण गरी तिनमा उपलब्ध हुने मुख्य खाद्यतत्वहरूको जानकारी लिनुपर्छ ।
- अनुमानित उत्पादनको लागि माटोबाट बालीले लिने कूल खाद्यतत्वहरूको अनुमान गर्नुपर्दछ । यसका लागि कुन बालीको कति उत्पादन हुँदा कति खाद्यतत्व माटोबाट घट्दछ भन्ने तालिका उपलब्ध हुन्छ ।
- माटोबाट उपलब्ध खाद्यतत्व र बालीलाई आवश्यक खाद्यतत्वको मात्राको आधारमा अब कति थप चाहिन्छ वा सन्तुलन कस्तो छ भन्ने हिसाब गरी नपुग भएको मात्रा विभिन्न स्रोतबाट दिनुपर्दछ ।
- खाद्यतत्वको सन्तुलन हिसाब गरी सकेपछि उपलब्ध स्रोतहरूमध्ये कुन–कुनबाट कति–कति दिने र कुन–कुन बेला दिने भन्ने कुराको निर्णय गर्नुपर्दछ । तर बाली लगाइसकेपछि पनि माटोमा खाद्यतत्वको परीक्षण गरी वा बालीको अवस्था हेरी मलखाद कति र कहिले प्रयोग गर्ने भन्ने कुराको अनुमान गर्नुपर्दछ ।
- प्रत्येक पाठशालाका दिन सबै सहभागी कृषकहरू तथा सहजकर्ताले सामूहिक प्रदर्शन स्थलको अवलोकन गरी छलफल गर्दछन् । कृषक पाठशाला एउटा कृषकहरूको लागि सिक्ने थलो पनि भएको हुँदा प्रत्येक बैठकका दिन कृषकहरूबीच विभिन्न अभ्यासहरू गराई छलफल तथा परीक्षणहरू गराइन्छ । यसबाट कृषकको सिक्ने चाहना बढ्नुको साथै माटो व्यवस्थापन सम्बन्धी व्यवहारिक ज्ञान पनि थपिन्छ ।
- प्रक्रियागत रूपमा दुई पटक अभिमुखीकरणका लागि अन्तरक्रिया कार्यक्रम, एक बाली प्रणालीमा ५ दुई बाली प्रणालीमा १० र तीन बाली प्रणालीमा १५ पटक स्थलगत पाठशाला सञ्चालन र अन्तमा कृषक दिवसको आयोजना गरी कार्यक्रमको समापन गर्नुपर्दछ ।

## १.११.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | नर्म्स |
|---|---|---|---|
| १ | **एक बाली पद्धति** | | |
| | अन्तर्क्रिया कार्यक्रम २ पटक | २ × ३० जना × रू. २००।- का दरले खाजा खर्च | १२००० |
| | | २ × २ जना × रू. १०००।- दरले प्रशिक्षक भत्ता | ४००० |
| | स्थलगत पाठशाला सञ्चालन ५ पटक | ५ — २५ जना × रू. १००।- का दरले स्टेशनरी खर्च | १२५०० |
| | | ५ — २५ जना × रू. २००।- का दरले खाजा खर्च | २५००० |
| | | माटो विश्लेषण सामग्री खरिद | ७५०० |
| | | माटो र मलखाद विश्लेषण रू. ३००० का दरले एक पटक | ३००० |
| | | सवारी साधन रू. २०० का दरले ५ पटक | १००० |
| | | ५ × २ जना × रू. १०००।- दरले प्रशिक्षक भत्ता | १०००० |
| | कृषक दिवस | आमन्त्रित जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरू गरी जम्मा ५० जनालाई रू. २०० का दरले चियापान खर्च वापत | १०००० |
| | | प्रथम, द्वितीय र तृतीय हुने कृषक समूहलाई पुरस्कार रकम क्रमशः रू. १५००, रू. १००० र रू. ५०० प्रति व्यक्तिका दरले | ३००० |
| | | कृषक दिवस सञ्चालन (सूचना प्रवाह, व्यानर, मञ्च व्यवस्थापन, मसलन्द, फोटो धुलाई आदि) | १४००० |
| | | एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशालाको प्राविधिक प्रतिवेदन तयार | १००० |
| | | **कूल जम्मा रकम रू.** | **१०००००** |
| २ | दुई बाली पद्धतिका लागि | स्थलगत पाठशाला सञ्चालन १० पटक सञ्चालन गर्नुपर्ने हुँदा एक बाली पद्धतिको रकममा रु ५६००० थप हुने | १५६००० |
| ३ | तीन बाली पद्धतिका लागि | स्थलगत पाठशाला सञ्चालन १५ पटक सञ्चालन गर्नुपर्ने हुँदा दुई बाली पद्धतिको रकममा रू. ५६००० थप हुने | २१२००० |

# १.१२ बिरूवाको खाद्यतत्व समस्या अध्ययन कार्यक्रम

## १.१२.१ परिचय/पृष्ठभूमि

बिरूवाहरूको विकास र वृद्धिका लागि माटोबाट उपलब्ध हुने विभिन्न खाद्यतत्व हरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। बिरूवाले ती तत्वहरू प्राप्त गर्ने मुख्य स्रोतहरूमा माटो, प्राङ्गारिक पदार्थ र रासायनिक मल पर्दछन् । यस अध्ययनले मुख्यतः माटोमा भएको खाद्यतत्व सम्बन्धी समस्याहरूको अध्ययन, गुणस्तरीय कम्पोष्ट मल बनाउन विभिन्न उपलब्ध प्राङ्गारिक

स्रोतको अध्ययन परीक्षण तथा विभिन्न प्राङ्गारिक मलमा भएका खाद्यतत्व जाँच तथा त्यसको प्रभावकारिताबारे अध्ययन गरी माटोको उर्वरा शक्तिलाई दिगो रूपमा व्यवस्थापन गर्ने रहेको छ ।

### १.१२.२ कार्यक्रमको उद्देश्य

माटोमा रहेको बिरूवाको खाद्यतत्व सम्बन्धी समस्या र तीनका निराकरण तथा मलखाद व्यवस्थापनमा प्राङ्गारिक स्रोतको प्रवर्द्धन गरी माटोको उर्वरा शक्ति व्यवस्थापन, बिरूवाको विकास र वृद्धि मा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने ।

### १.१२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- स्थान विशेष वा पकेट क्षेत्रको बालीनालीको स्थिति बारेमा कृषकहरूसँग प्रश्नावलीमार्फतका साथै फिल्ड भ्रमण/ अवलोकन गरी सूचना सङ्कलन गर्ने ।
- उक्त क्षेत्रमा माटो तथा बोटबिरूवाको नमुना (कम्तीमा ५० नमुना हुनु पर्ने आवश्यकता अनुसार नमुना थप गर्न सकिने) सङ्कलन गर्ने र प्रयोगशालामा परीक्षण गर्ने तथा आवश्यक परेमा फिल्ड परीक्षण गर्ने ।
- डाटा प्रोसेसिङ गर्ने, समस्याको विस्तृत विश्लेषण गर्ने, समाधान सहितको प्रतिवेदन तयार गर्ने ।

### १.१२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

| | |
|---|---|
| • प्रश्नावली छपाइ | ५००० |
| • गणकलाई पारिश्रमिक | ६७५० |
| • गणकको तालिम व्यवस्थापन | ५०० |
| • डाटा प्रोसेसिङ | २७५० |
| • माटोको नमुना सङ्कलन र ढुवानी रू. ४० प्रति नमुनाका दरले | २००० |
| • माटोको नमुना विश्लेषण (५० नमुना) (पी.एच., प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फोस्फरस, पोटासियम, मोलिब्डेनम, जीङ्क, आइरन, म्याग्नेसियम आदि) | १४१५० |
| • प्रतिवेदन छपाइ | १५००० |
| **जम्मा** | **४६१५०** |

## १.१३ भिरालो जमिनमा गरिने खेती प्रविधि—SALT कार्यक्रम

### १.१३.१ परिचय/पृष्ठभूमि

साधारणतया भिरालो जमिनमा भू-संरक्षण हुने गरी माटोको उर्वराशक्ति बढाउने उपयुक्त तरिकाहरू अपनाएर खेती गरिने प्रविधिलाई भिरालो जमिनमा गरिने खेती प्रविधि अर्थात SALT (Sloping Agriculture Land Technology) भनिन्छ । कृषकहरूले आफ्नो ज्ञान, सीप र परिश्रमबाट उर्वर बनाएको माटो भू-क्षयमार्फत वा भिरालो जमिनमा भएको माटो र मलिलोपनाको अधिकांश

मात्रा वर्षा वा सतही सिँचाइको पानीले बगाएर लैजाने गर्छ । जसले गर्दा जमिनबाट माटो, मल, खाद्यतत्व र चिस्यान जस्ता महत्त्वपूर्ण चिजमा कमी आउँछ ।

सन् १९७१ देखि १९८० सम्म फिलिपिन्समा एक गैह्र सरकारी संस्थाले अनुसन्धान गरी भिरालो जमिनमा खेती गर्ने उपयुक्त प्रणाली विकास गरेको छ, जसलाई छोटकरीमा SALT भनिन्छ । फिलिपिन्समा राम्रो प्रभाव देखिएकोले नेपालमा पनि सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट यो प्रविधि प्रचार प्रसार र विस्तारका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यो प्रविधि विशेष गरेर मुख्य खाद्यान्न बालीको उत्पादनमा केन्द्रित छ । यो एउटा साधारण, कम खर्चिलो र महत्त्वपूर्ण कृषि वन प्रविधि हो । यस प्रविधिमा कृषकसँग भएको जमिनको ७५ प्रतिशत जग्गामा मुख्य खाद्यान्न बाली र २५ प्रतिशत जग्गामा नगदे बाली वा घाँस वा फलफूल उत्पादन गरिन्छ । यस अनुसार परम्परागत खेती प्रणालीको तुलनामा मुख्य खाद्यान्न बालीको उत्पादन वृद्धि हुने र बढी भू-क्षय हुनबाट कम गराउने विशेषताहरू छन् ।

## १.१३.२ कार्यक्रमको उद्देश्य

भिरालो जग्गामा खेती गर्दा भू-क्षय हुन नदिने वा कम गर्ने ।

## १.१३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

भिरालो जमिनमा भू-संरक्षण हुने गरी माटोको उर्वराशक्ति बढाउन मुख्यत ३ किसिमका खेती प्रविधि प्रयोग गर्न सकिन्छ हेज वृक्षारोपण, फलफूल रोपण र एग्रो फरेष्ट्री । यी प्रविधिहरूमा गरिने वा अपनाइने कार्यविधि वा प्रक्रियाहरू निम्न बमोजिम रहेका छन् ।

| क्र.सं. | कार्य विवरण | इकाई | साधन | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | तह/किसिम | इकाई | परिमाण | |
| १ | हेज वृक्षारोपण | | | | | |
| | क) व्याड तयार गर्ने (प्रति व.मि.) | व.मि. | ज्यामी | सङ्ख्या | ०.०७५ | |
| | ख) व्याडमा माटो मल तथा कीटनाशक औषधी राखी वृक्षारोपण गर्ने (प्रति व.मी.) | व.मि. | ज्यामी | सङ्ख्या | ०.३ | |
| २ | फलफूल रोपण (प्रति हेक्टर वर्गाकार तरिका अनुसार) | | | | | |
| २.१ | रेखाङ्कन र सफाई | | | | | |
| | क) खुला क्षेत्र (जमिन) | हेक्टर | ज्यामी | सङ्ख्या | ४ | |
| | ख) झाडी बुट्यानयुक्त (२५ प्रतिशत) | हेक्टर | ज्यामी | सङ्ख्या | १० | |

| क्र.सं. | कार्य विवरण | इकाई | साधन | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | तह/किसिम | इकाई | परिमाण | |
| २.२ | खाल्डो खन्न (१ मी. व्यास १ मि. गहिराइ) | | | | | |
| | क) आँप, ओखर, कटहर आदि (१० मी.x१० मी.) | हेक्टर | ज्यामी | सङ्ख्या | ५५ | |
| | ख) लिची, हलुवावेद, भोगटे आदि (८ मी.x८ मी.) | हेक्टर | ज्यामी | सङ्ख्या | ८६ | |
| | ग) सुन्तला, स्याउ, खुर्पानी आदि (६ मी.x६ मी.) | हेक्टर | ज्यामी | सङ्ख्या | १५२ | |
| | घ) कागती, अनार, अम्बा आदि (८ मी. x८ मी.) | हेक्टर | ज्यामी | सङ्ख्या | ३४२ | |
| २.३ | माटो र मलखाद पुर्नु | | | | | |
| | क) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | १० | |
| | ख) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | १६ | |
| | ग) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | २८ | |
| | घ) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | ९३ | |
| २.४ | बेर्ना खरिद | | | | | जिल्ला दररेट अनुसार |
| २.५ | बेर्ना ढुवानी | | | | | |
| २.६ | बेर्ना रोपण | | | | | |
| | क) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | १ | |
| | ख) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | २ | |
| | ग) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | ३ | |
| | घ) वर्गका बिरूवा | हेक्टर | ज्यामी | सङ्ख्या | ६ | |
| २.७ | मल्चिङ (सुकेको पात, पराल, खर घाँसबाट) | | | | | |
| | क) १०० मि. सम्मको दूरीबाट मल्च जम्मा गरी | | | | | |
| | ख) ५०० मि. सम्मको दूरीबाट मल्च जम्मा गरी | | | | | |
| | ग) ५०० मि. - १ कि.मि. सम्मको दूरीबाट मल्च जम्मा गरी | | | | | |

| क्र.सं. | कार्य विवरण | इकाई | साधन | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | तह/किसिम | इकाई | परिमाण | |
| २.८ | कम्पोष्ट मल, रासायनिक मल र कीटनाशक औषधी | | | | | प्राविधिकको सिफारिस अनुसार |
| २.९ | क) सिँचाइ तथा रेखदेख | | | | | |
| | ख) गोडमेल | | | | | |
| ३ | एग्रो फरेष्ट्री | | | | | |
| ३.१ | सिल्भी पाश्चर (११११ बिरूवा प्रतिहेक्टर) (घाँस, डाले घाँस तथा दाउराको लागि) | | | | | |
| | क) प्वाल खन्ने (३० से.मी. ल. ३० से.मी. चौ. ३० से.मी. गहिराइको ३ मी. x३ मी. दूरीमा) | हेक्टर | ज्यामी | सङ्ख्या | १६ | |
| | ख) बेर्ना ढुवानी (६० बेर्ना प्रति प्याकेट) | | ज्यामी | सङ्ख्या | दूरी अनुसार | ७० प्याकेट/ व्यक्ति |
| | ग) बेर्ना रोप्न | हेक्टर | ज्यामी | सङ्ख्या | ७ | |
| | घ) घाँसको लागि जमिनको तयारी | हेक्टर | ज्यामी | सङ्ख्या | २० | |
| | ङ) घाँसको बीउ खरिद कोशे घाँस (इनाबुलेटेड) | | बीउ | किलो | ४ | |
| | च) अन्य घाँस | | बीउ | किलो | २० | |
| | छ) घाँसको बीउ छर्ने/सार्ने | हेक्टर | ज्यामी | सङ्ख्या | ३ | |
| ३.२ | सिल्भी - एग्रो (कृषि) | हेक्टर | | | | |
| | क) एग्रिकल्चरल सिड ब्रोडकाष्ट गर्ने | | ज्यामी | सङ्ख्या | १ | |
| | ख) एग्रिकल्चरल क्रप डिबलिङ गर्ने | | ज्यामी | सङ्ख्या | २.५ | |
| | ग) एग्रिकल्चरल क्रप स्पट सोइङ गर्ने | | ज्यामी | सङ्ख्या | ४ | |
| | घ) एग्रिकल्चरल क्रप प्लान्टिङ | | ज्यामी | सङ्ख्या | ३ | |
| | ङ) एग्रिकल्चरल हार्भेष्ट गर्ने र जोख्ने | | ज्यामी | सङ्ख्या | ४ | |
| | च) डाले घाँसको रूख छिमल्ने र पात निकाल्ने | १ गोटा | ज्यामी | सङ्ख्या | १ | |
| ३.३ | एग्रो फरेष्ट्री कामको लागि गोडमेल, कीटनाशक औषधी तथा मलखाद हाल्ने कार्य | | | | | आवश्यकता अनुसार |

### १.१३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार

### १.१३.५ द्रष्टव्य

भिरालो जमिनमा खेती गर्ने प्रविधि (साल्ट) का १० भागहरू

भाग १ ए फ्रेम बनाउनु होस् ।
भाग २ समोच्च रेखाहरू (Contour line ) खिच्नु होस् ।
भाग ३ समोच्च रेखाहरू (Contour line) तयार गर्नु होस् ।
भाग ४ नाईट्रोजन स्थिरिकरण गर्ने खालका बिरूवाहरूको बीउ लगाउनु होस् ।
भाग ५ बैकल्पिक रेखा वा तह (Alternate Strip) मा खेती गर्नु होस् ।
भाग ६ स्थायी बालीहरू लगाउनु होस् ।
भाग ७ एक वर्षिय बालीहरू लगाउनु होस् ।
भाग ८ नाईट्रोजन स्थिरिकरण गर्ने खालका रूखहरूको छाँटकाँट गर्नुहोस् ।
भाग ९ घुम्ती बाली लगाउनु होस् ।
भाग १० हरियालीमय रेखा बनाऔं । (Build Green Terraces)

**यस प्रविधिमा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्षहरू**

- भिरालो जमिनमा ए-फ्रेमको मद्दतले समोच्च रेखाहरू (Contour line) रेखाङ्कन गरिन्छ ।
- यिनै समोच्च रेखाहरूमा विभिन्न कोशे बाली लगाई हेज-रो निर्माण गरिन्छ । कोशे बालीहरू जस्तै: इपिल-इपिल, सिसौ, ढैंचा आदि लगाउन सकिन्छ ।
- छेकबारको चौडाइ ३०-५० से.मी. राखिन्छ र उचाइ ६०-८० से.मी. राख्नु उचित हुन्छ । छेकबार प्रत्येक एक दुई महिनामा काटछाँट गर्नुपर्छ ।
- जमिनको भिरालोपनका आधारमा एउटा समोच्च रेखादेखि अर्कोको दूरी ४-६ मी. राख्न सकिन्छ ।
- समोच्च रेखा वा हेज-रो विकास गरी हेज-रोबीचको खाली स्थानमा खेती गरिन्छ । यसरी समोच्च रेखा समोच्च रेखा वा हेज-रो विकास गरी खेती गर्दा भू-क्षयमा उल्लेखनीय कमी आई माटोको उर्वराशक्ति कायम राख्न मद्दत पुग्छ र दिगो उत्पादन हासिल गर्न सकिन्छ ।
- नाङ्गा डाँडा पनि यस प्रकार खेती प्रणाली/पद्दति अनुसरण गरेमा हरिया र उर्वर भूमिमा परिणत हुन सक्छन् ।

- यो प्रविधिमा खेती गर्न जमिन तयारी गर्दा लाग्ने खर्च कम हुने तथा प्रसस्त मात्रामा प्राङ्गारिक पदार्थ र नाईट्रोजन स्थिरीकरण हुने फाइदाहरू छन्। यो प्रविधि अन्तर्गतका मुख्य खेती प्रविधिहरू निम्नानुसार छन्।

**१. भिरालो जमिनमा खेती प्रविधि -१**

यो एक साधारण कम खर्चिलो कृषि वन प्रणाली हो । यस प्रविधिमा कृषकसँग भएको जमिनको ७५% जग्गामा मुख्य खाद्यान्न बाली र २५% जमिनमा नगदे बाली उत्पादन गरिन्छ।

**२. साधारण कृषि पशु प्रविधि -२**

यो प्रविधि-१ को रूपान्तरण वा परिवर्तित रूप हो । यसमा पशु पाल्नलाई पनि मद्दत दिइएको हुन्छ । कृषकले आफूसँग भएको जमिन मध्ये २०% मा मुख्य खाद्यान्न बाली, २०% मा नगदे बाली, २०% मा काठ दाउरा, र ४०% जमिनमा पशुका लागि घाँस खेती गरिन्छ ।

**३. दिगो कृषि वन प्रविधि -३**

प्रविधि-१ र प्रविधि-२ बाट यो प्रविधि विकास भएको हो । यसमा काठको उपलब्धताका लागि व्यक्तिगत/निजी वन विकास गरिन्छ । कृषकले आफूसँग भएको जमिन मध्ये २०% जग्गामा मुख्य खाद्यान्न बाली, २०% मा नगदे बाली उत्पादन गरी बाँकी ६०% जग्गामा फर्निचरका लागि उपयुक्त रूख रोपिन्छ ।

**४. सानो स्केलमा कृषि बागवानी प्रविधि -४**

यस प्रविधिमा व्यावसायिक रूपमा फलफूल बगैंचा स्थापना गरिन्छ। यस अन्र्तगत कृषकसँग भएको कूल जमिन मध्ये ४०% मा मुख्य खाद्यान्न बाली र बाँकी ६०% मा फलफूल बगैंचा तयार गरिन्छ ।

# भाग-ज

# पोष्ट हार्भेष्ट तथा कृषि इन्जिनियरिङ कार्यक्रम

## १. कृषि उपज भण्डारण सम्बन्धी कार्यक्रम

## १.१ सेलार स्टोर निर्माण कार्यक्रम

### १.१.१ परिचय/पृष्ठभूमि

जिल्लामा उत्पादन हुने सुन्तलाजात फलफूल तथा स्याउलाई कृषककै उत्पादन थलोमा सरल एवम् सुलभ तरिकाले भण्डारण गर्नको लागि यस सेलार स्टोर निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

### १.१.२ कार्यक्रमको उद्देश्य

- नेपालमा उत्पादित फलफूलको बजारमा उपलब्ध हुने समय बढाउने ।
- सुन्तलाजात फलफूल तथा स्याउको उचित रूपमा भण्डारण गर्न स्थानीयस्तरमा सेलार स्टोर निर्माण गर्ने ।
- उत्पादित फलको भण्डारण व्यवस्थापनमा सुधार गरी तीनको मूल्य अभिवृद्धि गर्ने ।

### १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- व्यावसायिक परिमाणमा सुन्तला, स्याउ उत्पादन हुने क्षेत्र छनौट गर्नुपर्ने ।
- व्यावसायिक प्रवर्द्धनका सम्भावना भएका स्थान, समुद्र सतहदेखि १४०० मिटरभन्दा माथि पूर्व उत्तर मोहडा भएको हुनुपर्ने ।
- पानी तथा बाटोको सुविधा भएको हुनुपर्ने ।
- सेलार स्टोर निर्माण स्थल ओसिलो, पूर्व उत्तर मोहडा परेको र नजिकमा बोटबिरूवा भएको छहारी भएको ठाउँ उपयुक्त मानिन्छ ।
- उत्पादन पकेट क्षेत्र वा बजार क्षेत्र वा पायक पर्ने उपयुक्त स्थान छनौट गर्नुपर्ने ।
- सुन्तलाजात फलफूल भण्डारणको लागि ५ देखि ७ डिग्री सेन्टिग्रेड तापक्रम र आर्द्रता ८५-९५ प्रतिशत उपयुक्त हुने । त्यसैले यो तापक्रम मिलाउनको लागि ओसिलो, चिसो र केही उचाइ भएको चिसो हावाको सञ्चार भएको स्थानमा सेलार घर निर्माण गर्नुपर्ने ।
- भण्डार घरमा भेण्टिलेसन व्यवस्था मिलाउन अति आवश्यक हुने ।
- २ टन क्षमताको सेलार स्टोर २.४४ मि. x २.४४ मि. x २.१३ मि. साइजको हुनुपर्ने ।
- ५ टन क्षमताको सेलार स्टोर ३.६ मि. x २.६ मि. x ३.८ मि. साइजको हुनुपर्ने ।
- १० टन क्षमताको सेलार स्टोर ४.८ मि. x ४.२ मि. x ४ मि. साइजको हुनुपर्ने ।

- कार्यक्रम तर्जुमा गर्दा Potential pocket हरूमा टेवा पुग्ने गरी लक्ष्य निर्धारण गर्नुपर्ने ।
- सेलार स्टोर निर्माण सम्बन्धी सम्पूर्ण प्राविधिहरू राष्ट्रिय फलफूल विकास केन्द्रको प्राविधिक मार्गदर्शन बमोजिम गर्ने/गराउने ।
- Wet and Dry bulb /Max. Min. thermometer अनिवार्य रूपले राखी रेकर्ड राख्नुपर्ने ।
- कृषक/कृषक समूह/कृषि सहकारीले जग्गा उपलब्ध गराउनुपर्नेछ । करारमा जग्गा लिई सेलार स्टोर निर्माण गर्ने भएमा कम्तीमा पनि १० वर्षको करार गरेको हुनुपर्ने ।
- निर्माण कार्य सुरू हुनु अघि र सम्पन्न भई सकेपछि सो कार्यको अनुगमन गरी रेकर्ड अध्यावधिक राख्नुपर्नेछ ।
- भण्डार कोठामा चिसो र तातो हावाको वहाव ठीक छ छैन अवलोकन गरी कोठा सफा राख्ने ।
- फल भण्डारण गरेको तेस्रो हप्तादेखि नियमित अवलोकन गर्ने र कुहिएको फल हटाउदै जाने । जब १० प्रतिशतभन्दा बढी फल कुहिन्छ सेलार घरबाट फल झिकी बिक्री वितरण वा उपभोग गर्नुपर्छ, अन्यथा नोक्सान हुन जान्छ ।
- फल भण्डारणको लागि कोदोको भुस, अखबार र सल्लाका पातहरू सुविधा अनुसार प्रयोग गर्न सकिन्छ ।
- र्‍याकमा फल राख्दा चोट नलागेका फललाई बढीमा २ देखि ३ तह मिलाएर सेलार स्टोरको र्‍याकमा भण्डार गर्न सकिन्छ । बढी बाक्लो गरी फल राखेमा कुहिने र फल नष्ट हुने सम्भावना रहन्छ ।

## १.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्थानीय दररेट बमोजिम कूल इष्टिमेट रकममा विनियोजित बजेट तथा नर्म्स बमोजिम सेलार स्टोर निर्माणमा अनुदान दिने ।

**Abstract of cost for the construction of Cellar Store Building** (5 ton capacity)


| SN | Detail of Work | Quantity | Unit |
|---|---|---|---|
| 1 | E/W Excavation in foundation in hard soil and other work lift 1.5m. and lead up to 10m all complete as per instruction of site incharge. | 14.100 | Cu.m. |
| 2 | Providing and laying Stone for filling foundation including soil all complete as per instruction of site incharge. | 7.800 | Cu.m. |
| 3 | Providing and laying Stone masonry in mudmortar in walls, foundation including necessary bond stone all complete as per instruction of site incharge. | 46.970 | Cu.m. |
| 4 | Sand filling on cavity wall | 6.780 | Cu.m. |
| 5 | Providing and fixing in position Localwood chauhkat for doors, windows and ventilators with holdfast all complete as per instruction of site incharge. | 0.251 | Cu.m. |

| SN | Detail of Work | Quantity | Unit |
|---|---|---|---|
| 6 | Providing and fixing 38 mm.thick Localwood pannelled shutters for doors with handles, 2nos.tower bolts, locking set all complete as per instruction of site incharge. | 5.297 | Sqm |
| 7 | Providing and fixing mosquito net with wooden listy all complete as per instruction of site incharge. | 1.511 | Sqm |
| 8 | Flooring work | | |
| A | Providing and laying Stone soling with sand over rammed earth including drain all complete as per instruction of site incharge. | 1.872 | Cu.m. |
| 9 | Providing and painting two coats enamel paint over one coat primer of approved colour all complete as per instruction of site incharge. | 22.140 | Sqm |
| 10 | Roofing Works | | |
| A | Providing and fixing Thatch Roofing(0.15m) thick with bamboo rafter and purlin etc.all complete as per instruction of site incharge. | 35.316 | Sqm |
| 11 | 1/2" HDP Pipe around cavity wall | 100 | Rm |
| 12 | 12 mm steel rod for vent and windows | 16.02 | kg |
| 13 | Thermometer and barometer and necessary accessories | 1 | job |

Total

5% Contingencies

Grand Total




CELLAR STORAGE CAPACITY OF 5 TON

## १.२ शुन्य शक्ति भण्डार निर्माण

### १.२.१ परिचय/पृष्ठभूमि

फलफूल, तरकारी जस्ता छिट्टै बिग्रने कृषि उपजहरू केही दिनसम्म सञ्चय गर्न यस्तो भण्डार निर्माण गरिन्छ । यसबाट खास गरी महिला तथा साना कृषकहरूलाई थोरै परिमाण भएपनि बढी मूल्य आउने कृषि उपज उत्पादन गरी उचित मूल्य आउने मौका दिन तथा दिनहुँ बजार लग्न नसक्ने अवस्थामा छोटो अवधि सञ्चय गरी राख्न सघाउ पुग्नेछ ।

### १.२.२ कार्यक्रमको उद्देश्य

स्थानीयस्तरमा उपल ब्ध सामग्रीहरू प्रयोग गरी शुन्य शक्ति भण्डार निर्माण गर्न टेवा पुऱ्याउनु ।

### १.२.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

कृषकहरूको सहभागितामा स्थानीयस्तरमा उपलब्ध सामग्री जस्तै: ईंट्टा, वालुवा, बाँस, डोरी, बोरा प्रयोग गरी भण्डार निर्माण गर्न आवश्यक सहयोग पुऱ्याउनुपर्नेछ । साथै यसको प्राविधिक सहयोगको लागि स्थानीय वा प्रदेश वा जिल्लास्थित कृषि शाखासँग समन्वय गरी कार्य सञ्चालन गर्नुपर्नेछ ।

### १.२.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

भण्डार निर्माण गर्न आवश्यक सामग्रीहरू जस्तै: ईटा, बालुवा, बाँस, डोरी, बोरा आदि तथा ज्यामी ज्यालामा खर्च गर्न सकिनेछ ।

ईट्टा ७०० गोटाको लागि ढुवानी खर्चसमेत

- बालुवा (मसिनो खालको) सात बोराको लागि
- अन्य सामग्रीहरू बाँस, डोरी, बोरा आदिको लागि
- एक जवान डकर्मीको ज्यालाको

जम्मा गरेर स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार राख्न सकिनेछ ।

## १.३ हार्भेष्टिङ व्याग (Harvesting Bag) वितरण कार्यक्रम

### १.३.१ परिचय/पृष्ठभूमि

फलफूललाई टिप्दा गुणस्तरीयता कायम गर्न र नोक्सानी कम गर्न हार्भेष्टिङ व्याग प्रयोग गर्न गरिन्छ ।

## १.३.२ कार्यक्रमको उद्देश्य

सुन्तला टिपेर व्यागमा राखी सुन्तलामा क्षति हुन नदिई नोक्सानी कम गराउन र गुणस्तर कायम राख्न प्रयोग गर्ने ।

## १.३.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

**(क) विस्तृत विवरण (Detalied description)**

**(१) मुख (Inlet)**

- निर्माण सामग्री २ लाइनको सादा फलामे रड
- आकार अर्ध चन्द्रकार
- बाहिरी लम्बाइ २८ इन्च
- भित्री लम्बाइ १३ इन्च
- भित्री र बाहिरी रडबीचको दूरी ७ इन्च
- लक हुक (Lock hook) : २ लाइनको सादा फलामे रडबाट बनेको ४ इन्च लामो रडलाई २ इन्च फराकिलो सावर छालाले बेरेर सिलाएको हुनुपर्ने ।

**(२) झोला (Bag)**

- निर्माण सामग्री पानीले नभिज्ने प्लाष्टिक त्रिपाल (Wer proof plastic Tripal)
- लम्बाइ २ फिट
- मुखको गोलाइ ३८ इन्च
- लक्षित गोलाइ २ फिट
- Triangular Bag lock :Zinc rod बाट बनेको एक थान
- Bag lock : लम्बाइ ४ इन्च र चौडाइ १.२५ इन्चको Water proof प्लाष्टिक त्रिपालबाट बनेको ।
- Button in Bag Lock : जीङ्कबाट बनेको २ थान

**(३) बेल्ट (Belt)**

- निर्माण सामग्री पानीले नभिज्ने प्लाष्टिक त्रिपाल
- लम्बाइ ५० इन्च (व्यागको मुखको दुवै पट्टिबाट जोडिएको, एकापट्टिबाट ४२ इन्च र अर्कोपट्टिबाट ८ इन्च भएको हुनुपर्ने ।

- चौडाइ ३ इन्च ।
- बेल्ट लक (Belt lock) आधा लाइनको Zinc rod बाट निर्मित ३ इन्च लम्बाइ र १.५ इन्च चौडाइको २ वटा लक राख्नुपर्ने ।
- स्पन्ज बेल्टको बीच भागमा २४ इन्च लम्बाइ, २ इन्च चौडाइ र १ इन्च मोटाइ भएको High Density Sponge राखेको हुनुपर्ने ।

### १.३.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- प्राविधिक मापदण्ड अनुरूप निर्माण भएका फल हार्भेष्टिङ व्याग (Harvesting Bag) मा स्वीकृत सरकारी/जिल्ला/स्थानीय दररेट अनुसार अनुदान दिन सकिनेछ ।

## १.४ रष्टिक स्टोर निर्माण कार्यक्रम

### १.४.१ परिचय/पृष्ठभूमि

मधुरो प्रकाश तथा हावाको सञ्चारको समुचित प्रबन्ध गरी बीउ आलु भण्डारण गर्नका लागि समुद्री सतहबाट करिब २००० मीटरभन्दा बढी उचाइ रहेका पहाडी क्षेत्रमा बनाइने आलु भण्डार घरलाई रष्टिक स्टोर भनिन्छ । तर उत्तरतर्फ मोहडा भएका राम्ररी हावा चल्ने स्थानहरूमा समुद्री सतहबाट १५०० मीटर उचाइ भएका स्थानहरूमा पनि यस्तो भण्डार घर बनाई राम्ररी बीउ आलु भण्डारण गर्न सकिन्छ । माथि उल्लिखित उपयुक्त पहाडी क्षेत्रहरूमा रष्टिक स्टोर निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

### १.४.२ कार्यक्रमको उद्देश्य

बीउ आलु उत्पादन गरिने स्थानहरूमा बीउ आलु सुरक्षित भण्डारण गर्ने ।

### १.४.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- बीउ आलु उत्पादन समूह गठन भई गुणस्तरीय बीउ आलु उत्पादन कार्य थालनी भएका स्थानहरूमा यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । अनुदान प्राप्त गर्न कृषकले आफ्नोतर्फबाट गर्नुपर्ने कार्य सम्पन्न गर्नुपर्नेछ । निर्माण कार्य तथा सो को सञ्चालन सम्बन्धी प्रक्रिया कृषकहरूसँग सम्झौता गरी तय गरिनेछ ।
- रष्टिक स्टोर निर्माणका लागि जग्गाको उपयुक्त छनौट गर्नुपर्नेछ तथा जग्गाको व्यवस्थापन कृषक समूहले गर्नुपर्नेछ । निजी वा व्यक्तिगत जग्गामा रष्टिक स्टोर निर्माण गर्दा उक्त

स्टोरमा समूहका कृषकहरूले न्यूनतम दश वर्षका लागि स्रोत बीउ आलु भण्डारण गर्न पाउने कुराको यकिन हुनुपर्नेछ ।

- शुष्क हावा चल्ने शुष्क स्थानहरू जस्तैः कर्णाली क्षेत्र तथा त्यस्तै अन्य क्षेत्रहरूमा भण्डार घरको भुईंमा कुलेसाहरू बनाई त्यसमा पानी भर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- सिमेन्ट जोडाइले तापक्रम बढ्न मद्दत पुऱ्याउने भएकोले ईंटा वा ढुङ्गालाई माटोको जोडाइमा गाह्रो लगाउनु पर्दछ ।
- हावाको सञ्चार (भेण्टिलेशन) को लागि भुईं सतहमा २/३ स्थानमा १/१ फिटको भेण्टिलेशन झ्यालहरू राखी मुसा वा अन्य कीरा पस्न नसक्ने गरी मसिनो तारको जालीले बन्द गर्नुपर्दछ । यसै गरी स्टोरको भित्ताको माथिल्लो भागमा पनि १/१ फिटको भेण्टिलेशन झ्यालहरू राखी तारको जालीले बन्द गर्नुपर्दछ ।
- स्टोरको लम्बाइ बढी र चौडाइ कम हुनुपर्दछ । स्टोरको गारोसँगैसँगै आलु राख्ने तख्ता (ऱ्याक) बनाउने र बीचमा बाटो राख्नुपर्दछ । तख्ता काठ, बाँस वा निगालोको बनाउन सकिन्छ ।
- हरेक तख्ता ९ इन्चदेखि १ फिटको फरकमा राख्नुपर्दछ । हरेक तख्तामा आलुको ३/४ दानाभन्दा उचाइ नबढाई आलु राख्नुपर्दछ । तख्ताको चौडाइ २ फिट, गहिराइ ६ इन्च र लम्बाइ आवश्यकता अनुसार बनाउनुपर्दछ ।
- आलु राख्दा हरेक दानामा मधुरो प्रकाश पुग्नु आवश्यक हुन्छ । ६.५ फिट लामो तख्तामा १०० किलो आलु राख्न सकिन्छ ।
- स्टोर घरको छाना कच्ची (Thatched) हुनुपर्दछ । यदि जस्ताको प्रयोग गरिएमा माथिबाट भुस, खर, छवाली राख्नुपर्दछ र जस्ता प्रयोग गर्दा छानाबाट हावाको सञ्चार नहुने भएको हुनाले भेन्टिलेशन झ्यालको सङ्ख्या बढाउनु पर्दछ ।
- सम्भव भएसम्म स्टोर रूखमुनि, उत्तर मोहडा, सेपिलो स्थानमा बनाउनुपर्दछ । तर हावाको सञ्चार र घाम पर्ने गरी बनाउन भुल्नु हुँदैन ।
- रष्टिक स्टोर निर्माण गर्दा ५ देखि १० मे. टन क्षमता भएको हुनुपर्दछ र सो को लागि नमुना लगत स्टिमेट र डिजाईन संलग्न छ ।
- भण्डारण व्यवस्थापन
- यो रष्टिक स्टोर गुणस्तरीय बीउ आलु उत्पादक समूहमा निर्माण गरिने भएकोले समूहले उत्पादन गरेको मूल बीउ १,२ र ३ पुस्ता मात्र रष्टिक स्टोरमा राख्ने, तत्पश्चातको

पुस्ताको बीउ आलु (मूल बीउ ४, ५ पुस्ता) कृषकहरूले आफ्नै घरमा उचित व्यवस्थापन गरी भण्डारण गर्ने छन् ।

- रष्टिक स्टोरमा तापक्रम मापनका लागि Maximum र Minimum Thermometer तथा सापेक्षिक आर्द्रताको लागि Thermo Hygrometer राख्ने र समय समयमा रेकर्ड लिने गर्नुपर्दछ ।

## १.४.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

- स्थानीय दररेट अनुसार कूल लागतमा स्वीकृत कार्यक्रमको बजेट परिधीभित्र रही कार्यविधि लागू गरी अनुदान दिन सकिनेछ ।

## १.४.५ लक्षित समूह

बीउ आलु उत्पादक समूहहरू

## १.४.६ आशातित् प्रतिफल

बीउ आलु उत्पादक समूहमा उत्पादित गुणस्तरीय बीउ राम्ररी भण्डारण हुनेछ, जसले गर्दा स्थानीयस्तरमा नै बीउ आलु आपूर्ति हुन गई आलुको उत्पादकत्व वृद्धि हुनेछ उदाहरणको लागि रोल्पा र पर्वत जिल्लाको bill of quantities (BoQ) अनुसार गर्ने ।

**Cost Estimate for Rustic Store (5 Ton Capacity)**

**Location :** Parbat District

| SN | Particular of item | No. | Length | Breadth | Height | Quantity | Unit |
|---|---|---|---|---|---|---|---|
| 1 | Earthwork excavation in foundation | 1 | 70 | 3.5 | 3 | 735.00 | |
| 2 | Stone soling with sand | 1 | 22.5 | 19.5 | 0.5 | 219.38 | |
| 3 | PCC work (1:2:4) | 1 | 21 | 18 | 0.25 | 94.50 | |
| 4 | RCC work (1:2:4) | 1 | 70 | 1.5 | 0.25 | 26.25 | |
| | | 2 | 70 | 1.5 | 0.5 | 105.00 | |
| | | | | | | 131.25 | |
| 5 | Form work | 2 | 70 | | 0.333 | 46.62 | |
| | | 4 | 70 | | 0.5 | 140.00 | |
| | | | | | | 186.62 | |
| 6 | Tor steel reinforcement | | | | | | |
| | 2 kg per cu.ft. | 2 | | | | 262.50 | |
| 7 | Stone work in mud mortar | 1 | 70 | 3 | 1 | 210.00 | |
| | | 1 | 70 | 2.5 | 3 | 525.00 | |
| | | 1 | 70 | 1.5 | 10 | 1050.00 | |
| | | | | | | 1785.00 | |

| SN | Particular of item | No. | Length | Breadth | Height | Quantity | Unit |
|---|---|---|---|---|---|---|---|
| | Deduct | 1 | 3 | 1.5 | 9 | 40.50 | |
| | | 14 | 4 | 1.5 | 2 | 168.00 | |
| | | 1 | 3 | 1.5 | 2 | 9.00 | |
| | | | | | | 217.50 | |
| | Net | | | | | 1567.50 | |
| 8 | Wood work for chaukhat | 1 | 25 | 0.25 | 0.333 | 2.08 | |
| | | 16 | 12 | 0.25 | 0.33 | 15.98 | |
| | | 1 | 10 | 0.25 | 0.33 | 0.83 | |
| | | | | | | 18.90 | |
| 9 | Glass pan fixing | 4 | 3.5 | 1.5 | | 21.00 | |
| 10 | Panel door shutter | 1 | 2.5 | 6.5 | | 16.25 | |
| 11 | MS Grill fixing | 17 | 3.5 | 1.5 | | 89.25 | |
| 12 | Wooden truss for roof | | | | | | |
| | Baffle Rafter | 2 | 25 | 0.25 | 0.416 | 5.20 | |
| | Truss | 2 | 25 | 0.25 | 0.416 | 5.20 | |
| | Tie Beam | 2 | 18 | 0.583 | 0.416 | 8.731 | |
| | King post | 2 | 5 | 0.25 | 0.25 | 0.625 | |
| | | 2 | 6 | 0.25 | 0.25 | 0.750 | |
| | Purline | 10 | 24 | 0.25 | 0.25 | 15.00 | |
| | | | | | | 35.506 | |
| 13 | Eves board fixing | 2 | 24 | | 0.416 | 19.968 | |
| | | 2 | 19 | | 0.416 | 15.808 | |
| | | | | | | 35.776 | |
| | | | | | | | |
| 14 | CGI Sheet | 1 | 24 | 25 | | 600.00 | |
| 15 | Thatcha for roof cover | 1 | 24 | 25 | 0.5 | 300.00 | |
| 16 | 28 gauge GI plain sheet ridge cover | 1 | 24 | | | 43.00 | |
| 17 | Earth filling | 1 | 15 | 18 | 1 | 270.00 | |
| 18 | Sand filling | 1 | 15 | 18 | 0.25 | 67.50 | |
| 19 | Mosquito proof wiremess shutter | 1 | 2.5 | | 6.5 | 16.25 | |
| | | 12 | 3.5 | | 1.5 | 63.00 | |
| | | | | | | 79.25 | |
| 20 | Redymade approved enamel paint two coat with one primer coat | 1 | 3 | 2.5 | 6.5 | 48.75 | |
| | | 16 | 4 | 1.5 | 2 | 192.00 | |
| | | 1 | 3 | 1.5 | 2 | 9.00 | |
| | | | | | | 249.75 | s.ft. |

## Cost Estimate for Rustic Store (10 Ton Capacity)

**Location :** Parbat District

| SN | Particular of item | No. | Length | Breadth | Height | Quantity | Unit |
|---|---|---|---|---|---|---|---|
| 1 | Earthwork excavation in foundation | 1 | 105 | 3.5 | 3 | 1102.50 | |
| 2 | Stone soling with sand | 1 | 40.5 | 19.5 | 0.5 | 394.875 | |
| 3 | PCC work (1:2:4) | 1 | 39 | 18 | 0.25 | 175.50 | |
| 4 | RCC work (1:2:4) | 1 | 105 | 1.5 | 0.25 | 39.38 | |

| SN | Particular of item | No. | Length | Breadth | Height | Quantity | Unit |
|---|---|---|---|---|---|---|---|
| | | 2 | 105 | 1.5 | 0.5 | 157.50 | |
| | | | | | | 196.88 | |
| 5 | Form work | 2 | 105 | | 0.333 | 69.93 | |
| | | 4 | 105 | | 0.5 | 210.00 | |
| | | | | | | 279.93 | |
| 6 | Tor steel reinforcement | | | | | | |
| | 2 kg per cu.ft. | 2 | | | | 393.75 | |
| 7 | Stone work in mud mortar | 1 | 105 | 3 | 1 | 315.00 | |
| | | 1 | 105 | 2.5 | 3 | 787.50 | |
| | | 1 | 105 | 1.5 | 10 | 1575.00 | |
| | | | | | | 2677.50 | |
| | Deduct | 1 | 3 | 1.5 | 9 | 40.50 | |
| | | 28 | 4 | 1.5 | 2 | 336.00 | |
| | | 1 | 3 | 1.5 | 2 | 9.00 | |
| | | | | | | 385.50 | |
| | Net | | | | | 2292.00 | |
| 8 | Wood work for chaukhat | 1 | 25 | 0.25 | 0.333 | 2.08 | |
| | | 28 | 12 | 0.25 | 0.33 | 27.97 | |
| | | 1 | 10 | 0.25 | 0.33 | 0.83 | |
| | | | | | | 30.89 | |
| | | | | | | | |
| 9 | Glass pan fixing | 18 | 3.5 | 1.5 | | 94.50 | |
| 10 | Panel door shutter | 1 | 2.5 | 6.5 | | 16.25 | |
| 11 | MS Grill fixing | 28 | 3.5 | 1.5 | | 147.00 | |
| 12 | Wooden truss for roof | | | | | | |
| | Baffle Rafter | 2 | 25 | 0.25 | 0.416 | 5.20 | |
| | Truss | 4 | 25 | 0.25 | 0.416 | 10.40 | |
| | Tie Beam | 4 | 18 | 0.583 | 0.416 | 17.462 | |
| | King post | 4 | 5 | 0.25 | 0.25 | 1.250 | |
| | | 8 | 6 | 0.25 | 0.25 | 3.000 | |
| | Purline | 10 | 43 | 0.25 | 0.25 | 26.88 | |
| | | | | | | 64.187 | |
| 13 | Eves board fixing | 2 | 40 | | 0.416 | 33.280 | |
| | | 2 | 19 | | 0.416 | 15.808 | |
| | | | | | | 49.088 | |
| 14 | CGI Sheet | 1 | 43 | 25 | | 1075.00 | |
| 15 | Thatcha for roof cover | 1 | 43 | 25 | 0.5 | 537.50 | |
| 16 | 28 gauge GI plain sheet ridge cover | 1 | 43 | | | 43.00 | |
| 17 | Earth filling | 1 | 15 | 39 | 1 | 585.00 | |
| 18 | Sand filling | 1 | 15 | 39 | 0.25 | 146.25 | |
| 19 | Mosquito proof wiremess shutter | 1 | 2.5 | | 6.5 | 16.25 | |
| | | 11 | 3.5 | | 1.5 | 57.75 | |
| | | | | | | 74.00 | |
| 20 | Redymade approved enamel paint two coat with one primer coat | 1 | 3 | 2.5 | 6.5 | 48.75 | |
| | | 28 | 4 | 1.5 | 2 | 336.00 | |


| SN | Particular of item | No. | Length | Breadth | Height | Quantity | Unit |
|---|---|---|---|---|---|---|---|
| | | 1 | 3 | 1.5 | 2 | 9.00 | |
| | | | | | | 393.75 | s.ft. |


## Cost Estimate for Rustic Store (10 Ton Capacity)


**Location :** Rolpa District


| SN | Particular of item | No. | Length | Breadth | Height | Quantity | Unit |
|---|---|---|---|---|---|---|---|
| 1 | Earthwork excavation in foundation | 1 | 105 | 3.5 | 3 | 1102.50 | |
| 2 | Stone soling with sand | 1 | 40.5 | 19.5 | 0.5 | 394.875 | |
| 3 | PCC work (1:2:4) | 1 | 39 | 18 | 0.25 | 175.50 | |
| 4 | RCC work (1:2:4) | 1 | 105 | 1.5 | 0.25 | 39.38 | |
| | | 2 | 105 | 1.5 | 0.5 | 157.50 | |
| | | | | | | 196.88 | |
| 5 | Form work | 2 | 105 | | 0.333 | 69.93 | |
| | | 4 | 105 | | 0.5 | 210.00 | |
| | | | | | | 279.93 | |
| 6 | Tor steel reinforcement | | | | | | |
| | 2 kg per cu.ft. | 2 | | | | 393.75 | |
| 7 | Stone work in mud mortar | 1 | 105 | 3 | 1 | 315.00 | |
| | | 1 | 105 | 2.5 | 3 | 787.50 | |
| | | 1 | 105 | 1.5 | 10 | 1575.00 | |
| | | | | | | 2677.50 | |
| | Deduct | 1 | 3 | 1.5 | 9 | 40.50 | |
| | | 28 | 4 | 1.5 | 2 | 336.00 | |
| | | 1 | 3 | 1.5 | 2 | 9.00 | |
| | | | | | | 385.50 | |
| | Net | | | | | 2292.00 | |
| 8 | Wood work for chaukhat | 1 | 25 | 0.25 | 0.333 | 2.08 | |
| | | 28 | 12 | 0.25 | 0.33 | 27.97 | |
| | | 1 | 10 | 0.25 | 0.33 | 0.83 | |
| | | | | | | 30.89 | |
| | | | | | | | |
| 9 | Glass pan fixing | 18 | 3.5 | 1.5 | | 94.50 | |
| 10 | Panel door shutter | 1 | 2.5 | 6.5 | | 16.25 | |
| 11 | MS Grill fixing | 28 | 3.5 | 1.5 | | 147.00 | |
| 12 | Wooden truss for roof | | | | | | |
| | Baffle Rafter | 2 | 25 | 0.25 | 0.416 | 5.20 | |
| | Truss | 4 | 25 | 0.25 | 0.416 | 10.40 | |
| | Tie Beam | 4 | 18 | 0.583 | 0.416 | 17.462 | |
| | King post | 4 | 5 | 0.25 | 0.25 | 1.250 | |
| | | 8 | 6 | 0.25 | 0.25 | 3.000 | |
| | Purline | 10 | 43 | 0.25 | 0.25 | 26.88 | |
| | | | | | | 64.187 | |
| 13 | Eves board fixing | 2 | 40 | | 0.416 | 33.280 | |
| | | 2 | 19 | | 0.416 | 15.808 | |
| | | | | | | 49.088 | |

| SN | Particular of item | No. | Length | Breadth | Height | Quantity | Unit |
|---|---|---|---|---|---|---|---|
| 14 | CGI Sheet | 1 | 43 | 25 | | 1075.00 | |
| 15 | Thatcha for roof cover | 1 | 43 | 25 | 0.5 | 537.50 | |
| 16 | 28 gauge GI plain sheet ridge cover | 1 | 43 | | | 43.00 | |
| 17 | Earth filling | 1 | 15 | 39 | 1 | 585.00 | |
| 18 | Sand filling | 1 | 15 | 39 | 0.25 | 146.25 | |
| 19 | Mosquito proof wiremess shutter | 1 | 2.5 | | 6.5 | 16.25 | |
| | | 11 | 3.5 | | 1.5 | 57.75 | |
| | | | | | | 74.00 | |
| 20 | Redymade approved enamel paint two coat with one primer coat | 1 | 3 | 2.5 | 6.5 | 48.75 | |
| | | 28 | 4 | 1.5 | 2 | 336.00 | |
| | | 1 | 3 | 1.5 | 2 | 9.00 | |
| | | | | | | 393.75 | s.ft. |







# TYPICAL CROSS SECTION




NOTE: all timbers to be nailed or fastened with twine at joints

| | | | | | |
|---|---|---|---|---|---|
| JOB: POTATO RUSTIC STORE | TITLE: RACK DETAILS | NOT TO SCALE | DATE APR 94 | DRAWN K.B GRG | DWG NO 004 |

# १.५. प्याकेजिङ सुधार कार्यक्रम

## १.५.१ परिचय/पृष्ठभूमि

छिटो बिग्रने खालका कृषि उपज जस्तैः फलफूल, तरकारीहरू परम्परागत भाँडोमा प्याकेजिङ गर्दा उत्पादन थलोबाट बजारसम्म लैजाने क्रममा धेरै नाश हुन सक्ने हुँदा उचित भाँडो प्रयोग गरी प्याकेजिङ गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.५.२ कार्यक्रमको उद्देश्य

कृषि उपज अनुसार उपयुक्त प्याकेजिङ गर्ने तरिका अपनाई सुहाउँदा किसिमको भाडामा प्याकेजिङ गरी ढुवानी गर्दा नाश कम गर्न कृषक तथा कृषि व्यापारीहरूलाई प्रोत्साहन गर्नु ।

## १.५.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- व्यावसायिक तरकारी तथा फलफूल उत्पादन क्षेत्रका कृषक समूहलाई प्लाष्टिक क्रेट जस्ता उपयुक्त ठहरिएका प्याकेजिङ भाडाहरू उपलब्ध गराउनुपर्दछ ।
- यस्तो भाँडाहरू उपलब्ध गराउँदा कृषक समूहमै रहने गरी भरपाई गराई नर्म्स पुस्तिकामा उल्लेख भए अनुरूप दिइने व्यवस्था गर्नुपर्दछ ।

## १.५.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

व्यावसायिक तरकारी/फलफूल कृषक समूहलाई प्लाष्टिक क्रेट अनुदानमा दिने ।

# १.६. Hermatic Storage Bag वितरण कार्यक्रम

## १.६.१ परिचय/पृष्ठभूमि

अन्नबालीहरू जस्तैः धान, मकै, गहुँ आदिको भण्डारणमा गुणस्तरीयता कायम गरी नोक्सानी कम गर्न Hermatic व्याग प्रयोग गर्न गरिन्छ ।

## १.६.२ कार्यक्रमको उद्देश्य

कृषि उपज अनुसार उपयुक्त भण्डारण गर्ने तरिका अपनाई क्षति न्यूनिकरण गरी कृषक तथा कृषि व्यापारीहरूलाई प्रोत्साहन गर्नु ।

### १.६.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- व्यावसायिक अन्न तथा दलहन उत्पादन क्षेत्रका कृषक समूह तथा सहकारीलाई Hermatic Storage Bag उपलब्ध गराउने ।
- यस्तो भाँडाहरू उपलब्ध गराउँदा कृषक समूह तथा सहकारीमै रहने गरी भरपाई गराई नर्म्स पुस्तिकामा उल्लेख भए अनुरूप दिइने व्यवस्था गर्ने ।
- Hermatic Storage Bag को Technical specification निम्न अनुसार हुनेः-

**A. Inside bag (Liner)**

| S.N. | Particular | Specification |
|---|---|---|
| 1. | Type | Hermetic |
| 2. | Materials | Multilayer Polyethylene |
| 3. | Thickness | Minimum 75 microns |
| 4. | Length | 125-135 cm |
| 5. | Width | 75-80 cm |
| 6. | Material weight | Minimum 75 $g/m^2$ |
| 7. | Oxygen Transmission Rate (OTR) | less than 230 cc/ $m^2$/day |
| 8 | Water Vapor Transmission Rate (WVTR) | Maximum 5.30 g/ $m^2$/day |
| 9. | Carrying capacity (wheat) | Maximum 80 |
| 10 | Cable ties: | 2 pcs |
| 11 | Product life span<br>(number of uses) | Minimun 2 times |

**B. Outer bag (Ordinary)**

| S.N. | Particular | Specification |
|---|---|---|
| 1. | Type | Woven bag |
| 2. | Materials | Propylene woven bag |
| 3. | Carrying capacity | Maximum 80 kg |
| 4. | Length | 125-140 (Compatible with inside bag/ liner) |
| 5. | Width | 75-80 (Compatible with inside bag/ liner) |
| 6. | Material weight | Minimum 65 $g/m^2$ |
| 7. | Bottom | Single fold, double stitched |
| 8. | Top | hemmed, single fold, double stitched |
| 9 | Other Requirement | Inside bag must fit with outer bag. |
| | | Following sentences should be incorporated in outer bags |

## १.७ दुई ड्रम क्षमताको अलैंची सुकाउने भट्टी निर्माण कार्यक्रम

### १.७.१ परिचय/पृष्ठभूमि

अलैंचीको गुणस्तर तथा मुल्य मुख्यतः सुकाउने प्रक्रियामा निर्भर हुन्छ।

सानाा कृषकहरूले घाम वा दाउरा बाल्ने चुल्हो माथि भार बनाएर ताजा अलैंची सुकाउने चलन छ । व्यावसायिक कृषकहरूले स्थानीय भट्टी सुधारिएको स्थानीय भट्टीको प्रयोग गर्दै आएका छन् । स्थानीय भट्टीमा सुकाउँदा धुवाँले दाना कालो हुने, गन्ध आउने हुँदा गुणस्तरमा ह्रास आई बजार मूल्य कम हुन जान्छ । त्यसैले जिल्लामा उत्पादन हुने अलैंचीलाई उत्पादन थलोमै उचित तरिकाले सुकाएर अलैंचीको गुणस्तर अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

## १.७.२ कार्यक्रमको उद्देश्य

अलैंची सुकाउने प्रविधिमा एकरूपता ल्याई अलैंचीको दानाको मौलिक रङ र बास्ना कायम गरी कृषकहरूले अलैंचीको उचित मूल्य प्राप्त गर्ने ।

## १.७.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कार्यक्रम तर्जुमा गर्दा उत्पादन थलोहरूमा टेवा पुग्ने गरी लक्ष्य निर्धारण गर्ने ।
- भट्टी स्थापना गर्ने स्थानमा अलैंचीको बगान उत्पादन दिने अवस्थामा पुगेको हुनुपर्ने ।
- सहकारी एवम् समूहमार्फत गरिने भए समूहको निर्णय र प्राविधिक दृष्टिकोणले पायक पर्ने जग्गामा गर्नुपर्ने । उक्त जग्गा व्यक्तिगत भए जग्गाधनीले समूहलाई लिखित रूपमा उपभोग गर्ने अनुमति दिनुपर्ने र सार्वजनिक जग्गा भए सम्बन्धित गा.पा./न.पा. बाट समूह तथा सहकारीलाई उपभोग गर्न दिने अनुमति प्राप्त भएको हुनुपर्ने ।
- निर्माण कार्य सुरू हुनु अघि र सम्पन्न भइसकेपछि सो कार्यको अनुगमन गरी रेकर्ड अध्यावधिक राख्नुपर्ने ।
- भट्टीमा एकपटकमा ४०० के.जी. काँचो अलैंची सुकाउन सक्ने हुनुपर्ने। सुकेका दानाहरूमा मौलिक रङ र बास्ना कायम हुनुपर्ने ।
- स्थानीय दररेट बमोजिम उल्लिखित आवश्यक सामग्रीहरूको ईस्टिमेट गरी समूह तथा सहकारीलाई अनुदान दिई कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- प्राविधिक सल्लाह एवम् सुझाव राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र तथा अलैंची विकास केन्द्र, फिक्कलबाट उपलब्ध गराइनेछ ।

## दुई ड्रम क्षमताको अलैंची सुकाउने भट्टी निर्माण तथा सञ्चालन विधि

अलैंची विकास केन्द्र, फिक्कल इलामबाट स्थानीय कृषकहरूले प्रयोग गर्ने भट्टीलाई सुधार गरी सुधारिएको स्थानीय भट्टीमा विकास गरिएको छ । यस भट्टीको निर्माण स्थानीय भट्टी निर्माण

गरिए झै निर्माण गरिन्छ । यसको आगो बाल्ने स्थानमा ड्रम राखिन्छ, धुवाँ बाहिर पठाउन चिम्नीको प्रयोग गरिन्छ । अलैंची सुकाउने ठाउँमा फलामे जालीको प्रयोग हुन्छ । यो प्रविधि कृषकस्तरमा इलाम ताप्लेजुङ आदि पूर्वी पहाडी क्षेत्रमा अपनाएको पाइन्छ । यसबाट सुकाइएको अलैंचीमा मौलिक रङ कायम रहन्छ र धुवाँको गन्ध आउदैन । यस भट्टिले हालसम्म गुणस्तरीय अलैंची तथा चिया सुकाउने काम पनि गरेको छ ।

यस्तो सुधारिएको अलैंची भट्टी निर्माण गर्ने स्थान घाम लाग्ने पारिलो र सुख्खा हुनुपर्दछ । सेपिलो ठाउँमा भट्टी निर्माण गर्दा चिस्यान बढी हुने हुनाले ड्रम तथा अन्य फलामे सामानहरूमा खिया लागि भट्टी चाँडै नष्ट हुन सक्दछ । भट्टी बनाउने स्थान कृषकको घर र अलैंची बगानबाट टाढा हुनु हुँदैन, पायक पर्ने स्थानमा निर्माण गर्नुपर्दछ । भट्टी बनाउने स्थानको दूरीको कारणले अलैंची ओसार पसार, सामान ढुवानी गर्दा श्रम शक्ति बढी पर्न जान्छ । भट्टीको मुख अर्थात् दाउरा बाल्ने ठाउँ हावा जताबाट बहन्छ त्यसैतर्फ राख्नुपर्दछ । यसले आगो बाल्न र ड्रमभित्रको धुवाँलाई चिम्नीमार्फत बाहिर निस्कन मद्दत गर्दछ ।

**निर्माण विधि**


- लम्बाइ ९ फिट ६ इन्च र चौडाइ ९ फिट बाहिरबाट राखिन्छ ।
- जगको गहिराइ ठाउँ हेरी २ फिट हुनुपर्दछ ।
- जगको मोटाइ चौडाइ ६० से.मी. अर्थात २ फिट राख्नुपर्दछ ।
- ड्रमको सतहमा गारो (२ फिट) आइपुगेपछि गारोलाई ख आकारमा मोड्नु पर्दछ ।
- जगदेखि ड्रमको उचाइसम्मको गारो ६० से.मी. नै हुनुपर्दछ ।
- जमिनको सतहदेखि १ फिटको उचाइमा गारो आई पुगेपछि ड्रम राख्नुपर्दछ ।
- जमिनको सतहबाट ३ फिट ८ इन्च गारो पुगेपछि ड्रममा चिम्नी जोड्नु पर्दछ ।
- ८ फिट २ इन्च गारोको उचाइ पुगेपछि ९ फिट ६ इन्चका दुई टुक्रा जि.आई. पाईप गारोमा मिलाई राखने र बाइन्डिङ वायरले बीचबीचमा बाँध्ने त्यस माथि लम्बाइतर्फ पहिले र चौडाइतर्फ १०-१० से.मी. को फरकमा एकनासले मिलाएर रड राखी प्रत्येक रडको जोडाईमा बाइण्डिङ वायरले बाँध्ने र त्यसमाथि स्तरीय जाली लगाई गारोको चारैतर्फ जालीलाई छोप्ने गरी पुनः ६-८ इन्च गारो लगाई भट्टि तयार गरिन्छ । भट्टि माथिको गारोको चौडाइ ३० से.मी. मात्र लगाइन्छ र अलैची

सुकाउने ठाउँ लम्बाइतर्फ ७ फिट ६ इन्च र चौडाइतर्फ ७ फिट रहन्छ । यस प्रकारको भट्टीमा ४०० के.जी. काँचो अलैंची एक पटकमा सुकाउन सकिन्छ ।

- भट्टिलाई घाम पानीबाट जोगाउन यस माथि ६ फिटको उचाइमा जस्तापाता, टायल वा ढुङ्गाको छानो दिनुपर्छ ।

### भट्टी सञ्चालन गर्ने विधि

सुधारिएको स्थानीय भट्टी पहिलो पटक अलैंची प्रशोधन गर्दा चिसो हुने भएकोले २२ घण्टा समय लाग्दछ भने दोस्रो पटक भट्टी तातीसकेको हुनाले १८ घण्टामा अलैंची सुकाउन सकिन्छ भने एक पटक अलैंची सुकाउन करिब ३५० कि.लो. सुकेको दाउरा खपत हुन्छ । आगो बाली सकेपछि भट्टीभित्रको तापक्रम पहिलो एक र आधा घण्टासम्म ५५ डि.से. कायम राख्ने त्यसपछि पहिलो ६ घण्टासम्म ४५ डि.से. कायम गर्ने त्यसपछि अलैंची नसुकुन्जेलसम्म भट्टीभित्रको तापक्रम ४० देखि ४५ डि.से. कायम गर्नुपर्दछ । भट्टीमा अलैंची सुकाउन राखेको पहिलो पटक २ घण्टामा पल्टाउनु पर्दछ । त्यसपछि दोस्रो पल्टाई १ र आधा घण्टामा, तेस्रो पटकदेखि अलैंची नसुकुन्जेलसम्म १-१ घण्टामा पल्टाइ रहनुपर्दछ ।






## १.७.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

### आवश्यक पर्ने सामग्री एवम् जनशक्तिको विवरण

| क्र.सं. | सामग्री | परिमाण | लागत (रू.) |
|---|---|---|---|
| **क. सामग्री** | | | |
| १ | चिम्नी ड्रम कटिङ सेट | १ सेट | |
| २ | ढुङ्गा | २६ घन मिटर | |
| ३ | फलामको रड (१० मि.मि.) | १२५ के.जी. | |
| ४ | कर्कट पाता (२२ गेज) | १४ वटा | |
| ५ | फलामको कीला/काँटी | ३ के.जी. | |
| ६ | आधा इन्चको जि.आइ. पाइप | २० फिट | |
| ७ | वाइण्डिङ वायर | २ के.जी. | |
| ८ | स्टिलको जाली (३ फिटे) | ९ मिटर | |
| ९ | काठको खम्बा (३ इन्च×४ इन्च) | १५ फिटे २ वटा | |
| १० | काठको खम्बा (३ इन्च×४ इन्च) | १२ फिटे ६ वटा | |
| ११ | छानाको लागि वलो र काठको भाटा | आ.अ. | |
| १२ | डोरी/धागो | आ.अ. | |
| **ख. जनशक्ति** | | | |
| १ | जग्गा सम्माउने ज्यामी | ५ श्रमदिन | |
| २ | गारो लगाउने दक्ष मिस्त्री | २ × २० = ४० श्रम दिन | |
| ३ | काठको काम गर्ने दक्ष मिस्त्री | २ × ५ = १० श्रम दिन | |
| ४ | सहयोगी ज्यामी | २ × २० = ४० श्रम दिन | |
| | **कूल जम्मा:** | | |

# भाग-झ

# विविध

## १. प्रदर्शनी कार्यक्रम

## १.१ स्रोत संरक्षण प्रविधि प्रदर्शनी कार्यक्रम

### १.१.१ परिचय/पृष्ठभूमि

दिगो कृषि विकासको अवधारणा अनुरूप यान्त्रिक स्रोत संरक्षणको कृषक माझ प्रचारप्रसार गरी प्रविधिको उपयोग वृद्धि गर्ने उद्देश्यले विगतमा कृषि इञ्जिनियरिङ निर्देशनालयबाट तरिका तथा नतिजा प्रदर्शन गरिँदै आएको हो । यस उत्पादन प्रणालीको उपयोगबाट हाम्रा कृषि उत्पादनहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्नाका साथै ग्रामिण क्षेत्रमा स्वरोजगार सिर्जना भई खाद्य सुरक्षा तथा गरिबी निवारणमा टेवा पुग्नेछ ।

### १.१.२ कार्यक्रमको उद्देश्य

- उत्पादन सामग्रीहरूको उत्पादकत्व वृद्धि भई लागतमा कमी आउने ।
- ग्रामिण भेगमा यान्त्रिक ज्ञान, सीपबाट रोजगारी सिर्जना हुने ।
- कृषि कार्यमा व्यस्त कष्टकर कार्यबोझमा कमी ।
- वातावरणीय सन्तुलनमा योगदान हुने ।
- समयमा कृषि कार्य सम्पन्न भई उत्पादनमा वृद्धि हुने ।

### १.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

- कृषक समूह तथा उपयुक्त जग्गाको छनौट गरी गहुँ, धान, मसुरो आदि उत्पादन पकेट क्षेत्रहरूको जग्गामा स्रोत संरक्षण प्रविधि प्रदर्शन सञ्चालन गर्ने ।
- स्रोत संरक्षण प्रविधि प्रदर्शनको लागि आवश्यक कृषि यन्त्रहरू सम्बन्धित जिल्लास्थित कृषि कार्यालयबाट पावर टिलर, सिडड्रिल, रिपर उपलब्ध गराई कार्यक्रम कार्यान्वयन गर्ने ।

**क्रियाकलापः**

क. न्यूनतम खनजोत प्रविधिमा आधारित गहुँको रोपाई प्रदर्शन

ख. यान्त्रिक प्रविधिबाट गहुँ कटानी

**कार्यक्रम सञ्चालनको लागि आवश्यक मापदण्डः**

जिल्लास्थित कृषि कार्यालयले निम्न शर्तहरू बमोजिम गहुँ पकेट क्षेत्रको जग्गा छनौट गरी सम्पन्न गरिनेछ ।

- जिल्लास्थित कृषि कार्यालयमा विधिवत दर्ता भई गहुँ उत्पादन क्षेत्रको निर्धारित पकेट रहेको कृषक समूह,
- पकेट क्षेत्रभित्रको जग्गा,
- जग्गाको क्षेत्रफल कम्तीमा ३० कठ्ठा हुनुपर्ने । प्रदर्शन गर्न जग्गा धनीको मञ्जुरी लिनुपर्ने (परम्परागत प्रविधिको लागि १५ कठ्ठा र स्रोत संरक्षण प्रविधिको लागि १५ कठ्ठा),
- सिँचाइको सुविधा भएको,
- मूल सडकको पहुँच भएको,
- जग्गा तयारीदेखि बाली भण्डारणसम्म लाग्ने मानवश्रम (मेशिन, अपरेटरबाहेक) खर्च कृषक स्वयम्बाट व्यहोर्ने गरी सहभागितात्मक रूपमा सञ्चालन गर्ने,
- स्रोत संरक्षण प्रविधि विकास कार्यक्रम प्रदर्शन र प्रचारको लागि उत्पादन (मल, बीउ, रसायन आदि) मेशिनरीहरू आवश्यक पर्नेछ ।

**स्रोत संरक्षण प्रविधिबाट गहुँ खेती गर्दा रासायनिक मल प्रयोग गर्ने तरिका**

| मल | मात्रा प्रति कठ्ठा | मल हाल्ने समय र तरिका |
|---|---|---|
| डि.ए.पी. | ३.५ के.जी. | गहुँ छर्ने बेलामा |
| युरिया | २ के.जी. | गहुँ छर्ने बेलामा |
| पोटास | १.५ के.जी. | गहुँ छर्ने बेलामा |
| युरिया | ३.५ के.जी. | गहुँ छरेको २० देखि २५ दिनमा वा पहिलो सिँचाइपछि |

## १.१.४ कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स

### १.१.४.१ न्यूनतम जोताइ प्रविधिबाट गहुँ छर्ने प्रदर्शन कार्यक्रम

**अ. श्रमिक**

| क्र. सं. | क्रियाकलाप | श्रमिक किसिम | परिमाण | इकाई | खर्चको आधार |
|---|---|---|---|---|---|
| १ | मेशिन, उपकरण तथा सामग्रीहरू प्रदर्शन स्थलसम्म लैजाने र ल्याउने | | | | |
| (क) | जिल्ला सदरमुकामको २० कि.मी. भित्र | साधारण ज्यामी | १ | कार्य दिन | स्थानीय दर |

| क्र. सं. | क्रियाकलाप | श्रमिक किसिम | परिमाण | इकाई | खर्चको आधार |
|---|---|---|---|---|---|
| (ख) | जिल्ला सदरमुकामको २० कि.मी. बाहिर | साधारण ज्यामी | २ | कार्य दिन | स्थानीय दर |
| २ | स्थान विशेष अवस्था अनुसार मेशिन फिट गरी कन्डीसनिङ्ग गर्ने | स्रोत व्यक्ति (यान्त्रिक ज्ञान) | ३ | कार्य दिन | कृषि तालिम नर्म्स |
| | सहायक | अपरेटर | ३ | कार्य दिन | कृषि तालिम नर्म्स |
| ३ | सिड ड्रिल क्यालिब्रेसन कार्य | स्रोत व्यक्ति (यान्त्रिक ज्ञान) | १ | कार्य दिन | कृषि तालिम नर्म्स |
| | सहायक | अपरेटर | १ | कार्य दिन | कृषि तालिम नर्म्स |
| ४ | गहुँ छर्ने प्रदर्शन फिल्ड कार्य, मेशिन सञ्चालन क्षमता ०.१५ हे. प्रति घण्टा | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | अपरेटर | २ | कार्य दिन | कृषि तालिम नर्म्स |
| | | अपरेटर सहायक | २ | कार्य दिन | कृषि तालिम नर्म्स |
| | बाली व्यवस्थापन समेत | साधारण ज्यामी | ७ | कार्य दिन | कृषकले व्यहोर्ने |
| | (ख) १.० हेक्टर जग्गाको लागि | स्रोत व्यक्ति (यान्त्रिक ज्ञान) | २ | कार्य दिन | कृषि तालिम नर्म्स |
| | | अपरेटर सहायक | २ | कार्य दिन | कृषि तालिम नर्म्स |
| | बाली व्यवस्थापनसमेत | साधारण ज्यामी | १४ | कार्य दिन | कृषकले व्यहोर्ने |
| ५ | परम्परागत कृषकको तरिकाबाट गहुँ छर्ने कार्य | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | | | | |
| | बाली व्यवस्थापन समेत | साधारण ज्यामी | ८ | कार्य दिन | कृषकले व्यहोर्ने |
| | (ख) १.० हेक्टर जग्गाको लागि | | | | |
| | बाली व्यवस्थापन समेत | साधारण ज्यामी | १५ | कार्य दिन | कृषकले व्यहोर्ने |
| ६ | स्रोत संरक्षण प्रविधि अभिमुखीकरण तालिम | कृषि इन्जिनियर | १ | कार्य दिन | कृषि तालिम नर्म्स |
| ७ | तथ्याङ्क सङ्कलन | १. कृषि अधिकृत | एकमुष्ट | १५००।- | |
| | | २. प्राविधिक सहायक | एकमुष्ट | १०००।- | |
| ८ | तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तैयारी | सम्बन्धित कार्यालय | एकमुष्ट | २७००।- | रासायनिक मल अध्ययन प्रतिवेदन नर्म्स अनुसार |

## आ. मेशिन उपकरण

| क्र. सं. | क्रियाकलाप | मेशिन उपकरण | परिमाण | इकाई | खर्चको आधार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेशिन, उपकरण तथा सामग्रीहरू प्रदर्शन स्थलसम्म लैजाने र ल्याउने | | | | | |
| | (क) जिल्ला सदरमुकामको २० कि.मी. भित्र | ट्रेक्टर भाडा | १ | दिन | स्थानीय दर | |
| | (ख) जिल्ला सदरमुकामको २० कि.मी. बाहिर | ट्रेक्टर भाडा | २ | दिन | स्थानीय दर | |
| २ | मेशिनहरूको खोल फिट गरी प्रदर्शनको लागि तयार गर्ने | पावर टिलर | १ | सेट | स्थानीय दर | सम्बन्धित कार्यालय वा नार्कको भएमा भाडा नलाग्ने |
| | | सिड ड्रिल | १ | सेट | स्थानीय दर | |
| ३ | परम्परागत कृषकको तरिकाबाट गहुँ छर्ने कार्य | | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | हल गोरु भाडा | ८ | कार्य दिन | कृषकले व्यहोर्ने | |
| | (ख) १.० हेक्टर जग्गाको लागि | हल गोरु भाडा | १६ | कार्य दिन | कृषकले व्यहोर्ने | |
| ४ | प्रचार प्रसारको लागि कृषक दिवसको लागि बस भाडा | बस भाडा | | | | |

## इ. सामग्री

| क्र. सं. | क्रियाकलाप | सामग्री | परिमाण | इकाई | खर्चको आधार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थान विशेष अवस्था अनुसार मेशिन फिट गरी कन्डीसनिङ गर्ने | | | | | |
| | | १. डिजल | १५ | लिटर | स्थानीय दर | |
| | | २. मोबिल | १ | लिटर | स्थानीय दर | |
| | | ३. गियर आयल | १ | लिटर | स्थानीय दर | |
| | | ४. ग्रिज | १/२ | कि.ग्रा. | स्थानीय दर | |
| | | ५. ब्रेक आयल | ०.५ | लिटर | स्थानीय दर | |
| २ | सिड ड्रिल क्यालिब्रेसन कार्य | १. डिजल | ५ | लिटर | स्थानीय दर | |
| ३ | गहुँ छर्ने प्रदर्शन फिल्ड कार्य, मेशिन सञ्चालन क्षमता ०.१५ हेक्टर प्रति घण्टा | | | | | |

| क्र. सं. | क्रियाकलाप | सामग्री | परिमाण | इकाई | खर्चको आधार | कैफियत |
|---|---|---|---|---|---|---|
| | (क) ०.५ हे. जग्गाको लागि | १. डिजेल | ५ | लिटर | स्थानीय दर | |
| | | २. बीउ | ६० | कि.ग्रा. | स्थानीय दर | |
| | | ३. डि.ए.पी. | ५२.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ४. युरिया | ८२.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ५. पोटास | २२.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ६. २-४ डि | ०.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ७. आइसोप्रोटुरन | ०.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ८. जीङ्क सल्फेट | ७.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ९. सिँचाइ शुल्क | अन्दाजी | | कृषकले व्यहोर्ने | |
| | | १०. सानातिना औजार | अन्दाजी | | स्थानीय दर | |
| | | ११. व्यालेन्स, प्लाष्टिक व्याग, बाल्टिन, टेप | एकमुष्ट | | स्थानीय दर | |
| | | १२. बाली संरक्षण खर्च | एकमुष्ट | | स्थानीय दर | |
| | (ख) १.० हे. जग्गाको लागि | १. डिजेल | १० | लिटर | स्थानीय दर | |
| | | २. बीउ | १२० | कि.ग्रा. | स्थानीय दर | |
| | | ३. डि.ए.पी. | १०५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ४. युरिया | १६५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ५. पोटास | ४५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ६. २-४ डि | १ | कि.ग्रा. | स्थानीय दर | |
| | | ७. आइसोप्रोटुरन | १ | कि.ग्रा. | स्थानीय दर | |
| | | ८. जीङ्क सल्फेट | १५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ९. सिँचाइ शुल्क | अन्दाजी | | कृषकले व्यहोर्ने | |
| | | १०. सानातिना औजार | एकमुष्ट | | स्थानीय दर | |
| | | ११. व्यालेन्स, प्लाष्टिक व्याग, बाल्टिन, टेप | एकमुष्ट | | स्थानीय दर | |
| | | १२. बाली संरक्षण खर्च | एकमुष्ट | | स्थानीय दर | |
| ४ | परम्परागत कृषकको तरिकाबाट गहुँ छर्ने कार्य | | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | १. बीउ | ६० | कि.ग्रा. | स्थानीय दर | |

| क्र. सं. | क्रियाकलाप | सामग्री | परिमाण | इकाई | खर्चको आधार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | २. डि.ए.पी. | ५२.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ३. युरिया | ८२.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ४. पोटास | २२.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ५. २-४ डि | ०.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ६. आइसोप्रोटुरन | ०.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ७. जीङ्क सलफेट | ७.५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ८. सिँचाइ शुल्क | अन्दाजी | | कृषकले व्यहोर्ने | |
| | (ख) १.० हेक्टर जग्गाको लागि | १. बीउ | १२० | कि.ग्रा. | स्थानीय दर | |
| | | २. डि.ए.पी. | १०५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ३. युरिया | १६५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ४. पोटास | ४५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ५. २-४ डि | १ | कि.ग्रा. | स्थानीय दर | |
| | | ६.आइसोप्रोटुरन | १ | कि.ग्रा. | स्थानीय दर | |
| | | ७. जीङ्क सलफेट | १५ | कि.ग्रा. | स्थानीय दर | |
| | | ८. सिँचाइ शुल्क | अन्दाजी | | कृषकले व्यहोर्ने | |
| | | ९. बाली संरक्षण खर्च | अन्दाजी | | कृषकले व्यहोर्ने | |
| ५ | स्रोत संरक्षण प्रविधि अभिमुखीकरण समारोह | खाजा (व्यक्ति) | १०० | | | |
| | | स्टेशनरी (व्यक्ति) | १०० | | | |
| | | फोटो | अन्दाजी | | | |
| | | अन्य फुटकर | अन्दाजी | | | |
| ६ | प्रचार प्रसारको लागि कृषक दिवस (१ दिने) | खाजा (व्यक्ति) | ५० | | | |
| | | स्टेशनरी (व्यक्ति) | ५० | | | |
| | | फोटो | अन्दाजी | | | |
| | | अन्य फुटकर | अन्दाजी | | | |
| ७ | मेशिन मर्मत सम्भार, स्पेयर पार्टस्, सर्भिसिङको लागि कूल खर्चको ५% थप गर्ने । | | | | | |

## १.१.४.२ मेशिनबाट गहुँ कटानी प्रदर्शन कार्यक्रम

### श्रमिक

| क्र.सं. | क्रियाकलाप | श्रमिक | परिमाण | इकाई | स्थानीय दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेशिन, उपकरण तथा सामग्रीहरू प्रदर्शन स्थलसम्म लैजाने र ल्याउने | | | | | |

| क्र.सं. | क्रियाकलाप | श्रमिक | परिमाण | इकाई | स्थानीय दर | कैफियत |
|---|---|---|---|---|---|---|
| | (क) जिल्ला सदरमुकामको २० कि.मी. भित्र | साधारण ज्यामी | १ | कार्य दिन | | |
| | (ख) जिल्ला सदरमुकामको २० कि.मी. बाहिर | साधारण ज्यामी | २ | कार्य दिन | | |
| २ | मेशिनहरूको खोल फिट गरी सञ्चालनको लागि तयार गर्ने | अपरेटर | १ | कार्य दिन | | |
| | | अपरेटर सहायक | १ | कार्य दिन | | |
| ३ | गहुँ काटने प्रदर्शन फिल्ड कार्य, मेशिन सञ्चालन क्षमता ०.२ हेक्टर प्रति घण्टा | | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | अपरेटर | २ | कार्य दिन | | |
| | | अपरेटर सहायक | २ | कार्य दिन | | |
| | | साधारण ज्यामी | ५ | कार्य दिन | | |
| | (ख) १.० हेक्टर जग्गाको लागि | अपरेटर | २ | कार्य दिन | | |
| | | अपरेटर सहायक | २ | कार्य दिन | | |
| | | साधारण ज्यामी | १० | कार्य दिन | | |
| ४ | परम्परागत कृषकको तरिकाबाट गहुँ छर्ने कार्य | | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | साधारण ज्यामी | १८ | कार्य दिन | | |
| | (ख) १.० हेक्टर जग्गाको लागि | साधारण ज्यामी | ३६ | कार्य दिन | | |
| ५ | तथ्याङ्क सङ्कलन | कृषि अधिकृत | २ | कार्य दिन | | |
| | | प्राविधिक सहायक | ३ | कार्य दिन | | |
| ६ | तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी | कृषि अधिकृत | ५ | कार्य दिन | | |

## मेशिन उपकरण

| क्र.सं. | क्रियाकलाप | मेशिन उपकरण | परिमाण | इकाई | स्थानीय दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेशिन, उपकरण तथा सामग्रीहरू प्रदर्शन स्थलसम्म लैजाने र ल्याउने | | | | | |
| | (क) जिल्ला सदरमुकामको २० कि.मी. भित्र | ट्रेक्टर भाडा | २ | दिन | | |
| | (ख) जिल्ला सदरमुकामको २० कि.मी. बाहिर | ट्रेक्टर भाडा | १ | दिन | | |

| क्र.सं. | क्रियाकलाप | मेशिन उपकरण | परिमाण | इकाई | स्थानीय दर | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | मेशिनहरूको खोल फिट गरी सञ्चालनको लागि तयार गर्ने पावर टिलर | १ | सेट रिपर | १ | सेट | |
| ३ | परम्परागत कृषकको तरिकाबाट गहुँ छर्ने कार्य | | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | हँसिया | १५ | सङ्ख्या | | |
| | (ख) १.० हेक्टर जग्गाको लागि | हँसिया | ३० | सङ्ख्या | | |
| ४ | प्रचार प्रसारको लागि कृषक दिवस | बस भाडा | १ | दिन | | |

## सामग्री

| क्र.सं. | क्रियाकलाप | सामग्री | परिमाण | इकाई | स्थानीय दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेशिनहरूको खोल फिट गरी सञ्चालनको लागि तयार गर्ने | | | | | |
| | | १. डिजल | ३० | लिटर | | |
| | | २. मोबिल | २ | लिटर | | |
| | | ३. गियर आयल | १ | लिटर | | |
| | | ४. ग्रिज | १ | कि.ग्रा. | | |
| | | ५. ब्रेक आयल | ०.५ | लिटर | | |
| २ | मेशिनबाट गहुँ काटने प्रदर्शनको कार्य | | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | १. डिजल | ६ | लिटर | | |
| | | २. स्थानीय डोरी | ५ | कि.ग्रा. | | |
| | (ख) १.० हेक्टर जग्गाको लागि | १. डिजल | १२ | लिटर | | |
| | | २. स्थानीय डोरी | १० | कि.ग्रा. | | |
| ३ | परम्परागत श्रमिकबाट गहुँ काटने कार्य (हाते) | | | | | |
| | (क) ०.५ हेक्टर जग्गाको लागि | १. स्थानीय डोरी | ५ | कि.ग्रा. | | |
| | (ख) १.० हेक्टर जग्गाको लागि | १. स्थानीय डोरी | १० | कि.ग्रा. | | |
| ४ | प्रचार प्रसारको लागि कृषक दिवस | खाजा (व्यक्ति) | | | | |
| | | स्टेशनरी (व्यक्ति) | ५० | | | |
| | | फोटो | ५० | | | |
| | | अन्य फूटकर | अन्दाजी | | | |
| | | | अन्दाजी | | | |
| ५ | मेशिन मर्मत सम्भार, स्पेयर पार्टस्, सर्भिसिङको लागि कूल खर्चको ५% थप गर्ने । | | | | | |

# २. चक्लाबन्दी कार्यक्रम

## २.१ चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम

### २.१.१ परिचय/पृष्ठभूमि

साना तथा टुक्रे जमिन रहनुका साथै वर्षेनी खण्डीकरणका कारण नेपालमा प्रति परिवार खेतीयोग्य जमिन औसतमा ०.६८ हेक्टर रहेको छ भने ५०% बढी कृषकसँग ०.५ हेक्टरभन्दा कम जमिन रेहको छ । यति साना टुक्रे जमिनमा खेती गर्न मेशिन उपकरण तथा सिँचाइ व्यवस्थापनमा कठिनाई हुने कारणले गर्दा उत्पादन लागत बढी हुने साथै बजारयोग्य कृषि उपज उचित परिमाणमा उत्पादन हुन सक्ने अवस्था रहँदैन । यस्ता टुक्रे तथा साना जमिनबाट छिरलिएको उत्पादनले एकातर्फ बजार पाउन कठिन हुन्छ भने अर्कोतर्फ बजारले उपज पाउन कठिन हुन्छ । तसर्थ यस कार्यक्रममार्फत कृषक, कृषक समूह तथा सहकारी तथा निजी कम्पनीलाई चक्लाबन्दी खेतीमा उत्साहित गराई यस प्रकारको खेती प्रवर्द्धनमा सहयोग पुऱ्याउने देखिन्छ ।

### २.१.२ कार्यक्रमको उद्देश्य

- सामूहिक खेती/सहकारी खेतीमार्फत व्यावसायिक खेती विस्तार तथा प्रवर्द्धन गर्ने ।
- साना तथा टुक्रे जमिनहरूलाई एकत्रित गरी ठूलो क्षेत्रमा गरिने खेतीलाई विस्तार गर्ने ।
- सिँचाइ, यान्त्रिकरण तथा उन्नत प्रविधिको अनुसरण गराई उत्पादन लागत न्यूनिकरण गर्ने ।

### २.१.३ कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि

**जमिन सम्याएर गरिने चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम**

यस कार्यक्रमका लागि कृषकहरूबीच हुने छलफल तथा बैठकमा समन्वय तथा सहजीकरण गरी आवश्क परेमा एक आपसमा हुने समझदारी वा सम्झौताको चरणसम्म प्राविधिक सहयोग पुऱ्याउनुपर्नेछ ।

- यसका लागि कम्तीमा ५ हेक्टर क्षेत्रफलमा चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।
- जमिन सम्याउनका लागि प्रति हेक्टर अनुदान उपलब्ध गराउने ।

- सिँचाइका लागि सतह सिँचाइको व्यवस्था हुने भएमा सिँचाइ पूर्वाधार बनाउन लागत मूल्यमा अनुदान उपलब्ध गराउने साथै सतह सिँचाइको व्यवस्था नहुने अवस्थामा स्यालो ट्युववेल निर्माण र विद्युतीय मोटर जडानमा अनुदान उपलब्ध गराउने र कृषि मिटर जडानका लागि सिफारिस गराउने ।
- औजार उपकरणमा खरिदमा मूल्यमा अनुदान उपलब्ध गराउने ।
- उन्नत तथा वर्णशङ्कर बीउबिजनमा ३ वर्षसम्म मूल्यमा अनुदान उपलब्ध गराउने ।
- चक्लाबन्दी खेतीबाट उत्पादन भएको कृषि उपजको बजारिकरणमा प्रोत्सान गराउन आधारमा ३ वर्षसम्म चक्लाबन्दी खेतीबाट उत्पादन भएको उपजको बिक्री भएको परिमाणको प्रति क्वीण्टल अनुदान उपलब्ध गराउने ।
- सहुलियत ब्याजमा ऋण उपलब्ध गराउन सिफारिस गराउने ।

**जमिन नसम्याइकन एउटै बाली लगाई गरिने चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम**

- यसका लागि कम्तीमा ५ हेक्टर क्षेत्रफलमा एउटै बालीको खेती कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
- सिँचाइका लागि सतह सिँचाइको व्यवस्था हुने भएमा सिँचाइ पूर्वाधार बनाउन लागत मूल्यमा अनुदान उपलब्ध गराउने साथै सतह सिँचाइको व्यवस्था नहुने अवस्थामा स्यालो ट्युववेल निर्माण र विद्युतीय मोटर जडानमा अनुदान उपलब्ध गराउने र कृषि मिटर जडानका लागि सिफारिस गराउने ।
- औजार उपकरणमा खरिदमा अनुदान उपलब्ध गराउने ।
- उन्नत तथा वर्णशङ्कर बीउबिजनमा पहिलो १ वर्ष मूल्यमा अनुदान उपलब्ध गराउने ।
- सहुलियत ब्याजमा ऋण उपलब्ध गराउन सिफारिस गराउने ।

# भाग-ञ

# अनुसूचीहरू

# Annex 1

## Specification of postharvest equipments set

| S. No. | Name of equipment | Parameters | Specifications | Remarks |
|---|---|---|---|---|
| 1 | Harvesting ladder | Material | Aluminium | |
| | | Height | 12ft | |
| | | Step | 10 | |
| | | Type | Folding | |
| 2 | Clipper | Cutting element | Stainless steel blades | |
| | | Length | 7 inch | 1 % variation is acceptable |
| | | Breadth | 2 inch | 1 % variation is acceptable |
| | | Height | 5 inch | 1 % variation is acceptable |
| 3 | Fruit picker | Length | 7 ft minimum | 1 % variation is acceptable |
| | | Material of rod | Aluminium | |
| | | Type | Adjustable length | |
| | | Fruit holding basket / bag | Sharp cutting blade in the end of the handle with fruit holder basket/ bag | Fungus proof |

# Annex 2

## Plastic Crate Specification for Fruits and Vegetables

| S.no. | Parameter | Specification | Remarks |
|---|---|---|---|
| 1 | Material(Plastic Type) | PPCOPO Grade A | |
| 2 | Material Quality | Original | |
| 3 | Dimension in CM(l x b x h) | External :59x36.5x33<br>Internal : 52x32.5x30 | |
| 4 | Thickness (MM) | 2.0-3.0 | |
| 5 | Weight (kg.) | 2.45 | |
| 6 | Temp. range $Min.^{m}/max.^{m}$ | $-20^{0}c/40^{0}c$ | |
| 7 | Color | Preferably green | |
| 8 | Requirements | Shall consist of rigid base & perforated side walls. The body of the crates shall be smooth & free from flashes & shall have no sharp edges. Each plastic shall be formed in such a manner that a provision for handling is incorporated with two longitudinally firm gripping places located at the top. The gripping part for handling shall have no sharp edges. Two foldable metallic handle at the top.Plastic crates shall be so packed or protected as to prevent damage to the surfaces during transportation & handling. Crates should be stackable with no effect of filled commodities. | |
| 9 | Marking | The plastic crates shall be indelibly & legibly marked with the following information :<br>i. Manufacturer name<br>ii. Registered tradmarks if any<br>iii. Instruction for correct effective use<br>iv. Government's logo and office name, as defined by Post Harvest Management Directorate. | |

***Notes: All specification are + /_ 5% variable***

# Annex 3

## Detail specifications of metal bins*

"A" set

| S. No. | Capacity (kg) | Diameter (cms) | Height (cms) | GI Sheet Gauze | Required Sheet | Required sq. ft. |
|---|---|---|---|---|---|---|
| 1 | 262 | 61 | 121 | 23-24 | 1.15 | 36.80 |
| 2 | 245 | 59 | 121 | 23-24 | 1.10 | 35.20 |
| 3 | 228 | 57 | 121 | 23-24 | 1.05 | 33.60 |
| 4 | 213 | 55 | 121 | 23-24 | 1.00 | 32.00 |
| 5 | 198 | 53 | 121 | 23-24 | 0.95 | 30.40 |

"B" Set

| S. No. | Capacity (kg) | Diameter (cms) | Height (cms) | GI Sheet Gauze | Required Sheet | Required sq. ft. |
|---|---|---|---|---|---|---|
| 1 | 196 | 61 | 90.50 | 23-24 | 0.967 | 30.96 |
| 2 | 184 | 59 | 90.50 | 23-24 | 0.930 | 29.76 |
| 3 | 170 | 57 | 90.50 | 23-24 | 0.892 | 28.56 |
| 4 | 160 | 55 | 90.50 | 23-24 | 0.855 | 27.36 |
| 5 | 148 | 53 | 90.50 | 23-24 | 0.817 | 26.16 |

"C" Set

| S. No. | Capacity (kg) | Diameter (cms) | Height (cms) | GI Sheet Gauze | Required Sheet | Required sq. ft. |
|---|---|---|---|---|---|---|
| 1 | 148 | 53 | 90.50 | 23-24 | 0.817 | 26.16 |
| 2 | 136 | 51 | 90.50 | 23-24 | 0.772 | 24.72 |
| 3 | 124 | 49 | 90.50 | 23-24 | 0.735 | 23.52 |
| 4 | 112 | 47 | 90.50 | 23-24 | 0.705 | 22.56 |
| 5 | 75 | 38 | 90.50 | 23-24 | 0.555 | 17.76 |

*This specification is the standard one (since 2045/4/1)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विभाग

हरिहरभवन, ललितपुर

असार, २०७९